# १. महान्यायाधिवक्ताज्यूको स्वागत तथा बिदाई

## क. नव नियुक्त महान्यायाधिवक्तालाई स्वागत कार्यक्रम



सम्माननीय प्रधानमन्त्री केपी शर्मा ओलीज्यूको सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट नेपालको संविधानको धारा १५७ बमोजिम वरिष्ठ अधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूलाई २०७४।११।०८ गते महान्यायाधिवक्ताको पदमा नियुक्त गर्नु भयो। नवनियुक्त महान्यायाधिवक्ता माननीय श्री अग्निप्रसाद खरेलज्यूले फागुन ९ गते बुधबार महान्यायाधिवक्ताको कार्यालयमा पदवहाली गर्नु भयो । राष्ट्रपति कार्यालयमा आयोजित कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूको उपस्थितिमा सम्माननीय प्रधानन्यायाधीश श्री गोपाल पराजुलीज्यूले महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूलाई पद तथा गोपनियताको सपथ गराउन भएको थियो ।

नव नियुक्त माननीय महान्यायाधिवक्ता श्री खरेलज्यूलाई महान्यायाधिवक्ताको कार्यालयमा २०७४।११।०९ गते सरकारी वकील तथा अन्य कर्मचारीहरूद्वारा स्वागत कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा निर्देशन मन्तव्य प्रदान गर्नु हुँदै नव नियुक्त माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूले सरकारी वकीलको काम व्यावसायिक भएकाले तोकिएको काम सम्पन्न गरी परिणाम देखिने गरी नतिजामुखी हुन सरकारी वकीललाई निर्देशन दिनु भयो । महान्यायाधिवक्ताको पद राजनीतिक नियुक्ति हो । तर, यो गरिमामय पदमा नियुक्त भएपछि काम भने व्यावसायिक गर्नुपर्छ । संविधानमा उल्लेख भए बमोजिम सरकारी वकीलको पारिश्रमिक र सेवा शर्त सम्बन्धी कानुन निर्माण गर्न आफू क्रियाशील हुने माननीय महान्यायाधिवक्ताज्यूले उल्लेख गर्नँ भयो । यसैगरी उहाँले महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले निर्दिष्ट गरे बमोजिम कार्यहरू सम्पन्न गर्न र सरकारी वकील कार्यालयको भौतिक क्षमता विकास, सरकारी वकील र कर्मचारीहरूको क्षमता विकासमा क्रियाशील हुने बताउनुभयो । कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नु हुँदै नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमले महान्यायाधिवक्ताको कार्यालय तथा मातहत कार्यालयको अवस्था अवगत गराउनु हुँदै नव नियुक्त माननीय महान्यायाधिवक्ताज्यूलाई

सरकारी वकील तथा अन्य कर्मचारी सबैको तर्फबाट हार्दिक बधाई ज्ञापन तथा स्वागत गर्नुभयो ।

### ख. महान्यायाधिवक्ताको बिदाइ कार्यक्रम

मिति २०७४।११।०३ गते तत्कालीन माननीय महान्यायाधिवक्ता श्री वसन्तराम भण्डारीले नेपालको संविधानको धारा १५७ बमोजिम प्रधानमन्त्री मार्फत राष्ट्रपति समक्ष आफ्नो पदबाट राजिनामा दिनु भयो । वहाँले आफ्नो पदबाट राजिनामा दिएको हुँदा महान्यायाधिवक्ताको कार्यालयमा उहाँको विदाइ कार्यक्रममा आयोजना गरिएको थियो । कार्यक्रममा काठमाडौं उपत्यकामा कार्यरत सरकारी वकीलहरू र महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकील तथा अन्य कर्मचारीको उपस्थिति रहेको थियो । कार्यक्रममा वहाँलाई कार्यालयको तर्फबाट मायाको चिनो प्रदान गरिएको थियो ।

## २. महान्यायायायाधिवक्ता र नेपाल स्थित विभिन्न देशका राजदूतहरूसँग शिष्टाचार भेट

### (क) महान्यायाधिवक्ता र अमेरिकी राजदूत शिष्टाचार भेट

२०७४।१२।२७ गते नेपाल स्थित अमेरीकी राजदूत Alaina B.Teplitz ले माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलसँग शिष्टचार भेट गर्नु भयो । सो भेटघाटमा कानूनको शासन, मानव अधिकार संरक्षण र फौजदारी न्याय प्रणालीको सुधार लगायतका विषयमा भएका प्रयासहरु बारे महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल र महामहिम राजदूत बीच कुराकानी भएको थियो । माननीय महान्यायाधिवक्ताज्यूले सो अवसरमा सरकारी वकीलको क्षमता विकासका लागि अमेरिकी सरकारका तर्फबाट गराएको प्रशिक्षण कार्यक्रमका लागि आभार प्रकट गराउनु भयो । सरकारी वकीलको क्षमता विकासका लागि आगामी दिनमा पनि सहयोग गर्न तयार रहेको राजदूत Alaina B. Teplitz ले बताउनुभयो ।



### (ख) महान्यायाधिवक्ता र बेलायती राजदूत शिष्टाचार भेट



मिति २०७५।०१।१९ गते माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूसँग नेपालस्थित बेलायती राजदूत Richard Morris सहितको टोलीले महान्यायाधिवक्ताको कार्यालयमा शिष्टाचार भेट गर्नु भयो ।

## ३. महान्यायायायाधिवक्ताको कार्यालयको दैनिकि कार्य सञ्चालन सिंहदरवारबाट

२०७२ सालको भूकम्पले क्षतिग्रस्त महान्यायाधिवक्ताको कार्यालयको भवन भत्काई नयाँ भवन निर्माणको प्रक्रियामा रहेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको पत्रानुसार साविक सामान्य प्रशासन मन्त्रालय रहेको भवनमा महान्यायाधिवक्ताको कार्यालय सरेकोले हाल महान्यायाधिवक्ताको कार्यालयको दैनिक कार्य साविक सामान्य प्रशासन मन्त्रालयबाट भैरहेको छ । सो कार्यालय भवनमा नअटेका विभिन्न महाशाखा र शाखाहरु सिंहदरवार स्थित महान्यायाधिवक्ताको कार्यालयको लागि निर्माण गरिएको प्रिफ्याव भवनमा रहेका छन् ।

## ४. महान्यायाधिवक्ताको कार्यालयको लागि नयाा भवन निर्माणको प्रक्रिया प्रारम्भ

बि.सं. २०२९ सालमा निर्मित महान्यायाधिवक्ताको कार्यालयको भवन २०७२ सालको भूकम्पले क्षतिग्रस्त भई दैनिक काम कारवाही सञ्चालन हुन नसक्ने भनी प्राविधिकद्वारा रातो स्टिकर लगाएको थियो। राष्ट्रिय पुननिर्माण प्राधिकरण, जिल्ला आयोजना कार्यान्वयन इकाईबाट उक्त भवन भत्काई नयाँ भवनका लागि नक्सा डिजायन एवम् लागत अनुमान तयार गरी निर्माणको प्रक्रियामा रहेको छ ।

३०२९.५६ स्क्वेयर मिटर क्षेत्रफलमा निर्माण हुन लागेको महान्यायाधिवक्ता कार्यालयको नयाँ भवन ६.५ तलामा निर्माण हुने छ । उक्त भवन आगामी ३ वर्षभित्र निर्माण कार्य सम्पन्न हुने लक्ष्य लिइएको छ ।




## ५. भवन उद्घाटन

१. मिति २०७४ साल चैत ८ गते बिहीबारका दिन माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूबाट उच्च सरकारी वकील कार्यालय, नेपालगञ्जको नवनिर्मित कार्यालय भवनको एक समारोह बीच समुद्घाटन गर्नु भयो । उक्त भवनको निर्माण कुल लागत रु. पाँच करोड तेह्र लाख (भ्याट सहित) मा निर्माण कार्य सम्पन्न भएको उक्त भवन सहितको जग्गा चार गठ्ठा रहेको छ ।

२. मिति २०७५ साल वैशाख १४ गते शुक्रबारका दिन माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूबाट जिल्ला सरकारी वकील कार्यालय, रामेछापको नवनिर्मित कार्यालय भवनको एक समारोह बीच समुद्घाटन गर्नु भयो । मिति २०७१।०८।२९ मा शिलान्यास भएको उक्त भवनको निर्माण मिति २०७४।०९।२४ मा सम्पन्न भएको थियो । कुल लागत रु. १,८४,१५,०२५।७१ (भ्याट सहित) मा निर्माण कार्य सम्पन्न भएको उक्त भवन (१६ कोठा) र जग्गाको क्षेत्रफल ३-१३-३-० रोपनी रहेको छ ।

३. यसैगरी मिति २०७४ साल पुष २ गते आइतबारका दिन तत्कालीन माननीय महान्यायाधिवक्ता श्री वसन्तराम भडारीज्यूबाट जिल्ला सरकारी वकील कार्यालय, रसुवाको नवनिर्मित कार्यालय भवनको एक समारोह बीच समुद्घाटन गर्नु भयो । मिति २०७१।०३।१९ मा भवन निर्माणको कार्यदेश दिएको उक्त भवनको निर्माण कुल लागत रु. २,४५,८९,९५१।११ (भ्याट सहित) मा निर्माण कार्य सम्पन्न भएको उक्त भवन (१६ कोठा) र जग्गाको क्षेत्रफल ३-३-३-३ रोपनी रहेको छ ।

## ६. सहजीकरणडा समितिको गठन

मुलुकी अपराध (संहिता) ऐन, २०७४ र मुलुकी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ आगामी भदौ १ गते देखि लागू हुन गैरहेको सन्दर्भमा ती संहिता कार्यान्वयनको चरणमा आई पर्ने समस्याहरुलाई तत्काल सम्बोधन गर्न नायब महान्यायाधिवक्ता श्री किरण पौडेलको संयोजकत्वमा मिति २०७५।०१।०५

को निर्णय अनुसार अपराध संहिता कार्यान्वयन सहजीकरण समिति (हेल्प डेस्क) गठन गरिएको छ। सो समितिमा सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल, सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना, उपन्यायाधिवक्ता श्री हरिप्रसाद रेग्मी र उपन्यायाधिवक्ता श्री राजेशकुमार कटुवाल रहनु भएको छ।

## ७. समन्वय समितिको सचिवालयको गठन

समन्वय समितिको मिति २०७४।२।१८ गतेको बैठकबाट नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरु बीच समन्वय गर्न सहन्यायाधिवक्ताको नेतृत्वमा महान्यायाधिवक्ताको कार्यालयबाट दुई जना सरकारी वकील र प्रहरी प्रधान कार्यालयबाट दुई जना प्रहरी अधिकृत समेत रहने गरी महान्यायाधिवक्ताको कार्यालयमा समन्वय सचिवालय गठन गर्ने निर्णय भएको । उक्त निर्णय बमोजिम महान्यायाधिवक्ताको कार्यालयको मिति २०७४।१२।१४ को निर्णयानुसार महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना संयोजक, उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल सदस्य रहने र प्रहरी प्रधान कार्यालय, नक्साल काठमाडौंको मिति २०७४।१२।१४ गतेको निर्णयानुसार प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागमा कार्यरत प्रहरी वरिष्ठ उपरीक्षक श्री तारिणीप्रसाद लम्साल र प्रहरी नायब उपरीक्षक श्री नबिनकिशोर प्रधान तोकिनु भएको छ।

## ८. अन्तरक्रिया कार्यक्रम/कार्यशाला

### (क) नेपालमा साइबर कानूनको विद्यमान अवस्था विषयक कार्यशाला

महान्यायाधिवक्ताको कार्यालय र युरोपियन युनियन र काउन्सिल अफ युरोपको संयुक्त आयोजनामा मिति २०७४ फागुन १४ देखि १६ गतेसम्म नेपालमा साइबर कानूनको विद्यमान अवस्था विषयक कार्यशालाको आयोजना गरियो । सो कार्यशालाको उदघाट्न माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूबाट भएको थियो। विद्युतीय कारोबार सम्बन्धी ऐन, २०६३ ले सबै प्रकारका साईबर अपराधहरूलाई नसमेटेको हुँदा अन्तर्राष्ट्रिय मापदण्ड अनुरूपको नेपालमा साईबर कानूनको आवश्यकता रहेको उक्त कार्याशालबाट औंल्याईएको थियो । कार्यशालाको समापनमा महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट नायव महान्यायाधिवक्ता श्री किरण पौडेलले मन्तव्य राख्नु भएको उक्त कार्यक्रमको समापन विशेष अदालतका सदस्य, माननीय न्यायाधीश श्री रत्नबहादुर बागचन्दज्यूबाट भएको थियो । सरोकारवाला निकाय सरकारी र गैरसरकारी निकायका ३४ जना प्रतिनिधिहरूको सहभागीता रहेको सो कार्यक्रममा सहभागीहरुबाट प्राप्त सुझाव समावेश गरी प्रतिवेदन तयार गरिएको छ।

### (ख) "महिला तथा बालबालिकासाग सम्बन्धित मुद्दामा अनुसन्धान र अभियोजनको अवस्था" विषयक एक दिवसीय अन्तरक्रिया कार्यक्रम"

महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा २०७५ वैशाख १४ गते, शुक्रबार "महिला तथा बालबालिकासँग सम्बन्धित मद्द्दामा अनद्रसन्धान र अभियोजनको अवस्था" विषयक

एक दिवसीय अन्तरक्रिया कार्यक्रम काठमाडौंमा सम्पन्न भयो । सो कार्यक्रममा नेपाल प्रहरी र सकारी वकील गरी ४० जनाको उपस्थिति रहेको थियो । सो कार्यक्रमको उद्देश्य देहाय बमोजिम रहेको थियो:

- महिला तथा बालबालिका संलग्न भएका सरकारवादी फौजदारी मुद्दाको विद्यमान अवस्थाका बारेमा अनुसन्धानकर्ता र अभियोजनकर्ताका बीच छलफल गराई समस्याको पहिचान गर्नु र समाधानका उपायहरु प्रस्ताव गर्नु ।
- उल्लिखित विषयमा अनुसन्धानकर्ताले अभियोजनसँग र अभियोजनकर्ताले अनुसन्धानकर्तासँग छलफल गरी कानूनी व्यवस्थाको कार्यान्वयनमा साझा धारणा विकास गर्नु ।
- महिला तथा बालबालिका संलग्न भएका मुद्दाको अनुसन्धान र अभियोजनमा हुने गरेका त्रुटी, कमजोरीको समीक्षा गर्दै सुधारका उपायहरु पहिचान गर्नु ।
- उल्लिखित विषयमा पछिल्लो समयमा जारी भएका कानूनहरु र न्यायालयबाट प्रतिपादित भएका दृष्टिकोणको बारेमा जानकारी गराई छलफल गर्नु ।
- यो विषयसँग सान्दर्भिक अन्य विषयमा छलफल गरी अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन साझा प्रतिवद्धता प्रकट गर्ने ।

कार्यक्रमको अध्यक्षता महान्यायाधिवक्ता कार्यालयका सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेज्यूले गर्नुभएको थियो भने कार्यक्रमको संयोजन उपन्यायाधिवक्ता श्री दुर्गा खड्काले गर्नु भएको थियो । उक्त

## कार्यक्रमका सहभागीहरू



# ९. Workshop on Legal Implications of Open Source and Social Media Investigations मा सरकारी



# वकीलहरू सहभागी

अन्तर्राष्ट्रिय प्रहरी संगठन (इन्टरपोल) को आयोजनामा फिलिपिन्सको राजधानी मनिलामा मे १०-११, २०१८ (तदनुसार २०७५।०१।२७ र २८) मा आयोजित Workshop on Legal Implications of Open Source and Social Media Investigations मा महान्यायाधिवक्ताको कार्यालयबाट उपन्यायाधिवक्ता श्री ज्ञानप्रसाद भुसाल र शाखा अधिकृत श्री नारायणप्रसाद शर्मा सहभागी हुनुभयो। यस कार्यशाला गोष्ठीमा नेपाल, भारत, इन्डोनेशिया, मलेशिया, माल्दिभ्स, श्रीलंका, टिमोर लेष्टे, फिलिपिन्स र पाकिस्तान गरी ९ वटा मुलुकका प्रतिनिधि उपस्थित थिए। कार्यक्रममा प्रत्येक मुलुकबाट दुई जना सरकारी वकील र दुई जना प्रहरी अधिकृतका दरले सहभागीहरु आमन्त्रित थिए। विद्युतीय अपराधको ठूलो हिस्सा Open Source and Social Media को दुरुपयोगले समेट्ने सन्दर्भमा कसरी त्यस्ता कसूरको सफल अनुसन्धान र अभियोजन गर्न सकिन्छ भन्ने कुरामा कार्यक्रम केन्द्रित थियो। साथै, यस्ता कसूरको अनुसन्धानमा देशहरुबीच हुने पारस्परिक कानुनी सहयोगको प्रकृया, महत्व एवं अनुसन्धानका क्रममा पीडित र पीडकका अधिकारलाई कसरी सुरक्षित राख्दै अदालतबाट दोषीलाई सजाय दिलाउन सकिन्छ भन्ने विषयमा पनि प्रकाश पारिएको थियो।

उक्त कार्यक्रममा नेपाली सरकारी वकीलको टोलीले नेपालमा Open Source and Social Media अपराधको अनुसन्धान अवस्था र चुनौतीका विषयमा प्रस्तुति राख्नुका साथै सहभागी एवं आयोजकहरुबाट उठेका जिज्ञासाको सम्बोधन पनि गरेको थियो। विषयवस्तुको व्यापकताका आधारमा दुई दिनको कार्यक्रम अवधि कम भएता पनि यसले Open Source and Social

Media सम्बन्धी कसूरको अनुसन्धान र अभियोजनमा विभिन्न मुलुकहरुको तुलनात्मक स्थितिका बारेमा अवगत गराउँदै अनुभव तथा अभ्यासको आदानप्रदानमा सघाएको थियो ।

# १०. पदभारको १०० औं दिनमा पत्रकार भेटघाट कार्यक्रम

माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूले महान्यायाधिवक्ताको पदमा पदभार ग्रहण गरेको १०० औं दिन पुगेको अवसरमा २०७५।२।१८ गते शुक्रबार पत्रकार भेटघाट कार्यक्रम आयोजना गरिएको थियो । महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा भएको उक्त कार्यक्रममा माननीय महान्यायाधिवक्ताज्यूका अतिरिक्त कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री राजिव गौतम, सर्वोच्च अदालतका रजिष्ट्रार श्री महेन्द्रनाथ उपाध्याय र नायब महान्यायाधिवक्ताहरु क्रमशः श्री बद्रिप्रसाद गौतम, श्री खगराज पौडेल, श्री किरण पौडेल र श्री गणेशबाबु अर्याल उपस्थित हुन भएको थियो । सो कार्यक्रममा नायब महान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतमज्यूले माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यू पद बहाली भएपछि भएका महत्वपूर्ण कामहरुको बारेमा प्रकाश पार्नं भएको थियो भने माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यू महान्यायाधिवक्ताको कार्यालयबाट संचालन गरिने आगामी कार्यक्रमको रुपरेखा प्रस्तुत गर्नु भएको थियो । कार्यक्रममा प्रस्तुत महत्वपूर्ण कामहरु र महान्यायाधिवक्ताको कार्यालयबाट संचालन गरिने आगामी कार्यक्रमको रुपरेखाको पूर्णपाठ देहाय बमोजिम रहेका छन् ।

पूर्णाङ्क १८, वर्ष ८ अंक १

# मानननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूबाट पद बहाली भएपछि भएका कामहरू र आगामी कार्यक्रमको रूपरेखा

## (क) सुधारका प्रयासहरु

### भवन निर्माण

१. महान्यायाधिवक्ताको कार्यालयको भवन भूकम्पबाट जोखिमपूर्ण रहेको हुँदा सो भवन भत्काई नयाँ भवन बनाउन राष्ट्रिय पुनर्निर्माण प्राधिकरण जिल्ला आयोजना एकाइबाट तयार पारिएको नक्सा डिजायन स्वीकृत गरी निर्माणका लागि बोलपत्र प्रकाशित भई मूल्यांकनको प्रक्रियामा रहेको छ । करिव एक अर्व सत्ताइस करोडको लागत अनुमान रहेको सो भवन आगामी दुई वर्ष भित्र तयार गरिसक्ने कार्यक्रम छ । सो भवन साढे छ तलाको हुनेछ ।

२. महान्यायाधिवक्ताको कार्यालयको नयाँ भवन निर्माण नहुन्जेलसम्मका लागि साविकमा सामान्य प्रशासन मन्त्रालय रहेको सिंहदरवारको भवनमा महान्यायाधिवक्ताको कार्यालय सारिएको छ । नपुग हुने सरकारी वकीलका कार्यकक्षहरु समेत सिंहदरवार स्थित प्रिफ्याव भवनमा रहने व्यवस्था गरिएको छ । मिति २०७४ चैत्र ७ गतेदेखि सामान्य प्रशासन मन्त्रालयको भवनमा महान्यायाधिवक्ताको कार्यालयको कार्य प्रारम्भ भएको हो ।

३. माननीय महान्यायाधिवक्ताज्यूबाट २०७४ साल चैत्र ८ गते उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज र २०७५ साल वैशाख १५ गते जिल्ला सरकारी वकील कार्यालय, रामेछापको नयाँ भवनको समुद्घाटन भएको छ ।

४. माननीय महान्यायाधिवक्ताज्यूको मार्गदर्शनमा यस वर्षका लागि स्वीकृत कार्यक्रमका अतिरिक्त उच्च सरकारी वकील कार्यालय, पोखरा, जिल्ला सरकारी वकील कार्यालय, मोरङ र जिल्ला सरकारी वकील कार्यालय, धनुषाको भवन निर्माणको कार्य प्रारम्भ गर्ने निर्णय भई सोही अनुसार भवनको नक्सा र लागत अनुमान तयार गर्ने कार्य भइरहेको छ ।

५. यसै वर्ष तराई मधेश र भित्री मधेशका सरकारी वकील कार्यालयका कार्यालय प्रमुखका कार्यकक्षमा एसी जडान गर्ने गरी बजेट विनियोजन गरिएको छ । प्रत्येक सरकारी वकीललाई ल्यापटप उपलव्ध गराउने गरी बोलपत्रदाताहरुलाई कार्यादेश समेत दिइसकिएको छ । विद्युतीय सामग्रीको प्रयोग गरी कानूनी व्यवस्था एवम् न्यायिक सूचना संकलन गर्न, अन्यत्रका असल अभ्यासको खोजी गर्न, नजीर अध्यावधिक गर्न समेत सरकारी वकीलले उक्त प्रविधिको प्रयोग गर्नेछन् । यसले कार्य सम्पादनमा सहजता ल्याउने अपेक्षा राखिएको छ ।

**कार्यालय अनुगमन**

६. माननीय महान्यायाधिवक्ताज्यूबाट यस अवधिमा विशेष सरकारी वकील कार्यालय, काठमाण्डौ, उच्च सरकारी वकील कार्यालय, पाटन, पोखरा, विराटनगर, र नेपालगञ्ज तथा जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं, कास्की, बाँके र रामेछाप समेतका सरकारी वकील कार्यालय अनुगमन गरी कार्य सम्पादनमा सुधारका लागि निर्देशन दिनु भएको छ ।

७. यसै बीचमा माननीय महान्यायाधिवक्ताज्यूबाट बाँकेको गनापुर स्थित खुला कारागारको अवलोकन भएको छ । कारागारमा रहेका थुनुवा र कैदी उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा महानगरीय प्रहरी परिसर, टेकु र जिल्ला प्रहरी कार्यालय, बाँकेको हिरासत कक्षको अनुगमन गरी सुधारका लागि आवश्यक निर्देशन दिइएको छ ।

**विधेयक तयारी सहजीकरण समिति**

८. नेपाल सरकार (मन्त्रिपरिषद्) बाट माननीय महान्यायाधिवक्ताज्यूको संयोजकत्वमा गठित विधेयक तयारी सहजीकरण समितिले नियमित रुपमा संविधान कार्यान्वयनका लागि आवश्यक पर्ने विधेयकको मस्यौदा उपर छलफल गरी नेपाल सरकारलाई सुझाव दिइरहेको छ । हाल सम्म २१ वटा विधेयकहरुमा त्यस्तो सुझाव दिइसकिएको छ । सो क्रममा प्रदेश तथा स्थानीय सरकारलाई आवश्यक पर्ने विभिन्न कानूनको नमुना मस्यौदा तयार गरी सबै प्रदेशमा पठाउन समेत सुझाव दिइएको छ । उक्त समितिमा नेपाल कानून आयोगका अध्यक्ष, कानून, न्याय तथा संघीय मामिला मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका कानून सचिव, नायब महान्यायाधिवक्ता श्री किरण पौडेल, पूर्व कानून सचिवहरु श्री तिर्थमान शाक्य, श्री हरिप्रसाद न्यौपाने र श्री कमलशाली घिमिरे सदस्य हुनुहुन्छ ।

**सवारी साधन खरिद**

९. माननीय महान्यायाधिवक्ताज्यूको विशेष प्रयासमा उच्च सरकारी वकील कार्यालय, पाटन र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौका लागि दुई वटा सवारी साधन (भ्यान) खरिद गरिएको छ । साथै नयाँ स्थापना भएका सरकारी वकील कार्यालयहरुलाई समेत सवारी साधन उपलब्ध गराउनका लागि यसै आर्थिक वर्षमा खरिद गर्ने गरी थप चार वटा मोटर र दुई वटा मोटरसाइकल खरिद गर्ने प्रक्रिया अगाडि बढाइएको छ ।

**अनुशिक्षण कार्यक्रम सम्पन्न**

१०. मुलुकी अपराध (संहिता) ऐन, २०७४ लगायतका नयाँ जारी भएका कानूनहरुको बारेमा जानकारी दिन सबै तहका सरकारी वकीलहरुलाई पाँच दिवसीय आधारभूत प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । सरकारी वकील समूहमा कार्यरत सबै सहायक कर्मचारीहरुलाई तीन दिवसीय आधारभूत प्रशिक्षण कार्यक्रम समेत दिइसकिएको छ । हाल सम्म ३५२ जना सरकारी वकील, २९ जना प्रहरी अधिकृत प्रशिक्षित भएका छन् ।

त्यसै गरी राजपत्र अनंकित २८८ जना कर्मचारी र ५३ जना अनुसन्धानमा संलग्न रहने प्रहरी कर्मचारीहरुलाई समेत प्रशिक्षण दिइएको छ ।

११. प्रदेश नं. १ र २ का सरकारी वकीलहरुको विराटनगरमा, प्रदेश नं. ३ का सरकारी वकीलहरुको काठमाडौमा, प्रदेश नं. ४ र ५ का सरकारी वकीलहरुको पोखरामा, कर्णाली प्रदेश र प्रदेश नं.७ का सरकारी वकीलहरुको नेपालगञ्जमा वार्षिक समीक्षा तथा प्रदेशिक अनुशिक्षण कार्यक्रम सम्पन्न भएको छ । २०७५ वैशाख ८ मा काठमाडौंमा केन्द्रीय अनुशिक्षण तथा वार्षिक कार्य समीक्षा कार्यक्रम सम्पन्न भएको छ ।

**सम्पर्क मन्त्रालय परिवर्तन**

१२. साविकमा महान्यायाधिवक्ताको कार्यालयको सम्पर्क मन्त्रालयको रुपमा कानून, न्याय तथा संघीय मामिला मन्त्रालय रहेकोमा नेपाल सरकारको कार्य विभाजन नियमावलीमा परिवर्तन भई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय महान्यायाधिवक्ताको कार्यालयको सम्पर्क मन्त्रालयको रुपमा रहेकोछ ।

**समन्वय एकाईको स्थापना**

१३. मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतको कार्यान्वयनका क्रममा आउन सक्ने समस्या समाधानका लागि नायब महान्यायाधिवक्ता श्री किरण पौडेलको संयोजकत्वमा संहिता कार्यान्वयन सहजीकरण समिति गठन गरी जिम्मेवारी तोकिएको छ । त्यसै गरी महिला तथा बालिकासम्वन्धी मुद्दाको अनुसन्धान, अभियोजनलाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयमा महिला तथा बालबालिका केन्द्रीय एकाइको स्थापना गरी जिम्मेवारी तोकिएको छ । उपत्यकाका सबै सरकारी वकील कार्यालयहरुमा महिला तथा बालबालिका सेलको स्थापना गरी महिला सरकारी वकीलहरुलाई जिम्मेवारी तोकिएको छ । अन्य सरकारी वकील कार्यालयहरुमा समेत क्रमशः त्यस्तो सेल निर्माण गरिने छ ।

**समन्वय समिति**

१४. सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान र अभियोजनलाई सहज बनाउन माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा २०७४।११।२५ र २०७४।१२।०४ मा समन्वय समितिको बैठक बसेको छ । ती बैठकहरुबाट संहिता कार्यान्वयनको तयारी समेतका विषयमा निर्णय भएका छन् । माननीय महान्यायाधिवक्ताज्यूको उपस्थितिमा पोखरामा समेत उच्च तहको समन्वय समितिको बैठक सम्पन्न भएको छ । अनौपचारिक रुपमा सरोकारवाला निकायका प्रतिनिधिहरुसँग फौजदारी न्याय प्रशासन र सरकारी पक्षको प्रभावकारी प्रतिनिधित्वका लागि नियमित छलफल गरिएको छ ।

**संक्रमणकालीन न्याय सम्वन्धी**

१५. बेपत्ता पारिएका व्यक्ति छानविन, सत्य निरुपण तथा मेलमिलाप आयोगको कार्य

सम्पादनलाई प्रभावकारी बनाउन संक्रमणकालीन न्याय सम्वन्धी कानूनी व्यवस्थामा पुनरावलोकन गर्ने समेतका कार्यका लागि सो विषयका सरोकारवाला र विज्ञहरुसँग सघन परामर्श एवम् छलफल गरिएको छ ।

**छलफल**

१६. अर्धन्यायिक कार्य सम्पादन गर्ने कार्यालयका केन्द्रीय निकायका पदाधिकारीहरुका लागि मुलुकी अपराध (संहिता) ऐन, २०७४ समेतका नयाँ कानूनी व्यवस्थाको कार्यान्वयनका लागि एक दिवसीय छलफल कार्यक्रम २०७४।११।२९ आयोजना गरियो ।

१७. महान्यायाधिवक्ताको कार्यालयको संस्थागत सुधारका लागि अवलम्वन गर्नु पर्ने नीति एवम् सरकारी वकीलहरुको सेवा शर्त सम्वन्धी कानूनको बारेमा सबै तहका सरकारी वकीलहरुसँग छलफल गरिएको छ । सेवा शर्त सम्वन्धी ऐनको मस्यौदा तयार गर्न कार्यदललाई जिम्मेवारी दिए बमोजिम आवश्यक परामर्श गरी मस्यौदा तयारीको कार्य भइरहेको छ ।

**कार्यशाला**

१८. महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको अन्तरसम्वन्ध र मुख्य न्यायाधिवक्ताको संवैधानिक एवम् कानूनी जिम्मेवारीका विषयमा २०७५ साल जेष्ठ ११ गते राष्ट्रिय कार्यशालाको आयोजना गरियो । संवैधानिक कानुनका विज्ञहरुसमेतको सहभागिता रहेको सो कार्यक्रमबाट संवैधानिक व्यवस्थाको बारेमा थप स्पष्टता एवम् सो को कार्यान्वयनमा सहजता ल्याएको छ ।

**दरबन्दी स्वीकृत**

१९. मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी ११ जनाका दरले सातवटा कार्यालयका लागि ७७ जना कर्मचारीको दरबन्दी स्वीकृत भएको छ । गत वर्ष स्थापना भएका उच्च सरकारी वकील कार्यालय, बीरगञ्ज र उच्च सरकारी वकील कार्यालय, ओखलढुंगाका लागि क्रमशः १७ र १२ गरी २९ जनाको दरबन्दी स्वीकृत भएको छ । हाललाई प्रत्येक मुख्य न्यायाधिवक्ताको कार्यालयका लागि एक जना उपसचिवस्तरका सरकारी वकिलको नेतृत्वमा एक जना शाखा अधिकृत र एक जना सहायक कर्मचारी महान्यायाधिवक्ताको कार्यालयबाट काजमा खटाइएको छ ।

२०. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सबै सरकारी वकील कार्यालयको कार्यबोझको आधारमा विस्तृत संगठन तथा व्यवस्थापन सर्वेक्षणको कार्य अन्तिम चरणमा रहेको छ ।

**सरकारी वकीलको विशिष्टीकरण**

२१. सरकारी वकीलको विशिष्टीकरणका लागि योग्यता, अनुभव र प्रशिक्षणको बारेमा तयार पारिएको मापदण्ड स्वीकृत भएको छ । सो अनुसार संवैधानिक कानून, संगठित अपराध, वैंकिङ कसूर, कर तथा राजस्वसम्वन्धी कानून, भ्रष्टाचार नियन्त्रण सम्वन्धी कानून, सेवा कानून र सरकारी एवम् सार्वजनिक सम्पत्ति सम्वन्धी कानूनमा विशिष्टीकरणका लागि

दिइने प्रशिक्षणको पाठ्यक्रम तयारीको कार्य प्रारम्भ भएको छ ।

**कार्यविधि नियमावली तयार**

२२. अर्धन्यायिक निकायको कार्य सम्पादनलाई एकरुपतापूर्ण र व्यवस्थित गर्नका लागि विगतमा तयार पारिएको अर्धन्यायिक निकाय (न्याय सम्पादन कार्यविधि) नियमावली पुनरावलोकन गरी जारी गर्नका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा पेश गरिएको छ ।

**संहिता कार्यान्वयनको तयारी**

२३. मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ समेतको कार्यान्वयनका लागि आवश्यक नियम तथा निर्देशिका तयार गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयबाट गठन गरिएका कार्यदलहरुलाई क्रियाशील बनाइएको छ । आगामी जेष्ठ मसान्त भित्र देहायका नियम तथा निर्देशिकाको मस्यौदा तयार हुनेछ :

- अपराध अनुसन्धान सम्वन्धी नियमावली
- अनुसन्धान र अभियोजन निर्देशिका
- बहस पैरवी, प्रतिरक्षा र कानूनी रायसम्वन्धी निर्देशिका
- मुद्दा फिर्ता सम्वन्धी निर्देशिका
- माफी सम्वन्धी निर्देशिका
- मासिक तथा वार्षिक प्रतिवेदनहरुको ढाँचा तथा सरकारी वकील कार्यालयमा राखिने अभिलेख र दायरी किताबहरुको पुनरावलोकन
- सरकारी वकील सम्वन्धी नियमावली
- महान्यायाधिवक्ताको कार्यालयको कार्य सञ्चालन निर्देशिका

**सरकारी वकील दिग्दर्शन पुनरावलोकन**

२४. मुलुकी अपराध संहिता सहितका नयाँ कानूनी व्यवस्थाहरु एवम् सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजीरहरुलाई समावेश गरी सरकारी वकील दिग्दर्शन पुनरावलोकन गर्ने कार्य प्रारम्भ भएको छ । आगामी साउन मसान्तभित्र उक्त पुनरावलोकन गरिएको दिग्दर्शन प्रकाशित गरिनेछ ।

**अभियोजन नीतिको पुनरावलोकन**

२५. मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ समेतका नयाँ कानूनले गरेका व्यवस्थाहरु समेत समावेश गरी महान्यायाधिवक्ताको कार्यालयको अभियोजन नीति पुनरावलोकन गर्ने कार्य भइरहेको छ । आगामी साउन मसान्तभित्र उक्त नीति जारी गरी कार्यान्वयनमा ल्याइने छ ।

### नीति तथा कार्यक्रम र बजेटमा समावेश

२६. नेपाल सरकारले संघीय संसदमा प्रस्तुत गरेको नीति तथा कार्यक्रममा देहायका विषय समावेश गरिएको छ :

- संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न संवैधानिक निकायहरुलाई सक्षम बनाइनेछ । नेपाल सरकारका तर्फबाट गरिने कानूनी प्रतिरक्षालाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयको क्षमता बृद्धि गरिनेछ । अपराध अनुसन्धान र अभियोजनलाई बस्तुगत र वैज्ञानिक प्रमाणमा आधारित बनाइनेछ ।

साथै यस वर्षको बजेट वक्तव्यमा देहायका विषयहरु समावेश भएकोछ :

- महान्यायाधिवक्ताको कार्यालयको दोस्रो रणनीतिक योजना कार्यान्वयनलाई प्राथमिकता दिइनेछ ।

### वैदेशिक अवसर

२७. पछिल्लो तीन महिनामा वैदेशिक भ्रमणमा ८ जना सरकारी वकीलहरुलाई मनोनयन गरिएको छ । जसमा विषयमा एसियन रिजनल वर्कसप अन इन्भेष्टिगेशन विषयमा वैंककमा २ जना, इम्लिकेशन अफ ओपन सोर्स एण्ड सोसल मिडिया इन्भेष्टिगेसन विषयमा मनिलामा २ जना, बौद्धिक सम्पत्ति अधिकार सम्वन्धी विषयमा चीनमा १ जना, इन्टरनेशनल ल सिस्टम एण्ड इन्टरनेशनल पोलिसी मेकिङ् विषयमा चीनमा २ जना र विद्युतीय अपराधसम्वन्धी विषयमा मलेशियामा १ जना सरकारी वकील मनोनयन भएकाछन् ।

### पुनरावेदनको म्याद सम्वन्धमा

२८. २०७५ साल भदौ १ गतेदेखि लागू हुने गरी जारी भएको मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐनले पुनरावेदनको म्यादका सम्वन्धमा गरेको परिवर्तित व्यवस्थालाई दृष्टिगत गरी पुनरावेदनको म्याद बुझ्न बाँकी रहेका सरकारी वकील कार्यालयहरुले पुनरावेदनको म्याद बुझी कारवाही प्रक्रिया सम्पन्न गर्ने गरी कार्ययोजना तयार गर्न र सो बमोजिम कार्य गर्न विशेष निर्देशन जारी गरिएको छ । सरकारी वकील कार्यालयको कारणबाट पुनरावेदनको म्याद बुझ्न ढिलाइ हुने छैन ।

### (ख) भावी कार्य योजना

### सरकारी वकीलको विशिष्टीकरण

१. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेबमोजिम आगामी वर्षबाट सरकारी वकीलको विशिष्टीकरणको प्रक्रिया प्रारम्भ गरिने छ । आगामी एक वर्ष भित्र संगठित अपराध र संवैधानिक कानूनका वीस/वीस जना सरकारी वकीलहरुलाई विशिष्टीकृत गरिनेछ । आगामी तीन वर्षभित्र राजस्व, भ्रष्टाचार,

बैंकिङ कसूर, सेवा कानून, सरकारी तथा सार्वजनिक सम्पत्तिसम्वन्धी विवाद र विद्युतीय अपराध सम्वन्धी विषयमा बीसर/बीस जना सरकारी वकीलहरु विशिष्टीकृत हुने गरी व्यवस्था गरिनेछ।

**हेलो साक्षी कार्यक्रम**

२. सरकार वादी मुद्दाका पीडित एवम् साक्षीहरुलाई न्यायिक प्रक्रियामा संलग्न गराई न्याय सम्पादन कार्यमा सहयोग पुर्‍याउनका लागि हेलो साक्षी कार्यक्रम सञ्चालन गरिने छ। सोका लागि देहायका कार्यक्रमहरु सञ्चालन हुनेछन् :

- अनुसन्धानको प्रक्रियादेखि नै साक्षी र पीडितको सम्पर्क नम्वर अध्यावधिक गर्ने कार्य गर्न अनुसन्धान गर्ने निकायहरुसँग समन्वय गरिने।
- सरकारी वकील कार्यालयमा अपराध पीडित र साक्षीको विवरण अध्यावधिक राख्ने।
- पीडित र साक्षीलाई वकपत्रको पूर्व सूचना उपलव्ध गराउने।
- प्रतिवेदक र बरामदी मुचुल्काका तयारी कार्यमा संलग्न सरकारी कर्मचारीहरुलाई साक्षीको रुपमा वकपत्र गर्नु पर्ने अनिवार्य दायित्व पूरा गर्नका लागि सम्वन्धित निकायमा समन्वय गरिने।
- फौजदारी मुद्दामा साक्षीको महत्व र भूमिका एवम् त्यसले पार्न सक्ने प्रभावका बारेमा जनस्तरमा जानकारी प्रवाह गर्नका लागि श्रव्यदृश्य सामाग्री तयार गरी प्रकाशन प्रशारण गरिने।

**समुदायमा सरकारी वकील**

३. सरकार वादी मुद्दाको कारवाही प्रक्रिया एवम् विद्यमान कानूनी व्यवस्थाको प्रचार प्रशार गर्नका साथै कानून कार्यान्वयन र अपराधको रोकथाममा समुदायको भूमिकाका बारेमा जानकारी दिनका लागि समुदायमा सरकारी वकील कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिनेछ। यसका लागि कम्तीमा माध्यमिक तहका विद्यार्थीलाई लक्षित गरी सरकारी वकील विद्यार्थी सम्वाद कार्यक्रम सञ्चालन गर्न सबै तहका सरकारी वकीलहरुलाई परिचालन गरिनेछ। खास गरी मुलुकी अपराध (संहिता) ऐन लगायतका नयाँ कानूनी व्यवस्थाको प्रचार प्रशारमा जोड दिइनेछ। स्थानीय परिवेश र विशिष्टता एवम् सो स्थानको आवश्यकता समेतलाई दृष्टिगत गरी फौजदारी अपराध सम्वन्धी कानूनी व्यवस्थाको बारेमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

**अनुसन्धान गर्ने विशिष्टीकृत जनशक्ति विकास**

४. विगतदेखि नै अपराध अनुसन्धान गर्ने छुट्टै जनशक्तिको व्यवस्था गर्नु पर्ने आवश्यकता दर्शाइएको सन्दर्भमा नयाँ संहिताको कार्यान्वयनका लागि यसको सादर्भिकता अझै बढेको छ। अपराधको अनुसन्धानका लागि नेपाल प्रहरीमा स्थायी प्रकृतिको अनुसन्धान समूह

खडा गर्न विशिष्टीकृत जनशक्ति विकास गर्न सहजीकरण गरिनेछ । अन्य निकायका अनुसन्धान अधिकृतहरुका लागि समेत आधारभूत प्रशिक्षण र क्षमता विकास कार्यक्रम मार्फत दक्षता अभिबृद्धि गर्नका लागि कार्यक्रमहरु सञ्चालन गर्न समन्वय गरिने छ । अपराधको अनुसन्धानमा कार्य गर्ने जनशक्तिका लागि विशेष सुविधाको प्रबन्ध गर्न पहल गरिनेछ ।

**प्रयोगशालाको विस्तार**

५. समयमा प्रयोगशालाको प्रतिवेदन प्राप्त हुन नसक्दा अपराध अनुसन्धानमा नकारात्मक प्रभाव परेको र परीक्षण प्रतिवेदन बेगर नै अभियोजन गर्दा त्यस्तो अभियोजन बस्तुगत हुन नसकेको देखिएको छ । प्रमाणको वैज्ञानिक परीक्षणको कार्यलाई छिटो र प्रभावकारी समेत बनाउन प्रत्येक प्रदेशमा एउटा विधि विज्ञान प्रयोगशालाको स्थापना गर्ने दीर्घकालीन लक्ष्य राखी योजनामा समावेश गर्ने प्रयास गरिनेछ । भइरहेका प्रयोगशालाको स्तरउन्नति र जनशक्ति विकासका लागि विशेष प्रयास गरिनेछ ।

**बाल सुधार गृहको स्थापना र विस्तार**

६. नयाँ जारी भएका संहिताले १८ वर्षसम्मका व्यक्तिलाई बालबालिकाको रुपमा परिभाषित गरेको सर्न्दभमा अपराधमा संलग्न रहने बालबालिकाका लागि बाल सुधार गृहको विस्तार अनिवार्य आवश्यकता बनेको छ । हाल विराटनगर, भक्तपुर र पोखरामा बाल सुधार गृह रहेका छन् । यी केन्द्रको क्षमता विस्तार गर्नुका साथै प्रत्येक प्रदेशमा एउटा बाल सुधार गृह बनाउने उद्धेश्यका साथ प्रदेश नं. २, ५,६,७ मा बाल सुधार गृहको स्थापना र विस्तारका लागि सम्बद्ध निकायहरुसँग समन्वय गरी उच्च प्राथमिकताका साथ काम गरिनेछ ।

**खुला कारागारको स्थापना**

७. आगामी वर्ष कम्तीमा दुई स्थानमा खुला कारागारको अवधारणालाई कार्यान्वयनमा ल्याउनका लागि सहजीकरण गरिनेछ । बाँकेको गनापुरमा खुला कारागार स्थापनाका लागि तयार पारिएको गुरु योजनालाई कार्यान्वयनमा ल्याउन सहजीकरण गरिनेछ । अर्को एक स्थानमा खुला कारागारको स्थापनाका लागि सम्भाव्यता अध्ययन गर्न समन्वय गरिनेछ । आगामी ३ वर्षभित्र प्रत्येक प्रदेशमा एउटा खुला कारागारको स्थापना गर्न सहजीकरण गरिनेछ ।

**हिरासत अनुगमन**

८. महान्यााधिवक्तालाई संविधानले दिएको जिम्मेवारी बमोजिम कारागार तथा हिरासतमा रहेका कैदी र थुनुवाहरु उपर मानवोचित व्यवहार भए नभएको सम्वन्धमा नियमित अनुगमनको व्यवस्था गरिनेछ । यस वर्षको अनुगमन गरिएका ३५ जिल्लाको अनुगमन प्रतिवेदनले औंल्याएका विषयहरु कार्यान्वयनका लागि केन्द्रीय तहका पदाधिकारीहरुसँग परामर्श गरी सुधारका कार्य प्रारम्भ गरिनेछ । आगामी आर्थिक वर्षमा ५० जिल्लाका

कारागार र हिरासत कक्षको अनुगमन गरिनेछ । अनुगमनलाई औपचारिताको रुपमा सीमित नराखी सुधारको आधारको रुपमा लगिनेछ ।

## दण्ड र पुरस्कार

९. बस्तुगत आधारमा मूल्यांकन गरिने मापदण्ड तयार गरी प्रत्येक वर्ष सर्वोत्कृष्ट कार्य सम्पादन गर्ने एक जना सरकारी वकीललाई वर्ष सरकारी वकील (एटर्नी अफ द इयर) को रुपमा सम्मान गरिनेछ । कार्य सम्पादन उत्कृष्ट भएका सरकारी वकील र कर्मचारीहरुलाई पुरस्कृत गर्ने परिपाटीलाई निरन्तरता दिइनेछ ।

१०. सरकारी वकीलबाट हुने अभियोजन र आचार संहिताको पालनाको बारेमा नियमित अनुगमन गरिनेछ । भ्रष्टाचार र अनियमित कार्यका लागि शून्यसहनशीलताको नीति अंगिकार गरिनेछ । महान्यायाधिवक्ताको कार्यालयबाट गत वर्ष जारी भएको गुनासो व्यवस्थापन निर्देशिकाको कार्यान्वयनलाई प्रभावकारी बनाइने छ। उच्च सरकारी वकील कार्यालय, पाटन, विशेष सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौ, ललितपुर तथा भक्तपुरमा सिसी टिभि जडान गरी महान्यायाधिवक्ताको कार्यालयबाट अनुगमन गरिनेछ ।

## नमुना सरकारी वकील कार्यालयको व्यवस्था

११. प्रत्येक प्रदेशमा एउटा सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गर्ने कार्यक्रम अन्तर्गत यस वर्ष प्रदेश नं. १ को सुनसरी, प्रदेश नं. २ को धनुषा, प्रदेश नं. ३ को ललितपुर, प्रदेश नं. ४ को कास्की, प्रदेश नं. ५ को रुपन्देही, प्रदेश नं. ६ को सुर्खेत र प्रदेश नं. ७ को कन्चनपुर जिल्ला सरकारी वकील कार्यालयलाई नमुना सरकारी वकील कार्यालयको रुपमा विकास गरिनेछ । अर्को वर्ष थप सात वटा सरकारी वकील कार्यालयहरुलाई नमुना कार्यालयको रुपमा विकास गरिनेछ । नमुना सरकारी वकील कार्यालयहरुको भौतिक संरचना, जनशक्ति व्यवस्थापन, अभिलेख पद्धति, सूचना प्रविधिको प्रयोगमा सुधार गरी ती कार्यालयबाट गरिने कार्य सम्पादनको स्तर उच्च बनाइने छ ।

नमुना सरकारी वकील कार्यालयबाट सम्पादन हुने कामहरुको विवरण

१. नमुना सरकारी वकील कार्यालयहरुको कार्य चापको आधारमा उपयुक्त स्रोत साधन र भौतिक व्यवस्था गरिने छ ।

२. नमुना सरकारी वकील कार्यालयहरुमा दरबन्दी रिक्त रहन दिइने छैन । कुनै कारणबाट रिक्त हुन आएमा समयमा नै जनशक्तीहरुको प्राथमिकतापूर्वक पदपूर्ति गरिनेछ ।

३. नमुना सरकारी वकील कार्यालयहरुमा मुद्दा व्यवस्थापन पद्धति (Case Management System) लगायतका सफ्टवेयरहरुलाई पूर्णरुपमा कार्यान्वयनमा ल्याइने छ। सरकारी वकील कार्यालयका काम कारवाहीहरुलाई सूचना प्रणालीमा आबद्ध गरिने छ ।

४. नमुना सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्षलाई व्यवस्थित गरी आधारभूत सुविधा सम्पन्न बनाइने छ र पीडितले उक्त सुविधा प्राप्त गर्ने सुनिश्चितता कायम गर्दै सो को निर्धारित ढाँचामा अभिलेखीकरण गरिनेछ ।

५. सरकारी गवाहहरुको वकपत्र गराउन साक्षी परामर्श कक्षको व्यवस्था गरी वकपत्र पूर्व परामर्शको कार्यलाई विशेष प्राथमिकता दिई कार्यान्वयन गरिने छ ।

६. नमुना सरकारी वकील कार्यालयहरुमा न्यूनतम सुविधा सहितको थुनुवा कक्ष, बयान कक्ष र थुनुवा भेटघाट कक्ष बनाई सो सुविधा थुनुवा र थुनुवाका आफन्तहरुलाई उपलब्ध गराईने छ र सोको अभिलेखिकरण गरिनेछ ।

७. नमुना सरकारी वकील कार्यालयमा सेवा लिन आउने सेवाग्राहीहरुलाई स्वच्छ पिउने पानी र प्रतिक्षा कक्षको व्यवस्था गरिनेछ र सेवा वितरणलाई चुस्त, दुरुस्त र पारदर्शी बनाईनेछ ।

८. अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन र समन्वय विकास गर्न अनुसन्धानकर्ता र सरकारी वकील वीच मासिक सम्वाद कार्यक्रम नियमित रुपमा संचालन गरिनेछ र यसको अभिलेख राखिनेछ ।

९. अपराध अनुसन्धानको क्रममा अनुसन्धानकर्तालाई दिइने निर्देशनलाई थप व्यवस्थित एवं नियमित तुल्याईनेछ । दिइएका निर्देशनहरुको अभिलेख राखिनेछ ।

१०. सरकारबादी फौजदारी मुद्दाका साक्षी गवाहहरुको नाम, ठेगाना, सम्पर्क नम्वर, इमेल लगायतका विवरण अध्यावधिक गरिनेछ । अदालतमा बकपत्र हुने दिनको सूचना टेलिफोन, इमेल वा अन्य विधिबाट गराइनेछ ।

११. पीडित तथा साक्षीको अभिलेख अध्यावधिक गर्ने, निजहरुसँगको सम्पर्कलाई नियमित गर्ने र साक्षीहरुले कानून बमोजिम पाउने सुविधाको वितरणलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ ।

१२. अदालत तथा मुद्दा हेर्ने अधिकारी समक्ष हुने मुद्दाको सुनवाई सरकारी वकीलबाट सामान्यतः स्थगित गरिने छैन ।

१३. पुनरावेदन गर्ने वा नगर्ने कार्यलाई कानूनमा तोकिएको समयावधि भित्रै विशेष प्राथमिकताको साथ सम्पन्न गरिने छ । पुनरावेदनको म्याद अदालतबाट बुझाउन ल्याएकै दिन बुझिने छ ।

१४. फैसला कार्यान्वयनमा पीडितलाई सहयोग गर्न सम्बन्धित निकायसँग समन्वय गरिने छ । फैसला अन्तिम भएको जानकारी आएपछि पीडितलाई उपयुक्त माध्यमबाट सोको सूचना दिइने छ । पीडितको तर्फबाट आवश्यकता अनुसार अदालतमा प्रतिनिधित्व समेत गरिनेछ ।

१५. नमुना सरकारी वकील कार्यालयमा महिला तथा बालबालिका सेल स्थापना गरी कार्य सञ्चालन गरिनेछ । सो कार्यालयमा सेवाग्राही सहायता डेस्क रहनेछ । त्यस्ता कार्यालयहरुको कम्तीमा त्रैमासिक अनुगमन गरिनेछ ।

**सरकारी वकील कार्यालयको घर जग्गा व्यवस्थापन**

१२. सबै भन्दा धेरै कार्यबोझ भएको उच्च सरकारी वकील कार्यालय, पाटन तथा जिल्ला

सरकारी वकील कार्यालय, काठमाडौं र विशेष सरकारी वकील कार्यालयका लागि आवश्यक घर जग्गाको व्यवस्थापन हुन नसक्दा कार्य सम्पादनमा गम्भीर असर परेको छ। आगामी एक वर्षभित्र ती कार्यालयहरुको घर जग्गाको व्यवस्था गर्न प्रयास गरिनेछ । जग्गा नभएका अन्य सरकारी वकील कार्यालयहरु लागि एक वर्षभित्र जग्गा प्राप्त गर्न प्रयास गरिनेछ। भवन निर्माण हुन बाँकी रहेको कार्यालयहरुका लागि प्राथमिकताका आधारमा भवन निर्माण गरिनेछ। आगामी तीन वर्षभित्र सबै सरकारी वकील कार्यालयहरुको आफ्नो उपयुक्त भवन हुने गरी भवन निर्माणका कार्यक्रमहरु राखिनेछ।

**अध्ययन अवलोकन**

१३. सरकारी वकील र कर्मचारीहरुलाई बस्तुगत मापदण्डका आधारमा स्वदेश तथा विदेश अध्ययन अवलोकनको अवसरलाई प्रदान गरिनेछ । त्यस्ता अवसरहरुलाई सकेसम्म समन्यायिक, विषयवस्तु एवम् व्यक्तिको ज्ञान, सीप र दक्षताका आधारमा प्रदान गर्ने प्रणाली बनाइने छ र अवसरको थप विस्तार गर्न प्रयास गरिनेछ। आगामी वर्ष कम्तीमा ५० जना सरकारी वकीलले त्यस्तो अवसर पाउनेछन्।

**पीडित मैत्री कक्षको व्यवस्थापन**

१४. यस वर्ष थप २० वटा जिल्ला सरकारी वकील कार्यालयहरुमा पीडित मैत्री कक्षको व्यवस्थापन गरिने छ। महान्यायाधिवक्ताको कार्यालयबाट जारी गरिएको अपराध पीडित तथा साक्षी सहायता निर्देशिकाको कार्यान्वयन प्रभावकारी बनाइने छ।

**प्रेस भेटघाट**

१५. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकीलको कार्यालयबाट भएका काम कारवाहीहरुको बारेमा जानकारी दिन समय समयमा प्रेस भेटघाट कार्यक्रमको आयोजना गरी सूचना प्रवाह गरिनेछ।

**सरकारी वकीलको सम्मेलन**

१६. २०७५ साल पुष ८,९ र १० गते नेपालका सरकारी वकीलहरुको दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गरिनेछ । सो सम्मेलनमा पहिलो सम्मेलनबाट पारित भएका प्रस्तावहरुको कार्यान्वयनको समीक्षा सहितका विभिन्न विषयहरु समावेश हुनेछन्। प्रत्येक वर्ष मुख्य न्यायाधिवक्ताहरु र उच्च तहका सरकारी वकीलहरुको राष्ट्रिय कार्यशाला आयोजना गरी संविधान र कानून कार्यान्वयनको अवस्थाको बारेमा समीक्षा गरिने छ। अनुसन्धानकर्ता प्रहरी र सरकारी वकीलहरुको दोस्रो राष्टि«य सम्मेलन अर्को वर्ष (२०७६।०७७) आयोजना गरिनेछ।

**शिशु स्याहार कक्षको व्यवस्था**

१७. महान्यायाधिवक्ताको कार्यालय र उपत्यका स्थित सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुका बालबालिकाका लागि आगामी एक महिना भित्र महान्यायाधिवक्ताको

कार्यालयमा शिशु स्याहार कक्षको स्थापना गरिने छ । सो कक्षमा १० जना सम्म बालबालिका राख्न सकिने छ ।

**सरकारी वकीलहरुको प्रशिक्षण**

१८. मुलकी अपराध (संहिता) ऐन, २०७४ समेतका नयाँ बनेका कानूनको कार्यान्वयनका लागि प्रादेशिक तहमा सरकारी वकील र अनुसन्धानकर्ताहरु, विधि विज्ञान विशेषज्ञ तथा फरेन्सिक विज्ञहरु एवम् चिकित्सकहरु समेतको संयुक्त प्रशिक्षण कार्यक्रम आयोजना गरिनेछ । यसका लागि अभियोजन प्रशिक्षण केन्द्र र राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानका बीचमा सहकार्य गरिनेछ । प्रत्येक सरकारी वकीललाई वर्षको कम्तीमा एक पटक प्रशिक्षण लिन पाउने व्यवस्था गर्न प्रयास गरिनेछ । यसै वर्ष २० जना सरकारी वकीलहरुलाई विशिष्ट भाषिक सीप विकास कार्यक्रममा सहभागी गराइने छ । महिला सरकारी वकीलहरुलाई लक्षित गरी क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।

**सूचना प्रवाह**

१९. सबै सरकारी वकील कार्यालयका सूचना अधिकारी एवम् प्रबक्ताको नाम र सम्पर्क नम्बर सार्वजनिक गरिनेछ । सार्वजनिक सरोकार र चासो प्रकट गरिएका र जघन्य कसूरका मुद्दाको अभियोजनको निर्णय बेवसाइट मार्फत सार्वजनिक गरिनेछ ।

**इ एटर्नी कार्यक्रमको कार्यान्वयन**

२०. सरकारी वकीलबाट सम्पादन हुने काम कारवाहीहरु विद्युतीय माध्यमबाट गरिनेछ । यसका लागि इ एटर्नी कार्यक्रमले प्रक्षेपण गरेका बाँकी कार्यक्रमहरु आगामी वर्ष कार्यान्वयनमा आउनेछन् । आगामी तीन वर्षभित्र सरकारी वकील कार्यालयका काम कारवाहीहरु विद्युतीय प्रणालीमा अभिलेखबद्ध हुनेछन् ।

**समन्वय समितिको क्रियाशीलता**

२१. सरकारवादी मुद्दाको अनुसन्धान तथा अभियोजनलाई प्रभावकारी बनाउन सबै तहका समन्वय समितिलाई क्रियाशील बनाइने छ । नयाँ बनेका फौजदारी कानूनको बारेमा जनसाधारणलाई जानकारी दिने प्रबर्द्धनात्मक कार्यमा समेत सो समितिलाई परिचालन गरिनेछ । नयाँ संहिताको कार्यान्वयनका लागि श्रव्यदृष्यमूलक कार्यक्रमहरु मार्फत प्रचार प्रसार गरिनेछ । समन्य समितिको निर्णय कार्यान्वयन गर्नका लागि स्थापना गरिएको सचिवालयलाई क्रियाशील बनाइने छ ।

**कानून विपरीत निर्णयको प्रतिरक्षा नगरिने**

२२. सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित प्रस्ताव अनुसार देखादेखी कानून विपरीत भएका निर्णयहरुको सरकारी वकीलबाट प्रतिरक्षा नगर्ने र सरकारी वकीलहरुले सार्वजनिक हितको पक्षमा प्रतिनिधित्व गर्ने गरी व्यावसायिक स्वायत्तता तथा उन्मुक्ति प्रदान गर्ने अभ्यासलाई निरन्तरता दिई थप सुदृढ तुल्याइने छ ।

**विशेष प्रकृतिका मुद्दामा प्रतिनिधित्व**

२३. विशेष प्रकृतिका एवम् जघन्य कसूरहरुमा सरकारी वकीलहरुको समूह बनाई अदालतमा प्रतिनिधित्व गर्ने कार्य प्रारम्भ भएको छ। त्यसलाई निरन्तरता दिइनेछ।

**सरकारी सम्पत्तिको संरक्षण**

२४. सरकारी तथा सार्वजनिक सम्पत्ति सम्वन्धी मुलुकभरि विवादहरुको विवरण एकीकृत गरिनेछ। त्यस्ता मुद्दामा सरकारी वकीलबाट अझ प्रभावकारी प्रतिनिधित्व गर्ने व्यवस्था मिलाइने छ। सो विषयसँग सम्बन्धित कानूनमा पुनरावलोकन गर्न र सरकारी तथा सार्वजनिक सम्पत्तिको अभिलेखलाई अध्यावधिक गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरिनेछ।

**महिला तथा बालबालिकाको हित संरक्षण**

२३. महिला अभियुक्तको बयान गराउँदा सम्भव भएसम्म महिला सरकारी वकील समक्ष वा महिलाको हक हित र सरोकारसँग सम्बन्धित संस्थाको रोहबरमा गराउने व्यवस्था गरिने छ। विशेष प्रकृतिका मुद्दामा पक्षको गोपनीयता कायम राख्ने कार्यलाई अझै बढी प्रभावकारी बनाउन प्रयास गरिनेछ। महिला तथा बालबालिका सम्वन्धी मुद्दाका अनुसन्धान, अभियोजन र न्याय सम्पादन प्रक्रियामा सहजीकरण गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा हालै स्थापना गरिएको महिला तथा बालबालिका एकाईलाई क्रियाशील गराइने छ। उपत्यकाका सरकारी वकील कार्यालयहरुमा यसै महिनाभित्र महिला तथा बालबालिका सेल स्थापना गरी जिम्मेवारी दिइने छ। आगामी आर्थिक वर्षमा यस्तो सेल क्रमश: अन्य सरकारी वकील कार्यालयहरुमा पनि विस्तार गरिनेछ। यसै गरी जेष्ठ नागरिक एवं फरक क्षमता भएका व्यक्तिहरुको अधिकारको सुनिश्चितताको लागि विशेष कार्यक्रम बनाई लागू गर्दै गइनेछ।

**संगठन संरचनाको पुनरावलोकन**

२४. महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुको कार्यबोझका आधारमा संगठन संरचना र दरबन्दीको पुनरावलोकन गरिने छ। प्रति सरकारी वकील २०० मुद्दाको अनुपातमा सरकारी वकीलको व्यवस्था गर्ने सरकारी वकीलहरुको प्रथम राष्ट्रिय सम्मेलनले पारित गरेको प्रस्तावलाई कार्यान्वयनमा ल्याउने प्रयास गरिने छ। सरकारी वकील र कर्मचारीहरुको कार्य विवरणको पुनरावलोकन गरी आगामी साउन १ गतेदेखि लागू हुने गरी नयाँ कार्य विवरण दिइनेछ। कार्यविवरणका आधारमा कार्य सम्पादनको मूल्यांकन गर्ने परिपाटी विकास गरिनेछ।

**सजाय निर्धारण तथा कार्यान्वयन सम्वन्धी**

२५. फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेका नयाँ व्यवस्थाहरुको कार्यान्वयनका लागि आवश्यक पूर्वाधार तथा कार्यविधिको व्यवस्था गरी

उक्त ऐन कार्यान्वयनमा ल्याउनका लागि पहल गरिनेछ। कसूर ठहर भएपछि सजाय निर्धारणका लागि गरिने बहस सरकारी वकीलका लागि पनि नयाँ अभ्यासको रुपमा रहेको हुँदा सो सम्वन्धमा अन्य मुलुकले अवलम्वन गरको अभ्यास र सजाय निर्धारणको प्रक्रियामा सरकारी वकीलहरुलाई विशेष प्रशिक्षण दिने व्यवस्था गरिने छ।

### सरकारी वकीलको सेवा शर्त सम्वन्धी कानून

२६. संविधानको धारा १६१ मा गरिएको व्यवस्था बमोजिम सरकारी वकील तथा महान्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरुको सेवा, शर्त र सुविधा सम्वन्धी संघीय कानून बनाउन पहल गरिनेछ। सरकारी वकीलको सेवालाई आकर्षक बनाउन र सेवामा रहेका जनशक्तिलाई उत्प्रेरित गर्ने विषयहरु विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ।

### अपराधशास्त्रीय अनुसन्धान केन्द्र

२७. नेपालको संविधानले तोकिदिएको अपराधको प्रबृत्ति सम्वन्धी अध्ययन गर्नका लागि अपराधशास्त्रीय अनुसन्धान केन्द्रको संगठन संरचना र कार्यविधि तयार गरी आगामी एक वर्ष भित्र यो केन्द्रलाई अपराधको प्रबृत्ति अध्ययन गर्ने स्रोत केन्द्रको रुपमा विकास गरिनेछ। फौजदारी कानूनमा विशेषज्ञता हासिल गरेका विज्ञहरुको समेत संलग्नतामा आगामी आर्थिक वर्षमा कम्तीमा पाँच वटा विषयमा अनुसन्धानमूलक अध्ययन हुनेछ।

### प्रकाशन

२८. सरकारी वकीलको कार्य सम्पादनसँग सम्वन्धित विषयमा अनुसन्धानमूलक विषय समावेश गरिएको अभियोजन जर्नलको पहिलो अंक २०७५ असार मसान्तभित्र प्रकाशन गरिनेछ। आगामी आर्थिक वर्षदेखि सो जर्नललाई अर्धवार्षिक रुपमा प्रकाशन गरिनेछ। सरकारी वकीलको कार्य सम्पादनसँग सम्बन्धित नजीरलाई अध्यावधिक गरी प्रकाशन गरिनेछ।

### कार्य सम्पादन सूचकको पुनरावलोकन

२९. सरकारी वकील तथा कर्मचारीहरुको कार्य सम्पादन सूचकको पुनरावलोकन गरी यसलाई नतिजामा आधारित बनाइने छ।

### रणनीतिक योजनाको कार्यान्वयन

३०. सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुदृढीकरणमा केन्द्रित रहेको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनका लागि प्राथमिकतापूर्वक कार्यक्रम सञ्चालन गरिनेछ। आगामी वर्ष योजनाको मध्यावधि मूल्यांकन गरिनेछ।

# ११. मुख्य न्यायाधिवक्ताको काम, कारवाही एवं महान्यायाधिवक्तासँगको अन्तरसम्बन्ध बार्षिक राष्ट्रिय कार्यशाला




## परिचय

संघात्मक शासन प्रणाली अवलम्बन गर्ने गरी २०७२ सालमा जारी भएको नेपालको संविधान कार्यान्वयनको चरणमा रहेको छ । नेपालको संविधानले महान्यायाधिवक्ता तथा पहिलो पटक मुख्य न्यायाधिवक्ताको व्यवस्था गरेको छ । सो सन्दर्भमा मुख्य न्यायाधिवक्ताको संवैधानिक एवम् कानूनी जिम्मेवारी तथा महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताबीचको अन्तरसम्बन्धका सम्बन्धमा अवधारणागत रुपमा स्पष्ट हुनुपर्ने तथ्यलाई आत्मसात गरी महान्यायाधिवक्ताको कार्यालयको मिति २०७५।०१।२१ को निर्णय बमोजिम नेपालको संविधानको धारा १६० बमोजिम नियुक्त सात वटै प्रदेशमा मुख्य न्यायाधिवक्ताहरुलाई आमन्त्रण गरी मिति २०७५।०२।११ गते मुख्य न्यायाधिवक्ताको काम कारवाही एवम् महान्यायाधिवक्तासँगको अन्तरसम्बन्ध विषयक एक दिवसीय राष्ट्रिय कार्यशालाको आयोजना गरिएको हो ।

नेपालको संविधानको धारा १६० को उपधारा (१) मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ता रहने भन्ने व्यवस्था रहेको सन्दर्भमा मुख्य न्यायाधिवक्ता पदको सञ्चालन, अधिकार क्षेत्र, दैनिक प्रशासन सञ्चालन एवम् प्रदेश सरकारको प्रतिनिधित्व र प्रतिरक्षाको विधि लगायतका कतिपय विरोधाभाष रहेका विषयमा स्पष्ट र साझा दृष्टिकोण निर्माण गरी महान्यायाधिवक्तासँगको अन्तरसम्बन्धलाई सहज रुपमा अगाडि बढाउले उद्देश्यका साथ आयोजित कार्यशालामा सबै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुको सक्रिय सहभागिता रहेको थियो ।

## २. कार्यशालाको उद्देश्य

**कार्यशालाका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्ः**

महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ता पदको संवैधानिक तथा कानूनी व्यवस्था तथा अन्तरसम्बन्धका विषयमा छलफल गरी साझा बुझाई कायम गर्ने,

मुख्य न्यायाधिवक्ताको संवैधानिक एवम् कानूनी जिम्मेवारीका सम्बन्धमा मुख्य न्यायाधिवक्ताहरु र महान्यायाधिवक्ता लगायतका सरकारी वकीलहरुबीच अन्तर्क्रिया गर्ने,

अन्तर्क्रियामा उठाइएका विषय तथा सुझावहरुलाई आत्मसात गर्दै मुख्य न्यायाधिवक्ताको कार्यसम्पादनको क्रममा आउने समस्याहरुको समाधानका उपायहरु खोजी गर्ने ।

## ३. कार्यशालाको महत्व र उपादेयता

तीन तहको संघीय संरचनाको व्यवस्था गर्दै जारी भएको नेपालको संविधानको धारा १६० मा महान्यायाधिवक्ताको मातहतमा रहने गरी प्रत्येक प्रदेशमा मुख्य न्यायाधिवक्ता रहने भन्ने व्यवस्था रहेको छ। मुख्य न्यायाधिवक्ताको नियुक्ति सम्बन्धित मुख्यमन्त्रीको सिफारिसमा प्रदेश प्रमुखबाट हुने र मुख्य न्यायाधिवक्ताको कार्यालय अन्तर्गतका कर्मचारीहरुको व्यवस्थापन महान्यायाधिवक्ताको कार्यालयले गर्ने गरी संविधानले व्यवस्था गरेको छ । संविधानले मुख्य न्यायाधिवक्तालाई प्रदेश सरकारको मुख्य कानूनी सल्लाहकार र संवैधानिक एवम् कानूनी विषयमा प्रदेश सरकार वा प्रदेश सरकारले तोकिदिएको अन्य अधिकारीलाई राय सल्लाह दिने गरी जिम्मेवारी तोकिदिएको छ ।

प्रस्तुत सन्दर्भमा मुख्य न्यायाधिवक्ता पदको जिम्मेवारीको दायरा के हुने ? अदालतमा प्रतिनिधित्व र प्रतिरक्षा गर्दा संघ र प्रदेश सरकारको विवाद समावेश भएको मुद्दामा मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलको भूमिका के हुने ? लगायतका अनुत्तिरत प्रश्नहरु कायम रहेको अवस्थामा प्रस्तुत कार्यशाला महत्वपूर्ण रहेको छ । त्यसका अतिरिक्त महान्यायाधिवक्ताको मातहत भनिएता पनि महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको संगठन संरचनाबारे समेत विभिन्न धारणाहरु आइरहेको अवस्थामा कानून र न्यायका क्षेत्रका बिज्ञहरुबाट अन्तर्राष्ट्रिय अभ्यास समेतलाई विवेचना गरी प्रस्तुतीकरण र छलपफल गरिएकाले कार्यक्रम आफैमा महत्वपूर्ण रहेको छ ।

कार्यशालाले छलफल र अन्तर्क्रियाका माध्यमबाट महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताबीचको कार्यक्षेत्रमा रहेको अन्तर र आपसी बुझाइमा एकरुपता ल्याउनुका साथै आगामी दिनमा सहकार्यका सम्भावनाहरुलाई समेत मार्गप्रशस्त गरेको छ ।

## ४. कार्यशाला सञ्चालन

कार्यशालालाई मूल रुपमा दुई खण्डमा विभाजन गरिएको थियो, कार्यपत्र प्रस्तुति र छलफल खण्ड । पहिलो खण्डमा विषयका बिज्ञहरुबाट कार्यपत्र प्रस्तुत गरी बिज्ञ टिप्पणीकर्ताहरुबाट

टिप्पणी गरी दोस्रो खण्डमा मुख्य न्यायाधिवक्ताहरुले धारणा राख्नुका साथै खुला छलफल गरिएको थियो । छलफलमा सात वटै प्रदेशका मुख्य न्यायाधिवक्ताहरु सहभागी हुनु भएको थियो । कार्यशालाको विस्तृत कार्यक्रम तालिका अनुसूची १ मा प्रस्तुत गरिएको छ ।

### ४.१. कार्यपत्र प्रस्तुति खण्ड

कार्यशालामा पहिलो कार्यपत्र महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताबीचको अन्तरसम्बन्ध विषयमा संवैधानिक कानूनका बिज्ञ प्राध्यापक श्री पूर्णमान शाक्यले प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमा निम्न विषयहरु समावेश थिएस्

**संवैधानिक व्यवस्था**

मुख्य न्यायाधिवक्ताको काम, कर्तव्य र अधिकार

महान्यायाधिवक्तासँगको सम्बन्ध

मुख्य न्यायाधिवक्ताको कार्यालयका कर्मचारीहरुको व्यवस्थापन

अन्य संघीय मुलुकले अबलम्वन गरेका अभ्यासबाट सिक्न सकिने कुराहरु

उक्त प्रस्तुतिका क्रममा प्राध्यापक शाक्यले अमेरिका, भारत लगायतका मुलुकले अवलम्बन गरेका अभियोजन प्रणालीका सम्बन्धमा जानकारी गराउँदै नेपालको सम्भावित मोडेलका बारेमा चर्चा समेत गर्नुभएको थियो । उहाँले संवैधानिक प्रावधानहरुमा देखिएका कतिपय विरोधाभाषयुक्त तथ्यहरुको पनि विवेचना गर्नुभएको थियो । शाक्यको कार्यपत्रको पूर्ण पाठ अनुसूची २ मा प्रस्तुत गरिएको छ । शाक्यको कार्यपत्रउपर पूर्वमहान्यायाधिवक्ता वरिष्ठ अधिवक्ता श्री बद्री बहादुर कार्कीले टिप्पणी गर्नुभएको थियो । टिप्पणीका क्रममा कार्कीले संविधानले नै अनुसूचीमा संघ र प्रदेश सरकारका फरक-फरक कार्यसूची तोकेको अवस्थामा जिम्मेवारी समेत फरक हुने बताउनुभयो । महान्यायाधिवक्ता र सरकारी वकील संघका हकमा जति जिम्मेवार हुनुपर्छ मुख्य न्यायाधिवक्ता प्रदेशका लागि त्यती नै जिम्मेवार हुनुपर्ने उहाँको धारणा थियो ।

कार्यशालामा दोस्रो कार्यपत्र मुख्य न्यायाधिवक्ताको संवैधानिक एवम् कानूनी जिम्मेवारी विषयमा लामो समयदेखि संवैधानिक कानूनका क्षेत्रमा प्रतिनिधित्व र प्रतिरक्षा गर्दै आउनुभएका नायव महान्यायाधिवक्ता श्री किरण पौडेलले प्रस्तुत गर्नुभएको थियो । उक्त कार्यपत्रमा निम्न विषयहरु समावेश थिएस्

**मुख्य न्यायाधिवक्ता सम्बन्धी संवैधानिक व्यवस्था**

कानूनी राय दिंदा विचार गर्नुपर्ने विषयहरु

प्रदेश सरकारको तर्फबाट अदालतमा प्रतिनिधित्व र प्रतिरक्षा

प्रस्तुतिमा नायव महान्यायाधिवक्ता पौडेलले संविधान र कानूनद्वारा निर्धारित जिम्मेवारीका

बारेमा चर्चा गर्दै ती जिम्मेवारी पूरा गर्ने क्रममा मुख्य न्यायाधिवक्तालाई आउन सक्ने सम्भावित चुनौतीहरुका बारेमा समेत आँकलन गर्नुभएको थियो । उहाँले कानूनी राय प्रदान गर्दा अपनाउनुपर्ने कार्यविधिका विषयमा समेत जानकारी गराउँदै अड्डा अदालतमा प्रदेश सरकारको तर्फबाट प्रतिनिधित्व र प्रतिरक्षा गर्दा गर्नुपर्ने तयारी एवम् सरकारी पक्षको तर्फबाट अदालतमा उपस्थित हुँदा अपनाउनुपर्ने संयमता लगायतका विषयमा विवेचना गर्नुभएको थियो । पौडेलको कार्यपत्रको पूर्ण पाठ अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

उक्त कार्यपत्रउपर नेपाल कानून आयोगका अध्यक्ष माधव पौडेलले टिप्पणी गर्नुभएको थियो । टिप्पणीका क्रममा उहाँले संवैधानिक कार्यहरु संविधान बमोजिम र कानूनी कार्यहरु प्रदेश कानूनले तोके बमोजिम गर्नुपर्ने मुख्य न्यायाधिवक्ताको जिम्मेवारी हुने उल्लेख गर्दै वर्तमान संविधान र कानूनले महान्यायाधिवक्ताको अधिकार मुख्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न सकिने गरी कल्पना नगरेको बताउनुभयो ।

### ४.२. छलफल खण्ड

कार्यशालाको दोस्रो खण्डमा सात वटै प्रदेशका मुख्य न्यायाधिवक्ताहरुले आफ्ना धारणाहरु राख्नुभएको थियो । मुख्य न्यायाधिवक्ताहरुले सान्दर्भिक कार्यशालाको आयोजना गरेकोमा महान्यायाधिवक्ताको कार्यालयलाई धन्यवाद ज्ञापन गर्नुभएको थियो । मुख्य न्यायाधिवक्ताहरुको धारणा तथा जिज्ञासाहरु उपर कार्यपत्र प्रस्तुतकर्ता र टिप्पणीकर्ताहरुका तर्फबाट पूर्वमहान्यायाधिवक्ता बद्री बहादुर कार्कीले सम्बोधन गर्नुभएको थियो ।

प्रदेश नं. १ मा मुख्य न्यायाधिवक्ता श्री चुडामणी आचार्यले संवैधानिक पद भए तापनि मर्यादाक्रममा पछाडि पारिएकोमा असन्तुष्टि व्यक्त गर्दै प्रदेशको भौगोलिक क्षेत्राधिकारभित्र सरकारी मुद्दाको अभियोजनको अधिकारसहित त्यसक्षेत्रका सरकारी वकील कार्यालयहरुको सुपिरवेक्षण समेतको अधिकार प्राप्त हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । प्रदेश नं. २ का मुख्य न्यायाधिवक्ता श्री दिपेन्द्र झाले संविधानले मुख्य न्यायाधिवक्तालाई स्वायत्त र व्यवसायिक संस्थाको रुपमा परिकल्पना गरेको बताउँदै संविधानले नै संघीय प्रहरी समेतको व्यवस्था गरेको सन्दर्भमा फौजदारी अपराध अभियोजनमा समेत मुख्य न्यायाधिवक्ताको अधिकारक्षेत्र कायम गरिनुपर्ने धारणा व्यक्त गर्नुभयो ।

प्रदेश नं. ३ का  मुख्य न्यायाधिवक्ता श्री सूर्यचन्द्र उपाध्यायले संवैधानिक व्यवस्था नै अपुरो भएकाले काम कारवाहीमा प्रभावकारिता ल्याउन समस्या भइरहेकोमा महान्यायाधिवक्ताको कार्यालयले निर्देशित गर्नुपर्नेमा जोड दिनुभयो । प्रदेश नं. ४ का मुख्य न्यायाधिवक्ता श्री राजेन्द्र घिमिरेले संविधानले महान्यायाधिवक्ताको मातहतमा रहने गरी व्यवस्था गरेको र धारा २३२ मा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय, सहकार्य र सहअस्तित्वका आधारमा हुने व्यवस्था भएकोमा महान्यायाधिवक्ताको अधिकार मुख्य न्यायाधिवक्तालाई प्रत्यायोजन गर्न नमिल्ने अवस्था नरहेको धारणा राख्नुभयो ।

प्रदेश नं. ५ का मुख्य न्यायाधिवक्ता श्री ठाकुर प्रसाद डि.सी.ले फौजदारी मुद्दाको अनुसन्धान

र अभियोजनमा भूमिका हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । कर्णाली प्रदेशका मुख्य न्यायाधिवक्ता श्री विद्याभूषण मानन्धरले प्रदेश तहमा नयाँ कानूनहरु निर्माणका क्रममा रहेको र मुख्य न्यायाधिवक्ताले कानूनी विषायमा राय सल्लाह दिनुपर्ने हुँदा कानूनी मस्यौदा सम्बन्धी दक्षता अभिवृद्धिका कार्यक्रम आयोजना गर्न अग्रह गर्नुभयो । प्रदेश नं. ७ का मुख्य न्यायाधिवक्ता श्री कुलानन्द उपाध्यायले संविधानले मातहत भन्ने व्यवस्था गरे तापनि त्यसलाई सरल रुपमा लिनुपर्ने र मैत्रीपूर्ण सम्बन्ध कायम गरी अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

समग्रमा मुख्य न्यायाधिवक्ताहरुको सरोकार प्रदेश सरकार संस्थागत भैनसकेको अवस्थामा महान्यायाधिवक्ताको कार्यालयले संस्थागत विकासका अतिरिक्त फौजदारी मुद्दाका सन्दर्भमा अन्य सरकारी वकीलहरुलाई प्रदान गरेको अधिकार आफूहरुले समेत पाउनुपर्नेमा केन्द्रित रहेको थियो ।

### ४.३. महान्यायाधिवक्ताबाट सम्बोधन

कार्यक्रमको अन्तिममा छलफलमा उठेका सबै विषयहरुलाई सम्बोधन गर्दै माननीय महान्यायाधिवक्ता श्री अग्नी प्रसाद खरेलले संविधान र कानूनले दिएजति मात्र अधिकार जोसुकैले प्रयोग गर्न सक्ने हुँदा संविधान र कानूनभन्दा बाहिर कोही पनि जान नमिल्ने बताउनुभयो । माननीय महान्यायाधिवक्ता खरेलले संविधानमा प्रदेशस्तरमा प्रदेश सरकारलाई कानूनी सल्लाह प्रदान गर्ने लगायतका कार्यका लागि आवश्यकता महसुस भएकाले नै मुख्य न्यायाधिवक्ताको पद सिर्जना भएको बताउदै सबैले संविधान र कानून बमोजिम आफ्नो काम गर्नुपर्ने बताउनुभयो ।

उहाँले मुख्य न्यायाधिवक्ताहरुलाई आ-आफ्नो क्षेत्रमा कामहरु अगाडि बढाउन अनुरोध गर्दै आफ्नो तर्फबाट पूर्ण सहयोग रहने विश्वास दिलाउनुभयो । माननीय महान्यायाधिवक्ताले संविधानमा “मातहतमा रहने गरी” भन्ने व्यवस्था भए पनि आफूले संयोजन र सहजीकरण गर्ने जिम्मेवारीका रुपमा बुझेको बताउनुभयो ।

## ५. कार्यशालाका सहभागीहरु

कार्यशालामा माननीय महान्यायाधिवक्ता, नेपाल सरकारका सचिवहरु, नायव महान्यायाधिवक्ताहरु, सात वटै प्रदेशका मुख्य न्यायाधिवक्ताहरु, प्रदेश राजधानी रहेको स्थानका सहन्यायाधिवक्ताहरु तथा महान्यायाधिवक्ताको कार्यालयका उच्च तहका सरकारी वकीलहरुको सहभागिता रहेको थियो । कार्यशालाका सहभागीहरुको उपस्थिति अनुसूची ४ मा प्रस्तुत गरिएको छ ।

## ६. छलफलमा उठेका मुख्य विषयहरु

कार्यशालामा छलफलका क्रममा उठेकामध्ये केही महत्वपूर्ण विषयहरुलाई बुँदागत रुपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

- संविधानमा महान्यायाधिवक्ताको मातहतमा मुख्य न्यायाधिवक्ता रहने गरी व्यवस्था

भएकोमा उक्त मातहत भन्ने व्यवस्था अन्तर्गत महान्यायाधिवक्ताको भूमिका के कति रहने,

– न्यायपालिका र फौजदारी न्याय प्रणाली एकात्मक ढाँचाको हुने व्यवस्था भए तापनि संविधानमा महान्यायाधिवक्ताको मातहतमा मुख्य न्यायाधिवक्ता रहने व्यवस्था हुँदा द्विविधा सिर्जना भएको,

– प्रदेश प्रहरीको समेत व्यवस्था रहेको अवस्थामा प्रदेश सरकारको भौगोलिक क्षेत्राधिकारभित्रका फौजदारी मुद्दामा मुद्दा चल्ने नचल्ने निर्णय गर्ने र अदालतमा प्रतिनिधित्व र प्रतिरक्षा गर्ने अधिकार महान्यायाधिवक्तामा मात्र सीमित रहेकाले फौजदारी न्याय प्रशासनमा मुख्य न्यायाधिवक्ताको भूमिका के हुने,

– संघ र प्रदेश सरकारबीच हुने विवादका सन्दर्भमा मुख्य न्यायाधिवक्ताको कार्यालयमा कार्यरत सरकारी वकीलले कसको तर्फबाट प्रतिनिधित्व गर्ने,

– प्रदेश न्याय सेवा आयोग समेतको व्यवस्था भैरहेकोमा मुख्य न्यायाधिवक्ताको कार्यालयमा खटिने कर्मचारी भने महान्यायाधिवक्ताको कार्यालयले व्यवस्था गर्ने गरी संवैधानिक व्यवस्था रहेको सन्दर्भमा पछि प्रदेश न्याय सेवा आयोगको गठन भएपछि के गर्ने ।

## ७. निष्कर्ष

संवैधानिक व्यवस्था बमोजिम प्रदेशस्तरमा सरकार गठन भई मुख्य न्यायाधिवक्ताको नियुक्ति भैसकेपछि पनि कानूनी जटिलता र स्रोतसाधनको अभाव आदि जस्ता कारणले मुख्य न्यायाधिवक्ताले अफ्ना कार्य जिम्मेवारी प्रभावकारी रुपमा पूरा गर्न कठिनाई व्यहेरिरहेको अवस्थामा आयोजित यस कार्यशाला निक्कै प्रभावकारी र परिणाममुखी भएको छ। संवैधानिक र कानूनी जटिलताका प्रश्नहरुमा परिणाममुखी छलफल हुनुका साथै महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताहरुबीच प्रभावकारी समन्वय गर्न मार्ग प्रशस्त भएका छ । पद अनुसारको अधिकार र जिम्मेवारीका सम्बन्धमा कानूनमा भएका व्यवस्था अपूर्ण भएको महसुस गरी अगामी दिनमा सुधार गर्नुपर्ने विषयहरुलाई यकिन गर्न समेत कार्यशालाले मद्दत गरेको छ ।

महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताको अनतरसम्बन्धलाई सुमधुर बनाउँदै कार्यान्वयन तहका जटिलताहरुलाई किनारा गर्न पनि यो कार्यशालाले महत्वपूर्ण भूमिका खेलेको छ । यसप्रकारका कार्यशालाहरु आवधिक रुपमा नियमित गर्दै जाँदा आपसी समन्वय हुन नसकेका कारणले बढ्ने असमझदारी समेत कम हुँदै जाने गर्दछ । यसबाट महान्यायाधिवक्ता र मुख्य न्यायाधिवक्ताका बीचको अन्तरसम्बन्ध सुमधुर र प्रभावकारी हुने समेत अपेक्षा गर्न सकिन्छ ।

# वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रमहरू

## १. सरकारी वकीलहरुको केन्द्रीय अनुशिक्षण तथा बार्षिक कार्यसमीक्षा

सरकारी वकीलहरूको एकदिवसीय केन्द्रीय अनुशिक्षण तथा वार्षिक कार्यसमीक्षा गोष्ठी मिति २०७५।०१।०८ गते शनिबारको दिन नेपाल पुलिस क्लब, भृकुटीमण्डप, काठमाडौंमा सम्पन्न भएको थियो । यसमा महान्यायाधिवक्ताको कार्यालयबाट शाखा अधिकृत र सोभन्दा माथिल्लो तहका सबै अधिकृत तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोगमा कार्यरत सरकारी वकीलतर्फका सहसचिव (अनुसन्धान अधिकृत), मुलुकभरका १८ वटा उच्च सरकारी वकील कार्यालयका प्रमुख, विशेष सरकारी वकील कार्यालयका प्रमुख र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंका प्रमुखहरू उपस्थित हुनुहुन्थ्यो । सहभागीहरूको आगमन बिहान ७ बजेदेखि शुरु भएको थियो भने बिहानको खाजा ८:३० देखि ९:०० बजेसम्म राखिएको थियो । कार्यक्रमको उद्घाटनसत्र बिहान९:३० देखि शुरु भएको थियो ।

### क. उद्घाटन सत्र

उद्घाटन सत्रको अध्यक्षता माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलले र सत्रको उद्घोषण/सञ्चालन सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयले गर्नुभएको थियो । यस सत्रको प्रमुख अतिथि सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दिपकराज जोशी हुनुहुन्थ्यो । कार्यक्रमका विशेष अतिथि माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेरबहादुर तामाङ्ग तथा आमन्त्रित अतिथिको रूपमा कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री राजीव गौतम, बेपत्ता पारिएका व्यक्तिको छानबीन आयोगका सचिव श्री कृष्णजीवि घिमिरे, प्रधानमन्त्री कार्यालयका सचिव श्री डिल्लीराम घिमिरे, नायब महान्यायाधिवक्ताहरू श्री बद्रीप्रसाद गौतम, श्री खगराज पौडेल, श्री किरण पौडेल र श्री गणेशबाबु अर्याल, नेपाल बार एसोसियसनका अध्यक्ष श्री शेरबहादुर के.सी., प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनाल रहनुभएको थियो । अतिथिहरूलाई ब्याज वितरण शाखा अधिकृतश्री प्रतिमा दाहाल र कार्यालय सहयोगीश्री नारायणी सुवेदीले गर्नुभएको थियो ।

राष्ट्रिय गानको प्रसारणपछि नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नुभएको थियो । सो क्रममा वहाँले सबै अतिथिहरूलाई स्वागत र धन्यवाद ज्ञापन गर्दै सरकारी वकीलहरूको पहिलो राष्ट्रिय सम्मेलन गत साल भएको, मुलुक संघीयतामा गइसकेको सन्दर्भमा प्रादेशिक ढाँचामा अनुशिक्षण कार्यक्रमहरू सञ्चालन भइरहेको, भदौ १ देखि लागू हुने नयाँ संहिता र ऐनपछि सरकारी वकीलहरूले गर्ने काममा आमूल परिवर्तन आउने हुँदा महान्यायाधिवक्ताको कार्यालयले नयाँ मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि(संहिता) ऐन २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ लाई प्रभावकारी रूपमा लागू गर्नका निम्ति अभियानकै रूपमा सबै तहका सरकारी

वकील र कर्मचारीलाई अनुशिक्षित तथा प्रशिक्षित गराउन लागेको जानकारी गराउनुभयो ।

यसपछि कार्यक्रमको समुद्घाटन कार्यक्रमका प्रमुख अतिथि सम्माननीय का.मु. प्रधानन्यायाधीश श्री दिपकराज जोशीले गर्नु भएको थियो ।

अतिथिहरूको तर्फबाट शुभकामना मन्तव्य राख्ने क्रममा प्रहरी महानिरीक्षक श्री सर्वेन्द्र खनालले कार्यक्रम सफलताको कामना गर्दै प्रहरी तथा सरकारी वकील बीच समन्वय र सहकार्यबाट मात्र अपराध पीडितको हक सुरक्षित गर्न र अपराधमुक्त समाजको निर्माण गर्न सकिने, अनुसन्धानका क्रममा गोपनीयता, मानव अधिकार आदिको सम्मान गर्नु आवश्यक हुने कुरामा जोड दिनुभयो । साथै, वहाँले अपराध अनुसन्धान अबका दिनमा अझ बढी पारदर्शी र वैज्ञानिक हुनुपर्ने तथा नयाँ संहितामा व्यक्तिलाई पक्राउ गर्दा अदालतको अनुमति लिनुपर्ने र म्याद थपमा सरकारी वकीलको भूमिका सुनिश्चित गरिएको हुँदा सबै सम्बद्ध निकाय बीच समन्वयात्मक सम्बन्ध हुनुपर्ने उल्लेख गर्नु भयो ।

मन्तव्य राख्ने क्रममा नेपाल बार एसोसियसनका अध्यक्ष श्री शेरबहादुर के.सी. ले नेपाल बारलाई कार्यक्रममा आमन्त्रण गरेकोमा व्यक्तिगत र संस्थागत रूपमा धन्यवाद दिनुभयो । यस सन्दर्भमा वहाँले महान्यायाधिवक्ताको कार्यालयले ७ वटै प्रदेशमा अनुशिक्षण कार्यक्रम राखिसकेपछि राष्ट्रियस्तरमा जुन कार्यक्रम आयोजना गरेको छ, त्यो सराहनीय रहेको कुरा बताउँदै सेवाशर्तका कुरामा कञ्जुस्याईं नगर्न, दिन सम्भव सबै सुविधा दिलाउन र कार्यसम्पादनमा दिल खोलेर सहयोग गर्न सुझाउनु भयो । साथै, वहाँले न्यायाधीश नियुक्तिमा सरकारी वकीललाई बाहेक गरिएको, अदालतलाई बढी वरियता दिइएको कुरा औंल्याउँदै न्याय सेवाका ३ वटै समूहमा समानता हुनुपर्ने कुरामा जोड दिनुभयो ।

कार्यक्रमका विशेष अतिथि कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेरबहादुर तामाङ्गले शुभकामना मन्तव्य दिने क्रममा फौजदारी मुद्दामा सबैभन्दा पहिले न्यायको सम्पर्कमा आउने सरकारी वकील र देवानी मुद्दाका हकमा बार रहेको कुरा स्मरण गर्दै फौजदारी न्यायका विषयमा हामीले समयमै जानकारी लिन सकेनौं, समयमै प्रशिक्षित हुन सकेनौं भने न्यायप्राप्ति ओझेल पर्ने कुरामा सजग गराउनुभयो । न्याय प्राप्तिको अन्तिम गन्तव्य अदालत रहेको कुरामा जोड दिँदै वहाँले प्रहरी अधिकृतहरूलाई पनि नयाँ फौजदारी कानुनका बारेमा तालिम दिलाउनु उत्तिकै जरुरी रहेको सुझाउनु भयो । हाल ७०० भन्दा बढी स्थानीय तहका न्यायिक समितिमा न्यायको जनशक्तिको कमी रहेको जनाउँदै वहाँले सरकारी वकील समूहबाट सक्षम व्यक्तिहरूलाई बेञ्चमा लैजानुपर्ने र यदि हामी अनुशासित र जिम्मेवार भयौं भने नागरिक अपेक्षाहरू पूरा हुने कुरा व्यक्त गर्नु भयो ।

कार्यक्रमका प्रमुख अतिथि सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दिपकराज जोशीले मन्तव्य राख्ने क्रममा पीडितलाई न्याय र समाजमा शान्ति सुरक्षाको प्रत्याभूति दिलाउन फौजदारी न्यायका विभिन्न अवयवमध्ये प्रहरी र सरकारी वकील सबै भन्दा अग्रणी हुने, प्रहरी, सरकारी वकील एवं अदालतको त्रिपक्षीय सहकार्यबाट मात्र फौजदारी न्याय प्रशासन जीवित रहने कुरामा प्रकाश पार्नु भयो । २०१७ सालभन्दा पहिले अन्वेषणात्मक प्रणाली रहेको,

अनुसन्धानमा अदालतको सक्रिय भूमिका रहने गरेको र २०१७ सालमा सरकारी मुद्दा सम्बन्धी ऐन आएपछि मात्र मुलुकमा अभियोजनात्मक ढाँचाको अवलम्बन गरिएको स्मरण गर्नु भयो । मौजूदा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ मा अपराध अनुसन्धानमा सरकारी वकीलको निर्देशनात्मक भूमिका सुनिश्चित गरिएको, सर्वोच्च अदालतले एक उत्प्रेषण मुद्दामा २०६७ सालमै अनुसन्धानतर्फ बेग्लै जनशक्तिको व्यवस्था गर्न आदेश दिइसकेको, संविधानले नै सरकारको तर्फबाट मुद्दा चल्ने वा नचल्ने अन्तिम निर्णय गर्ने अख्तियारी सरकारी वकीललाई दिएको भएता पनि सुन्तली धामीको परमादेश मुद्दामा महान्यायाधिवक्ताले गरेको निर्णय तहाँ संगठनभित्र मात्र अन्तिम हुने भनी सर्वोच्च अदालतले बोलेको कुरा पनि वहाँले प्रस्तुत गर्नु भयो । अन्तमा वहाँले संहिता र ऐनको रूपमा नयाँ फौजदारी कानुनको आगमनसँगै सरकारी वकीलको कार्यबोझ र जिम्मेवारीमा संख्यात्मक तथा गुणात्मक वृद्धि भएको सन्दर्भमा यस दिशामा समेत अनुशिक्षण कार्यक्रम सफल होस् भनी शुभकामना व्यक्त गर्नु भयो ।

मन्तव्य राख्ने सबै अतिथिहरूले अनुशिक्षण कार्यक्रमको सफलता र भविष्यमा निरन्तरताको शुभकामना दिनुभएको थियो । अतिथिहरूले मन्तव्य राख्ने क्रम सकिएपछि माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलले सम्माननीय का.मु. प्रधान न्यायाधीश श्री दीपकराज जोशी र माननीय कानुन, न्याय तथा संसदीय मामिला मन्त्री श्री शेरबहादुर तामाङ्गलाई मायाको चिनो हस्तान्तरण गर्नुभयो ।

उद्घाटन सत्रको समापन सम्बोधन गर्ने क्रममा माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलले सबै अतिथि र सहभागीलाई स्वागत एवं धन्यवाद ज्ञापन गर्दै नयाँ वर्ष सफलतापूर्वक बितोस् भन्ने शुभकामना पनि दिनुभयो । यो केन्द्रीय अनुशिक्षण मात्र नभएर वार्षिक कार्यसमीक्षा कार्यक्रम पनि रहेको स्मरण गराउँदै वहाँले  नेपालको संवैधानिक इतिहासमा २००७ सालको अन्तरिम शासन विधानको सेरोफेरोमै महान्यायधिवक्ताको जन्म भएको कुरा औंल्याउनुभयो । नेपालको संविधानले मुलुकमा संघीयताको प्रारम्भ गराएको, संविधान कार्यान्वयनमा धेरै निकायहरू जिम्मेवार रहेको र संविधानको कार्यान्वयनका सन्दर्भमा थुप्रै कानुनहरू ल्याउनुपर्ने चुनौति रहेको कुरामा वहाँले जोड दिनुभयो । साथै, निश्चित समयका निम्ति लागू हुने संक्रमणकालीन न्याय टुंगो लगाउनुपर्ने जिम्मेवारी रहेको, निकै ठूलो प्रयासपछि अपराध संहिता एवं देवानी संहितासहित पाँच वटा कानुन बनेको, यिनले थुप्रै नयाँ अवधारणाहरू ल्याएको तथा तिनको कार्यान्वयनका लागि सरकारका सबै अवयवहरू लाग्नुपर्ने आवश्यकतामा जोड दिनुभयो ।

मन्तव्यकै क्रममा वहाँले इमान्दार मानिस ईश्वरको सर्वोत्कृष्ट कृति हो भन्ने महाभारतको ऊक्तिलाई उद्धृत गर्दै यदि हामी सर्वोत्कृष्ट कृति बन्छौं भने, हामी इमान्दार बन्न सक्यौं भने आइपरेका सबै चुनौति पार लगाउन सक्ने कुरा बताउनुभयो । अन्तमा सबै अतिथिलाई धन्यवाद दिँदै वहाँबाट उद्घाटन सत्रको समापन भयो ।

### ख. कार्यपत्र प्रस्तुति सत्र

उद्घाटन सत्रको समापन पछि कार्यपत्र प्रस्तुतिको सत्र शुरु भएको थियो । यस सत्रको

सञ्चालन/उद्घोषण उपन्यायाधिवक्ता श्री राजेशकुमार कटुवालले गर्नु भएको थियो । कुल ६ वटा कार्यपत्र प्रस्तुत गरिएको यस सत्रमा प्रत्येक कार्यपत्र प्रस्तुतिको लागि ३० मिनेटको समय तोकिएको थियो । प्रस्तुत गरिएको कार्यपत्र उपर ४ वटा समूह बनाएर सामूहिक छलफल समेत गराइएको थियो । प्रत्येक उच्च सरकारी वकील कार्यालयबाट प्रतिनिधित्व गर्ने सहन्यायाधिवक्ता वा निमित्त सहन्यायाधिवक्ताबाट कार्यालय व्यवस्थापनका बारेमा पाँच मिनेटको प्रस्तुति समेत राखिएको यस सत्रमा सहभागीहरूबाट उठेका प्रश्न वा जिज्ञासाको उत्तर सम्बन्धित नायब महान्यायाधिवक्ता र लेखा प्रमुखले समेत दिनुभएको थियो । कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रहरु देहाय बमोजिम रहेका छन् :

**कार्यपत्र १ : संक्रमणकालीन न्याय र सरकारी वकीलको भूमिका**

(प्रस्तोता : पूर्व महान्यायाधिवक्ता एवं अधिवक्ता श्री हरि फुँयाल)

**कार्यपत्रको सारसंक्षेप**

- शान्ति प्रकृयाका सबै कार्य लगभग सबै सकिएर संक्रमणकालीन न्यायका केही काम बाँकी छन्। सम्बन्धित आयोगहरू गठन भएका छन् । ऐनहरू बनेका छन् । तर, संयुक्त राष्ट्रसंघ संक्रमणकालीन न्यायको प्रकृयामा सहभागी भएको छैन । यसमा सरकार एक्लैले कानुन ल्याउने वा संशोधन गर्ने अवस्था पनि छैन । पीडित सरोकारवालाहरूको भनाई र चासोहरूलाई सम्बोधन गर्न आवश्यक छ ।

- पुराना मुद्दाका अतिरिक्त यसक्रममा केही नयाँ मुद्दाहरू पनि आएका छन् । झण्डै ४०० जति मुद्दा माओवादी नेता, कार्यकर्ता माथि द्वन्द्वकालमा लागेका छन् जुन मुल्तबीमा रहेका छन् । संक्रमणकालीन न्यायमा पक्षहरूले कानुनी सुनिश्चितता खोज्दा रहेछन् । ती ४०० वटा मुद्दा फर्केर आउँछन् कि आउँदैनन् भन्ने कुरामा महान्यायाधिवक्ताको कार्यालयले तयारी गर्नुपर्छ । सुमन अधिकारी र केशव राईको मुद्दामा तत्कालीन प्रधान न्यायाधीश श्री कल्याण श्रेष्ठले सर्वोच्च अदालत र अदालत भनेका संविधान र कानुनले विधिवत् गठन गरेका निकाय हुन् । तर आयोगहरू निश्चित कार्यादेशका लागि निश्चित अवधिका लागि मात्र बनेका हुन्छन् । अतः ती निकायका आदेश र फैसला अदालतबाट पुनरावलोकनका विषय हुन सक्छन् भन्ने आदेश गर्नु भएको छ ।

- कोलम्बियाको संक्रमणकालीन न्यायको प्रकृया हेर्दा त्यहाँ छुट्टै न्यायिक प्रहरी (कोर्ट पुलिस) ले द्वन्द्वकालीन मुद्दाको अनुसन्धान गरेको रहेछ । नेपालमा महान्यायाधिवक्ताको कार्यालयले अनुसन्धानमा हात हाल्यो भने त्यो क्षेत्राधिकार विरुद्ध हुन्छ । यहाँ सत्य तथा निरूपण आयोग ऐनमा संशोधन गरेर अनुसन्धानको पाटोलाई पनि कतै समावेश गर्नुपर्छ ।

- संक्रमणकालीन न्यायमा हामी सबै मुद्दाको अभियोजन गर्न सक्दैनौं । प्रमाण पुगेका प्रतिनिधिमूलक मुद्दा मात्र अभियोजन गर्न सक्छौं । द्वन्द्व कालमा भएको यौनहिंसा, बलपूर्वक बेपत्ता, व्यक्ति हत्याका गम्भीर घटनामा मुद्दा लगाई समाजमा डिटरेन्सको

सन्देश दिन सक्छौं ।

- अर्को विकल्पका रूपमा हामीले छुट्टै विशेष अदालत गठन गर्न सक्छौं । अहिले पनि विशेष अदालतमा केही अनुसन्धनात्मक अधिकार रहन्छन् । विशेष अदालत कसरी बनाउने, नयाँ कानुन वा भइरहेको कानुनबाट, त्यस बारेमा सोच्नुपर्छ । अनि, उक्त अदालतबाट भएको फैसला वा आदेश उपर सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने वा नलाग्ने, यी कुरा पनि छुट्याउनुपर्छ । विशेष अदालतमा दुई वटा च्याम्बर बनाउन सकिन्छ । एउटाले सत्यअन्वेषण मात्र गर्छ भने अर्कोले चाहिँ फैसला सुनाउँछ । अन्तर्राष्ट्रिय फौजदारी अदालतमा समेत यही ढाँचा अपनाइएको छ ।

- सजाय दिने कुराको हकमा सजायको उद्देश्य के हो ? व्यक्तिलाई समाजमा पुनर्स्थापित वा एकीकृत गराउनु यसको अभिष्ट हुन्छ । फौजदारी अदालतमा सजायको माथिल्लो हद तोक्ने गरिन्छ । कुनै मानिसले आफ्नो कसूर स्वीकार गरेर न्याय प्रशासनमा सहयोग गऱ्यो भने निजलाई लचिलो सजाय हुन्छ । जस्तै : स्थान हद, नजरबन्द, पीडितलाई सेवा दिने, सामुदायिक सेवा गर्ने । मानिसले जति छिटो सत्य बोल्छ, त्यति नै सहुलियतपूर्ण सजाय हुन्छ । असहयोगी वा पछि मात्र सत्य बोल्ने अभियुक्तलाई कडा सजाय पनि हुन सक्छ ।

- यो परिवेशमा कस्तो विशेष अदालत बनाउने, त्यहाँ कसलाई न्यायाधीश बनाउने भन्ने कुरा मननीय छन् । सेवा बाहिरबाट ल्याउन भन्दा कार्यरतलाई नै न्यायाधीशमा नियुक्त गर्न सकिन्छ । अभियुक्तले शुरुमै स्वीकार गऱ्यो भने त्यति अनुसन्धान गर्नु पर्दैन, इन्कारी भएमा भने पूर्ण छानबिन हुन्छ । यसमा सर्वोच्च अदालतमा पुनरावेदनको साटो राय परामर्श माग गर्ने विकल्प हुन सक्छ ।

- सरकारी वकीलको भूमिकाका सन्दर्भमा मानव अधिकार उल्लंघनका घटनामा छानबिन गर्ने क्षमता महान्यायाधिवक्ताको कार्यालयमा कत्तिको छ, यो हेरिनु पर्दछ । मानव अधिकार उल्लंघनका घटनामा अनुसन्धान पूर्णतः परिस्थितिजन्य प्रमाणमा निर्भर हुन्छ, कठोर प्रमाण नपाइन सक्छ । मानव अधिकार आयोगका सिफारिसलाई अभियोजन गर्न सकियो भने त्यसले कार्यालयलाई थप मानव अधिकारमैत्री बनाउन सक्छ ।

- सत्य निरूपण तथा मेलमिलाप आयोगमा गम्भीर मुद्दा हेर्ने इकाई बन्यो भने प्रहरी र सरकारी वकीलको उपस्थिति त्यहाँ आवश्यक पर्न सक्छ । विशेष अदालतलाई अनुसन्धानको अधिकार दिइएमा तहाँ पनि सरकारी वकील पुग्नु पर्ने हुन सक्छ ।

- भेटिङ्ग अर्थात् व्यक्तिको पूर्वपरीक्षणको कुरा पनि आएको छ । आरोपित व्यक्तिलाई कतिपय सरकारी र अन्य सेवा, सुविधा, नियुक्ति, चुनाव लड्न आदिमा निश्चित समयसम्म बन्देज लगाउन सकिन्छ । अहिले पनि भ्रष्टाचार, नैतिक पतन देखिने फौजदारी कसूरमा ठहर भएकाले कतिपय अवसर, सेवा, सुविधाबाट वञ्चित हुनुपर्छ । यसो गर्दा फेरि भोलि नेताहरूले चुनाव लड्न नपाउने हुँदा विरोध आउने पनि हुन सक्छ । फेरि सुरक्षा निकायका तत्कालीन अधिकारीहरू धेरैले अहिलेसम्म अवकाश भइसकेका छन् । तिनको

भेटिङ्ग कसरी गर्ने ? मानव अधिकार आयोगले उल्लंघनकर्तालाई कालोसूचीमा राख्न सक्छ । यसलाई कसरी हल गर्ने भन्ने कुरा छलफल गर्नुपर्ने देखिन्छ ।

**कार्यपत्र २ : दोस्रो पञ्चवर्षीय रणनीतिक योजना** (२०७३–७८) **को दोस्रो वर्षको चैत्र महिनासम्मको कार्यान्वयनको समीक्षा**

प्रस्तोता : नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल

**कार्यपत्र ३ : अपराध संहिता ऐन समेतका नयाँ कानुनको कार्यान्वयनमा सरकारी वकीलको भूमिका**

प्रस्तोता : नायब महान्यायाधिवक्ता श्री किरण पौडेल

**कार्यपत्र ४ : सरकारी वकीलको व्यावसायिकताका लागि छुट्टै कानुन**

प्रस्तोता : सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेय

**कार्यपत्र ५ : इ–एटोर्नीको कार्यान्वयनको अवस्था र सरकारी वकीलसँग राखिएका अपेक्षाहरू**

प्रस्तोता : सहन्यायाधिवक्ता श्री सञ्जीवराज रेग्मी

**कार्यपत्र ६ : सरकारी वकील कार्यालयबाट सम्पादन हुने कामकारवाहीको अवस्था र सुधारका पक्षहरू**

प्रस्तोता : सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल

ग. उच्च सरकारी वकील कार्यालयहरूको कार्यालय व्यवस्थापन सम्बन्धी प्रस्तुति

(१) **उच्च सरकारी वकील कार्यालय, इलाम**

सहन्यायाधिवक्ता डा. टेकबहादुर घिमिरे

- कार्यालय व्यवस्थापन राम्रो ढंगले भइरहेको छ ।
- आफ्नो कार्यक्षेत्रभित्र प्रहरी अधिकृतहरू र सरकारी वकीललाईसँगै राखेर नयाँ अपराध संहिता एवं ऐनका बारेमा अनुशिक्षण दिन थालिएको छ ।
- उपलब्ध भौतिक साधन स्रोतबाट अधिकतम प्रतिफल लिइएको छ ।

(२) **उच्च सरकारी वकील कार्यालय, धनकुटा**

उपन्यायाधिवक्ता श्री मनोजकुमार आचार्य

- सिएमएस सफ्टवेयरमा डाटा इन्ट्रीको काम भइरहेको छ ।
- भोजपुर र तेह्रथुम जिल्लामा जनशक्तिको समस्या छ ।
- कोलेनिकाले इपेमेन्ट सिस्टम लागू गरेको हुँदा आई-५ र ४ जिबी र्‍याम भएको कम्प्युटर चाहिने भएको छ ।
- नयाँ संहिता र ऐनका बारेमा अन्तरक्रिया चलाउने योजना छ ।

(३) **उच्च सरकारी वकील कार्यालय, विराटनगर**

सहन्यायाधिवक्ता श्री चिरञ्जीवी पराजुली

- भवन पर्याप्त छ ।
- सिएमएसमा तालिम प्राप्त कर्मचारी कम छन् । कम्प्युटर अपरेटरलाई एक्लै अत्याधिक कार्यबोझ छ ।
- ४ जना सरकारी वकीलमध्ये २ जना सत्य निरूपण आयोगमा खटिएको हुँदा कर्मचारीको अभाव छ ।

(४) **उच्च सरकारी वकील कार्यालय, ओखलढुंगा**

उपन्यायाधिवक्ता श्री खडानन्द गौतम

- सिएमएसमा तालिम प्राप्त कर्मचारीको सरुवा भएको छ ।
- अर्को तालिम प्राप्त कर्मचारी आवश्यक छ ।

(५) **उच्च सरकारी वकील कार्यालय, राजविराज**

उपन्यायाधिवक्ता एवं निमित्त कार्यालय प्रमुख श्री राजेन्द्रकुमार बस्नेत

- राजविराजका झण्डै ३०० वटा फैसलाका सक्कल मिसिल ओखलढुंगामा छन् । तिनको अभिलेखन र मस्यौदा कसले लेख्ने हो । अन्यौल छ ।
- जनशक्तिको कमी छ । खासगरी, सहायक कर्मचारीको न्यूनता छ ।

(६) **उच्च सरकारी वकील कार्यालय, वीरगञ्ज**

सहन्यायाधिवक्ता श्री ध्रुवमणि ज्ञवाली

- चिनी मिलको भवनमा ३ वटा मात्र कोठामा अफिस चलेको छ ।
- जग्गा प्राप्तिको लागि कित्ता नं. र क्षेत्रफलसमेत खुलाई पठाउन अप्ठेरो छ ।
- कार्यालयमा एउटा मोटरसाइकल र एक गाडी छ ।
- एउटा नायब सुब्बाबाट मात्र कार्यालय सञ्चालन गर्न अप्ठेरो भयो, जनशक्ति थपिए हुन्थ्यो ।

(७) **उच्च सरकारी वकील कार्यालय, हेटौंडा**

उपन्यायाधिवक्ता श्री ईश्वरीप्रसाद बन्जाडे

- कार्यालयमा हाल ८ जना कर्मचारी काजमा छन् । तर, काम गर्ने ३ जना कर्मचारी मात्र छौं ।
- काम कुनै बाँकी छैन । सबै सुचारु छ ।
- हाम्रोमा स्क्यानर नभएर अप्ठेरो छ । ३४ वटा मुद्दा स्क्यान भए । असार मसान्तसम्म अरु ३०० वटा हुन्छन् ।
- ठेकेदारले भवन एक तल्ला ढलान गरेको छ । अर्को गर्ने क्रममा छ ।

(८) **उच्च सरकारी वकील कार्यालय, बुटवल**

सहन्यायाधिवक्ता श्री खड्गबहादुर खड्का

- गुल्मीको कार्यालय भवन निर्माण अन्तिम चरणमा छ ।
- अर्घाखाँचीको कार्यालय भवन पनि बनिरहेको छ ।
- उ.स.व.का. बुटवलको नयाँ भवन बनेको छ । तर प्रदेश सरकार उक्त भवन प्राप्त गर्न इच्छुक छ ।
- सिएमएस जारी छ । हामी डाटा इन्ट्रीको काममा अगाडि नै छौं ।

(९) **उच्च सरकारी वकील कार्यालय, पाटन**

सहन्यायाधिवक्ता श्री लोकराज पराजुली

- ३ नं प्रदेशको अनुशिक्षण कार्यक्रममा सबै कुरा राखिसकेकोले कतिपय कुरा दोहोराउनु परेन ।
- सिएमएसको काम अब शुरु हुन थालेको छ ।
- रणनीतिक योजना अन्तर्गत साइबरक्राइम र यौनहिंसाका बारेमा विद्यालयमा गएर सचेतना दिएका छौं ।
- नयाँ संहिता र ऐनका बारेमा सरोकारवालाहरूसँग अन्तरकृया कार्यक्रम राख्ने सोच छ ।
- २०७३ सालकै झण्डै ७०० वटा मुद्दामा पुनरावेदन र दोहोऱ्याईं पाऊँको मस्यौदा गर्न बाँकी छ । त्यसपछि बल्ल २०७४ सालको पालो आउँछ । महान्यायाधिवक्ताको कार्यालयले यस विषयमा सहयोग गर्नुपर्छ ।

(१०) **उच्च सरकारी वकील कार्यालय, पोखरा**

सहन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापा

- दरबन्दीको कर्मचारी कोही पनि छैन, सबै काजमा कार्यरत छन् ।
- समन्वय समितिको बैठक बसेको छ ।
- समुदायमा सरकारी वकील नामक कार्यक्रम कास्की जिल्लामा गर्दैछौं ।
- कार्यालयमा कम्प्युटर अप्रेटर छैन । टाइपिष्टमात्र उपलब्ध भएकोले सिएमएस इन्ट्रीमा समस्या परेको छ ।

(११) **उच्च सरकारी वकील कार्यालय, बागलुङ्ग**

उपन्यायाधिवक्ता श्री रामचन्द्र शर्मा

- कार्यालय भवन राम्रो बनेको छ ।
- दो.पा. पुनरावेदनका मुद्दा बाँकी छैनन् ।
- समन्वय समितिका बैठक भइरहेका छन् ।

- सिएमएसको काम भइरहेको छ ।
- फर्निचर र सोलारको समस्या छ, यसका लागि स्रोत छुट्याउनुपर्छ ।

(१२) **उच्च सरकारी वकील कार्यालय, तुल्सीपुर**

उपन्यायाधिवक्ता श्री चक्रदेव आचार्य

- प्युठान, रुकुम र सल्यानमा नयाँ कार्यालय भवन निर्माण भइरहेका छन् ।
- कार्यालयका ना.सु.लाई सिएमएसमा डाटा इन्ट्री गर्न सिक्न लगाएको छु । पासवर्ड, युजरनेम लिनुपर्नेछ ।
- अदालतबाट आएको फैसलाको जानकारी रोकिएको छैन । तयार भएजतिका फैसला सबै बुझेका छौं ।
- सहयोगी वा सहायक कर्मचारी बाहेक म र एकजना शाखा अधिकृतमात्र कार्यालयमा बाँकी छौं ।
- कार्यबोझले गर्दा समुदायमा सरकारी वकील कार्यक्रम चलाउन सकेका छैनौं ।
- सरकारी वकीलले केही कुरा छोड्नु पनि पर्छ । खासगरी, आफ्नो जानकारी नभएका प्राविधिक कुराहरू ।

(१३) **उच्च सरकारी वकील कार्यालय, नेपालगञ्ज**

उपन्यायाधिवक्ता श्री लक्ष्मीनारायण दाहाल

- भर्खर ३ जना शाखा अधिकृत सरुवा भएर आएकोले काम गर्न सहज भएको छ ।
- सिएमएस जडान भई काम भइरहेको छ ।
- इन्टरनेटका लागि ५० एमबिपीको डाटा लाइन लिइएको छ ।
- कार्यालयमा ब्याकअप र इन्भर्टर जडान भएको छ ।
- फर्निचर र उपकरणको कमी छैन ।
- नयाँ कार्यालय भवनको हकमा पहिलो तलाको ढलान हुँदैछ ।
- जिल्ला सरकारी वकील कार्यालय, बाँकेका कर्मचारीले पानी आफैंले किनेर खाएका छन् भन्ने सुन्नमा आएको छ । यो समस्या हल गर्नुपर्छ ।

(१४) **उच्च सरकारी वकील कार्यालय, सुर्खेत**

सहन्यायाधिवक्ता श्री सुरेन्द्रजंग शाही

- मुद्दा, लेखा, जिन्सी, आदि काम नियमित रूपमा भइरहेको छ ।
- पुनरावेदन बक्यौता बाँकी छैन ।
- ४ तल्ले कार्यालय भवन छ, तर सो अनुरूप फर्निचरको अभाव छ ।
- सत्य निरूपण तथा मेलमिलापको काम पनि हेर्नुपर्ने भएकोले काम गर्ने जनशक्ति कम नै छ ।

- सवारी साधनमा एउटा गाडी र मोटरसाइकल छ ।
- दैलेखबाहेक अरु जिल्लाबाट सिएमएस प्रणाली शुरु भएको छ ।
- उ.स.व.का.सुर्खेतबाट पनि सिएमएससमा डाटा इन्ट्री शुरु गरिँदैछ ।
- रुकुममा भवन निर्माणको टेन्डर स्वीकृत  भएको छ ।
- काज, सरुवाले गर्दा जनशक्तिको कमी छ ।
- सुर्खेतभित्र २ ठाउँमा समुदायमा सरकारी वकील कार्यक्रम सम्पन्न भइसकेको छ ।

(१५) **उच्च सरकारी वकील कार्यालय, जुम्ला**

उपन्यायाधिवक्ता श्री मोहनसागर बस्याल

- उ.स.व.का., जुम्लामा हाल ७७ थान मुद्दा चालू अवस्थामा छन् ।
- मातहतका कार्यालयमा १७९ मुद्दा चालू अवस्थाका छन् ।
- डाटा इन्ट्रीका हकमा प्रादेशिक अनुशिक्षणमा समस्या राखिएको छ ।
- संकलन गरिएका फारम सबैले ल्याएका र बुझाएका छन् ।
- डाटा इन्ट्रीका हकमा हुम्लामा मात्र बाँकी छ ।
- जि.स.व.का., जुम्लामा दरबन्दीका ८ जना कर्मचारीमध्ये ५ जनामात्र कार्यरत । ३ जना कार्यालय सहयोगी कटाउँदा ना.सु. र शाखा अधिकृतमात्र कार्यरत ।
- कार्यालय भवन निर्माणका हकमा कालिकोट र हुम्लामा भवन बनिसकेको छ ।
- जुम्ला जिल्लाकै कार्यालय भवन निमौण पनि शान्ति तथा पुनर्निर्माण मन्त्रालयले अघि बढाएको छ ।
- उ.स.व.का., जुम्लाको १८ कोठे भवन बनिसकेको छ । बोलपत्र हुँदा फर्निचर, फर्निशिङ्ग, सोलार आदि सुविधा राख्न छुटेकोले समस्या छ ।
- फर्निचर र उपकरणका लागि रकम तोकेर माग पठाइसकेको छ ।
- उ.स.व.का., जुम्लामा कुल १७ जनाको दरबन्दीमा ११ जना कार्यरत । ५ जना का.स.र १ जना ह.स.चा रहेका । कम्प्युटर अपरेटर काजमा कता छन्, थाहा छैन ।
- कर्णालीमा कर्मचारीहरूले दरबन्दी राख्ने तर तुरुन्तै तल झर्ने विकराल समस्या छ ।

(१६) **उच्च सरकारी वकील कार्यालय, दिपायल**

उपन्यायाधिवक्ता श्री दमनसिंह विष्ट

- कार्यालय भवन पुरानो भएर बनाउनुपर्ने छ । तर निर्माण थाँती राख्नुपर्ने हो कि, किनकि उच्च अदालत आफैं धनगढी सर्ने अवस्था छ ।
- कामको बोझ पर्याप्त छ । सत्य निरूपण तथा मेलमिलाप आयोगको काम भइरहेको छ ।
- कर्मचारीको अल्पता छ ।

- समन्वय समितिको बैठक बसेको छैन ।
- सिएमएसमा डाटा इन्ट्री शुरु भइसक्यो ।
- सरोकारवाला निकायसँग नयाँ संहिता र ऐनका बारेमा अन्तरकृया भएको छ ।
- महान्यायाधिवक्ताको कार्यालयले जिल्लामा कार्यरत कर्मचारी काजमा अन्यत्र खटाउँदा सोबाट कार्यबोझमा पर्ने प्रभावका बारेमा कार्यालयसँग परामर्श गरेमा राम्रो हुने ।

(१७) **उच्च सरकारी वकील कार्यालय, महेन्द्रनगर**

सहन्यायाधिवक्ता श्री नरेन्द्रबहादुर चन्द

- नेपालगञ्जमा सम्पन्न क्षेत्रीय स्तरको गोष्ठीमा सबै समस्या दर्शाइसकें ।
- उ.स.व.का., महेन्द्रनगरको कार्यालय भवन पुरानो र कामचलाउ अवस्थामा छ ।
- भवन बनाउन प्रकृया अघि बढेकोमा प्रदेश राजधानी तोकिएका कारण स्थगित भएको हो ।
- सूचना अधिकारी, पीडित सम्पर्क अधिकारी, पीडित सहायता कक्ष, आदिको प्रबन्ध कार्यालयमा भइसकेको छ ।
- बकपत्रका लागि तोकिएको समयमा जाहेरवालालाई फोनबाट जानकारी दिने पनि गरिएको छ ।
- स्वीकृत वार्षिक कार्ययोजना अनुसारका कामहरू भइरहेका छन् । मुद्दा व्यवस्थापन र समुदायमा सरकारी वकील कार्यक्रम भएका छन् ।
- उ.स.व.का., महेन्द्रनगरमा सिएमएसको काम अब थालिँदैछ, कर्मचारी भर्खरै तालिम लिएर आएका छन् ।

(१८) **विशेष सरकारी वकील कार्यालय, काठमाडौं**

सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेल

- प्रदेश नं ३ को अनुशिक्षण कार्यक्रममा सबै कुरा राखिसकेका छौं ।
- भाडामा बस्नुपरेको छ । आफ्नो भवन छैन ।
- कार्यचापका आधारमा कर्मचारीको दरबन्दी बढाइनुपर्दछ ।

## घ. पेश गरिएका कार्यपत्र उपर भएको छलफलको प्रस्तुति

कार्यक्रममा पेश भएका कार्यपत्रहरू सहभागी तथा पर्यवेक्षकहरूलाई चार समूहमा विभाजन गरी समूहगत प्रस्तुती गर्ने व्यवस्था मिलाइएको थियो । आफ्नो समूहभित्र छलफल गरी समूहले आफ्नो प्रस्तुती गरेको थियो ।

(१) विषय : दोश्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३-७८) को दोश्रो वर्षको चैत्र महिनासम्मको कार्यान्वयनको समीक्षा

समूह क को तर्फबाट प्रस्तोता : सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली

- सरकारी वकील कार्यालयको कार्यसम्पादन कार्ययोजना अनुसार हुनुपर्ने ।

- सिएमएसलाई प्रभावकारी बनाउनुपर्ने ।
- उपलब्ध स्रोत साधनलाई प्रयोग गरी नपुगेको स्रोत माग गर्ने ।
- योजना बमोजिम गरिएका कामहरूका बारेमा तालुक अड्डामा जानकारी दिने । थप स्रोतका लागि समयमै माग गर्ने ।
- सबै उ.स.व.का. तथा जि.स.व.का.मा योजना कार्यान्वयन शाखा र योजना हेर्ने कर्मचारी तोकी निजहरूलाई योजनाप्रति उत्तरदायी बनाउने ।
- समन्वय समितिको बैठक नियमित रूपमा राख्ने ।

(२) विषय : सरकारी वकील र कर्मचारीको सेवाशर्त सम्बन्धी कानुनमा समावेश हुनुपर्ने नीतिगत पक्षहरू

समूह ख को तर्फबाट प्रस्तोता : उपन्यायाधिवक्ता श्री गंगाप्रसाद पौडेल

- सरकारी वकील परिषदमा महान्यायाधिवक्ता अध्यक्ष, लोकसेवा आयोगका अध्यक्षले तोकेको सदस्य, अतिरिक्त महान्यायाधिवक्ता, मुख्य सचिव सदस्य रहने र वरिष्ठ न्यायाधिवक्ता सदस्यसचिव रहनुपर्ने ।
- उमेर हद सरकारी वकीललाई ६५ वर्ष र अन्य कर्मचारीलाई ६० वर्ष राख्नुपर्ने ।
- छड्के प्रवेशका हकमा शुरु तहको न्यायाधिवक्तामा खुल्ला १० र आन्तरिक प्रतियोगितामा२० गरी कुल ३० प्रतिशतमात्र छुट्याउनुपर्ने । त्योभन्दा माथि जेष्ठता र कार्यक्षमताको मूल्यांकनबाट बढुवा गर्नुपर्ने ।
- प्रस्तावित ऐनमा सहायक न्यायाधिवक्ताको एक तह थपिनुपर्ने ।
- पदहदका सम्बन्धमा मुख्य सचिवसरहको सरकारी वकीललाई ३ वर्ष र सचिवसरहको सरकारी वकीललाई ५ वर्ष तोकिनुपर्ने ।
- सरकारी वकीललाई निजामती सेवा र न्याय सेवाबाट अलग राख्नुपर्ने । पहिलो पटकलाई बाहिर निस्किन छनौटको अवसर दिनुपर्ने ।
- सरकारी वकील संरचनामा कर्मचारी र वकील गरी २ समूह राख्न नहुने ।
- योग्यताप्राप्त कार्यरत सरकारी वकील स्वतः तत् तत् पदमा नियुक्त हुनसक्ने व्यवस्था गर्नुपर्ने ।
- पदनामलाई वैज्ञानिक बनाउनुपर्ने ।
- सेवासुविधा सम्मानजनक र मर्यादित बनाउनुपर्ने ।
- सरकारी वकील सेवा नामको एक सरकारी सेवा रहने भन्ने कुरा ऐनमै राखिनुपर्ने ।

(३) विषय : इ-एटर्नीको कार्यान्वयनको अवस्था र सरकारी वकीलसँग राखिएका अपेक्षाहरू

समूह ग को तर्फबाट प्रस्तोता : सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल

- जनशक्ति व्यवस्थापन हुन जरुरी छ । सूचना प्रविधिको प्रयोग कम्प्युटर अपरेटरले मात्र नभएर अरुले समेत गर्नुपर्ने । सबै जनशक्तिले आफ्नै तहबाट यसबारेमा काम गर्नुपर्ने ।

- कतिपय कार्यालयहरूमा प्राविधिक जनशक्तिको कमी छ भने तिनको दरबन्दी सृजना गरी पदपूर्ति गर्नुपर्ने ।
- सिएमएसको डाटा इन्ट्री शीघ्रतापूर्वक अघि बढाउनुपर्ने ।
- १००० भन्दा बढी मुद्दा भएका कार्यालयले म.न्या.का.बाट स्वीकृति लिएर परामर्श सेवाको रूपमा करारमा कर्मचारी राखी डाटा इन्ट्री गर्नुपर्ने ।
- सूचनाको क्षेत्रमा प्रविधिको समस्या आइरहन्छ । कम्तीमा हरेक उ.स.व.का.मा एक सूचना प्राविधिक सहायकको दरबन्दी राखिनुपर्ने ।
- हामीसँग पर्याप्त मात्रामा भौतिक सामग्री (जस्तैस्क्यानर, ब्याकअप, ब्याट्री, सोलार, आदि) छैनन् । पुराना भइसकेका डेस्कटप र ल्यापटपलाई बदली गर्न सकिएको छैन । इन्टरनेट कनेक्शन उच्च स्तरको हुनुपर्छ । नत्र इएमएस प्रणाली ह्याङ्ग हुनसक्छ । यसका लागि पर्याप्त बजेट विनियोजन गर्नुपर्ने अथवा केन्द्रबाट सेवाप्रदायकसँग एकमुष्ट सम्झौता गरेर पनि यस्तो सुविधा दिलाउन सकिने ।
- एउटा कार्यालय अर्कोसँग आबद्ध हुनुपर्ने । पटके अपराधीको पहिचान, फरार प्रतिवादीको पहिचान आदिका लागि यस्तो संयन्त्र आवश्यक हुन्छ ।
- हामी आफैंमात्र संजालीकृत भएर हुँदैन । प्रहरी, अदालत जस्ता सरोकारवालासँग पनि जोडिनुपर्ने ।
- सूचना प्रविधिको प्रयोग एकैपटक नभएर चरणबद्ध रूपमा योजना बनाएर गर्नुपर्ने ।

(४) विषय: सरकारी वकील कार्यालयबाट सम्पादन हुने कामकारवाहीको अवस्था र सुधारका पक्षहरू

समूह घ को तर्फबाट प्रस्तोता : उपन्यायाधिवक्ता श्री मनोजकुमार आचार्य

**विद्यमान अवस्था**

- हामी सूचनाप्रविधि मैत्री हुन नसक्नु ।
- काममा विशिष्टीकरण नहुनु ।
- भौतिकस्रोत र साधनको कमी हुनु ।
- कार्यबोझअनुसार दरबन्दी नहुनु ।
- सेवाशर्तसम्बन्धी विशेष कानुन नहुनु ।

**समाधान**

- संगठन तथा व्यवस्थापन (ओएण्डएम) सर्वेक्षण गर्ने
- लोकसेवा आयोग परीक्षाको पाठ्यक्रममा परिमार्जन गर्नुपर्ने ।
- महान्यायाधिवक्ताको कार्यालयबाट सरुवा र काजमा नीतिगत मापदण्ड हुनुपर्ने, प्रभावकारी कार्यान्वयन हुनुपर्ने ।
- सरकारी वकीलसम्बन्धी नियमावली, २०५५ को नियम १७ को दुरूपयोग भयो ।

धनकुटामा लोकराज सरको दरबन्दी छ, तलब ध्रुवकुमार चौहानले लिइरहनु भएको छ। लोकराज सरले विराटनगरबाट तलब खाइरहनुभएको छ। मेरो दरबन्दी सिरहामा छ, तर काम उ.स.व.का. धनकुटामा गरिरहेको छु। यस्तो हालत अरु सहकर्मीको पनि छ।

- इएमएस सफ्टवेयर चलाउन जान्ने बनाउन प्राविधिकलाई तालिम दिनुपर्ने।
- समान स्तरका अन्य कार्यालयसँग तुलना गर्दा हामीसँग पर्याप्त साधनस्रोत छैन। भइरहेका संसाधनको पनि उचित प्रयोग छैन।
- उचित, प्रभावकारी तथा व्यावसायिक कानुन बनाउनुपर्ने।
- वृत्तिविकासमा बढावा दिनेगरी सेवाशर्तको कानुन बनाउनुपर्ने।
- भवन निर्माण गर्दा महिला, बालबालिका र अपांगमैत्री हुनुपर्ने।
- बालस्याहार कक्ष कार्यालयमै हुनुपर्ने।
- वैदेशिक अध्ययन, भ्रमणमा न्यायोचित अवसर सबैले पाउनुपर्ने।
- नयाँ भवन बनाउँदा प्राथमिक स्वास्थ्य उपचार कक्षसमेत राख्नुपर्ने।
- सरोकारवाला निकायसँग काममा पर्याप्त सहकार्य र समन्वय हुनुपर्ने।
- पुरस्कार र दण्डनीति वस्तुनिष्ठ एवं पारदर्शी हुनुपर्ने। आफैंमा कुण्ठित हुने अवस्था आउन नहुने।

सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराईले एउटा समस्या समाधान गर्दा अर्को खडा गर्ने प्रवृत्तिको बारेमा हामी आफैं मनन गर्नुपर्ने, न्याय सेवामा तीन वटा समूहमा सबैभन्दा न्यून अनुशासन खासगरी आर्थिक अनुशासनको पाटोमा हामी कमजोर रहेको, स्रोतसाधनको परिमाण बढाइरहँदा पनि प्रतिफल खासै आउन नसकेको, भवन निर्माणका लागि निकासा भएको रकमको हिसाब कति खर्च भयो र कति बाँकी छ भन्नेबारे कार्यालय प्रमुखहरू नै अनभिज्ञ रहेको कुरा औंल्याउनुभयो। टिप्पणी राख्ने क्रममै वहाँले हामी अधिकृतहरूले अधिकृतस्तरको कामकारवाही गरिरहेका छौं कि छैनौं, आफैंले मनन गर्नुपर्ने, महान्यायाधिवक्ताको कार्यालय सुविधा अनुसार हाजिरी गर्ने अड्डा बन्न नहुने, र अर्को वर्षदेखि सीएमएसमा इन्ट्री नगरुञ्जेल रकम निकासा नहुने व्यवस्था गर्न सुझाउनु भयो।

सवारी साधनको उपयोगको विषयमा सकारात्मक सन्देश नआएकोतर्फ सजग गराउँदै वहाँले सुविधा दुरूपयोगका उल्लेख्य सूचनाहरू प्राप्त भइरहेको जनाउ दिनु भयो। यही गतिमा सवारी साधनको दोहन गरिएमा दुई वर्षभित्र कि यी जर्जर हुन्छन् कि त यी बन्द हुन्छन् भन्दै वहाँले सरकारी वकीलहरू महान्यायाधिवक्ताप्रति बढी नै मुखापेक्षी भएको र दर्जामिल्दो सरकारी वकीलले अन्य सरकारी कार्यालयसँग पनि समन्वय गर्न नसकेको तथ्य प्रस्तुत गर्नु भयो। यदि मिसिल समयमै प्राप्त नहुने र तालुकवाला कार्यालयले सहयोग गरेन भने व्यावसायिक उन्मुक्तिको अधिकार प्रयोग गर्दै तिनको मुद्दा लड्न नसक्ने विशेषाधिकारको प्रयोग गर्न पनि तयार रहनुपर्ने वहाँको धारणा थियो।

टिप्पणी गर्ने क्रममा शाखा अधिकृत एवं निजामती कर्मचारीहरूको आधिकारिक ट्रेड यूनियन, विभागीय कार्यसमिति, महान्यायाधिवक्ताको कार्यालयका अध्यक्ष श्री गजराज घिमिरेले ऐनका विषयमा हामीले धेरै छलफल गरेका छौं, अब छलफलमा मात्र समय नखर्चौं, ऐन बनाउनतर्फ लागौं भन्ने अनुरोध गर्नु भयो । संविधानले परिकल्पना गरेअनुरूप सरकारी वकीलहरूको सेवाशर्त र सुविधा सम्बन्धी ऐन बनाउन ट्रेड युनियनहरू बाधक नरहेको र तिनका माग सम्बोधन गरिएमा ऐन निर्माणमा पूर्ण समर्थन हुने कुरा दोहोऱ्याउनु भयो । हाम्रा दरबन्दीहरू वर्षौं पुराना रहेको, तर अहिले कार्यबोझ कैयौं गुणा बढिसकेको सन्दर्भमा दरबन्दी संख्यामा वृद्धि गर्नँ जरुरी छ । हामीले सभासम्मेलनमा आदर्शका कुरा गर्छौं तर व्यवहार उस्तै रहेको दर्शाउँदै वहाँले सबै तहका सरकारी वकील सुध्रिनुपर्ने र यसको अगुवाई महान्यायाधिवक्ताज्यूबाटै हुनुपर्ने बताउनु भयो ।

कार्यपत्रको प्रस्तुति र तिनमा भएको छलफलमा उठेका कुराहरूलाई सम्बोधन गर्ने क्रममा नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमले प्रणाली सफा गर्ने हो भने माथिबाटै गर्नुपर्ने, फोहोर सफा गर्न टाउकोबाटै पानी खन्याउनुपर्ने तथा सुधारका निम्ति महान्यायधिवक्ताको नेतृत्वमा हुने अभियानमा हाम्रो सदैव साथ र सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नु भयो । आधार र कारणबिना कसैलाई पनि दण्डित नगरिएको, तर गल्ती भेटियो भने कसैलाई छुट नदिइने उल्लेख गर्दै वहाँले सरुवा र काजको मापदण्ड बनाउनका निम्ति कार्यदल गठन गरिएको, संचार र सूचना प्रविधितर्फ जिल्लामा यथेष्ट रकम पठाइएको, महान्यायाधिवक्ताको कार्यालयको नयाँ बन्ने भवनमा प्राथमिक उपचार र बालस्याहार कक्ष राखिएको जानकारी दिनु भयो ।

साथै, वहाँले उ.स.व.का. पाटन र जि.स.व.का. काठमाडौंमा पुनरावेदन मस्यौदाको बक्यौता फछ्र्यौट साउन मसान्तसम्म गर्नैपर्ने बाध्यताका कारण अभियानका रूपमा थप जनशक्ति पठाइएको छ । उ.स.व.का. बीरगञ्ज र ओखलढुंगामा थप दरबन्दी सामान्य संशोधनसहित पारित भएकोले अब काम गर्न समस्या नरहेको दर्शाउँदै वहाँले भवन बन्ने ठाउँमा बजेटको अभाव भएको भन्नेबारे रु. ६ करोड ६४ लाख थप रकम आएकोले भवन बनाउन चाहनेलाई रकमको कमी नहुने निश्चितता दिलाउनुभयो । घर, गाडी, फर्निचर, तालिम, उपकरण पहिले थिएनन्, तर अहिले छन् तर हाम्रा कामकारवाहीमा चुस्तता, पारदर्शिता र प्रभावकारिता किन आएन, सो बारेमा सबैले मनन गर्नसमेत वहाँले सुझाउनु भयो ।

## च. प्रस्ताव पारित

नेपालका सरकारी वकीलहरूको केन्द्रीय वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रममा सहभागी तथा पर्यवेक्षकहरू बीच भएको छलफल तथा प्राप्त सुझावहरू र यसै आ.व.मा संचालित सरकारी वकीलहरूको प्रदेशस्तरीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमबाट पारित प्रस्तावहरू समेतका आधारमा देहायका प्रस्ताव पारित गरियो ।

१. “प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षास व्यावसायिक सरकारी वकील हाम्रो प्रतिवद्धता” भन्ने मूल नाराका साथ २०७३ पौषमा सम्पन्न सरकारी वकीलहरुको प्रथम राष्ट्रिय

सम्मेलनबाट पारित घोषणापत्रमा उल्लेखित मानव अधिकार, पीडित मैत्री व्यवहार, पीडितको सहायता, साक्षी संरक्षण, सार्वजनिक हकहित र सरोकारको उचित प्रतिनिधित्व जस्ता बिषयहरुलाई व्यबहारमा कार्यान्वयन गर्न प्रतिवद्ध छौं ।

२. सरकारी वकीलको सेवा र कार्य व्यवसायिक प्रकृतिको भएकाले सरकारी वकीललाई छुट्टै विशिष्टीकृत सेवाको रुपमा विकास गर्न सरकारी वकीलहरुको सेवाका सर्त सम्बन्धी छुट्टै कानुन वन्नु पर्दछ भन्ने अवश्यकता महसुस भै विगतका सम्मेलनहरुबाट समेत प्रस्ताव पारित हुँदै अएको छ। नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ता मातहतका अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुनेछ भन्ने व्यवस्था समेत भएकाले सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको सेवालाइ व्यावसायिक र मर्यादित सेवाको रुपमा स्थापित गर्न सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धमा सवै तहका सरकारी वकील तथा कर्मचारीहरुको भावनालाइ समेटी नयाँ कानून बनाउनेतर्फ यथाशीघ्र कारवाही अगाडि बढाइ संघीय संसदबाट पारित गराउन अवश्यक पहल गर्ने ।

३. २०७५ साल भदौ १ गतेदेखि लागू हुन गइरहेका मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनहरुले सरकारी वकीलहरुको भूमिकामा ल्याउने परिवर्तित व्यवस्था अनुरुप प्रभावकारी रुपमा कार्यसम्पादन गर्न सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुर्याउने सहायक कर्मचारीहरुलाइ समेत त्यस सम्बन्धी तालिम प्रदान गर्न आवश्यक भएकाले महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सवै सरकारी वकील कार्यालयमा कार्यरत सहायक स्तरका कर्मचारीहरुलाई समेत उक्त ऐनहरु कार्यान्वयनमा आउनु अगावै संहिताका सम्बन्धमा प्रशिक्षण प्रदान गर्न महान्यायाधिवक्ताको कार्यालयले व्यवस्था मिलाउने ।

४. उल्लेखित संहिता तथा ऐनहरुलाइ कार्यान्वयन गर्न तयार गर्नुपर्ने नियमावली तथा निर्देशिका समयमै तयार गरी संहिता कार्यान्वयन हुनु अगावै ती नियमावली तथा निर्दिशका सम्बन्धमा सरकारी वकील तथा अनुसन्धान अधिकारी समेतलाइ अभिमुखीकरण गर्न कार्यक्रम सञ्चालन गर्ने। संहिताले समावेश गरेका व्यवस्थाहरुको प्रचारप्रसार गर्न महान्यायाधिवक्ताको कार्यालयले अगुवाई गर्ने ।

५. उल्लेखित संहिता तथा ऐनले गरेका व्यवस्थावाट वृद्धि हुने कार्यबोझ र बढ्दै गएको कार्यचाप समेतलाई दृष्टिगत गरी सरकारी वकील कार्यालयहरुको दरबन्दी र स्रोत साधनमा वृद्धि गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गर्नेतर्फ महान्यायाधिवक्ताको कार्यालयले तत्काल पहल गर्ने ।

६. उल्लेखित संहिता तथा ऐनहरुमा भएका केही व्यवस्थाहरु अस्पष्ट र द्विविधाजनक रहेको

पाइएकोले तत्सम्बन्धमा अवश्यक संशोधन गर्न महान्यायाधिवक्ताको कार्यालयको गत बर्षको वार्षिक प्रतिवेदनमा केही सुझावहरु प्रस्तुत गरिएको सन्दर्भमा यस वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम र प्रशिक्षण कार्यक्रमबाट प्राप्त सुझाव समेतलाई विचार गरी संहिता तथा सम्बन्धित कानूनहरुमा संशोधन गर्ने प्रस्ताव तयार गर्न महान्यायाधिवक्ताको कार्यालयवाट आवश्यक पहल गर्ने ।

७. मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐनले पुनरावेदनको म्यादका सम्बन्धमा ल्याएको परिवर्तनबाट संहिता लागू भएपछि पुनरावेदन सम्बन्धी कार्यबोझमा अत्याधिक बृद्धि हुने कुरालाइ दृष्टिगत गरी सबै सरकारी वकील कार्यालयहरुले अदालतबाट फैसला भएका मुद्दाहरुको जानकारी समयमै प्राप्त गरी पुनरावेदन सम्बन्धी कारवाही समयमै अगाडि बढाउने । साथै अदालतवाट भएका अन्तरकालीन आदेश उपर निवेदन गर्नुपर्ने भएमा तुरुन्तै आदेश प्राप्त गरी समयमा नै यस सम्बन्धी कारबाही अगाडि बढाउने । यसका लागि आवश्यक पर्ने स्रोत साधन तथा जनशक्ति महान्यायाधिवक्ताको कार्यालयमा माग गरी पठाउने र महान्यायाधिवक्ताको कार्यालयबाट सो सम्बन्धमा शिघ्र अवश्यक व्यवस्थापन गर्ने ।

८. गत वर्षदेखि कार्यान्वयनमा आएको ई'एटनी कार्यक्रमको कार्यान्वएनबाट सरकारी वकीलको काम कारवाही विद्युतीय प्रणालीमा आवद्ध हुन प्रारंभ भएको छ । यसले कार्यसंपादनमा सकारात्मक प्रभाव पार्ने हुँदा महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरुबाट सम्पादित कामकारवाहीलाई सूचना प्रविधिको संजालमा आवद्ध गरी अझ प्रभावकारी र नतिजामूलक बनाउन महान्यायधिवक्ताको कार्यालय एवं सबै सरकारी वकील कार्यालयबाट थप प्रयास हुनुपर्ने र हाल कार्यान्वयनमा रहेको मुद्दा व्यवस्थापन प्रणाली (ऋ:क) सम्बन्धी सफ्टवेयरको प्रयोग गर्न आवश्यक तालिम दिलाई सफ्टवेयरमा मुद्दाको प्रविष्टी गर्ने कार्यलाई सवै सरकारी वकील कार्यालयहरुले उच्च प्राथमिकता दिई मुद्दा प्रविष्टीलाई दैनिक रुपमा अध्यावधिक गर्ने। यसलाई कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने ।

९. सवै तहका सरकारी वकील कार्यालयहरुले आफ्नो वार्षिक कार्ययोजना तयार गर्दा महान्यायाधिबक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनासँग आवद्ध गरी कार्यान्वयनमा प्रभावकारीता ल्याउने र उपलब्ध स्रोत साधनको उच्चतम् परिचालन गरी सरकारी वकीलको कार्यसंपादनलाई प्रभावकारी बनाउने ।

१०. कार्यालय भवनको निर्माण सम्पन्न भएका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयका भवनको सरसफाइ र सम्बर्द्धन गर्नेतर्फ सम्बन्धित कार्यालय प्रमुखले क्रियाशिलता देखाउने, निर्माणाधिन भवनहरुको निर्माण कार्यलाई तिब्रता दिइ समयै निर्माण कार्य सम्पन्न गर्ने, कार्यालयको नाममा जग्गा भएका र नयाँ भवन निर्माण गर्न आवश्यक रहेका कार्यालयहरुले भवन निर्माण सम्बन्धी पूर्व तयारी गरी आवश्यक कागजात सहित बजेट व्यवस्थाका लागि महान्यायाधिवक्ताको कार्यालयमा समयमा नै लेखी

पठाउने साथै कार्यालयको नाममा जग्गा नभएका कार्यालयहरुले जग्गा कसरी प्राप्त गर्न सकिन्छ भन्ने प्रस्ताव र सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउने र महान्यायाधिवक्ताको कार्यालयले जग्गा उपलब्ध गराउनेतर्फ आवश्यक पहल गर्ने ।

११. नेपाल सरकारको हक हित तथा सरोकार निहित रहेको मुद्दाको वहस, पैरवी एव प्रतिरक्षाको कार्यलाई प्रभावकारीरुपमा सम्पादन गर्न सरकारी वकील कार्यालयहरुले सम्बद्ध कार्यालयहरुसँग प्रभावकारी समन्वयको लागि नियमित अन्तर्क्रिया गर्ने । यसका लागि आ-आफ्नो तहको समन्वय समितिलाई क्रियाशील बनाई सरोकारवाला निकायहरुसँगको समन्वयलाई प्रभावकारी वनाउने ।

१२. सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालयबाट जारी भएको अभियोजन नीति र मार्गदर्शन समेतको आधारमा आधार र कारण खुलाई वस्तुपरक ढंगले गर्ने। सवुत प्रमाणको अभावमा मुद्दा नचलाउने निर्णय गरेको अवस्थामा मुद्दाको मिशिल महान्यायाधिवक्ताको कार्यालयमा पुगी निर्णय भई मुद्दा दायर गर्न आवश्यक पर्ने समय समेतलाई विचार गरी  हदम्याद ननाघ्ने गरी समयमा नै  निर्णय गरी मिशिल पठाउने तर्फ बिशेष सजगता अपनाउने । नेपाल सरकारको तर्फबाट निवेदन र पुनरावेदन गर्ने म्याद अवधि गुज्रन नदिनका लागि सबै सरकारी वकील कार्यालयहरुले अभिलेख व्यवस्थापन लगायत अवश्यक प्रबन्ध गर्ने ।

१३. कार्यालयको अनुगमन तथा निरीक्षणको कार्यलाई प्रभावकारी वनाउन सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले आफ्नो मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुको कम्तीमा वर्षको एक पटक निरीक्षणरअनुगमन गरी त्यस्ता कार्यालयको काम कारबाही, भौतिक अवस्था, विद्यमान समस्याको पहिचान र समाधानका सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा नियमित रुपमा प्रतिवेदन पेश गर्ने। महान्यायाधिवक्ताको कार्यालयले पनि कम्तीमा वर्षको एक पटक उच्च सरकारी वकील कार्यालयको निरीक्षणरअनुगमन गर्ने। साथै, निरिक्षण प्रतिवेदनले औँल्याएका बिषयहरुलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्ने ।

१४. कार्यालय प्रमुखले आफ्नो कार्यालयको कामसँग सम्बन्धित गुनासा व्यवस्थापन गर्न कार्यालय बाहिर सवैले देख्ने स्थानमा गुनासो पेटिका राख्ने र प्रत्येक महिना सो पेटिका खोली गुनासो सम्वोधन गर्नेतर्फ अवश्यक कार्य गर्ने र यस सम्बन्धी प्रतिवेदन उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा र जिल्ला सरकारी वकील कार्यालयले उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयमा पठाउने। प्राप्त उजूरी र गुनासोको प्रभावकारीरुपमा सुनुवाई गरी जनविश्वास आर्जन गर्न क्रियाशील हुने ।

१५. काठमाडौं उपत्यकास्थित अत्याधिक कार्यचाप भएका उच्च सरकारी वकील कार्यालय पाटन, विशेष सरकारी वकील कार्यालय काठमाडौं र जिल्ला सरकारी वकील कार्यालय काठमाडौंको अफ्नो कार्यालय भवन तथा जग्गा समेत नभएकाले उक्त कार्यालयहरुका

लागि उपयुक्त स्थानमा जग्गाको व्यवस्था गरी कार्यालयको आफ्नै भवन निर्माण गरी कार्य व्यवस्थित गर्ने कार्यमा सम्बन्धित कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट प्राथमिकतापूर्वक पहल गर्ने ।

१६. सरकारी वकीलहरुका लागि महान्यायाधिवक्ताको कार्यालयवाट जारी आचार संहिताको प्रभावकारी रुपमा परिपालना गर्ने र कार्यसम्पादन मूल्याङ्कन गर्दा त्यसको पालनालाइ समेत अधार लिने पद्दतिको विकास गर्ने ।

१७. गत बर्ष सम्पन्न भएका सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलन तथा अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित घोषणापत्रको हालसम्मको कार्यान्वयनबाट सरकारी वकीलको कार्यसम्पादनमा सकारात्मक प्रभावका संकेतहरु देखा परेका छन् । सम्बद्ध सरोकारवालासँग समन्वय गरी घोषणापत्रले समेटेका बिषयहरुलाई प्राथमिकतापूर्वक कार्यान्वयन गर्न सवै तहका सरकारी वकील कार्यालयहरु कियाशील हुनु पर्ने आवश्यकता बोध गर्दै आगामी आर्थिक वर्षमा दोस्रो राष्ट्रिय सम्मेलनको आयोजना गर्ने ।

१८. सबै सरकारी वकील कार्यालयहरुलाइ प्राप्त मानवीय, भौतिक तथा वित्तीय स्रोत साधनको परिचालन र प्रयोग प्रभावकारी र मितव्ययी रुपमा गरी रणनीतिक योजनाले प्रक्षेपण गरेका लक्ष्य हासिल गर्न सबै सरकारी वकीलहरु प्रतिवद्ध रहने प्रण गर्दछौ ।

## छ. समापन सत्र

समापन सत्रमा पर्यवेक्षकको तर्फबाट मन्तव्य राख्ने क्रममा प्रहरी वरिष्ठ उपरीक्षक श्री रविन्द्रप्रसाद शर्माले कार्यक्रममा नेपाल प्रहरीको तर्फबाट दुई जना अधिकृतहरूलाई सहभागी गराई मन्तव्य राख्ने अवसर दिनु भएकोमा आयोजकप्रति धन्यवाद दिनुभयो । यहाँ प्रस्तुत गरिएका विषयवस्तुहरू ज्ञानवर्धक, सूचनामूलक र उपयोगी रहेको कुरा उल्लेख गर्दै सरकारी वकील र प्रहरी भनेको अपराधको अनुसन्धान र अभियोजनका निम्ति अन्योन्याश्रित सम्बन्ध रहनुपर्ने कुरामा जोड दिनुभयो । कुनै पनि विषयमा स्नातक गरेको व्यक्ति प्रहरी निरीक्षकमा भर्ना हुनपाउने व्यवस्था खुलाउँदै कानुन कार्यान्वयन गर्ने निकाय रहेको कानुनी शिक्षाको कमी सरकारी वकीलहरूबाट पूरा भएको जनाउनु भयो ।

उच्च सरकारी वकील पाटनका सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले समीक्षात्मक मन्तव्य राख्ने क्रममा आज १८ बुँदे प्रस्ताव पारित गरेका छौं, तिनलाई पूरा गर्ने दिशामा हाम्रो प्रतिबद्धता प्रकट गर्दछौं भन्ने कुरा दोहार्‍याउनु भयो । हामी समक्ष आएका पीडितलाई हँसाएर र रुँदै आएका पीडकलाई पनि हँसाएर राख्नुपर्ने कुरा बीच सन्तुलन राख्नुपर्ने चुनौति छन् भन्दै वहाँले अभियोजन गरेपछि निद्रा नपर्ने अवस्थाबाट पनि हामी गुज्रिएको तथ्य स्मरण गर्नु भयो ।

सरकारी वकीलहरूको केन्द्रीय अनुशिक्षण तथा वार्षिक कार्यसमीक्षा कार्यक्रमलाई समापन गर्ने क्रममा महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलले समापन मन्तव्य राख्नु भयो । यस सन्दर्भमा,

वहाँले अघि आफूले केही प्रतिनिधिमूलक भनाई सुनेको, यीमध्ये कतिपय आफूलाई जानकारी भएका र नभएका कुरा पनि रहेको बताउनु भयो । महान्यायाधिवक्ताको कार्यालय भनेको प्रधान न्यायालयसँगै स्थापना भएको संस्था रहेको र संविधानले परिकल्पना गरेको पुरानो र गर्विलो संस्थामा हामीहरू रहेको स्मरण गर्नु भयो । आफू यो संस्थाको अस्थायी र कर्मचारीहरू स्थायी जनशक्ति रहेको कुरा प्रकाश पार्दै वहाँले संस्थाका कामकारवाहीलाई पारदर्शी बनाउन आफू सदैव कटिबद्ध रहेकोमा जोड दिनुभयो । आफूलाई चाकडीको भाषा मन नपर्ने बताउँदै वहाँले सिधै कुरा राख्न सक्ने मानिस आफूलाई मन पर्ने बताउनु भयो ।

संविधान र कानुनले मात्र हाम्रो जीवनयात्रालाई अघि बढाउँछ, अरु कुनैले होइन भन्दै वहाँले जनशक्तिको वृत्तिविकासका लागि केही कुराहरू सोचिरहेको खुलाउनु भयो । यो वर्षको सर्वोत्कृष्ट सरकारी वकील को हो भन्ने छनौट गर्नसकिने र यसमा पालो वा सेवाअवधिको कुरा नआई विशुद्ध कार्यक्षमता हेरिने उल्लेख गर्नु भएको थियो । नयाँ संहिता र ऐनका कार्यानवयनका बारेमा फोकल पर्सन (सम्पर्क व्यक्ति) को रूपमा नायब महान्यायाधिवक्ता श्री किरण पौडेल तोकिनुभएको जानकारी गराउँदै महान्यायाधिवक्ताज्यूले श्री पौडेललाई नै टिम बनाएर काम गर्ने अधिकार पनि दिइएको कुरा जनाउनु भयो ।

केही दरबन्दी र भौतिक सुविधावृद्धिका कुरा पनि उठेको चर्चा गर्दै वहाँले नयाँ संहिता एवं ऐनका व्यवस्थाले सरकारी वकीलको जिम्मेवारी धेरै बढाई दिएको स्मरण गर्नुभयो । हिजो अपराधसँग जोडिएका कति कानुन थिए, अहिले कति छन् ? दरबन्दी कति थियो पहिले, अहिले कति छन् ? औचित्यसहित दरबन्दी वृद्धि गर्न सकिने कुरामा वहाँले जोड दिनुभयो । समापन मन्तव्यको अन्तमा सहभागी र अतिथिलाई धन्यवाद दिँदै वहाँले कार्यक्रम समाप्तिको घोषणा गर्नु भयो ।

# २. प्रदेश नं. १ र २ नं. का सरकारी वकीलहरुका लागि आयोजित बार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम

## १. पृष्ठभूमि

सरकारी वकीलहरुको व्यावसायिकता र दक्षताका अभिवृद्धि गर्नुको साथै उच्च मनोबलका साथ कार्य गर्न तालिम, गोष्ठी, अनुशिक्षण लगायतका कार्यक्रमको आवश्यकता हुने कुरालाई मध्येनजर गर्दै महान्यायाधिवक्ता कार्यालयले प्रत्येक वर्ष सरकारी वकीलहरुका लागि वार्षिक कार्यसमिक्षा कार्यक्रमको आयोजना गर्ने गरेको छ ।

महान्यायाधिवक्ताको कार्यालयबाट प्रदेश नं १ र २ का सरकारी वकीलहरुको लागि विराटनगरमा, वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने गरी निर्णय भए बमोजिम यस कार्यक्रमको आयोजना गरिएको हो । यस कार्यक्रममा सरकारी वकीलहरुको व्यवसायिकता, जनशक्ति, भौतिक श्रोत साधनको प्रयोग र त्यसको स्थिति, मुद्दा व्यवस्थापनका समस्या र चुनौतिहरु, सूचना प्रविधिको प्रयोग र यसको सकारात्मक पक्ष तथा चुनौतीहरु साथै यसले मुद्दा व्यवस्थापनमा ल्याएका परिवर्तनहरु, दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका लक्ष्य र उद्देश्यहरुमा भएका प्रगतिहरु समेतका विषयहरुमा समीक्षा गरी आवश्यक सुझाव सहित प्रस्तावहरु पारित गरियो । कार्यक्रममा सहभागीहरुबाट कार्य स्थलमा भएका समस्या पहिचान गरी महान्यायाधिवक्ता र नायब महान्यायाधिवक्ताज्यूहरु बाट निर्देशन समेत भएको थियो ।

## २. कार्यक्रमका उद्देश्य

प्रदेश नं. १ र २ का उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरुका सरकारी वकीलहरुको जनशक्ति व्यवस्थापन, भौतिक श्रोत र साधनको अवस्था, मुद्दा व्यवस्थापनमा (CMS) सफ्टवेयरको प्रयोग लगायत कार्यालयहरुमा सूचना प्रविधिको प्रयोग र त्यसको अवस्था, मुद्दा व्यवस्थापनमा आएका समस्या र चुनौतीहरुको पहिचान गरी समाधानका उपायहरु पहिल्याउनु वार्षिक कार्यसमिक्षा तथा अनुशिक्षण कार्यक्रमको मुख्य उद्देश्य रहेको छ ।

## ३. उद्घाटन सत्र

कार्यक्रमको अध्यक्षता नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमज्यूले गर्नु भएको थियो। माननीय महान्यायाधिक्ता श्री अग्निप्रसाद खरेलज्यूको प्रमुख आतिथ्यमा कार्यक्रमको उद्घाटन भएको थियो। सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेयले कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्दै सरकारी वकीलले सुधारको कार्य आफूबाट सुरु गर्नुपर्ने, प्रत्येक ठाउँबाट हामीले हाम्रो जिम्मेवारी पुरा गरेमा संस्था र राष्ट्रलाई वलियो बनाउन मद्दत मिल्ने अभिव्यक्ति दिनु भएको थियो । कार्यक्रमको उद्घाटन सत्रमा उच्च अदालत विराटनगरका माननीय मुख्य

न्यायाधीश श्रीमान कुलरत्न भुर्तेलज्यूले सबल अनुसन्धानबाट सरकारी वकीलको भूमिका निर्देशित हुने भनी आफ्नो मन्तव्य राख्नु भएको थियो। उच्च अदालत विराटनगरका माननीय न्यायाधीशज्यूहरु, जिल्ला न्यायाधीशज्यूहरु, मुख्य न्यायाधिवक्ता, प्रदेश प्रमुख सचिव, उच्च अदालत बार एशोसिएसन, विराटनगरका अध्यक्ष, जिल्ला अदालत बार एकाईका अध्यक्ष, जिल्ला प्रहरी कार्यालयका प्रतिनिधि तथा सञ्चारकर्मीहरु समेतको उपस्थिति रहेको उक्त कार्यक्रममा वरिष्ठ अधिवक्ता श्री सुरेशलाल श्रेष्ठ र मुख्य न्यायाधिवक्ता श्री चूडामणी आचार्य, प्रदेश प्रमुख सचिव (प्रदेश नं. १) श्रीमान् यादवप्रसाद कोइरालले समेत मन्तव्य दिनु भएको थियो। कोइरालाले रणनीत र कार्यविधि बनाई काम गर्नाले अर्धन्यायिक निकायलाई काम गर्न सजिलो हुने, सूचनाको अभावका कारण काम गर्न असज हुने हुदा यस्ता क्षमता वृद्धि गर्ने कार्यक्रमहरुबाट निकाशा हुन सक्छ भनी आफ्नो मन्तव्य राख्नु भएको थियो । कार्यक्रम सञ्चालन सहन्यायाधिवक्ता श्री रमादेवी पराजुलीज्यूले गर्नु भएको थियो ।

कार्यक्रमका प्रमुख अतिथि माननीय महान्यायाधिवक्ता श्रीमान् अग्निप्रसाद खरेलज्यूले आमन्त्रित अतिथिज्यूहरुलाई उपस्थितिको लागि धन्यवाद दिदै प्रदेशको संरचना अनुसार मुद्दाहरु बढ्दै जाने हुनाले सरकारी वकीलको भूमिका पनि अझै बढ्ने देखिन्छ। मुख्य चुनौती भदौ १ गते देखि रहेकोले यो दुई महिनाको अवधिमा प्रयाप्त अभ्यास गर्नुपर्ने जरुरी छ भनी कार्यक्रममा सम्बोधन गर्नु भएको थियो । कार्यक्रमको अध्यक्षता गर्नुभएका नायब महान्यायाधिवक्ता श्रीमान बद्रीप्रसाद गौतमज्यूले अतिथिज्यूहरुप्रति आभार प्रकट गर्दै आफ्नो मन्तब्य सहित कार्यक्रमको समापन गर्नु भएको थियो ।

## ४. प्रस्तुति र छलफल सत्र

कार्यक्रमको दोस्रो सत्रमा जिल्ला तथा उच्च सरकारी वकील कार्यालयका सरकारी वकीलहरुले कार्यालयको भौतिक अवस्था, मुद्दाको चाप, मुद्दा व्यवस्थापनमा ऋ:क सफ्टवेर प्रयोग र प्रभावकारीता, कर्मचारी व्यवस्थापनमा रहेका समस्याहरु, सूचना प्रविधिको प्रयोग, महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवषीय रणनीतिक योजनाको कार्यान्वयनको अवस्था र भदौ १ देखि लागू हुने चरणमा रहेका संहिता र तीनको प्रयोगमा आउनसक्ने समस्या र चुनौतीका बारेमा केन्द्रित रही कार्यालय प्रमुख तथा निमित्त कार्यालय प्रमुखले कार्यक्रममा आफ्नो कार्यालयको तर्फबाट प्रस्तुति गर्नु भएको थियो । प्रस्तुतिको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छ ।

जिल्ला सरकारी वकील कार्यालय ताप्लेजुङ, सहायक जिल्ला न्यायाधिवक्ता श्री प्रकाश गौतमस भवन बन्दै गरेको र हाल कार्यालय भडामा रहेको छ । ९७ मुद्दा संख्या, नेटवर्किङमा समस्या रहेको, वार्षिक बजेट कम रहेको, जिन्सी सामान लिलाम हुन सकेको छैन। जिल्ला सरकारी वकील कार्यालय पाँचथर, सहायक जिल्ला न्यायाधिवक्ता श्री उत्तम श्रेष्ठस नयाँ भवन निर्माण कार्य अगाडि बढेको, पुरानो भवन भत्काउनु पर्ने, जनशक्तिको व्यवस्थापनमा समस्या रहेको। जिल्ला सरकारी वकील कार्यालय ईलाम, जिल्ला न्यायाधिवक्ता श्री त्रिद्धनाथ निरौलास मुद्दा संख्या ३०४ मा चालु मुद्दा २२६ भौतिक साधनको मर्मतमा वजेट अभाव रहेको, जग्गा र

भवनको अभाव रहेको, तालिम कार्यक्रम निरन्तर हुनुपर्ने, केन्द्रमा हेल्प डेस्क अति आवश्यक रहेको महशुस भएको। जिल्ला सरकारी वकील कार्यालय झापा, जिल्ला न्यायाधिवक्ता श्री पदम बहादुर काकीस नयाँ भवन निर्माणाधीन अवस्थामा रहेको र पुरानो भवन भत्काउनुपर्ने, ऋ:व भ्लतचथ भएको। जिल्ला सरकारी वकील कार्यालय ओखलढुंङ्गा, जिल्ला न्यायाधिवक्ता श्री प्रमोद भट्टराईस कार्यालयको भवन पुरानो रहेको, भवनको बाटो नभएको, श्रोत र साधनको उचित प्रयोग गरेको, जनशक्तिको अवस्था राम्रो भएको, समुदायमा सरकारी वकील कार्यक्रम सम्पन्न गरिएको, गाडीको अवस्था राम्रो रहेको । जिल्ला सरकारी वकील कार्यालय सोलुखुम्बु, निमित्त जिल्ला न्यायाधिवक्ता श्री केशव प्रसाद गौतमः भवन निर्माणको कार्य भैरहेको, ९० प्रतिशत काम सम्पन्न भैसकेको, हाल कार्यालय भाडामा रहेको । जिल्ला सरकारी वकील कार्यालय खोटाङ्ग, सहायक जिल्ला न्यायाधिवक्ता श्री नारायणप्रसाद दाहालः भवन भुकम्पले चर्केको, कम्पाउण्ड वाल नभएको र सवारी साधन समेत नभएको ।उच्च सरकारी वकील कार्यालय ओखलढुङ्गा, उपन्यायाधिवक्ता श्री खडान्द गौतमः भवनभाडामा रहेको, मासिक रु.४२,०००।- खर्च हुने गरेको, भवन नभएको जिल्लामा भवन बनाउने कार्य शुरु भएको, सवारी साधन पुरानो अवस्थामा रहेको, कर्मचारी व्यवस्थापनमा कठिनाई रहेको, मुद्दा १५० थान चालु अवस्थामा रहेको। जिल्ला सरकारी वकील कार्यालय उदयपुर, जिल्ला न्यायधिवक्ता श्री हरिकुमार पोखरेलः भवन निर्माणाधीन अवस्थामा रहेको, २०७६।३।२ सम्म सम्पन्न हुने लक्ष्य रहेको, कार्यालयमा जनशक्तिको अभाव रहेको देखिन्छ । जिल्ला सरकारी वकील कार्यालय मोरङ, सहायक जिल्ला न्यायाधिवक्ता श्री पदमप्रसाद वस्तीः भवन रहेको भएता पनि अपर्याप्त रहेको, विद्युतीय सामान मर्मत गर्नु पर्ने अवस्थामा रहेको । फोटोकपि मेशिन नहुँदा समस्या रहेको, पुनरावेदन गर्ने नगर्ने निर्णय गर्न केही बाँकी रहेको । जिल्ला सरकारी वकील कार्यालय सुनसरी, ४ देखि ५ कठ्ठामा वनेको १७ कोठे भवन रहेको, गाडी पुरानो भई मर्मत गर्नुपर्ने, मुद्दा चालु १०५० रहेको र पुनरावेदन गर्न ८०० भन्दा माथी हुने गरेको।उच्च सरकारी वकील कार्यालय विराटनगर, सहन्यायाधिवक्ता श्री चिरञ्जीवि पराजुलीः भवन पर्याप्त रहेको, वहस गर्ने जनशक्ति समेतको कमी रहेको, ९९३ थान मुद्दा मध्ये ६४१ थान मुद्दा चालु रहेको । जिल्ला सरकारी वकील कार्यालय सिरहा, जिल्ला न्यायाधिवक्ता श्री जुद्धबहादुर आलेमगरः नयाँ भवन बन्ने क्रममा रहेको, मुद्दा ५६२, १२ दरबन्दी मध्ये ९ जना मात्र कार्यरत रहेको । जिल्ला सरकारी वकील कार्यालय सप्तरी, जिल्ला न्यायाधिवक्ता श्री पुण्य प्रसाद सापकोटाः कार्यालयको घर तथा जग्गा नरहेको र तत्काल घर सर्नुपर्ने देखिन्छ, हाल कर कार्यालय रहेको भवन वा CDO कार्यालय सर्दै गरेकोले सो प्राप्तीका लागि प्रयास गर्नुपर्ने देखिन्छ । कम्प्यूटर ४ मध्ये २ चालु अवस्थामा रहेको, मुद्दा संख्या ७७९ रहेको र १२३ फर्छ्यौट गर्न बाँकी रहेको । उच्च सरकारी वकील कार्यालय राजविराज, उपन्यायाधिवक्ता श्री राजेन्द्रबहादुर बस्नेतः ६ जना सरकारी वकीलको दरबन्दी रहेकोमा ३ जना मात्र कार्यरत रहेको, ७० थान मुद्दा पुनरावेदन गर्न बाँकी रहेको, भवन र २ सवारी साधन रहेको अवस्था छ । जिल्ला सरकारी वकील कार्यालय, बारा जिल्ला न्यायाधिवक्ता श्री राजन राज घिमिरेस ५ कठ्ठा ११ धुर जग्गा रहेको, नयाँ भवन निर्माण हदै गरेको, सवारी साधन रहेको, जम्मा मुद्दा ५०४ मा २८२ चालु रहेको, पुनरावेदन म्याद बाँकी नरहेको ।

जिल्ला सरकारी वकील कार्यालय पर्सा, जिल्ला न्यायाधिवक्ता श्री रुद्रप्रसाद सुवेदीः नयाँ भवन निर्माणको लागि जग्गा प्राप्त गर्ने सम्बन्धी प्रयास भैरहेको, पुरानो भवन रहेको हुदा मुद्दा व्यवस्थापनमा समस्या रहेको, २ वटा सवारी साधन रहेकोमा १ वटा बिग्रेको छ । पुनरावेदन म्याद बाँकी नरहेको, समुदायमा सरकारी वकील कार्यक्रम सम्पन्न भएको। जिल्ला सरकारी वकील कार्यालय रौतहट, जिल्ला न्यायाधिवक्ता श्री धर्मअवतार कोइरालाः भवन पुरानो रहेको, नयाँ भवन निर्माणको प्रक्रियामा रहेको । उच्च सरकारी वकील कार्यालय विरगञ्ज, सहन्यायाधिवक्ता श्री ध्रुवमणी ज्ञवालीः चिनी मिल परिसर भित्र कार्यालय रहेको जम्मा ३ वटा मात्र कोठा रहेको, जनशक्तिको अभाव रहेको, मुद्दा ९२४ मध्ये ६०९ मुद्दा बाँकी रहेको, १ कार र १ मोटरसाईकल रहेको । जिल्ला सरकारी वकील कार्यालय धनुषा, जिल्ला न्यायाधिवक्ता श्री टेक बहादुर काकीः कार्यालयको आफ्नो भवन नरहेको, हाल उच्चको पुरानो भवनमा रही दैनिक कार्य सञ्चालन भैरहेको, जनशक्तिको समस्या नरहेको, जिल्ला सरकारी वकील कार्यालय महोत्तरी, जिल्ला न्यायाधिवक्ता श्री सुदिप दंगालः कार्यालयको आफ्नै जग्गा रहेको र नयाँ भवन बन्दै गरेको, ६० थान पुनरावेदन म्याद बाँकी रहेको। जिल्ला सरकारी वकील कार्यालय सर्लाही जिल्ला न्यायाधिवक्ता श्री बाबुराम अधिकारीस ३ कठ्ठा ३ धुरमा बनेको पुरानो भवनमा कार्यालय रहेको, सवारी साधन रहेको, कम्प्युटर अपरेटर नभएकोले समस्या हुने गरेको, पुनरावेदन म्यादमा समस्या नरहेको।उच्च सरकारी वकील कार्यालय जनकपुर, सहन्यायाधिवक्ता श्री ध्रुब कुमार भट्टराईस ३ तल्ले २२ कोठे भवन रहेको वैकल्पिक उर्जाको व्यवस्था नरहेको, जनशक्तिको अभाव रहेको। जिल्ला सरकारी वकील कार्यालय तेह्रथुम, सहायक जिल्ला न्यायाधिवक्ता श्री जनकप्रसाद घिमिरेः हाल सम्म भाडामा कार्यालय संचालनमा रहेको, नयाँ भवन बन्ने प्रक्रियामा रहेको, पुरानो सवारी साधन रहेको, ५ कम्प्यूटरमा ३ चालु अवस्थामा रहेको, २ बिग्रेको । जिल्ला सरकारी वकील कार्यालय धनकुटा, श्री भोलानाथ निरौलास भवन निर्माण कार्य अन्तिम चरणमा रहेको, कम्प्युटर ४ थान मध्ये १ मर्मत गर्नु पर्ने अवस्थामा रहेको, मुद्दा ८८ थान रहेको र पुनरावेदन म्याद बाँकी नरहेको, पीडित मैत्री कक्ष नरहेको। उच्च सरकारी वकील कार्यालय इलाम, सहन्यायाधिवक्ता श्री टेकबहादुर घिमिरेः रणनीतिक योजनाले समेट्ने गरी बजेट माग र विनियोजनमा समस्या रहेको, अनुगमन प्रतिवेदनको सुनुवाई नभएको, कार्यालय भवन पुरानो रहेको, श्रोत साधन, कार्यक्षमता, जनशक्तिको अभाव, मुद्दा संख्या ३७६ रहेकोमा १७१ अदालतमा चालु अवस्थामा रहेको। जिल्ला सरकारी वकील कार्यालय संखुवासभा, सहायक जिल्ला न्यायाधिवक्ता श्री कैलाश दाहालः नयाँ भवन रहेको र प्रयोगमा ल्याइएको, नयाँ तथा पुरानो सवारीहरु चालु अवस्थामा रहेको, कप्युटर चालु अवस्थामा रहेको, भवन अनुसारको फर्निचर नरहेको, इन्धन खपतको बजेट बढाउनुपर्ने । जिल्ला सरकारी वकील कार्यालय भोजपुर, सहायक जिल्ला न्यायाधिवक्ता श्री मोहम्मद मुन्नाः कार्यालयको आफ्नो भवन नभएको, नया भवन निर्माण गर्ने क्रममा रहेको, सवारी साधन पुरानो रहेको, CMS entry भएको, मुद्दा ११६ थान रहेको, पुनरावेदन म्याद बाँकी नरहेको । उच्च सरकारी वकील कार्यालय धनकुटा, उपन्यायाधिवक्ता श्री मनोजकुमार आचार्य लगायतका सहभागीहरुले भवन, मुद्दाको चाप, स्रोत र साधन लगायतका विषयमा समस्याहरु राख्नु भएको थियो ।

प्रत्येक सरकारी वकील कार्यालयहरुको प्रस्तुति पछि पर्यवेक्षक नेपाल प्रहरीको तर्फबाट प्रतिनिधित्व गर्दै साइवर अपराधको सम्बन्धमा अनुसन्धानमा समस्या हुने गरेको, प्रहरी महिला सेल, मुद्दा शाखामा कार्यरत कर्मचारीहरु तथा सरकारी वकीलहरु बीच समय-समयमा छलफल गरी सुझावहरु संकलन गर्नु आवश्यक देखिन्छ भनी आफ्नो विचार राख्नु भएको थियो ।

## ५. पारित प्रस्ताव

प्रदेश नं. १ र २ का सरकारी वकीलहरुको प्रदेश स्तरीय वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमबाट पारित प्रस्तावहरु देहाय वमोजिम रहेका छन् ।

१. मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनहरु कार्यान्वयनको क्रममा रहेको सन्दर्भमा निम्नानुसार हुन उपयुक्त देखिएकोस्-

   क. सरकारी वकीलहरुलाई नयाँ व्यवस्थाका बारेमा विषयगत (Specific) रुपमा समेत तालिमको व्यवस्था हुन र अन्य कर्मचारीहरुलाई आवश्यक प्रशिक्षण कार्यक्रममा सहभागि गराउन अनुरोध गर्ने,

   ख. संहिताको कार्यान्वयनबाट वृद्धि हुने कार्यबोझ समेतलाई दृष्टिगत गर्दा वर्तमान दरबन्दी अत्यन्त न्यून हुने देखिएकोले सो सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M) गर्न आवश्यक पहल गरी सोही अनुसारको स्रोतर साधनको प्रबन्ध गर्न अनुरोध गर्ने ।

   ग. उल्लिखित कानूनहरु बमोजिम आवश्यक पर्ने नियमावली तथा निर्देशिका तयार गर्नुपर्ने ।

   घ. उल्लिखित कानून कार्यान्वयनको क्रममा कार्यक्षेत्रमा आउन सक्ने अस्पष्टता र द्विविधा निवारण गरी कार्यगत एकरुपता र सहजता कायम गर्न महान्यायाधिवक्ताको कार्यालयले हेल्पडेस्क खडा गर्न आवश्यक हुने ।

   ङ. संहिताहरुका कतिपय व्यवस्थाहरु अस्पष्ट र विरोधाभाषपूर्ण रहेको पाईएकोले त्यस्ता व्यवस्थाहरुमा आवश्यक संशोधन गर्न महान्यायाधिवक्ताको कार्यालयवाट आवश्यक पहल हुन उपयुक्त हुने ।

२. सरकारी वकीलको काम कारवाही एवं अभिलेखलाई सूचना प्रविधिमा आवद्ध गर्न र CMS लगायतका सफ्टवेयरहरुलाई प्रभावकारी वनाउनका लागी हरेक सरकारी वकील कार्यालयका सरकारी वकील एवम् कर्मचारीहरुलाई थप तालिमको व्यवस्था गरी IT System लाई अझ व्यवस्थित गर्नुपर्ने।

३. रणनीतिक योजनाले निर्दिष्ट गरेका रणनीतिहरुको प्रभावकारी कार्यान्वयन गर्न सबै सरकारी वकील कार्यालयहरुले प्रतिबद्धता व्यक्त गर्दछौं ।

४. निर्माणाधिन भवनहरुको निर्माण कार्यलाई तिब्रता दिइ समयमै कार्य सम्पन्न गर्ने, कार्यालयको नाममा जग्गा भएका र नयाँ भवन निर्माण गर्न आवश्यक रहेका कार्यालयहरुले भवन निर्माण सम्बन्धी आवश्यक कागजात सहित बजेट व्यवस्थाका लागि महान्यायाधिवक्ताको कार्यालयमा समयमानै माग गर्ने । साथै, कार्यालयको नाममा जग्गा नभएका कार्यालयहरुले आवश्यक जग्गा प्राप्त गर्ने सम्बन्धमा ठोस प्रस्ताव र सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाउने ।

५. स्रोतर साधनको उचित र मितव्ययी रुपमा प्रयोग गर्ने, सवारी साधनहरुकोदुरुपयोग हुन नदिने, आफ्नो क्षेत्रबाट वाहिर सवारी साधन लैजानु परेमा तालुक कार्यालयको स्वीकृति लिनुपर्ने, पुराना जिन्सी सामानहरुको मर्मतलाई प्राथमिकता दिने र मर्मत हुन नसकेका जिन्सी सामानहरुको लिलाम प्रक्रिया अगाडि बढाउने विषयमा प्रतिबद्धता व्यक्त गर्दछौं ।

६. सम्बन्धित निकायबाट फैसलाको प्रतिलिपि प्राप्त गरी समयमै पुनरावेदन तथा मुद्दा दोर्होयाउने  सम्बन्धी कारबाही गर्ने विषयमा प्रतिबद्धता व्यक्त गर्दछौं ।

७. मुद्दा चलाउने वा नचलाउने विषयको निर्णय आधार र कारण खुलाई वस्तुपरक ढंगले गर्ने । सवुत प्रमाणको अभावमा मुद्दा नचलाउने भनी गरेको निर्णय निकाशाको लागि महान्यायाधिवक्ताको कार्यालयमा पठाउँदा उक्त निर्णय बदर भै महान्यायाधिवक्ताको कार्यालयबाट मुद्दा चलाउने भनी निर्णय हुन सक्ने भएकोले हदम्याद समेतको विचार गरी समयमै मिसिल महान्यायाधिवक्ताको कार्यालयमा पठाउने विषयमा प्रतिबद्धता व्यक्त गर्दछौं ।

८. कार्यालय प्रमुखले आफ्नो कार्यालयको कामसंग सम्बन्धित गुनासो व्यवस्थापन गर्ने, सरकारी वकीलहरुको लागि महान्यायाधिवक्ताको कार्यालयवाट जारी गरिएको आचार संहिताको परिपालना गर्ने, गराउने साथै बाल अधिकार र पक्षको गोपनीयता कायम गर्ने तर्फ विशेष ध्यान पुर्याउने विषयमा प्रतिबद्धता व्यक्त गर्दछौं ।

प्रस्तुतिको क्रममा उठाइएका विषयहरु मध्ये आर्थिक प्रशासन सँग सम्बन्धित विषयमा उपसचिव (लेखा) श्री जगत प्रसाद भट्टले सम्बोधन गर्नु भएको थियो । नायब महान्यायाधिवक्ता श्रीमान खगराज पौडेलज्यूले महान्यायाधिवक्ताको कार्यालयको दोस्रो रणनीतिक योजना अनुसार बार्षिक कार्य योजना तर्जुमा गरी महान्यायाधिवक्ताको कार्यालयबाट स्वीकृत गर्न समयमै पठाउनको लागि आग्रह गर्नु भएको थियो ।

नायव महान्यायाधिवक्ता बद्रीप्रसाद गौतमज्यूले सक्रिय सहभागिताको लागि सहभागीहरुलाई धन्यवाद दिदैं जनशक्ति व्यवस्थापन, भौतिक श्रोत साधन व्यवस्थापनका सम्बन्धमा सम्वोधन गर्नु भएको थियो। वँहाले कार्यालयको अभिलेख व्यवस्थापनलाई व्यवस्थित गर्नुपर्ने, समन्वय समितिको बैठक नियमित रुपमा सम्पन्न गर्नुपर्ने, पुरानो गाडीहरु मर्मत कार्यलाई प्राथमिकता दिनु पर्ने, अभियोजन युक्तियुक्त हुनु पर्ने, साक्षी प्रस्तुतीकरण, बहस पैरवी र प्रतिरक्षामा सक्रियता अपनाउनु पर्ने, अदालतबाट फैसला भएका मुद्दाहरुको जानकारी समयमै प्राप्त गरी

पुनरावेदन सम्बन्धी कारवाही तत्काल गर्ने, पुनरावेदनको सम्बन्धमा संवेदनशील भै सक्रियता जनाउनुपर्ने, सरोकारवालाका बीचमा सहकार्य, सहयोग समन्वय गर्ने लगायतका विषयलाई सम्बोधन गर्नु भएको थियो।

## ६. समापन सत्र

माननीय महान्यायाधिवक्ता श्रीमान अग्नीप्रसाद खरेलज्यूले उपलब्ध भएका श्रोत र साधनको उचित र मितव्ययी भएर प्रयोग गर्न, पुनरावेदन गर्नुपर्ने मुद्दा समयमा फर्छ्यौट गर्न, सरकारी वकीलको दृष्टिकोण व्यवहारमा देखाउन, समन्वय समितिको बैठक नियमित रुपमा सम्पन्न गर्न, विशिष्टिकृत सरकारी वकीलको आवश्यकता रहेको सन्दर्भमा नया कानुनहरुको विषयमा सरकारी वकील र कर्मचारीहरुलाई प्रशिक्षण प्रदान गर्नु पर्ने, सरकारी वकीलहरुले व्यावसायीकता विकास गर्ने विषयमा निर्देशन दिदै कार्यक्रमको समापन गर्नु भएको थियो।

## ७. निष्कर्ष

२०७४।१२।२५ गते महान्यायाधिवक्ताको कार्यालयले विराटनगरमा आयोजना गरेको बार्षिक अनुशिक्षण तथा समीक्षा कार्यक्रममा प्रदेश नं. १ र २ का उच्च र जिल्ला सरकारी वकील कार्यालयवाट उपस्थित सरकारी वकीलहरुको सक्रिय सहभागिताका साथ आफ्नो आफ्नो कार्यालयमा भएका भौतिक श्रोत साधन, मुद्दा र जनशक्ति व्यवस्थापनका बिषयहरुका समिक्षा गर्दै कार्यालयले सामना गरेका समस्या र चुनौतिका सम्बन्धमा समेत छलफल गरिएको थियो । कार्यक्रमले ८ बुँदे प्रस्ताव समेत पारित गरेको थियो। प्रादेशिक तहबाट पारित प्रस्तावहरु तथा सरकारी वकीलहरुको केन्द्रीय वार्षिक कार्य समीक्षामा उठाइने विषयवस्तुहरुलाई प्राथमिकताको आधारमा सम्बोधन गर्नु जरुरी देखिन्छ तथा महान्यायाधिवक्ताको कार्यालयले यस प्रकारको समीक्षा कार्यक्रमलाई निरन्तरता दिएमा सरकारी वकीलहरुको कार्य सम्पादनको स्तरमा प्रभावकारिता अभिवृद्धि गर्न तथा वृत्ति विकासमा समेत सहयोग पुग्न सक्ने देखिन्छ ।

# ३. प्रदेश नं. ३ नं. का सरकारी वकीलहरूका लागि आयोजित वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम

## १. परिचय

नेपालको संविधान तथा कानूनले प्रदान गरेको जिम्मेवारी वहन गर्ने क्रममा सरकारी वकील कार्यालयहरुबाट सम्पादन गरिएका कार्यहरु, कार्यालयको विद्यमान अवस्था एवम् सेवा प्रवाहको दौरानमा भोगेका समस्या तथा समाधानका सन्दर्भमा सरकारी वकीलहरु बीच छलफल गर्ने, अनुभवको आदानप्रदान गर्ने र भावी दिनका लागि मार्गदर्शन प्राप्त गर्न महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीलहरुको वार्षिक कार्यसमिक्षा तथा अनुशिक्षण कार्यक्रमको आयोजना गरिदै आएको छ । सो सन्दर्भमा यस वर्ष पनि प्रादेशिक तहमा वार्षिक कार्य समीक्षाको आयोजना गरिएको हो । महान्यायाधिवक्ताको कार्यालयबाट प्रदेश नं ३ का सरकारी वकीलहरुको लागि काठमाडौंमा वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम सञ्चालन गर्ने गरी निर्णय भए बमोजिम २०७४ चैत्र २८ गते काठमाडौंमा प्रदेश नं. ३ का "सरकारी वकीलहरुको प्रादेशिक वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम" आयोजना गरिएको हो ।

## २. कार्यक्रमको उद्देश्य

प्रदेश नं. ३ का उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरुमा भएका काम कारवाही, मुद्दाको स्थिति, सूचना प्रविधिको प्रयोग, कार्यालयहरुको भौतिक अवस्था एवम् समग्र कार्यसम्पादनको समीक्षा गरी सरकारी वकीलको कार्य सम्पादनमा प्रभावकारिता अभिवृद्धि गर्नु कार्यक्रमको मुख्य उद्देश्य रहेको थियो । कार्यक्रमका अन्य उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चगवषीय रणनीतिक योजनाले निर्दिष्ट गरेका लक्ष्य प्राप्तिको लागि निर्धारित रणनीीतहरुको कार्यान्वयन भएरनभएको सन्दर्भमा समीक्षा गर्ने ।

सरकारी वकील कार्यालय र सरोकारवाला निकायहरुसँगको समन्वय, सहकार्य एवम् समस्याहरुको पहिचान गरी समाधानको लागि पहल गर्ने ।

सरकारी वकील कार्यालयहरुको भौतिक पूर्वाधारको अवस्थाका बारेमा जानकारी प्राप्त गरी सुधारका उपायहरु पत्ता लगाउने ।

सरकारी वकील कार्यालयहरुमा सूचना प्रविधिको प्रयोगको अवस्थाको विश्लेषण गरी त्यसमा सुधार ल्याउने ।

## ३. कार्यक्रमको उद्‌घाटन

सरकारी वकीलको ३ नं. प्रदेश स्तरीय वार्षिक कार्य समिक्षा तथा अनुशिक्षण कार्यक्रम २०७४ चैत्र २८ गते काठमाडौंमा सम्पन्न भयो । उक्त कार्यक्रमको उदघाटन सत्रको प्रमुख अतिथि माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यू हुनुहुन्थ्यो भने कार्यक्रम नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमज्यूको सभापतित्वमा सम्पन्न भएको थियो ।

उदघाटन सत्रमा कार्यक्रमका वक्ताहरुले व्यक्त गर्नुभएको भर्नाइहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ । उक्त कार्यक्रममा स्वागत मन्तब्य र कार्यक्रमको उद्देश्य माथि प्रकाश महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डेले व्यक्त गर्नु भएको थियो । उहाँले व्यक्त गर्नु भएका भर्नाइहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छः

अनुशिक्षण कार्यक्रममा प्रत्येक सरकारी वकील कार्यालयबाट कार्यालयको वार्षिक कार्य विवरण प्रस्तुत गरिन्छ । कामहरुको समिक्षा गरिन्छ । कमजोरी र सुधार गर्नुपर्ने पक्षहरु औल्याइन्छ । आगामी दिनमा कसरी अगाडि बढ्ने भनेर यो कार्यक्रमले समाधान निकाल्ने छ । क्षेत्रीय अनुशिक्षण कार्यक्रमबाट पारित प्रस्तावाहरु २०७५ वैशाख ८ गते हुने केन्द्रीय अनुशिक्षण कार्यक्रमबाट पारित गरेर कार्यान्वयन गरिने छ ।

२०७५ भाद्र १ गते देखि लागू हुने फौजदारी संहिताहरु सरकारी वकीलबाट कसरी लागू गर्ने भन्ने विषयमा छलफल गरिने छ । अन्तरनिकाय समन्वय विषयमा अनुशिक्षण कार्यक्रममा छलफल हुनेछ ।

प्रत्येक सरकारी वकीलले सुधारको कार्य आफूबाट सुधार गर्नुपर्छ । सहभागी प्रत्येकले केही नयाँ गर्ने सोँच बनाउनुपर्छ । प्रत्येक सरकारी वकीलले एउटा राम्रो काम गरे मात्र धेरै राम्रो काम हुन सक्छ । प्रत्येक ठाउँबाट हामीले हाम्रो जिम्मेवारी पूरा गरेमा संस्था र राष्ट्रलाई बलियो बनाउन मद्दत गर्छ ।

छलफलमा सरकारी वकीलबाट महान्यायाधिवक्ताको कार्यालयबाट समाधान गर्नुपर्ने विषय मात्र प्रस्तुत गर्न अनुरोध गर्दछु । समस्यासँगै समाधान पनि औल्याउनुपर्छ ।भावी दिनमा यसले नीति निर्माण प्रदान गर्न मार्गदर्शन प्रदान गर्नेछ ।

हाम्रो आमन्त्रण स्वीकार गरी कार्यक्रममा उपस्थित हुनुहुने कार्यक्रमका प्रमुख अतिथि, विशेष अतिथिज्यू, आमन्त्रित अतिथिज्यूहरु एवम् सहभागीहरु सबैमा हार्दिक स्वागत गर्न चाहन्छु ।

### श्री लक्ष्मण थपलिया

#### अध्यक्ष, काठमाडौ जिल्ला अदालत वार एशोसिएशन

सरकारी वकीलका काम कारबाही प्रभावकारी रुपमा सम्पन्न गर्न जिल्ला सरकारी वकील कार्यालय काठमाडौंलाई नमुना कार्यालयको रुपमा विकसित गर्नुपर्छ ।

बेञ्चको अनुपातमा सरकारी वकीलको व्यवस्था नहुँदा न्याय सम्पादनमा प्रभाव परिरहेको छ ।

कार्यालयको भौतिक अवस्था निकै नाजुक भएकाले कार्यालयको आफ्नै भवन निर्माण गर्न र भौतिक सुधारका लागि लागि ध्यान पुग्न जरुरी छ ।

सरकारी वकील कार्यालयमै अभियुक्तको बयान लिनुपर्ने कानूनी व्यवस्था रहेको छ । सोको कार्यान्वयन जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंले गरेको छ ।

## श्री मेजर थापा

### अध्यक्ष, उच्च अदालत पाटन वार एशोसिएशन

न्याय सम्पादनलाई प्रभावकारी बनाउने विषयमा अनुशिक्षण कार्यक्रमले ठोस रणनीति बनाउन जरुरी छ । कोही पीडित हुनु नपरोस । निर्दोष व्यक्ति जेलमा बस्न नपरोस् भन्ने स्थिति हुनुपर्छ । अनुसन्धान पद्धति र अभियोजन प्रणाली कसुरदार नछुटुन र निर्दोष नपरुन भन्ने किसिमको हुनुपर्छ ।

न्याय सम्पादनमा अदालत, वार र सरकारी वकील तीनै निकायको प्रभावकारी समन्वय जरुरी हुन्छ ।

महान्यायाधिवक्ताको कार्यालय स्वत्नत्र निकाय हो । अभियोजन गर्ने, नगर्ने उसको संवैधानिक अधिकार हो । कहिंबाट पनि हस्तक्षेप हुन हुन्न ।

वार सधै सरकारी वकीलसँग समन्वय गरेर काम गर्न तयार रहेको व्यहोरा अनुरोध गर्दछु ।

## श्री केदारनाथ शर्मा

### प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं

महान्यायाधिवक्ताज्यूबाट अनुसन्धान पद्दतिलाई यथार्थपरक र प्रभावकारी बनाउने काम गर्नुभएको छ ।

सरकारी वकीलबाट अनुसन्धान गर्ने निकायलाई निर्देशन गर्दा कहिं कमजोरी भएको भान हुन्छ ।

नेपालको संविधानले दिएको दायित्व बमोजिम हिरासतमा भएका व्यक्तिको मानवोचित व्यवहार सम्बन्धमा प्रभावकारी अनुगमनमा अलिकति ध्यान नपुगेको देखिन्छ । यसतर्फ महान्यायाधिवक्ताको कार्यालयको ध्यान पुग्न जरुरी छ । प्रभावकारी अनुगमनले यस सम्बन्धी अन्तर्राष्ट्रिय सन्धि सम्झौता कार्यान्वयनमा मद्दत पुग्छ । नेपालमा कानूनी शासनको पालना भएको अनुभूति भएको दिलाउन जरुरी छ ।

## श्री रेश्मिराज पाण्डे

### प्रमुख सचिव, प्रदेश नं ३, मुख्य मन्त्री तथा मन्त्री परिषद्को कार्यालय, हेटौडा

राज्यका तीन काम महत्वपूर्ण र बाध्यकारी हुन्छन् । जसमध्ये सीमाको सुरक्षा, जनताको जीउ

धनको सुरक्षा र करारको पालना गराउनु पर्दछन्।जनताको जीउ धनको सुरक्षा गर्ने कार्यमा पीडितलाई न्याय दिलाउन र कसूर गर्नेलाई सजाय दिलाउन सरकारी वकीलको भूमिका महत्वपूर्ण हुन्छ ।

सरकारी वकील साधन स्रोत सम्पन्न हुनुपर्छ । अदालतमा सरकारी वकीलबाट प्रभावकारी बहस पैरवी हुन नसकेर सरकारले मुद्दा हारेमा अपराध वृद्घि हुन र सार्वजनिक सम्पत्तिको नोक्सानी हुन्छ। सरकारी मुद्दाको असफलताको कारणबारे अध्ययन हुनुपर्छ। सरकारी मुद्दाको सफलताले मात्र देश माथि पुग्न सक्छ ।

सार्वजनिक सरोकारको विषयमा रिटको माध्यमबाट संघीय, प्रदेश र स्थानीय सरकारलाई सबैलाई बिपक्षी बनाएर रिट अदालतमा प्रवेश गराउने परिपाटिले साधन स्रोत र समय अत्याधिक खर्च हुने भएकाले कानून बनाएर जो सँग सरोकार राख्छ त्यो निकायलाई मात्र विपक्षी बनाउन पाउने व्यवस्था हुनुपर्नेतर्फ महान्यायाधिवक्ताज्यू समक्ष अनुरोध गर्दछु ।

प्रदेशको मुख्य न्यायाधिवक्ताको कार्यालयलाई साधन स्रोत सम्पन्न बनाउने तर्फ हाम्रो ध्यानाकर्षण भएको छ। सो बमोजिम गर्न प्रयत्नशील रहनेछौ ।

## माननीय श्री प्रकाशकुमार ढुंगाना

### मुख्य न्यायाधीश, उच्च अदालत पाटन

अनुशिक्षण कार्यक्रममा सरकारी वकीलले भोगेका महत्वपूर्ण समस्याहरुलाई पहिल्याएर वार्षिक योजना तर्जुमा गर्नुपर्छ ।

नेपाल सरकार कमजोर हुनुपर्ने कारण छैन । नेपाल सरकारको स्वार्थ भएको मुद्दालाई अधिकतम प्राथमिकता दिनुपर्छ । अनुसन्धान र अभियोजनलाई प्रभावकारी बनाउन जहाँ समस्याहरु रहेका छन् त्यसलाई सम्बोधन गर्नुपर्दछ । न्यायापालिका भनेको अदालत मात्र नभएर सरकारी वकील र बार पनि हो । सबैको सहयोगले मात्र न्यायपालिकाले प्रभावकारी रुपमा कार्य सम्पन्न गर्न सक्छ ।

अर्ध न्यायिक निकायमा भएको मुद्दाको चापको विषयमा पनि नेपाल सरकारसँग छलफल गर्नुपर्छ । एक तिहाई मुद्दामात्र अदालतमा रहेका र अन्य मुद्दाहरु विभिन्न अर्ध न्यायिक निकायमा रहेका छन् ।

कार्यक्रमका प्रमुख अतिथि माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूले उद्घाटन मन्तव्य व्यक्त गर्दै विगतमा भएका कमजोरीहरुलाई सच्चाएर नयाँ योजना तर्जमा गरेर कार्यान्वयन गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले व्यक्त गरेका भनाईहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

कमजोरीलाई कमजोरीको रुपमा नराखेर सबल पक्ष निर्माण गर्नुपर्छ । मुद्दाको सफलता असफलता दुवैको समीक्षा हुनुपर्छ । प्रत्येक सरकारी वकीलले हरेक दिन आफूले सम्पन्न

गरेको कामको समीक्षा गर्नुपर्छ । समीक्षाले कामलाई प्रभावकारी बनाउँछ । त्यसको परिणाम पछि मात्र देखिन्छ ।

हामीलाई सुम्पिएको कार्य संविधान र कानूनका अधीनमा रहेर गर्नु पर्दछ । संविधान, ऐन, नियम भन्दा वाहिर गएर कुनै पनि सरकारी वकीलले कुनै पनि काम गर्नुहुदैन ।

समाजलाई शान्तिपूर्ण ढंगले अगाडि बढाउन, अमन चयन कायम गर्न राज्यको उपस्थिति हुनुपर्छ । पीडितको वकील नै सरकारी वकील भएकाले प्रत्येक काम नियमानुसार गर्नुपर्छ । परिणाम हाम्रो कामबाट अभिव्यक्त हुनुपर्छ ।

राज्यले नागरिकको रक्षा गर्छ भनेर सरकारवादी फौजदारी मुद्दा राज्यले प्रतिरक्षा गर्ने गरेको हो । मुद्दामा के भइरहेको छ भनेर पीँडतले थाहा पाएको हुँदैन तर हामीले ढुक्क पारेका हुन्छौ की पीडितका लागि हामी लडिरहेका छौ भनेर ।

महान्यायाधिवक्ताको कार्यालयले सुधारको कामहरुलाई अगाडि बढाइरहेको छ । हिरासत अनुगमनलाई हामीले प्राथमिकताका साथ अगाडि बढाएका छौं । अनुगमन गरिएका हिरासतहरु सुधारोन्मुख छन् । मानवोचित व्यवहार भयो कि भएन भनेर भन्न अलिकति गाह्रो छ । तर, हिरासतहरु सुधारोन्मुख छन् । राज्यको तर्फबाट ५० र ६० करोड खर्च गरेमा हिरासतको भौतिक पूर्वाधारमा धेरै सुधार गर्न सकिन्छ । हिरासतहरुको प्रभावकारी अनुगमनका लागि उच्च सरकारी वकील कार्यालयको सहन्यायाधिवक्तालाई पनि हिरासत अनुगमनको अधिकार प्रत्यायोजन गरिएको छ ।

साविति बयान भन्दा प्रविधिको प्रयोग गरेर प्रमाणको आधारमा कसूरदारको अपराध ठहराउने हो । सरकारी वकील कार्यालयमा आवश्यक पर्ने जनशक्तिको विश्लेषण गर्न संगठन र व्यवस्थापन सर्वेक्षण गर्न गइरहेका छौ । गुणस्तरीय जनशक्ति सरकारी वकील कार्यालयमा हुन जरुरी छ ।

अर्ध न्यायिक निकायहरुमा रहेका मुद्दाको किनारा लगाउन ती निकायका जिम्मेवार पदाधिकारीहरुसँग महान्यायाधिवक्ताको कार्यालयले छलफल कार्यक्रम गर्न लागेको छ ।

मुख्य न्यायाधिवक्ताको कार्यालयमा केही संख्यामा कर्मचारीहरु महान्यायाधिवक्ताको कार्यालयले छिट्टै पठाउँछ । कार्यालय र साधन स्रोतको व्यवस्थापन प्रदेश सरकारले गर्ने हो ।

प्रदेश र संघको विवादमा महान्यायाधिवक्ता एउटा पक्ष र प्रदेशको सरकारी वकील मुख्य न्यायाधिवक्ता अर्को पक्षबाट बहस गर्नुपर्ने हुन्छ ।

सरकारी वकीलको व्यवसायिक क्षमता वृद्धि गर्न र पहुँच बढाउन मेरो निरन्तर प्रयत्न रहनेछ ।

उद्घाटन कार्यक्रमको सभापतित्व गर्नु भएका नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमज्यूले समापन मन्तव्य व्यक्त गर्दै देहायका विषयमा आफ्नो मन्तव्य राख्नु भएको थियो।

यो प्रदेशस्तरीय अन्तिम अनुशिक्षण कार्यक्रम हो । यस अनुशिक्षण कार्यक्रममा सरकारी वकील कार्यालयको व्यवस्थापन, मुद्दा व्यवस्थापन, सूचना प्रविधिको प्रयोग र २०७५ भाद्र १ गते देखि लागू हुने फौजदारी संहिताको विषयमा छलफल हुनेछ । संहिताको कार्यान्वयन पछि सरकारी वकील कार्यालयमा ४० देखि ५० प्रतिशत कामको चाप वृद्धि हुने अनुमान गरिएको छ ।

हामीले संगठनमा कति दरबन्दी आवश्यक छ भनेर संगठन र व्यवस्थापन सर्भेक्षण गरिरहेका छौ । प्रतिवेदनलाई अन्तिम रुप दिएपछि महान्यायाधिवक्ताज्यू मार्फत नेपाल सरकार समक्ष प्रस्तुत गरिने छ ।

सरकारी वकीलको कामलाई प्रभावकारी बनाउन र थप उर्जा प्रदान गर्न अनुशिक्षण कार्यक्रमले मद्दत गर्ने अपेक्षा रहेको छ ।

उक्त कार्यक्रमको सञ्चालन सहन्यायाधिवक्ता श्री विश्वराज कोइरालाले गर्नुभएको थियो । उदघाटन सत्र कार्यक्रममा नायब महान्यायाधिवक्ताज्यूहरु श्री खगराज पौडेल, किरण पौडेल र गणेशबाबु अर्यालको पनि उपस्थिति रहेको थियो । कार्यक्रमको कार्यतालिका अनुसूची १ र कार्यक्रममा सहभागीहरुको नामावली अनुसूची २ मा समावेश गरिएको छ।

## ४. वार्षिक कार्यसमीक्षा तथा प्रस्तुतिमा समेटिएका विषयवस्तुहरु

कार्यक्रमको दोस्रो सत्रको अध्यक्षा माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूले गर्नुभएको थियो । उक्त सत्रको सहजिकरण नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमज्यू र नायब महान्यायाधिवक्ता श्री खगराज पौडेलज्यूले गर्नुभएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा प्रदेश नं ३ मा रहेका सरकारी वकील कार्यालयहरुको कार्यालयगत प्रस्तुति रहेको थियो । प्रस्तुतीमा समेटनुपर्ने विषयका सम्बन्धमा सहन्यायाधिवक्ता श्री विश्वराज कोइरालाले जानकारी गराउनुभएको थियो । प्रस्तुती पछि खुला छलफल गरिएको थियो । प्रत्येक सरकारी वकील कार्यालयको तर्फबाट कार्यालय प्रमुखले देहायका विषयहरुमा केन्द्रित रही आफ्नो प्रस्तुति गर्नु भएको थियो ।

क) सरकारी वकील कार्यालयको भौतिक अवस्था,

ख) सरकारी वकील कार्यालयमा रहेका मुद्दाको अवस्था तथा जनशक्तिको व्यवस्थापन,

ग) सूचना प्रविधिको प्रयोगको अवस्था तथा मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेरको प्रयोगको स्थिति र

घ) महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवषीय रणनीतिक योजनाको कार्यान्वयनको अवस्था ।

जिल्ला सरकारी वकील कार्यालय, चितनवका जिल्ला न्यायाधिवक्ता श्री परमेश्वर पराजुली, जिल्ला सरकारी वकील कार्यालय मकवानपुरका जिल्ला न्यायाधिवक्ता श्री हरिप्रसाद भट्ट,

जिल्ला सरकारी वकील कार्यालय सिन्धुलीका जिल्ला न्यायाधिवक्ता श्री कृष्णप्रसाद बराल, जिल्ला सरकारी वकील कार्यालय रामेछापका जिल्ला न्यायाधिवक्ता श्री कृष्णप्रसाद पुडासैनी, जिल्ला सरकारी वकील कार्यालय दोलखाका जिल्ला न्यायाधिवक्ता श्री बद्रीप्रसाद नेपाल, जिल्ला सरकारी वकील कार्यालय सिन्धुपाल्चोकका जिल्ला न्यायाधिवक्ता श्री सुवर्णमान बनेपाली, जिल्ला सरकारी वकील कार्यालय काभ्रेपलान्चोकका जिल्ला न्यायाधिवक्ता श्री तिलकबहादुर कार्की, जिल्ला सरकारी वकील कार्यालय रसुवाका सहायक जिल्ला न्यायाधिवक्ता श्री वासुदेव लम्साल, जिल्ला सरकारी वकील कार्यालय नुवाकोटका जिल्ला न्यायाधिवक्ता श्री विमल थापा, जिल्ला सरकारी वकील कार्यालय धादिङका जिल्ला न्यायाधिवक्ता श्री योगनाथ ढकाल, जिल्ला सरकारी वकील कार्यालय भक्तपुरका जिल्ला न्यायाधिवक्ता श्री चन्द्रकुमार पोखरेल, जिल्ला सरकारी वकील कार्यालय ललितपुरका जिल्ला न्यायाधिवक्ता श्री राम घिमिरे, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंका सहन्यायाधिवक्ता श्री सूर्यराज दाहाल, विशेष सरकारी वकील कार्यालय, काठमाडौंका सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेल, उच्च सरकारी वकील कार्यालय, हेटौडाका शाखा अधिकृत श्री राजेन्द्रमणी पौडेल र उच्च सरकारी वकील कार्यालय, पाटनका सहन्यायाधिवक्ता श्री लोकराज पराजुलीले आ-आफ्नो कार्यालयको तर्फबाट गरिएका कार्य सम्पादनको स्थिति, कार्यालयको भौतिक अवस्था, जनशक्ति व्यवस्थापन, मुद्दा व्यवस्थापन र सूचना प्रविधिको प्रयोगको स्थितिका विषयमा प्रस्तुती गर्नुभएको थियो । महान्यायाधिवक्ताको कार्यालयबाट तयार गरिएको निर्धारित ढाँचा अनुसार प्रस्तुति गरिएको थियो ।

## प्रस्तुतीमा समेटिएका मुख्य विषयहरु

जिल्ला सरकारी वकील कार्यालयहरु रामेछाप, दोलखा, रसुवा र सिन्धुपाल्चोकमा नयाँ भवन निर्माण सम्पन्न भएको । जिल्ला सरकारी वकील कार्यालय चितवनको भवन निर्माणको लागि क्यषि त्भकत को कार्य सम्पन्न भएको । जिल्ला सरकारी वकील कार्यालय, मकवानपुरको आफ्नो भवन र जग्गा नभएकोले उच्च सरकारी वकील कार्यालयमा सर्ने प्रतिक्षामा रहेको । जिल्ला सरकारी वकील कार्यालय सिन्धुली, नुवाकोट र धादिङमा भवन निर्माण भैरहेको । जिल्ला सरकारी वकील कार्यालय काभ्रेपलान्चोकको कार्यालय पुरानो भवनमा रहेको । जिल्ला सरकारी वकील कार्यालय ललितपुर भाडाको भवनमा रहेको । जिल्ला सरकारी वकील कार्यालय भक्तपुरको भवन साँघुरो रहेको । उच्च सरकारी वकील कार्यालय हेटौडाको भवन निर्माणधिन अवस्थामा रहेको । विशेष सरकारी वकील कार्यालय, काठमाडौं भाडाको भवनमा रहेको । उच्च सरकारी वकील कार्यालय पाटन भाडाको भवनमा सरेको । उपत्यकामा रहेका उच्च सरकारी वकील कार्यालय पाटन, विशेष सरकारी वकील कार्यालय काठमाडौं, जिल्ला सरकारी वकील काठमाडौं, जिल्ला सरकारी वकील कार्यालय ललितपुर र जिल्ला सरकारी वकील कार्यालय भक्तपुरका लागि जग्गा खोजी सुविधासम्पन्न भवन निर्माण गर्नुपर्नेमा प्रस्तीको क्रममा जोड दिइएको थियो ।

विद्युतीय सामाग्रीहरु कार्यालय सञ्चालनको लागि ठीकै रहेको, जिल्ला सरकारी वकील कार्यालय सिन्धुपाल्चोक तथा रसुवामा प्रयाप्त नै रहेको । मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी

सफ्टवयेर (Case Management System) मा Entry जिल्ला सरकारी वकील कार्यालयमा शुरुवात भएको । विशेष सरकारी वकील कार्यालयको कार्यप्रकृति फरक प्रकारको रहेकोले CMS Entry हुन नसकेको । उच्च सरकारी वकील कार्यालय पाटनमा इन्ट्रीको शुरुवातका लागि तयारी भइरहेको । जिल्ला सरकारी वकील कार्यालय दोलखा र सिन्धुपाल्चोकमा चैत्र सम्मकै ज्लतचथ भएको । सरकारी वकील कार्यालयहरुमा जनशक्तीको अपुग र सूचना प्रविधिमा दक्ष जनशक्तिको अभावको कारण इन्ट्रीमा समस्या भएकोले तालिम आवश्यक भएको ।

३ नं. प्रदेशका सबै जसो सरकारी वकील कार्यालयहरुमा प्रयाप्त जनशक्ति नरहेको, सहायक स्तरका कर्मचारीहरु काजमा रहेकोले कार्य सम्पादनमा समस्या परेको । जिल्ला सरकरी वकील कार्यालय काठमाडौंमा मुद्दाको चाप अत्याधिक रहेकोले केही कम्प्युटर अपरेटरहरु करारमा राख्नको लागि माग भएको । २०७५ असार मसान्तसम्म फैसला भएका मुद्दाहरुको पुनरावेदनको कारवाही सिध्याउने लक्ष्य लिइएको तथा जिल्ला सरकारी वकील कार्यालय काठमाडौंमा केही रकम बेरुजु देखिएकोले उक्त बेरुजु रकम फछ्र्यौट हुनुपर्नेमा जोड दिइएको थियो । विशेष सरकारी वकील कार्यालयमा विषयगत मुद्दाहरुको वहस पैरवी गर्नुपर्ने भएकोले विषयगत ज्ञान र दक्षता भएका सरकारी वकीलहरुको आवश्यकता रहेको । उच्च सरकारी वकील कार्यालय पाटन र विशेष सरकारी वकील कार्यालयमा कम्प्युटरमा काम गर्ने जनशक्ती कम भएकाले CMS इन्ट्री गर्न छुट्टै जनशक्ती चाहिने ।

३ नं. प्रदेशमा प्रायस् सबै सरकारी वकील कार्यालयहरुबाट महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवषीय रणनीतिक योजना बमोजिम आर्थिक वर्ष २०७४ र ७५ को वार्षिक कार्य योजना तयार गरी स्वीकृत गरिएको । जिल्ला सरकारी वकील कार्यालय काभ्रेपलान्चोकमा तीन वटा समन्वय समितिको बैठक सम्पन्न गरिएको । जिल्ला सरकारी वकील कार्यालय दोलखा, सिन्धुपाल्चोक, भक्तपुरमा १/१ पटक समन्वय समितिको बैठक सम्पन्न भएको । उच्च सरकारी वकील कार्यालय पाटनमा मुद्दाको संख्या अत्यधिक रहेकोले रणनीतिक योजना कार्यान्वयनको पक्ष कमजोर रहेको विषय प्रस्तुतीमा समावेश गरिएको ।

कार्यालयको प्रस्तुती पछि सहभागी सरकारी वकीलहरु बीच खुला छलफल गरिएको थियो ।

## श्री मणीराम न्यौपाने, उपन्यायाधिवक्ता

### जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं

अर्ध न्यायिक निकायको समेत काम गर्ने सरकारी कार्यालयहरुले शुरुमा जथाभावी निर्णय गर्ने । पछि समस्या परिपछि कानुनी परामर्शका लागि पत्र लेख्ने गरेको । त्रिभुवन अन्तराष्ट्रिय विमानस्थल भन्सार कार्यालयबाट १९ सय ग्राम सुन सहित चिनियाँ नागरिक भन्सार कार्यालयले पकाउ गरेकोमा राजस्व न्यायाधिकरणबाट धरौटीमा छुटे । धरौटीमा छुटेका नागरिकको विषयमा कानुनी विषय के हुन सक्छ भनेर भन्सार कार्यालयले जिल्ला सरकारी वकील कार्यालय काठमाडौंलाई खुलाई पठाउन भनी पत्राचार गरेको । यस सम्बन्धी निर्देशनका

लागि महान्यायाधिवक्ताको कार्यालयमा पत्राचार गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालयमा सरकारी वकीलको सेवा, र्शत सम्बन्धी व्यवस्था गर्ने ऐनको विषयमा सुझाव संकलन गर्न बनेको समितिले सरकारी वकीललाई निजामती सेवाका विभिन्न पदहरुमा आन्तरिक प्रतियोगितमा सहभागी हुन पाउने, प्रोत्साहन सुविधा थप पाउने गरी र सरकारी वकिलमा जनशक्तीको आकर्षण हुने गरी ऐनको मस्यौदा तयार गर्नुपर्छ ।

## श्री महेशप्रसाद खत्री, उपन्यायाधिवक्ता

### विशेष सरकारी वकील कार्यालय, काठमाडौं ।

वैंकिङ कसुर सम्बन्धी चेक वाउन्स मुद्दामा थाहा पाएको मितिले एक वर्ष भित्र जाहेरी दरखास्त दिनुपर्छ । जाहेरी दरखास्त परेको मितिले छ महिना भित्र अदालतमा मुद्दा दायर हुनुपर्छ । कति मुद्दाहरु हदम्याद नाघेर आउने गरेकाले मुद्दाहरु हदम्याद भित्र आइपुग्ने व्यवस्था हुन जरुरी देखिन्छ । चेक अनादर र बैंकिङ कसूर मुद्दामा पीडितले न्याय पाएको अनुभुति कम गर्ने गरेका छन् ।

## श्री कृष्णमोहन कोइराला, उपन्यायाधिवक्ता

### उच्च सरकारी वकील कार्यालय, पाटन

महान्यायाधिवक्ताको कार्यालयबाट प्रदान गरिने तालिमहरुमा पुनरावेदन लेखन, १७ नं निवेदन लेखन लगायत सरकारी वकील कार्यालयबाट अदालतमा दायर गरिने विभिन्न मस्यौदाहरु तयार गर्ने जस्ता विषयहरु समेटनुपर्छ ।

सरकारी वकीलमा विषयगत जनशक्तीको अभाव छ । उच्च सरकारी वकील कार्यालयबाट प्रतिरक्षा हुने ट्रेडमार्क, प्रतिलिपि अधिकार, कम्पनीसँग सम्बन्धित मुद्दाहरुमा दक्ष जनशक्तीको आवश्यकता रहेको छ । गुणस्तर जनशक्ती निर्माणका लागि महान्यायाधिवक्ताको कार्यालयबाट प्रशिक्षण तालिम सञ्चालन गर्न जरुरी छ ।

महान्यायाधिवक्ताको कार्यालयमा मातहत कार्यालयमा कार्यरत सरकारी वकीललाई कुनै द्विविधा भएमा निकाशा दिनका लागि हेल्प डेस्क निर्माण गर्नुपर्छ ।

## श्री संगीता न्यौपाने, शाखा अधिकृत

### उच्च सरकारी वकील कार्यालय, पाटन

सरकारी वकीलहरुको रुपमा महिलाको संख्या पनि बढ्दै गएकोले नमूना कार्यालयको रुपमा सञ्चालनका लागि महिला सरकारी वकीलको नेतृत्वमा सम्पूर्ण कर्मचारीहरु महिला नै राखेर सञ्चालन गर्ने कार्यका लागि व्यवस्थापनसँग अनुरोध गर्दछु ।

## श्री विना दाहाल, सहायक जिल्ला न्यायाधिवक्ता

### जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं

फौजादारी संहिता सम्बन्धी तालिम महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीललाई प्रदान भइरहेको छ। न्यायाधीश र प्रहरीसँग पनि संयुक्त रुपमा समान बुझाइका लागि संहिता सम्बन्धी कार्यक्रम हुनुपर्छ।

१७ नं निवेदनमा थुनचेक भएपछि पेशी स्थगित भएको भै हुन्छ । सम्बन्धित कार्यालयबाट मिसिल समयमा नआउने । केहि मिसिलमा सिलिसेलेवार रुपमा डकुमेन्टहरु नहुने र केहि डकुमेन्ट नहुँदा वहस पैरवीमा समस्या हुने गरेको छ।

## श्री संगीता थोकर, सहायक जिल्ला न्यायाधिवक्ता

### जिल्ला सरकारी वकील कार्यालय, मकवानपुर

जबरजस्ती करणी लगायत विभिन्न मुद्दाहरुमा अदालतमा साक्षी र पीडित होस्टाइल हुने क्रम देखिन्छ। यसलाई कम गर्ने उपायहरुको खोजी हुन जरुरी छ।

## श्री टेकनाथ अधिकारी, सहायक जिल्ला न्यायाधिवक्ता

### जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं

सरकारी वकीलको ऐनमा निजामती सेवा र न्याय सेवाका विभिन्न पदहरुमा आन्तरिक प्रतिस्पर्धा गर्न पाउने र न्यायाधीशमा पनि हाल भइरहेको व्यवस्था अनुसार आन्तरिक र खुला प्रतियोगितामा समावेश हुन पाउने र न्याय सेवाका कर्मचारीहरु सरह मनोनयनको व्यवस्था समेत हुनुपर्छ।

छलफल पछि सहभागीहरुको तर्फबाट मन्तव्य राख्दै जिल्ला सरकारी वकील कार्यालय मकवानपुरका जिल्ला न्यायाधिवक्ता श्री हरिप्रसाद भट्टले अनुशिक्षण कार्यक्रमबाट आर्जन गरेका सीप र अनुभव व्यवहारमा उतार्ने प्रतिवद्धता व्यक्त गर्नुभयो भने उच्च सरकारी वकील कार्यालय पाटनका शाखा अधिकृत श्री शान्ति न्यौपानेले समीक्षा कार्यक्रमबाट पारित प्रस्तावले भावी कार्य दिशानिर्देश गर्ने बताउनुभयो।

## ५. छलफलमा उठाइएका विषयवस्तुहरुको सम्बोधन र कार्यक्रमको समापन

छलफलमा उठाइएका सवालहरुलाई नायब महान्यायाधिवक्ता श्रीमान खगराज पौडेलज्यू, नायब महान्यायाधिवक्ता श्रीमान बद्रीप्रसाद गौतम तथा माननीय महान्यायाधिवक्ता श्री अग्नि खरेलज्यूबाट सम्बोधन भएको थियो।

नायब महान्यायाधिवक्ता श्री खगराज पौडेलज्यूले जग्गा नभएका मातहत कार्यालयलाई आवश्यक पर्ने जग्गा खोज्न र निर्माणधिन भवनहरु तोकिएको समयमा सम्पन्न गर्न सम्बन्धित सरकारी वकीलहरुलाई निर्देशन दिनुभएको थियो । उहाँले भवन नभएका स्थानमा भवन निर्माण गर्न र जग्गाको व्यवस्थापनका लागि महान्यायाधिवक्ताको कार्यालयबाट समन्वय

हुने बताउनुभयो । उहाँले पुनरावेदन लेखनर १७ नं निवेदन सम्बन्धी १२२ दिने कार्यशाला सञ्चालन गर्न सकिने बताउनुभयो । नायब महान्यायाधिवक्ताज्यूले सूचना प्रविधिको अधिकतम प्रयोग गर्न र मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेरमा प्रभावकारी रुपमा मुद्दाको विवरण इन्ट्री गर्न सरकारी वकीलहरुलाई निर्देशन दिनुभएको थियो । उहाँले मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेरमा मुद्दाको विवरण इन्ट्री नभएका कार्यालयहरुलाई छिटो भन्दा छिटो इन्ट्रीको शुरुवात गर्न आग्रह गर्नुभयो ।

नायब महान्यायाधिवक्ता श्रीमान बद्रीप्रसाद गौतमज्यूले कार्यक्रमममा सक्रिय सहभागिताको लागि सहभागी सरकारी वकीलहरुलाई धन्यवाद दिदै देहायका विषयवस्तुहरु राख्नु भएको थियो ।

मातहत कार्यालयहरुले अदालतबाट फैसला भएका मुद्दाहरुको जानकारी समयमै प्राप्त गरी पुनरावेदन सम्बन्धी कारवाही तत्काल गर्ने र पुनरावेदनको सम्बन्धमा संवेदनशील भै सक्रियता जनाउने ।

सरकारी वकीलहरुले तोकिएको म्याद भित्र कार्य सम्पादन गर्ने, मुद्दा चलाउने नचलाउने निर्णय तथा पुनरावेदनरनिवेदन सम्बन्धी काम कारवाही समयमै गर्नुपर्दछ । समय व्यवस्थापन र मिसिल व्यवस्थापन- कागजात अद्यावधिक, पंजिका, टिपोट राख्नु सरकारी वकीलको जिम्मेवारी हुनुपर्दछ।

साक्षी प्रस्तुतीकरण-वहस पैरवी र प्रतिरक्षामा सरकारी वकीलले सक्रियता बढाउनुपर्छ । सरकारी वकीलले गर्ने अभियोजन युक्तीयुक्त (Appropriate) हुनु पर्दछ ।

नियमित रुपमा समन्वय समितिको बैठक आहवान गर्नुपर्दछ, गत वर्षको सम्मेलनबाट पारित घोषणापत्रको कार्यान्वयन गर्ने  तर्फ कियाशिल हुनुपर्दछ। मानवअधिकार र पीडितको अधिकार संरक्षण र सहयोगमा सधै सक्रिय रहनुपर्छ ।

कार्यालयको अभिलेख व्यवस्थापनलाई प्राथमिकता दिई अद्यावधिक गर्ने । CMS Software मा Data Entry  अद्यावधिक रुपमा काम गराउने ।

कार्यालयको भौतिक अवस्था, भवन, फर्निचर सोको संरक्षण गर्न, वजेट खर्च गर्दा एकैपटक गर्नुपर्नेमा वाहेक अरुमा चौमासिक हिसाबले मासिक खर्च गर्ने परिपाटी बसाल्ने ।

कार्यालयको बेरुजु भएरनभएको भए तुरुन्त फर्छ्यौट गर्नेरगराउने । भवन निर्माणको कार्य समयमै सम्पन्न गर्ने गराउने तर्फ कार्य अगाडि बढाउने ।

श्रोत साधनको न्यायपूर्ण वितरण होस। ड्रेस कोड, सरकारी वकीलको आचार संहिताको अनुशरण अनिवार्य हुनुपर्दछ। आफ्नो संस्थाको सम्बन्धमा  Loose lTaking गर्नु हुदैन ।

सबैभन्दा ठुलो कुरो त Attitude Positive/ सरोकारवालाका बीचमा सहकार्य, सहयोग र समन्वयमा ध्यान दिनु पर्दछ ।

माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूले छलफलमा उठेका विषयहरुको सम्बोधन गर्नुभएको थियो । उहाँले व्यक्त गरेका भर्नाइहरुलाई बुँदागत रुपमा उल्लेख गरिएको छ ।

महान्यायाधिवक्ताको कार्यालयको भवन निर्माणको प्रक्रियामा रहेको, जग्गा नभएका सरकारी वकील कार्यालयहरुको लागि जग्गा खोजी गरी भवन निर्माण गर्ने कार्यमा महान्यायाधिवक्ताको कार्यालय क्रियाशील रहने छ ।

सरकारी वकीलको सेवा शर्त सम्बन्धी कानुनलाई स्पष्ट भै टुङ्गो लगाउनु पर्दछ । दुवै तिर खुट्टा राखेर गन्तव्यमा जान सकिदैन ।

जनशक्ति प्रयाप्त नभएको विषयमा समयमै Workout गरिने छ । कार्यबोझ, जनशक्ति र आवश्यकताको बारेमा स्पष्ट हुनेगरी इ ७ : गरिने छ ।

सरकारी वकीलले आफ्नो पेशागत मर्यादा र व्यवसायिकता अनुसार व्यवहार गर्नुपर्दछ । आफुले गरेका कामबाट आफू सन्तुष्ट हुने अवस्था आउनु पर्दछ ।

सरकारी वकीलको दृष्टिकोण व्यवहारमा देखाउनु पर्दछ । सरकारी वकीलले जिल्लामा रहेका सरोकारवाला कार्यालयहरुसँग समन्वयका लागि समन्वय समितिको बैठक नियमित रुपमा सम्पन्न गर्नुपर्दछ ।

विशिष्टिकृत सरकारी वकीलको आवश्यकता रहेको सन्दर्भमा नयाँ कानुनहरुका विषयमा सरकारी वकील र कर्मचारीहरुलाई प्रशिक्षण प्रदान गरिने छ ।

सेवा, सुविधाहरु एउटै व्यक्तिमा केन्द्रित हुनु हुदैन । सरकारी वकीलले व्यवसायिक सफलताका लागि सपना देख्ने र कार्य सम्पन्न गर्ने कोशिस गर्नु पर्दछ ।आफ्नो कार्यबाट सेवाग्राहीलाई सन्तुष्ट पार्नुपर्छ । आफूमा रहेका समस्याहरु प्रष्टसँग राख्दा समयमै समाधान गर्न सकिने, सँस्था बनाउदै गर्दा आफ्नो भविष्य पनि बन्दै जान्छ ।

विगत ८ र १० वर्ष देखि सरकारी वकील कार्यालयमा सुधार भैरहेको छ । महान्यायाधिवक्ताको कार्यालयमा नयाँ संहिताहरुको कार्यान्वयन हुनुपूर्व नै Hep Desk स्थापना गर्नुपर्छ ।

## ६. पारित प्रस्तावहरु

सरकारी वकील कार्यालयहरुको भौतिक अवस्था, मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ समेतका नया कानूनहरु, सरकारी वकीलहरुको सेवा शर्त सम्बन्धी कानून, कार्यालयहरुमा सूचना प्रविधिको प्रयोग, सरकारी वकीलहरुको लागि महान्यायाधिवक्ताको कार्यालयबाट जारी गरिएको आचार संहिता लगायतका विषयहरुलाई समेटी १२ बुँदे प्रस्ताव पारित गरिएको थियो जुन निम्नानुसार प्रस्तुत गरिएको छ ।

मिति २०७४ साल चैत्र २८ गते काठमाडौंमा सञ्चालित प्रदेश नं. ३ अन्तर्गतका सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरुको बार्षिक कार्य समिक्षा तथा अनुशिक्षण कार्यक्रममा सहभागीहरु बीच छलफल तथा प्राप्त सुझावहरु समेतको आधारमा देहायका

प्रस्ताव पारित गरियोः

१. नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतका अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी संघीय ऐन निर्माण गर्ने सन्दर्भमा महान्यायाधिवक्ताको कार्यालयबाट तयार भएको कानूनको मस्यौदालाई आवश्यक परिमार्जन गरी महान्यायाधिवक्ताको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत यथाशिघ्र कारबाही अगाडि बढाई संघीय संसदबाट पारित गर्न आवश्यक पहल गर्ने ।

२. मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानुनहरुको कार्यान्वयनको लागि सरकारी वकीलहरुलाई प्रदान गरिएको अभिमुखीकरण तालिम सरकारी वकील कार्यालयमा कार्यरत सहायक स्तरका कर्मचारीहरुलाई समेत प्रदान गर्ने र यी कानूनहरुमा भएका नवीनतम विषयहरु अनुसन्धान र अभियोजन दावीको सौदावाजी कसूर र सजाय निर्धारणमा सुनुर्वाइ जस्ता विषयमा विषयगत प्रशिक्षण प्रदान गर्नु पर्ने ।

३. मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लगायतका कानून कार्यान्वयनको सन्दर्भमा र कार्यक्षेत्रमा आउने अन्य कानूनी अस्पष्टता र द्विविधा निवारण गरी कार्यगत एकरुपता कायम गर्न महान्यायाधिवक्ताको कार्यालयमा जिम्मेवार अधिकारी (Focla Person) तोकी हेल्पडेस्क खडा गर्नु पर्ने ।

४. संहिताको कार्यान्वयनबाट वृद्धि हुने कार्यबोझ समेतलाई दृष्टिगत गर्दा वर्तमान दरबन्दी अत्यन्त न्यून हुने देखिएकोले सो सम्बन्धमा संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) गर्न आवश्यक पहल गरी सोही अनुसारको स्रोत्तर साधनको प्रबन्ध गर्नको लागि महान्यायाधिवक्ताको कार्यालाई अनुरोध गर्ने ।

५. सूचना प्रविधिको उच्चतम प्रयोग गरी सरकारी वकीलको काम कारबाही एवं अभिलेखलाई सूचना प्रविधिमा आवद्ध गर्न, सूचना प्रविधिको प्रयोगको माध्यमबाट सरकारी वकीलको काम कारबाही प्रभावकारी बनाउन समेत महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरु बीच विद्युतीय सञ्जालीकरण गर्नु महान्यायाधिवक्ताको कार्यालयबाट प्रयोगमा ल्याइएको मुद्दा व्यवस्थापन प्रणाली (ऋःक) सम्बन्धी सफ्टवेयरमा मुद्दाको प्रविष्टी गर्ने कार्यलाई सबै सरकारी वकील कार्यालयहरुले उच्च प्राथमिकता दिई मुद्दा प्रविष्टीलाई दैनिक रुपमा अध्यावधिक (Up to Date) गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

६. महान्यायाधिबक्ताको कार्यालयको दोस्रो पञ्चवषीय रणनीतिक योजना अनुसार सबै सरकारी वकील कार्यालयहरुले आफ्नो वार्षिक कार्ययोजना तयार गरी महान्यायाधिवक्ताको कार्यालयबाट स्वीकृत गराइ सो कार्य योजनालाई कार्यान्वयन गर्ने प्रतिवद्धता व्यक्त

गर्दछौं ।

७. कार्यालयलाई प्राप्त बजेटको उच्चतम् उपयोग गर्ने, दुरुपयोग हुन नदिने र कार्यालयमा रहेका सवारी साधन, कम्प्युटर, फोटोकपी, प्रिन्टर, फर्निचर लगायतका भौतिक सामग्रीहरुको उच्चतम सदुपयोग, संरक्षण र सम्बर्द्धन गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

८. मुद्दाको कार्यबोझ बढी भएका सरकारी वकील कार्यालयहरुमा अदालतबाट भएका फैसला उपर पुनरावेदन निवेदन सम्बन्धी कारबाही ऐनका म्यादभित्र सम्पन्न गर्ने र यस सम्बन्धी कारबाहीलाई स्वचालित रुपमा जान सक्ने गरी कार्य सम्पादन गर्दछौं । यसका लागि आवश्यक पर्ने स्रोत साधन तथा जनशक्ति महान्यायाधिवक्ताको कार्यालयमा माग गरी पठाउने र महान्यायाधिवक्ताको कार्यालयबाट सो सम्बन्धमा आवश्यक सम्बोधन हुने अपेक्षा गर्दछौं ।

९. सीमित स्रोत र साधनको उच्चतम् उपयोग गरी संविधान र कानूनले सरकारी वकीललाई सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने सम्बन्धमा उच्च तथा जिल्ला समन्वय समिति लगायत सम्बद्ध कार्यालय तथा अधिकारीसंग समन्वय, सहयोग र सहकार्य गरी कार्य गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

१०. सरकारी वकील कार्यालयको व्यवस्थापन तथा कार्य सम्पादन सम्बन्धी अनुगमन तथा निरीक्षणको कार्यलाई थप प्रभावकारी बनाउन सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले आफ्नो मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुको नियमित रुपमा निरीक्षण गरी त्यस्ता कार्यालयको काम कारबाही, भौतिक अवस्था, विद्यमान समस्याको पहिचान र समाधानका सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

११. विशेष सरकारी वकील कार्यालयबाट बहस पैरवी र प्रतिरक्षा गरिने मुद्दाहरु भिन्न र विशेष प्रकृतिको हुने भएकोले मुद्दाको संख्याको आधारमा भन्दा मुद्दाको जटिलता विषयवस्तुको आधारमा सरकारी वकील र अन्य कर्मचारीको व्यवस्थापन आवश्यक देखिएको र यस कार्यालयलाई आफ्नो कार्यक्षेत्र भित्रका मुद्दामा अभियोजन समेतको अधिकार प्रत्यायोजन गरेको हुँदा विद्यमान जनशक्तिले सो कार्य सम्पादन गर्न कठिर्नाइ भएको हुँदा सो समेतलाई मध्यनजर गरी जनशक्ति व्यवस्थापन गरिनुपर्ने ।

१२ सरकारी वकीलहरुका लागि महान्यायाधिवक्ताको कार्यालयबाट जारी आचार संहिताको व्यावसायिक आचरण र पेशागत मर्यादामा रही परिपालना गर्ने प्रतिवद्धता व्यक्त गर्दछौं ।

## ७. निष्कर्ष

महान्यायाधिवक्ताको कार्यालयबाट आयोजना गरिएको प्रदेश नं. ३ अन्तर्गत रहेका सरकारी वकीलहरुको वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रमले सरकारी वकीलहरुको कार्य सम्पादन तथा वार्षिक कार्य प्रगतिको समीक्षा गरेको छ । उक्त कार्यक्रम अत्यन्त सफल र

प्रभावकारी रहेको छ। कार्यक्रममा माननीय महान्यायाधिवक्ताज्यूको उपस्थितिले गरिमा बढाएको थियो । सरकारी वकीलहरुका समस्या तथा कार्य प्रगतिको सम्बन्धमा महान्यायाधिवक्ताज्यू आफैले सुनी समाधानका उपायहरु सहित निर्देशन समेत दिनु भएको थियो । जसले गर्दा आगामी दिनमा हुने सरकारी वकीलको कार्य सम्पादन अझ चुस्त दुरुस्त, प्रभावकारी एवं पारदशी हुने अपेक्षा लिन सकिन्छ ।

उक्त कार्यक्रममा सहभागी सरकारी वकीलहरुबाट पारित प्रस्तावहरुले पनि सरकारी वकीलको सेवासँग सम्बन्धित महत्ववपूर्ण सवालहरुलाई उजागर गरेको छ । प्रादेशिक तहबाट पारित प्रस्तावहरु तथा सरकारी वकीलहरुको केन्द्रीय वार्षिक कार्य समीक्षामा उठाइने विषयवस्तुहरुलाई प्राथमिकताको आधारमा सम्बोधन गर्दै अगाडि बढ्नु जरुरी देखिन्छ । महान्यायाधिवक्ताको कार्यालयले यस प्रकारको समीक्षा कार्यक्रमलाई निरन्तरता दिएमा सरकारी वकीलहरुको कार्य सम्पादनको स्तरमा प्रभावकारिता अभिवृद्धि गर्न तथा वृत्ति विकासमा समेत सहयोग पुग्छ ।

# ४. प्रदेश नं. ४ र ५ का सरकारी वकीलहरूको लागि आयोजित वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम

## १. पृष्ठभूमि

नेपाल सरकारको प्रमुख कानूनी सल्लाहकार र सरकार वादी हुने मुद्दाको मुख्य अभियोजनकर्ता महान्यायाधविक्ता सम्बन्धी व्यवस्था नेपालको संविधानको भाग १२ को धारा १५७ देखि १६१ सम्म गरिएको छ । प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट नियुक्त हुने महान्यायाधिवक्ता संविधानतः नेपाल सरकारका कार्यालय तथा अधिकारीहरूलाई कानूनी राय प्रदान गर्ने एक मात्र निकाय समेत हो । संविधानमा अन्यथा व्यवस्था भएकोमा बाहेक कुनै अदालत वा न्यायिक अधिकारी समक्ष नेपाल सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने र नेपाल सरकारको तर्फबाट चलाइने मुद्दाहरूका सन्दर्भमा सम्बन्धित अदालत वा न्यायिक अधिकारी समक्ष अभियोगपत्र दर्ता गर्ने, मुद्दाको अभियोजन तथा बहस पैरवी गर्ने, नेपाल सरकार पक्ष भएको वा सरकारको हक, हित वा सरोकार निहित रहेका मुद्दामा सरकारको तर्फबाट प्रतिरक्षा गर्ने लगायतका जिम्मेवारी महान्यायाधिवक्ता र यस अन्तर्गतका कार्यालयहरूलाई रहेको छ ।

फौजदारी न्याय प्रशासनको महत्वपूर्ण अङ्गका रूपमा रहेका महान्यायाधिवक्ता सरकारी वकील मात्र नभै देशभरका सम्पूर्ण कानून व्यवसायीहरूको अनुगमन र आचार संहिता उल्लंघनमा सजाय समेत तोक्न सक्ने निकाय नेपाल बार काउन्सिलको समेत अध्यक्ष रहने व्यवस्था छ । उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्थाले मुलुकमा अपराधजन्य र कानून विपरितका क्रियाकलापहरू नियन्त्रण गरी समाजमा शान्ति स्थापनार्थ अपराधीलाई दण्डित गर्ने र अपराध पीडितलाई न्याय प्रदान गर्ने कार्यमा महान्यायाधिवक्ता र मातहतका सरकारी वकीलहरूको महत्वपूर्ण भूमिका रहेको छ ।

महान्यायाधिवक्ता र मातहतका कार्यालयको भौतिक सुधार, उत्कृष्ट कार्यवातावरणको निर्माण, कार्यरत कर्मचारीहरूको व्यावसायिक दक्षता र आधारभूत आवश्यकताको परिपूर्ती लगायतका विषयहरू विगत वर्षहरूदेखि नै सरकारी वकीलको चासो र सरोकारका विषय बन्दै आएका छन् । महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना, नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन, २०७३ को घोषणा लगायतका दस्तावेजले पनि सरकारी वकीलहरूको व्यावसायिक दक्षता अभिवृद्धिका विषयमा जोड दिइरहेको अवस्था छ ।

परिवर्तित राजनीतिक सन्दर्भमा केही नयाँ कानूनहरूको तर्जुमा भईरहेको र समयानुकूल अपराधको प्रकृति र अपराधीकरण गर्नुपर्ने विषयमा आएको परिवर्तन समेतले सरकारी वकीलको भूमिकामा बढोत्तरी ल्याएको अवस्थामा व्यावसायिकताको विषय अपरीहार्य बन्दै गएको छ ।

## २. परिचय

महान्यायाधिवक्ताको कार्यालयको दास्रो पञ्चवर्षीय रणनीतिक योजना २०७३/०७४-२०७७/०७८ ले निर्धारित ४ लक्ष्य प्राप्तिका लागि २९ रणनीति तर्जुमा गरेको छ । योजनाले निर्धारण गरेका लक्ष्यहरूमा सरकारवादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने, सरकारवादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने, सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने र महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने रहेका छन् । उल्लेखित लक्ष्यहरू हासिल गर्नका लागि तय गरिएका रणनीतिहरू र तिनको कार्यान्वयनको अवस्थालाई समीक्षा गर्नुपर्ने र सो सम्बन्धमा आवश्यक निर्देशन समेत दिने उद्देश्यले वार्षिक कार्यसमीक्षा कार्यक्रम हरेक वर्ष आयोजना गर्ने गरिएको छ । विगत वर्षहरूमा विकासक्षेत्रस्तरमा आयोजना हुने यो कार्यक्रम यस वर्षदेखि प्रादेशिक तहमा आयोजना गरिएको हो । २०७३ सालको पौष महिनामा सम्पन्न नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनले समेत सरकारी वकीलहरूको व्यावसायिकतामा जोड दिएको सन्दर्भमा यस्ता वार्षिक कार्यसमीक्षा कार्यक्रमहरूले पुनःसशक्तीकरण गरी सरकारी वकील कार्यालयहरूको उत्पादकत्व अभिवृद्धिमा टेवा पुऱ्याउन सक्छ भन्ने अभिप्रायका साथ महान्यायाधिवक्ताको कार्यालयले प्रादेशिक तहमा यस प्रकारका वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रमहरूको आयोजना गरेको हो । प्रादेशिक तहमा पूरा भएपछि सोही पृष्ठपोषणका आधारमा केन्द्रीय सम्मेलन गर्ने कार्यालयको योजना रहेको छ ।

मुलुकी ऐन लगायतका कानूनहरूमा समयानुकूल परिवर्तन गरी विधायिकाले २०७४ आश्विन ३० गते मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनहरू २०७५ भदौ १ गतेदेखि लागू हुने गरी व्यवस्थापिका संसदबाट पारित भइसकेकाले उक्त संहिताहरूले गरेका व्यवस्था सम्बन्धमा प्रशिक्षणसँगै यस कार्यक्रमको आयोजना गरिएको हो । फौजदारी न्याय प्रशासन र फौजदारी कानूनमा आएका नवीनतम् अवधारणासँग सम्बन्धित विषयमा सरकारी वकीलको पदीय जिम्मेवारी र भूमिकालाई प्रभावकारी बनाउनु यसको प्रमुख उद्देश्य रहेको छ ।

## ३. कार्यक्रमका उद्देश्यहरू

कार्यक्रमका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- प्रादेशिक क्षेत्र अन्तर्गतका जिल्ला तथा उच्च सरकारी वकील कार्यालयहरूको मुद्दाको चाप, कार्यसम्पादनको स्थितिका बारेमा जानकारी हासिल गर्ने,
- संगठन र जनशक्ति व्यवस्थापन एवम् सरोकारवालाहरूसँगको समन्वयमा भएका समस्याहरू पहिचान गरी समाधानको मार्ग खोज्ने,
- सरकारी वकील कार्यालयहरूको भौतिक पूर्वाधारको अवस्थाका बारेमा जानकारी प्राप्त गरी सुधारका उपायहरू पत्ता लगाउने,

- सरकारी वकील कार्यालयहरूमा सूचना प्रविधिको प्रयोगको अवस्थाको विश्लेषण गरी त्यसमा सुधार ल्याउने र
- सरकारी वकीलहरूको व्यावसायिक दक्षता अभिवृद्धि गर्ने ।

## ४. उद्घाटन सत्र

प्रादेशिक वार्षिक कार्यसमीक्षा तथा अनुशीक्षण कार्यक्रमको उद्घाटन नेपाल राज्यका माननीय महान्यायाधिवक्ता श्री अग्नि प्रसाद खरेलले पानसमा दीप प्रज्वलन गरी गर्नुभएको थियो । उद्घाटन मन्तब्व व्यक्त गर्दै प्रमुख अतिथि समेत रहनु भएका माननीय महान्यायाधिवक्ता खरेलले सरकारी वकीलको पेशा निजामती सेवाका अन्य पदहरू भन्दा फरक व्यावसायिक प्रकृतिको पद भएकाले पेशागत, भाषागत एवम् आचरणगत दक्षता सरकारी वकीलहरूका लागि अपरीहार्य रहेको  बताउनुभयो । उहाँले कानूनले निर्दिष्ट गरेका जिम्मेवारीहरूलाई पालना गर्नु सबैको कर्तव्य हुने बताउँदै नयाँ कानूनहरूमा भएको व्यवस्था बमोजिम काम गर्नका लागि सरकारी वकीलहरू तयार रहन निर्देशन समेत दिनुभयो ।

नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमको अध्यक्षमा सम्पन्न उद्घाटन कार्यक्रममा विशेष अतिथि उच्च अदालत पोखराका माननीय मुख्य न्यायाधीश कुमार चुडाल र अतिथिहरू प्रदेश नं ४ का मुख्य न्यायाधिवक्ता राजेन्द्र घिमिरे, कास्कीका प्रमुख जिल्ला अधिकारी तारानाथ अधिकारी, नेपाल वार एसोसियसन उच्च अदालत बार एकाई पोखराका अध्यक्ष दयाराम गौतम र नेपाल बार एसोसियसन जिल्ला अदालत बार एकाई कास्कीका अध्यक्ष सोमबहादुर श्रेष्ठले शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो ।

कार्यक्रमको उद्देश्य तथा विषयवस्तुबारे प्रकाश पार्दै सहभागीहरूलाई स्वागत नायब महान्यायाधिवक्ता गणेश बाबु अर्यालले गर्नुभएको उक्त कार्यक्रममा सरकारी वकीलका अतिरिक्त अनुसन्धानकर्ता नेपाल प्रहरी, अर्धन्यायिक निकाय क्षेत्रीय वन निर्देशनालय, जिल्ला मालपोत कार्यालय एवम् अदालतका प्रतिनिधिहरूलाई पर्यवेक्षकका रूपमा सहभागी गराइएको थियो । कार्यक्रमको सञ्चालन सहन्यायाधिवक्ता नारायणप्रसाद पौडेलले गर्नुभएको थियो ।

## ५. कार्यसमीक्षा तथा प्रस्तुती सत्र

कार्यक्रमको दोस्रो सत्रमा प्रदेश नं ४ र प्रदेश नं ५ का बाँके र बर्दिया बाँहेकका जिल्लामा अवस्थित जिल्ला तथा उच्च सरकारी वकील कार्यालयहरूका कार्यलयगत प्रस्तुती रहेको थियो । पस्तुतीमा मूलत निम्न विषयहरू समावेश थिए :

- कार्यालयको कार्यसम्पादनको अवस्था,
- कार्यालयको भौतिक अवस्था,
- मुद्दा व्यवस्थापनमा ऋ:क सफ्टवेयर प्रयोगको स्थिति र
- जनशक्तिको व्यवस्थापन ।

महान्यायाधिवक्ताको कार्यालयबाट यसअघि नै उपलब्ध गराइएको फाराममा विवरण भरेर

ल्याएकाले सबै कार्यालयको प्रस्तुती संरचनाबद्ध र निर्धारित समयमा सकिएको थियो । त्यसले छलफललाई केन्द्रित बनाउन समेत मद्दत पुगेको थियो ।

उच्च सरकारी वकील कार्यालय अन्तर्गतका जिल्ला सरकारी वकील कार्यालयहरूको प्रस्तुतीपछि सम्बन्धित उच्च सरकारी वकील कार्यालयको प्रस्तुती हुने गरी ब्लक प्रणाली बमोजिम सञ्चालन गरिएकाले जिल्ला सरकारी वकील कार्यालयबाट प्रस्तुत हुन छुटेका कतिपय विषलाई उच्च सरकारी वकील कार्यालयका तर्फबाट भएको प्रस्तुतीमा समावेश गर्न सकिने अवसर समेत रहने गरी प्रस्तुती सत्र सञ्चालन गरिएको थियो । निर्धारित समयमै सम्पन्न भएको कार्यलायग प्रस्तुती पछि पर्यवेक्षक संस्थाका पदाधिकारीहरूलाई धारणा राख्ने अवसर प्रदान गरिएको थियो । सो पश्चात कार्यालयगत प्रस्तुतीमा छुटेका विषयमा खुल्ला छलफलको आयोजना गरिएको थियो । सबैको प्रस्तुती र छलफल पछि हलमा उठेका विषयहरू उपर महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट नायब महान्यायाधिवक्ता र माननीय महान्यायाधिवक्ताले सम्बोधन गर्नुभएको थियो ।

छलफलमा जिल्ला सरकारी वकील कार्यालय दाङ्का जिल्ला न्यायाधिवक्ता चन्द्रबहादुर सिंजाली, जिल्ला सरकारी वकील कार्यालय प्यूठानका सहायक जिल्ला न्यायाधिवक्ता खिमानन्द गौतम, जिल्ला सरकारी वकील कार्यालय रुकुम पूर्वका सहायक जिल्ला न्यायाधिवक्ता ढकबहादुर रावत, जिल्ला सरकारी वकील कार्यालय रोल्पाका सहायक जिल्ला न्यायाधिवक्ता सिताराम अर्यालको प्रस्तुती पछि उच्च सरकारी वकील कार्यालय तुलसीपुरका उपन्यायाधिवक्ता चक्रदेव आचार्यले आफ्नो कार्यालयको अवस्था प्रस्तुत गर्नुभएको थियो । दोस्रो चरणमा जिल्ला सरकारी वकील कार्यालय कास्कीका जिल्ला न्यायाधिवक्ता अर्जुनप्रसाद कोइराला, जिल्ला सरकारी वकील कार्यालय गोरखाका जिल्ला न्यायाधिवक्ता सुरेन्द्रराज काफ्ले, जिल्ला सरकारी वकील कार्यालय तनहुँका जिल्ला न्यायाधिवक्ता गोविन्द गिरी, जिल्ला सरकारी वकील कार्यालय नवलपरासी सुस्ता पूर्वका जिल्ला न्यायाधिवक्ता देवेन्द्रराज आचार्य, जिल्ला सरकारी वकील कार्यालय मनाङ्का सहायक जिल्ला न्यायाधिवक्ता शान्तिप्रसाद लुइटेल, जिल्ला सरकारी वकील कार्यालय लमजुङ्का जिल्ला न्यायाधिवक्ता यादवप्रसाद पौडेल, जिल्ला सरकारी वकील कार्यालय स्याङ्जाका जिल्ला न्यायाधिवक्ता इश्वरीप्रसाद ढकालको प्रस्तुती पछि उच्च सरकारी वकील कार्यालय पोखराका सहन्यायाधिवक्ता सुरेन्द्रबहादुर थापाले प्रस्तुत गर्नुभएको थियो ।

त्यस्तै तेस्रो चरणमा जिल्ला सरकारी वकील कार्यालय पर्वतका सहायक जिल्ला न्यायाधिवक्ता केदारनाथ उपाध्याय, जिल्ला सकरारी वकील कार्यालय बाग्लुङ्का जिल्ला न्यायाधिवक्ता धर्मराज पौडेल, जिल्ला सरकारी वकील कार्यालय मुस्ताङ्का सहायक जिल्ला न्यायाधिवक्ता गोपालप्रसाद ढकाल, जिल्ला सरकारी वकील कार्यालय म्याग्दीका जिल्ला न्यायाधिवक्ता कृष्णराज पन्तको प्रस्तुती पछि उच्च सरकारी वकील कार्यालय बाग्लुङ्का उपन्यायाधिवक्ता रामचन्द्र शर्माले प्रस्तुत गर्नुभएको थियो । त्यसैगरी चौथो तथा अन्तिम चरणमा जिल्ला सरकारी वकील कार्यालय अर्घाखाँचीका सहायक जिल्ला न्यायाधिवक्ता रोमाकान्त ज्ञवाली, जिल्ला सरकारी वकील कार्यालय कपिलवस्तुका जिल्ला न्यायाधिवक्ता कमलराज पन्थी, जिल्ला

सरकारी वकील कार्यालय गुल्मीका जिल्ला न्यायाधिवक्ता लक्ष्मण उपाध्याय घिमिरे, जिल्ला सरकारी वकील कार्यालय नवलपरासी सुस्ता पश्चिमका जिल्ला न्यायाधिवक्ता मुकुन्दहरी पौडेल, जिल्ला सरकारी वकील कार्यालय पाल्पाका जिल्ला न्यायाधिवक्ता राजेश्वर अर्याल, जिल्ला सरकारी वकील कार्यालय रूपन्देहीका जिल्ला न्यायाधिवक्ता कोषहरी निरौलाको प्रस्तुती पछि उच्च सरकारी वकील कार्यालय बुटवलका सहन्यायाधिवक्ता खड्गबहादुर खड्काले प्रस्तुत गर्नुभएको थियो ।

प्रस्तुतीमा सबै जसो कार्यालय प्रमुखहरूले तराईका जिल्लामा मुद्दाको चाप बढी भएता पनि पहाडी जिल्लामा सो अवस्था नभएको, रुकुम पूर्व बाहेक सबै जिल्लामा चार पाङ्ग्रे सवारी साधन उपलब्ध भएको, भौतिक अवस्थातर्फ पुराना जीर्ण भवन, फार्निचरको अभाव, गाडी पार्किङ्को समस्या बिद्युत शक्तिको वैकल्पिक व्यवस्थापन नहुँदा कम्प्युटर र फोटोकपि चलाउन समेत समस्या हुने गरेका लगायतमा समस्याहरू छलफलमा उठेका थिए । त्यस्तै मुद्दा व्यवस्थापन सफ्टवेयरमा प्रविष्ट गर्नमा पुराना र टाइपिष्ट सेवामा प्रवेश गरेका जनशक्तिका कारण समस्या परेको विषय पनि छलफलमा उठेका थिए । छलफल र अन्तरक्रिया पश्चात उठेका विषयहरूमा महान्यायाधिवक्ताको कार्यालयको तर्फबाट महान्ययायाधिवक्ता र नायब महान्यायाधिवक्ताहरूले गम्भीर समस्या देखिएका स्थानहरूका हकमा तत्काल समाधान गर्न निर्देशन समेत दिनु भएको थियो । कार्यक्रमको निष्कर्षका रूपमा पर्यवेक्षक तथा सहभागीहरूबाट १५ बुँदे प्रस्ताव पारित समेत गरिएको थियो ।

## ६. पारित प्रस्तावहरू

मिति २०७४ साल चैत्र १७ गते पोखरामा सञ्चालित प्रदेश नं. ४ र ५ का (बाँके र बर्दिया वाहेकका) उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरुको बार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रममा सहभागी तथा पर्यवेक्षकहरु बीच भएको छलफल तथा प्राप्त सुझावहरु समेतका आधारमा देहायका प्रस्ताव पारित गरियो:

१. सरकारी वकीलको सेवा र कार्य व्यवसायिक प्रकृतिको भएकाले सरकारी वकीललाई छुट्टै विशिष्टीकृत सेवाको रुपमा विकास गर्न सरकारी वकीलहरुको सेवाका सर्त सम्बन्धी छुट्टै कानुन वन्नु पर्दछ भनी लामो समयदेखि आवाज उठ्दै आएको थियो । नेपालको संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ता मातहतका अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुनेछ भन्ने व्यवस्था भएकोले सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको सेवालाइ व्यावसायिक र मर्यादित सेवाको रुपमा स्थापित गर्ने प्रावधान रहेको परिप्रेक्ष्यमा सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धमा सबै तहका सरकारी वकील तथा कर्मचारीहरुको भावनालाइ समेटी नयाँ कानून बनाउनेतर्फ यथाशीघ्र कारवाही अगाडि बढाइ संघीय संसदबाट पारित गराउन अवश्यक पहल गर्नुपर्ने ।

२. २०७५ साल भदौ १ गतेदेखि लागू हुन गइरहेका मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका कानूनहरुले सरकारी वकीलहरुको भूमिकामा ल्याएको परिवर्तित व्यवस्था अनुरुप प्रभावकारी कार्यसम्पादन गर्न सरकारी वकीलको कार्यसम्पादनमा सहयोग पुर्याउने सहायक कर्मचारीहरुलाइ समेत त्यस सम्बन्धी तालिम उपलब्ध गराउनु आवश्यक छ । तसर्थ महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सवै सरकारी वकील कार्यालयमा कार्यरत सहायक स्तरका कर्मचारीहरुलाई समेत संहिता कार्यान्वयनमा आउनु अगावै संहिताका सम्बन्धमा प्रशिक्षण प्रदान गर्न महान्यायाधिवक्ताको कार्यालयले व्यवस्था मिलाउनुपर्ने ।

३. संहितालाई कार्यान्वयन गर्न तयार गर्नुपर्ने नियमावली तथा निर्देशिका समयमै तयार गरी संहिता कार्यान्वयन हुनु अगावै ती नियमावली तथा निर्दिशका सम्बन्धमा सरकारी वकील तथा अनुसन्धान अधिकारी समेतलाइ अभीमुखीकरण गर्नु आवश्यक भएकाले संहिता लागू हुनु पूर्व त्यस्ता नियमावली तथा निर्देशिका तयार गरी सरकारी वकील तथा अनुसन्धान अधिकारी समेतलाइ अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्ने ।

४. संहितामा भएका व्यवस्थावाट वृद्धि हुने कार्यबोझ समेतलाई दृष्टिगत गरी सरकारी वकील कार्यालयहरुको दरबन्दी र स्रोत साधन वृद्धि गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गर्नेतर्फ महान्यायाधिवक्ताको कार्यालयले तत्काल कार्य थालनी गरी कार्यान्वयन गर्नुपर्ने।

५. २०७५ साल भाद्र १ गतेदेखि लागू हुन गईरहेका मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लगायतका कानून कार्यान्वयनको सन्दर्भमा र कार्यक्षेत्रमा आउने अन्य कानूनी अस्पष्टता र द्बीविधा निवारण गरी काम कारवाहीमा एकरुपता कायम गर्न महान्यायाधिवक्ताको कार्यालयले चेकलिष्ट तयार गरी जिम्मेवार अधिकारी (Focla Person) सहितको हेल्पडेस्क खडा गरी सहजीकरण गर्नुपर्ने ।

६. संहिताहरुमा केही व्यवस्थाहरु अस्पष्ट र द्विविधाजनक रहेको पाइएकोले तत्सम्बन्धमा अवश्यक संशोधन गर्न यस वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम र प्रशिक्षण कार्यक्रम समेतबाट प्राप्त सुझाव समेतलाई विचार गरी संहिता तथा सम्बन्धित कानूनहरुमा संशोधन गर्ने प्रस्ताव तयार गर्न महान्यायाधिवक्ताको कार्यालयवाट आवश्यक पहल हुनुपर्ने ।

७. महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकीलहरुको कार्यालयहरुबाट सम्पादित कामकारवाहीलाई सूचना प्रविधिको प्रयोग मार्फत सञ्जालीकरणलाई अझ प्रभावकारी बनाउन महान्यायधिवक्ताको कार्यालयवाट थप प्रयास हुनुपर्ने र हाल कार्यान्वयनमा रहेको मुद्दा व्यवस्थापन प्रणाली (CMS) सम्बन्धी सफ्टवेयरको प्रयोग गर्न आवश्यक तालिम दिलाई सफ्टवेयरमा मुद्दाको प्रविष्टी गर्ने कार्यलाई सवै सरकारी वकील

कार्यालयहरुले उच्च प्राथमिकता दिई मुद्दा प्रविष्टीलाई दैनिक रुपमा अध्यावधिक गर्ने ।

८. सवै तहका सरकारी वकील कार्यालयहरुले आफ्नो वार्षिक कार्ययोजना तयार गर्दा महान्यायाधिबक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनासँग आवद्ध गरी कार्यान्वयनमा प्रभावकारीता ल्याउने।

९. फौजदारी कार्यविधि संहिताले पुनरावेदनको म्यादका सम्बन्धमा ल्याएको परिवर्तनबाट संहिता लागू भएपछि पुनरावेदन सम्बन्धी कार्यबोझमा अत्याधिक बृद्धि हुने कुरालाइ दृष्टिगत गरी सबै सरकारी वकील कार्यालयहरुले अदालतबाट फैसला भएका मुद्दाहरुको जानकारी समयमै प्राप्त गरी पुनरावेदन सम्बन्धी कारवाही समयमै अगाडि बढाउने । साथै अदालतवाट भएका अन्तरकालीन आदेश उपर निवेदन गर्नुपर्ने भएमा तुरुन्तै आदेश प्राप्त गरी समयमा नै यस सम्बन्धी कारबाही अगाडि बढाउने । यसका लागि अवश्यक पर्ने स्रोत साधन तथा जनशक्ति महान्यायाधिवक्ताको कार्यालयमा माग गरी पठाउने र महान्यायाधिवक्ताको कार्यालयबाट सो सम्बन्धमा शिघ्र अवश्यक व्यवस्थापन हुनुपर्ने ।

१०. कार्यालय भवनको निर्माण सम्पन्न भएका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयका भवनको सरसफाइ र सम्बर्द्धन गर्नेतर्फ सम्बन्धित कार्यालय प्रमुखले कियाशिलता देखाउने, निर्माणाधिन भवनहरुको निर्माण कार्यलाई तिब्रता दिइ समयै निर्माण कार्य सम्पन्न गर्ने, कार्यालयको नाममा जग्गा भएका र नयाँ भवन निर्माण गर्न आवश्यक रहेका कार्यालयहरुले भवन निर्माण सम्बन्धी पूर्व तयारी गरी आवश्यक कागजात सहित बजेट व्यवस्थाका लागि महान्यायाधिवक्ताको कार्यालयमा समयमा नै लेखी पठाउने साथै कार्यालयको नाममा जग्गा नभएका कार्यालयहरुले जग्गा कसरी प्राप्त गर्न सकिन्छ भन्ने प्रस्ताव र सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई महान्यायाधिवक्ताको कार्यालयले जग्गा उपलब्ध गराउनेतर्फ आवश्यक पहल हुनुपर्ने ।

११. नेपाल सरकारको हक हित वा सरोकार निहित रहेको मुद्दाको वहस, पैरवी एव प्रतिरक्षाको कार्यलाई प्रभावकारीरुपमा सम्पादन गर्न जिल्ला स्थित कार्यालयहरुसँग प्रभावकारी समन्वयको लागि नियमित अन्तर्क्रिया गर्ने । यसका लागि समन्वय समितिलाई प्रभावकारी वनाउने ।

१२. सरकारी वकीलले मुद्दा चलाउने वा नचलाउने निर्णय गर्दा महान्यायाधिवक्ताको कार्यालयबाट जारी अभियोजन मार्गदर्शन समेतको आधारमा आधार र कारण खुलाई वस्तुपरक ढंगले गर्ने । सवुत प्रमाणको अभावमा मुद्दा नचलाउने निर्णय गरेको अवस्थामा मुद्दाको मिशिल महान्यायाधिवक्ताको कार्यालयमा पुगी निर्णय भई मुद्दा दायर गर्न आवश्यक पर्ने समय समेतलाई विचार गरी हदम्याद ननाघ्ने गरी समयमा नै निर्णय गरी मिशिल पठाउने ।

१३. कार्यालयको अनुगमन तथा निरीक्षणको कार्यलाई प्रभावकारी वनाउन सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले आफ्नो मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुको

नियमित रुपमा निरीक्षण गरी त्यस्ता कार्यालयको काम कारबाही, भौतिक अवस्था, विद्यमान समस्याको पहिचान र समाधानका सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा नियमित रुपमा प्रतिवेदन पेश गर्ने ।

१४. कार्यालय प्रमुखले आफ्नो कार्यालयको कामसँग सम्बन्धित गुनासा व्यवस्थापन गर्न कार्यालय बाहिर सबैले देख्ने स्थानमा गुनासो पेटिका राख्ने र प्रत्येक पन्ध्र-पन्ध्र दिनमा सो पेटिका खोली गुनासो सम्वोधन गर्नेतर्फ अवश्यक कार्य गर्ने र यस सम्बन्धी प्रतिवेदन उच्च सरकारी वकील कार्यालयले महान्यायाधिवक्ताको कार्यालयमा र जिल्ला सरकारी वकील कार्यालयले उच्च सरकारी वकील कार्यालय तथा महान्यायाधिवक्ताको कार्यालयमा पठाउने ।

१५. सरकारी वकीलहरुका लागि महान्यायाधिवक्ताको कार्यालयवाट जारी आचार संहिताको परिपालना गर्ने र कार्यसम्पादन मूल्याङ्कन गर्दा त्यसको पालनालाइ समेत अधार लिने पद्दतिको विकास गर्ने ।

## ७. निर्देशन सहित समापन

कार्यक्रमको अन्त्यमा माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेल र नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमले निर्देशनात्मक मन्तव्य व्यक्त गर्दै छलफल सत्रमा उठेका सवालहरूका सम्बन्धमा समेत सम्बोधन गर्नुभएको थियो । वरिष्ठतम् नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमले पुनरावेदनको म्याद घटाएको सम्बन्धमा सबै पुराना मुद्दामा भएको फैसलाको जानकारी २०७५ श्रावण मसान्तभित्र प्राप्त गरी फछ्र्यौट गरिसक्न निर्देशन दिनुभयो । त्यसैगरी उहाँले सरकारी वकीलले कार्यसम्पादनमा र कानून कार्यान्वयनमा सम्झौता नगरी काम गर्न सचेत समेत गराउनु भयो ।

माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलले नयाँ संहिताहरूका कार्यान्वयनलाई प्राथमिकतामा राखेर काम गर्न सबै सरकारी वकीलहरूलाई निर्देशित गर्नुभयो । उहाँले संहिताका सम्बन्धमा अन्य सरोकारवाला निकाय भन्दा अगाडि नै महान्यायाधिवक्ताको कार्यालयले प्रशिक्षण कार्यक्रम सञ्चालन गरीरहेको सन्दर्भ उल्लेख गर्दै संहितामा भएका जटिल र द्विविधाजन्य विषयमा सहजीकरण गर्न महान्यायाधिवक्ताको कार्यालयले सम्भव हुने सबै पहल एवम् प्रयत्न गर्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभएको थियो । समस्या रहेमा समाधान खोज्नुपर्ने तर जिम्मेवारीबाट पन्छिन् नहुनेमा उहाँको जोड थियो ।

सरकारी वकीलहरू निजामती सेवा अन्तर्गका सरकारी कर्मचारी भएकाले राजनीतिक रूपमा तटस्थ रहन निर्देशित गर्दै माननीय महान्यायाधिवक्ता खरेलले आफू हिजोसम्म राजनीतिक पदमा भएपनि महान्यायाधिवक्ताको पदमा नियुक्त हुनु अगाडि ती सबै पदीय भूमिकाबाट राजिनामा गरेर मात्र नियुक्त भएको दृष्टान्त समेत पेश गर्दै तटस्थता कायम राख्न निर्देशित गनुभएको थियो । भौतिक पूर्वाधार र स्रोत साधानको वितरणमा न्याय गरिने उल्लेख गर्दै उहाँले सबै सरकारी वकील कार्यालयहरूमा कम्तीमा पनि एउटा चार पाङ्ग्रे सवारी सधान

अनिवार्य गर्ने र कार्यबोझलाई दृष्टिगत गरी थप सुविधाहरू प्रदान गर्न महान्यायाधिवक्ताको कार्यालयको उच्च व्यवस्थापनलाई निर्देशित गर्नुभयो । निर्देशनात्मक मन्तव्यसहति माननीय महान्यायाधिवक्ता खरेलले कार्यक्रमको समापन गर्नु भएको थियो ।

## ८. निष्कर्ष

सरकारी वकीलहरूको वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम सफल एवम् प्रभावकारी रहेको छ । सरकारी वकीलहरूका समस्या र अवसरका सम्बन्धमा संगठनको उच्च नेतृत्व र स्वयम् संगठन प्रमुख माननीय महान्यायाधिवक्ता नै उपस्थित भई गुनासा तथा समस्याहरू सुनी समाधानका लागि ठोस निर्देशन समेत दिएको सन्दर्भमा यसले कार्यगत तहमा सकारात्मक परिणाम ल्याउने स्वाभाविक अपेक्षा गर्न सकिन्छ । कार्यसमीक्षाका सहभागीहरूबाट पारित प्रस्तावहरूले पनि सरकारी वकील सेवासँग सम्बन्धित महत्ववपूर्ण सवालहरूलाई उठाएको छ । यस प्रस्ताव र अन्य प्रादेशिक क्षेत्रबाट पारित प्रस्ताव समेतमा उल्लेखित विषयमा महान्यायाधिवक्ताको कार्यालयको प्राथमिकीकरण गरी नीतिगत र प्रशासनिक सुधारका क्षेत्रलाई छुट्याई तत्काल कार्यान्वयनमा जानुपर्ने र दीर्घकालमा गर्न सकिने विषय समेतका आधारमा योजनावद्ध ढंगले अगाडि बढ्न सके अपेक्षित परिणाम प्राप्ती हुनेछ । प्रादेशिक तहमा सम्पन्न भैसकेपछि केन्द्रीय तहमा हुने केन्द्रीय सम्मेलनले त्यसतर्फको यात्रालाई मार्गनिर्देश गर्नु जरुरी छ ।

# ५. प्रदेश नं. ६ र ७ का सरकारी वकीलहरूको लागि आयोजित बार्षिक कार्य समिक्षा तथा अनुशिक्षण कार्यक्रम

## १. पृष्ठभूमि

फौजदारी न्याय प्रशासन र फौजदारी कानूनमा आएका नवीनतम् अवधारणासँग सम्बन्धित विषयमा तालिम, गोष्ठी, कार्यशाला, अनुशिक्षण कार्यक्रम आदिका माध्यमबाट सरकारी वकीललाई आफ्नो पदीय जिम्मेवारी प्रभावकारी रूपमा बहन गर्न सक्ने बनाउन तथा व्यावसायिकता बिकास गर्ने उद्देश्य अनुरूप प्रत्येक वर्ष नियमित रूपमा महान्यायाधिवक्ताको कार्यालयले क्षेत्रीय तथा केन्द्रीयस्तरमा सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण लगायतका कार्यक्रम सञ्चालन गर्दै आएको छ ।

सरकारी वकील कार्यालयहरूरको विद्यमान वस्तुस्थितिको विश्लेशण गरी संस्थागत सुदृढीकरणका लागि दोस्रो पञ्चवर्षीय रणनीतिक योजना कार्यान्वयनमा रहेको सन्दर्भमा यस रणनीतिक योजनाले सरकार वादी फौजदारी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने, सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने, सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने लगायत सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने लक्ष्य लिएको छ। उक्त लक्ष्य हासिल गर्न नियमित रूपमा कार्यालय अनुगमन, निरीक्षणका अतिरिक्त सूचकमा आधारित रहेर सबै कार्यालयको प्रगति समीक्षा गर्ने तथा क्षेत्रीय अनुशिक्षण कार्यक्रम सञ्चालन गरिदै आएकोमा यसै बर्ष देखि प्रदेशस्तरीय सरकारी वकीलहरूको वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम आरम्भ भएको छ ।

## २. कार्यक्रम

सरकारी वकीलहरूको व्यावसायिकताको विकासका लागि गरिएका प्रयास, कार्यालयहरूको भौतिक अवस्था, त्यसको समुचित प्रयोग र संरक्षणको स्थिति, मुद्दाको अभिलेख ब्यवस्थापन र सोका लागि सूचना प्रविधिको प्रयोगको अवस्था तथा मुद्दा ब्यवस्थापन सफ्टवेयरको प्रयोगको स्थिति लगायत हाल कार्यान्व्यनमा रहेको महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले प्रक्षेपण गरेका लक्ष्य तथा उद्देश्यमा भएको प्रगतिको समीक्षा गरी आवश्यक सुझाव सहितको घोषणपत्र पारित गर्दै प्रदेश नं. ६, ७ तथा प्रदेश नं. ५ को बाँके र वर्दिया जिल्ला समेतलाई समेटी आयोजना गरिएको प्रदेशिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम मिति २०७४ चैत्र ७ गते १३ बुँदे घोषणपत्र जारी गर्दै नेपालगञ्जमा सम्पन्न भयो ।

महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता श्री खगराज पौडेलको अध्यक्षतामा सम्पन्न भएको उक्त प्रादेशिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रमको उद्घघाटन सत्रको प्रमुख आतिथ्यता वरिष्ठतम् नायब महान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतमले गर्नं भएको थियो। स्वागत मन्तव्य सहित कार्यक्रमको उद्देश्य माथि सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाले प्रकाश पार्नं भएको थियो भने कार्यक्रमको संचालन सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले

गर्नँ भएको थियो । नेपालगञ्ज मुकाम रहेका सबै सरोकारवाला निकायहरू उच्च अदालत तुल्सीपुर, नेपालगञ्ज इजलासका माननीय न्यायाधीशहरू, मुख्य न्यायाधिवक्ता, प्रमुख जिल्ला अधिकारी, जिल्ला न्यायाधिस, प्रदेश ईकाई प्रहरी प्रमुख, वार एशोसियसनका प्रतिनिधिहरू, पर्यवेक्षक लगायतका उच्च पदस्थ अधिकारीहरूलाई आमन्त्रित अतिथिज्यूहरूबाट शुभकामना मन्तव्य सहित कार्यक्रमको सफलताको कामना गर्दै संसदबाट भर्खरै पारित भई पारित भई आगामि २०७५ भाद्र १ गतेदेखि लागू हुन गैरहेको मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ ले गरेको नविनतम् व्यवस्था र फौजदारी कसूर सम्बन्धी मुद्दाको अनुसन्धान प्रक्रिया, अनुसन्धान गर्ने अधिकारी, अभियोजन प्रक्रिया तथा न्यायिक कारवाहीमा पालना गर्नँपर्ने सिद्दान्त तथा अवलम्बन गर्नुपर्ने कार्यविधिका सम्बन्धमा समेत सरोकारवाला निकायहरू अनुसन्धान अधिकारी, अभियोजनकर्ता र न्यायिक अधिकारीहरू बीच समन्वय, सहयोग र सहकार्य आवश्यक रहेको धारण समेत प्रकट भएको थियो । बरिष्ठतम् नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमले उद्धघाटन मन्तव्य दिनु भए पश्चात् नायब महान्यायाधिवक्ता श्री खगराज पौडेलले समापन मन्तव्य दिनुहुदै उद्धघाटन सत्रको अन्त्य गर्नु भएको थियो ।

कार्यक्रमको दोस्रो सत्रमा प्रदेश नं ५ को बाँके र बर्दिया जिल्ला र प्रदेश नं ६ र ७ अन्तर्गतका सहभागी सबै उच्च सरकारी वकिल कार्यालय तथा जिल्ला सरकारी वकिल कार्यालयका सरकारी वकीलहरु बिच कार्यालयको कार्य सम्पादनको अवस्था, कार्यालयको भौतिक अवस्था, मुद्दा ब्यबस्थापन सफ्टवेयरको प्रयोगको प्रगति स्थिति, कार्यसम्पादनमा सूचना प्रबिधिको उपयोगको अवस्था, दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाको कार्यान्वयनको अवस्था र लक्ष्य प्राप्तिमा आइपरेका कठिनाइहरु र त्यसको सम्बोधनमा चाल्नुपर्ने कदमहरु भर्खरै संसदबाट जारी भई निकट भविश्यमा कार्यान्वयनको चरणमा रहेका संहिताहरु र त्यसले सरकारी वकीललाई थपिदिएको भुमिका र चुनौतिहरु लगायतका बिषयमा कार्यालयगत रुपमा प्रस्तुतिकरण सहित बिस्तृत रुपमा सवै सरकारी वकील बीच छलफल भएको थियो भने कार्यसम्पादनका क्रममा भौतिक असुबिधाहरु जस्तो पुराना जिर्ण भवन, फर्निचरको अभाव, गाडी पार्किङको समस्या, लोडसेडिङको कारण फोटोकपि गर्न असुबिधा, फ्याक्स, फोटोकपि बिग्रेको अवस्था, ऋ:व क्यातधबचभ मा प्रविष्ठि गर्न परेको समस्याहरु लगाएतका कठिनाईका बारेमा समेत गुनासो प्रकट भएको थियो । यसरी ब्यापक छलफल तथा अन्तक्रिया पश्चात औल्याईएका समस्या र त्यसको अविलम्व एवं समुचित संबोधनका लागि चाल्नुपर्ने कदमका सम्बन्धमा १३ बुँदे घोषणापत्र जारी गर्दै कार्यक्रम सम्पन्न भएको थियो । उक्त घोषणापत्र यसै प्रतिवेदनको अननुसूची -१ मा राखिएको छ ।

अन्तमा समापन मन्तब्य ब्यक्त गर्नुहुँदै बरिष्ठतम् नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतमले नयाँ संहिताले पुनरावेदनको म्याद घटाएको सन्दर्भमा सवै पुराना मुद्दाको साउन महिनासम्ममा फर्छ्यौट गरिसक्नुपर्ने तर्फ ध्यानाकृष्ट गराउनु हुँदै मुद्दामा म्याद गएमा कारवाहीमा पर्नेतर्फ समेत सतर्क गराउनु भएको थियो।यसैगरी सरकारी वकीलले कार्यसम्पादन

र कानुन कार्यान्वयनमा कुनै संझौता गर्न नहुनेतर्फ सचेत हुन र आफ्नो काम कार्वाहीमा स्तरीयता, जबाफदेहीता ल्याउनुका अतिरिक्त न्युन श्रोत साधनका बाबजुद पनि सकारात्मक सोच राख्दै उत्कृष्ट कार्य सम्पादन तर्फ दत्तिचत्त रहन समेत निर्देशन गर्नु भयो । अन्तमा वहाँले सरकारी वकीलले आफुले सिकेका कुराहरुलाई कार्यक्षेत्रमा प्रयोग गर्न सकेको खण्डमा मात्र कार्यक्रम सफल भएको अनुभूति हुने हुँदा महान्यायाधिवक्ताको कार्यालयले सरकारी वकीलहरुबाट उत्कृष्ट कार्य सम्पादनको अपेक्षा गरेको कुरा ब्यक्त गर्नु भएको थियो ।

## ३. पारित प्रस्ताव

मिति २०७४ साल चैत्र ७ गते बाँकेको नेपालगंजमा सञ्चालित प्रदेश नं. ७, ६ र प्रदेश नं. ५ का बाँके र बर्दिया जिल्लामा रहेका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरुमा कार्यरत सरकारी वकीलहरुको बार्षीक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रममा सहभागी तथा पर्यवेक्षकहरु बीच छलफल तथा प्राप्त सुझावहरु समेतको आधारमा देहायका प्रस्ताव पारित गरियो:

१. सरकारी वकीलको सेवा व्यवसायिक एवं विशेषज्ञ प्रकृतिको भएकोले सरकारी वकीललाई छुट्टै विशिष्टीकृत सेवाको रुपमा विकास गर्न जरुरी छ । संविधानको धारा १६१ मा सरकारी वकील तथा महान्यायाधिवक्ता मातहतका अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था संघीय ऐन बमोजिम हुनेछ भन्ने व्यवस्था भएको सन्दर्भमा सरकारी वकील तथा सरकारी वकील कार्यालयमा कार्यरत कर्मचारीहरुको सेवाको सुरक्षा, वृत्ति विकास र सेवा प्रतिको आकर्षण कायम राख्न र अन्यत्र पलायन हुन नदिनका साथै सरकारी वकीललाई व्यवसायिक, प्रतिस्पर्धी, आकर्षीत र मर्यादित बनाउन सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक सुविधा तथा सेवाका शर्त सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयवाट तयार भएको कानूनको मस्यौदालाई आवश्यक परिमार्जन गरी महान्यायाधिवक्ताको कार्यालयले प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत यथाशिघ्र कारबाही अगाडि वढाई संघीय संसदवाट पारित गर्न आवश्यक पहल गर्ने ।

२. २०७५ साल भदौ १ गते देखि लागू हुन गइरहेको मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ समेतका संहिताहरुको कार्यान्वयनको क्रममा सरकारी वकीलहरुको कार्यबोझ एवं जिम्मेवारी बढ्न जाने, कार्य पद्धतिमा समेत फरक पर्न जाने परिप्रेक्षमा संहिताहरुका वारेमा सरकारी वकीलहरुलाई प्रशिक्षण प्रदान गर्ने क्रममा प्रदेश नं. ७, ६ तथा प्रदेश नं. ५ नं.का बाँके र बर्दिया जिल्लाका सरकारी वकीलहरुलाई लक्षित गरी नेपालगंजमा मिति २०७४।१२।२ गते देखि ६ गते सम्म संचालित संहिता सम्बन्धी प्रशिक्षण कार्यक्रम प्रभावकारी रहेको छ । यस्तो प्रशिक्षण कार्यक्रम सवै सरकारी वकीलहरुलाई प्रदान गर्ने ।

संहिता सम्बन्धी प्रशिक्षण कार्यक्रम सरकारी वकील कार्यालयमा कार्यरत सहायक स्तरका कर्मचारीहरुलाई समेत प्रदान गर्न महान्यायाधिवक्ताको कार्यालयले व्यवस्था मिलाउने ।

संहिता बमोजिम तयार गर्नुपर्ने नियमावली तथा निर्देशिका संहिता कार्यान्वयन हुनु अगावै तयार गरी लागू गर्ने सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयले आवश्यक पहल गरी नयां बनेका नियमावली, निर्देशिका समेतलाई समेटी संहिता लागू हुनु पूर्व सरकारी वकीलहरुलाई छोटो अवधिको भए पनि पुनः प्रशिक्षण दिने ।

संहितावाट वृद्धि हुने कार्यबोझ समेतलाई दृष्टिगत गरी सरकारी वकील कार्यालयहरुको दरबन्दी र स्रोत साधन वृद्धि गर्न संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी स्वीकृत गर्ने तर्फ महान्यायाधिवक्ताको कार्यालयले तत्काल कार्य थालनी गरी कार्यान्वयन गर्ने ।

निकट भविष्यमा लागू हुन गईरहेका मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लगायतका कानून कार्यान्वयनको सन्दर्भमा र कार्यक्षेत्रमा आउने अन्य कानूनी अस्पष्टता र द्विविधा निवारण गरी कार्यगत एकरुपता कायम गर्न महान्यायाधिवक्ताको कार्यालयले जिम्मेवार अधिकारी (Focla Person) तोकी हेल्पडेस्क खडा गर्ने ।

संहिताहरुमा कतिपय व्यवस्थाहरु अस्पष्ट, विरोधाभाषपूर्ण र अव्यवहारिक रहेको पाईएकोले संहितामा आवश्यक संशोधन गर्ने प्रस्ताव तयार गर्न, कतिपय विशेष कानूनका व्यवस्था संहिताको व्यवस्थासंग अमिल्दा भएकाले द्विविधा उत्पन्न हुने हुँदा संहिता लागू हुनु भन्दा पूर्व अन्तरप्रभावी कानुनहरु संशोधन गर्ने प्रस्ताव तयार गर्न महान्यायाधिवक्ताको कार्यालयवाट आवश्यक पहल गर्ने ।

३. अहिलेको सूचना प्रविधिको युगमा यसको उच्चतम प्रयोग गरी सरकारी वकीलको काम कारवाही एवं अभिलेखलाई सूचना प्रविधिमा आवद्ध गर्ने, सूचना प्रविधिको प्रयोगको माध्यमवाट सरकारी वकीलको लागि आवश्यक सामग्री उपलब्ध हुनसक्ने भएवाट महान्यायाधिवक्ताको कार्यालय र मातहत सरकारी वकील कार्यालयहरु वीच सूचना प्रविधिको विद्युतीय सञ्जालीकरण गरी आवद्ध हुन जरुरी भएकाले महान्यायधिवक्ताको कार्यालयवाट आवश्यक व्यवस्था मिलाउने साथै महान्यायाधिवक्ताको कार्यालयवाट प्रयोगमा ल्याइएको मुद्दा व्यवस्थापन प्रणाली (CMS) सम्बन्धी सफ्टवेयरको प्रयोग गर्न आवश्यक तालिम दिलाई सफ्टवेयरमा मुद्दाको प्रविष्टी गर्ने कार्यलाई सवै सरकारी वकील कार्यालयहरुले उच्च प्राथमिकता दिई मुद्दा प्रविष्टीलाई दैनिक रुपमा अध्यावधिक (Up to Date) गर्ने ।

४. महान्यायाधिबक्ताको कार्यालयको दोस्रो पञ्चबर्षीय रणनीतिक योजना मातहत कार्यालययहरुवाट समेत कार्यान्वयन गर्न उच्च तथा जिल्ला सरकारी वकील कार्यालयहरुको लागि यस आ. ब. २०७४र०७५ को लागि कार्ययोजना सहित बजेट व्यवस्था गरिएकोमा

यसको कार्यान्वयनको स्थितिका वारेमा कार्यालयगत रुपमा व्यापक छलफल गरियो । रणनीतिक योजनाको प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

५. कार्यालयलाई प्राप्त बजेटको उच्चतम् उपयोग गर्ने, दुरुपयोग हुन नदिने र कार्यालयमा रहेका कम्प्युटर, फोटोकपी, प्रिन्टर, फर्निचर लगायतका भौतिक सामग्रीहरुको उच्चतम सदुपयोग, संरक्षण र सम्बर्द्धन गर्ने ।

६. कार्यालय भवनको निर्माण सम्पन्न भएका उच्च तथा जिल्ला सरकारी वकील कार्यालयका भवनको सरसफाइ र सम्बर्द्धन गर्ने तर्फ सम्बन्धित कार्यालय प्रमुखले क्रियाशिलता देखाउने, निर्माणाधिन भवनहरुको निर्माण कार्यलाई तिब्रता दिइ समयै निर्माण कार्य सम्पन्न गर्ने, कार्यालयको नाममा जग्गा भएका र नयाँ भवन निर्माण गर्न आवश्यक रहेका कार्यालयहरुले भवन निर्माण सम्बन्धी पूर्व तयारी गरी आवश्यक कागजात सहित बजेट व्यवस्थाका लागि महान्यायाधिवक्ताको कार्यालयमा समयमानै लेखी पठाउने साथै कार्यालयको नाममा जग्गा नभएका कार्यालयहरुले जग्गा व्यवस्थापन र प्राप्ति कसरी गर्न सकिन्छ भन्ने प्रस्ताव र सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा लेखी पठाई महान्यायाधिवक्ताको कार्यालयले जग्गा उपलब्ध गराउने तर्फ आवश्यक पहल गर्ने ।

७. प्राय सबै सरकारी वकील कार्यालयहरुमा हाल सवारी साधन उपलब्ध भएकोमा यसको समुचित प्रयोग र संरक्षण गर्ने तर्फ सम्बन्धित कार्यालय प्रमुख चनाखो रहने । यस्ता सवारी साधनको दुरुपयोग हुन नदिने, तालुक कार्यालयको अनुमति विना सवारी साधन जिल्ला वा क्षेत्र बाहिर नलाने, अनुमति बिना सवारी अन्यत्र लगी दुरुपयोग भएमा सो को जिम्मेवारी कार्यालय प्रमुखले लिने । कार्यालयहरुमा सवारी साधन भएका तर सवारी चालकको दरबन्दी नरहेको अवस्था हुँदा सवारी चालकको दरबन्दीको व्यवस्था हुनका साथै सवारी साधन उपलब्ध हुन नसकेका अधिकृत स्तरका सरकारी वकीललाई कम्तिमा पनि मोटरसाईकलको उपलब्धता हुने गरी महान्यायाधिवक्ताको कार्यालयले आवश्यक व्यवस्था गर्ने ।

८. सीमित स्रोत र साधनको उच्चतम् उपयोग गरी संविधान र कानूनले सरकारी वकीललाई सुम्पिएको जिम्मेवारी कुशलतापूर्वक निर्वाह गर्ने सम्बन्धमा उच्च तथा जिल्ला समन्वय समिति लगायत सम्बद्ध कार्यालय तथा अधिकारीसंग समन्वय, सहयोग र सहकार्य गरी कार्य गर्ने ।

९. कार्यालय प्रमुखले तालुक कार्यालयको र अन्य कर्मचारीहरुले कार्यालय प्रमुखको अनुमति विना मुकाम नछाड्ने ।

१०. फैसला भएका मुद्दाहरुका फैसलाको प्रतिलिपि प्राप्त गर्न सक्रियता देखाई समयमा नै पुनरावेदन तथा मुद्दा दोर्होयाउने सम्बन्धी कारबाही गर्ने । साथै अदालतवाट भएका अन्तरकालीन आदेश उपर निवेदन गर्नु पर्नेमा तुरुन्त आदेश प्राप्त गरी यस सम्बन्धी कारबाही अगाडि बढाउने ।

११. मुद्दा चलाउने वा नचलाउने निर्णय, आधार र कारण खुलाई वस्तुपरक ढंगले गर्ने । सवुत प्रमाणको अभावमा मुद्दा नचलाउने निर्णय गरेको अवस्थामा मुद्दाको मिशिल महान्यायाधिवक्ताको कार्यालयमा पुगी निर्णय भई मुद्दा दायर गर्नुपर्ने अवस्थालाई विचार गरी हदम्याद ननाघ्ने गरी समयमा नै निर्णय गरी मिशिल पठाउने ।

१२. कार्यालयको अनुगमन तथा निरीक्षणको कार्यलाई थप प्रभावकारी वनाउन सम्बन्धित उच्च सरकारी वकील कार्यालयहरुले आफ्नो मातहतका जिल्ला सरकारी वकील कार्यालयहरुको नियमित रुपमा निरीक्षण गरी त्यस्ता कार्यालयको काम कारबाही, भौतिक अवस्था, विद्यमान समस्याको पहिचान र समाधानका सुझाव सहित महान्यायाधिवक्ताको कार्यालयमा प्रतिवेदन पेश गर्ने ।

१३. कार्यालय प्रमुखले आफ्नो कार्यालयको कामसंग सम्बन्धित गुनासा व्यवस्थापन गर्ने, सरकारी वकीलहरुको लागि महान्यायाधिवक्ताको कार्यालयवाट जारि गरिएको आचार संहिताको परिपालना गर्ने, गराउने साथै बाल अधिकार र पक्षको गोपनीयता कायम गर्ने तर्फ विशेष ध्यान पुर्याउने ।

# सरकारी वकीलहरूको केन्द्रीय अनुशिक्षण तथा बार्षिक कार्यसमीक्षा कार्यक्रममा पेश भएका कार्यपत्रहरू

## १. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चबर्षीय रणनीतिक योजना (२०७३।०७४-२०७८।०७९) को दोस्रो वर्षको चैत्र महिनासम्मको कार्यान्वयनको समीक्षा

**नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल**

### परिचय

महान्यायाधिवक्ताको कार्यालयको कार्य सम्पादनलाई प्रभावकारी र नतिजामुखी बनाउन आ.व.२०७३।०७४-२०७८।०७९ का लागि दोस्रो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा गरिएको छ। सो योजनाको कार्यान्यवयनको दोस्रो वर्षको हालसम्मको कार्यान्वयनको अवस्था र योजना कार्यान्वयनसंग सान्दर्भिक अन्य विषयहरू समेत समावेश गरी संक्षिप्त समीक्षा गर्ने उद्देश्यले यो कार्यपत्र तयार गरिएको छ।

### परिदृश्य (Vision)

व्यावसायिक, प्रभावकारी र जनविश्वास प्राप्त संस्थाको रूपमा स्थापित भई कानूनको शासन प्रवर्द्धन गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिदृश्य हुनेछ।

### परिलक्ष्य (Mission)

फौजदारी मुद्दाको अनुसन्धानमा नेतृत्वदायी भूमिका, स्वच्छ र प्रभावकारी अभियोजन, सुदृढ प्रतिरक्षा प्रणाली एवं व्यावसायिक कानूनी राय प्रदान गर्ने संस्थाको रूपमा विकास गर्नु महान्यायाधिवक्ताको कार्यालयको परिलक्ष्य हुनेछ।

### लक्ष्य र रणनीतिहरू

प्रस्तुत योजनामा चार वटा लक्ष्य निर्धारण गरिएको छ। उक्त लक्ष्य प्राप्त गर्नका लागि २९ वटा रणनीतिहरू र सोको कार्यान्वयनका लागि विभिन्न क्रियाकलापहरू निर्धारण गरिएको छ :

लक्ष्य १: सरकार वादी मुद्दाको अभियोजनलाई वस्तुगत र प्रभावकारी बनाउने,

### लक्ष्य प्राप्तिका रणनीतिहरू

- स्वच्छ सुनुवाइका आधारभूत मान्यता अनुरूप सरकारी वकीलको भूमिका प्रभावकारी बनाउने,
- शंकित (suspect) का आधारभूत अधिकारहरूको संरक्षण गर्ने,
- सरकार वादी मुद्दाको अनुसन्धानलाई वस्तुगत र प्रभावकारी बनाउन सरकारी वकीलको नेतृत्वदायी भूमिका स्थापित गर्ने,

- वस्तुगत प्रमाणका आधारमा अभियोजन गर्ने,
- न्यायमा पहुँच अभिवृद्धि गर्न पीडित र साक्षीको संरक्षण गर्ने,
- अभियोजन कार्यको प्रभावकारी अनुगमन गर्ने ।

**लक्ष्य २: सरकार वादी मुद्दा र रिटको प्रतिरक्षामा प्रभावकारी प्रतिनिधित्व गर्ने, लक्ष्य प्राप्तिका रणनीतिहरू**

- मुद्दासँग सम्बन्धित साक्षी, प्रमाणको प्रस्तुती र परीक्षण प्रभावकारी रूपमा गर्ने,
- मुद्दाको मिसिल अद्यावधिक गर्ने,
- पुनरावेदन तथा निवेदन गर्ने नगर्ने सम्बन्धी प्रस्तावको सञ्चार एवं निर्णय प्रक्रिया स्वचालित बनाउने,
- सरकार वादी र सरकारको हक, हित र सरोकार रहेका मुद्दा र रिटमा प्रतिनिधित्व प्रभावकारी रूपमा गर्ने,

**लक्ष्य ३: सरकारी वकीलको पेशालाई व्यावसायिक बनाउने, लक्ष्य प्राप्तिका रणनीतिहरू**

- सरकारी वकील तथा अन्य कर्मचारीको नियुक्ति, सेवा, शर्त सम्बन्धी कानूनको तर्जुमा गरी लागू गराउन पहल गर्ने,
- सरकारी वकीलहरूको स्वतन्त्रता र उन्मुक्तिको संरक्षण र सम्वर्द्धन गर्ने,
- सरकारी वकीलहरूलाई विषयगत विशिष्टीकरण गर्ने,
- कार्यबोझका आधारमा जनशक्ति व्यवस्थापन गर्ने,
- सरकारी वकील कार्यालयहरूमा कार्यरत कर्मचारीको क्षमता विकास गर्ने,
- कानूनी राय प्रदान गर्न संस्थागत क्षमता विकास गर्ने,
- क्षमता विकासका लागि निरन्तर सिकाइ विधि अवलम्बन गर्ने,

**लक्ष्य ४: महान्यायाधिवक्ताको कार्यालय तथा मातहत सरकारी वकील कार्यालयहरूको संस्थागत सुदृढीकरण गर्ने ।**

लक्ष्य प्राप्तिका रणनीतिहरू

- महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको संगठनात्मक संरचना पुनरावलोकन गर्ने
- महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूको भौतिक पूर्वाधार विकास गर्ने,
- सरकारी वकील कार्यालयहरूको कार्यसम्पादनलाई सूचना तथा सञ्चार प्रविधि पद्धतिमा आबद्ध गर्ने,
- सरोकारवालाहरूसँगको समन्वयलाई प्रभावकारी बनाउर्ने,
- महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरूबाट हुने सेवा प्रवाहलाई गुणस्तरीय बनाउने,

- महान्यायाधिवक्ताको कार्यालय तथा मातहतका सरकारी वकील कार्यालयमा पुस्तकालय स्थापना र व्यवस्थापन गर्ने,
- मानव संशाधनको व्यवस्थापन र विकास गर्ने,
- अभियोजन प्रशिक्षण केन्द्रको संस्थागत विकास गर्ने,
- अपराधशास्त्रीय अनुसन्धान केन्द्र स्थापना गरी संस्थागत गर्ने,
- अनुसन्धान तथा प्रकाशन महाशाखाको स्थापना र सुदृढीकरण गर्ने,
- सरकारी वकील कार्यालयको सुरक्षा व्यवस्था गर्ने
- योजना कार्यान्वयन संयन्त्र निर्माण र कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली सुदृढ बनाउने,

## योजनाले प्रक्षेपण गरेको बजेट

योजना कार्यान्वयनका लागि बजेटको प्रक्षेपण योजनाले आगामी पाँच वर्षका लागि योजना कार्यान्वयन गर्न ३ अर्व ८१ करोड ९० लाख ४५ हजार बजेट प्रक्षेपण भएको छ । पहिलो वर्षका लागि योजनाले प्रक्षेपण गरेका रकम रु ८४,९२,७४,०००। मध्ये यस वर्षका लागि करिव ५४ प्रतिशत रकम मात्र प्राप्त भएको थियो । यस वर्षका लागि प्रक्षेपित वार्षिक बजेट ८६३४९९०००।- मध्ये ५२ प्रतिशत बजेट प्राप्त भयो । त्यसका अलावा केही कार्यक्रमका लागि सहयोगी निकायहरूको सहयोग प्राप्त भयो । कतिपय कार्यक्रमहरू महान्यायाधिवक्ताको कार्यालयका जनशक्तिबाट विना बजेट पनि सम्पन्न गर्न सकिएको छ ।

### सरकारी प्रतिबद्धता

१. नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा महान्यायाधिवक्ताको कार्यालयको रणनीतिक योजना कार्यान्वयन गर्दै सरकार वादी मुद्दाको अनुसन्धान र अभियोजनलाई थप प्रभावकारी बनाइने छ । चौधौं योजनामा समेत रणनीतिक योजना कार्यान्वयनका लागि प्रतिबद्धता प्रकट भएको छ। यी विषयले महान्याायधिवक्ताको कार्यालयको संस्थागत सुधारमा सरकारको तर्फबाट सहयोग प्राप्त हुने अपेक्षा राख्न सकिन्छ ।

२. महान्यायाधिवक्ताको कार्यालयको वार्षिक कार्यक्रमलाई दोस्रो पञ्चवर्षीय रणनीतिक योजनासँग आबद्ध गरिएको छ ।

### संस्थागत व्यवस्था

३. महान्यायाधिवक्ताको कार्यालयमा योजना, अनुसन्धान तथा अनुगमन विभागका नायब महान्यायाधिवक्ताज्यूको नेतृत्वमा रणनीतिक योजना कार्यान्वयन समिति गठन भएको छ। योजना, अनुसन्धान तथा अनुगमन महाशाखा अन्तर्गत योजना कार्यान्वयन समितिको सचिवालयको स्थापना भएको छ । यो सचिवालयलाई आवश्यक स्रोत साधनले उपलब्ध गराउन थालिएको छ । योजना कार्यान्वयन सम्बन्धी कार्यक्रममा सबै तहका सरकारी वकील र कर्मचारीहरूको सहभागीता गराउने प्रयास गरिएको छ ।

## वार्षिक कार्ययोजना

४. महान्यायाधिवक्ताको कार्यालय समेतका सरकारी वकील कार्यालयहरूको वार्षिक कार्ययोजना स्वीकृत भई दोस्रो बर्षको कार्यक्रम कार्यान्वयनको क्रममा रहको छ । यस वर्षदेखि योजनाले निर्धारण गरेका कार्यक्रमहरू सबै सरकारी वकील कार्यालयबाट सम्पादन गर्नका लागि कार्यक्रम बजेटको व्यवस्था गरिएको छ । यो वर्ष १५ वटा उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र ६७ वटा जिल्ला सरकारी वकील कार्यालयले वार्षिक कार्यान्वयन योजना तयार गरेका छन् । योजना कार्यान्वयनको अवस्थाका बारेमा सबै कार्यालयहरूबाट प्राप्त हुने विवरणका आधारमा वार्षिक प्रतिवेदनमा उल्लेख हुनेछ ।

## हालसम्म वार्षिक कार्ययोजना नपठाउने कार्यालयहरूः

(क) उच्च सरकारी वकील कार्यालयहरूः बाग्लुङ्ग, दिपायल, विरगञ्ज ।

(ख) जिल्ला सरकारी वकील कार्यालयहरूः उदयपुर, सप्तरी, धनुषा, नवलपरासी बर्दघाट सुस्ता पश्चिम, नवलपरासी बर्दघाट सुस्ता पूर्व, सर्लाही, नुवाकोट, रामेछाप, दैलेख,रुकुम पूर्वी भाग ।

## नियम, नीति तथा निर्देशिकाहरू

५. अभियोजनमा स्तरीयता एवम् एकरूपता कायम गर्ने समेतको उद्देश्य राखी तयार गरिएको अभियोजन नीति र मार्गदर्शनको स्वीकृत भई सबैलाई सञ्चार गरिएको छ । सरकारी वकील र कर्मचारीहरूको आउने उजुरी तथा गुनासो व्यवस्थापनका लागि निर्देशिका जारी भएको छ । सरकारी वकीलको कार्य सम्पादन सुधारका लागि माननीय महान्यायाधिवक्ताज्यूबाट विशेष निर्देशन जारी भएको छ ।

## मानव संशाधन विकास

६. सरकारी वकीलको सेवामा नयाँ प्रवेश गर्ने ३१ जना अधिकृतहरूलाई सरकारी वकीलको कार्य सम्पादनसंग सम्बन्धित आधारभूत विषयमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको छ । यस वर्ष सीप विकास गराउने कार्यक्रम अन्तर्गत १० जना सरकारी वकील तथा कर्मचारीहरूलाई सवारी साधन सिक्ने अवसर उपलव्ध भएको छ ।

७. विद्यमान फौजदारी न्याय प्रणाली र न्याय प्रशासनलाई रूपान्तरण गर्न २०७५ भदौ १ गतेदेखि लागू हुनेगरी मुलुकी अपराध (संहिता) ऐन, २०७४, फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ संसदबाट पारित भैसकेको अवस्थामा उक्त कानूनहरूको कार्यान्वयनको लागि पूर्व तयारी गर्ने उद्देश्यले ४५ जना सिनियर सरकारी वकीलहरूको लागि प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भैसकेको छ । उक्त संहिता निर्माणमा संलग्न विज्ञहरू पूर्व महान्यायाधिवक्ता श्री

बद्रीबहादुर कार्की र नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलले सो विषयमा मिति २०७४ पौष ७ मा प्रवचन समेत दिनु भएको छ ।

राष्ट्रिय न्यायिक प्रतिष्ठानबाट यस वर्ष सरकारी वकीलहरूका लागि मात्र लक्षित गरी सञ्चालित पाँच दिवसीय अपराध संहिता सम्बन्धी प्रशिक्षणमा ३१ जना सरकारी वकीलहरू संलग्न भएका थिए ।

८. महान्यायाधिवक्ताको कार्यालयको आयोजनामा नेपाल बार एशोसियसननसँग सहकार्य गरी संगठित अपराध, वित्तीय अपराध र अपराध संहिताको बारेमा एक दिवसीय अन्तर्क्रिया कार्यक्रम आयोजना गरीएको थियो ।

९. अपराध संहिता समेतका उल्लेखित ऐनका नविनतम व्यवस्थाहरूले नेपालको फौजदारी न्याय प्रशासनमा आयामिक परिर्वतन गर्दै नेपाल सरकार वादी हुने मुद्दाहरूको सूचीमा समेत बृद्धि गरेको  छ । सरकार वादी हुने फौजदारी कसूर सम्वन्धी मुद्दाको अनुसन्धान प्रक्रिया, अनुसन्धान गर्ने अधिकारी, अभियोजन प्रक्रिया तथा न्यायिक कारवाहीमा पालना गर्नंपर्ने सिद्धान्त र अवलम्वन गर्नुपर्ने कार्यविधिका सम्बन्धमा समेत ब्यापक परिर्वतन गरेको छ । सरकारी वकीलहरू अर्थात अभियोजन कर्ताहरूलाई उल्लेखित संहिता तथा ऐन लागू हुनु पूर्व नै सो मा भएका नयाँ ब्यवस्थाका सम्बन्धमा साक्षात्कार गराउदै आगामी दिनमा सरकारवादी फौजदारी मुद्दाको प्रभावकारी प्रतिरक्षा गर्ने सम्बन्धमा अभ्यस्त पार्न प्रशिक्षण कार्यक्रमको आवश्यकता महसुस गरी महान्यायाधिवक्ताको कार्यालयले चरणवद्ध रूपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने योजना बमोजिम उक्त प्रशिक्षण कार्यक्रमहरू देहायका मिति, स्थानमा सम्पन्न भएको छ ।

| क्र.सं. | मिति | स्थान | सहभागी संख्या | समूह | संयोजक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | २०७४।११।२-६ | काठमाडौं | ३१ | १ | सहन्यायाधिवक्ता श्री गोपालप्रसाद पराजुली | NJA बाट संचालित |
| २ | २०७४।११।१४-१९ | काठमाडौं | ३० | १ | सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली | |
| ३ | २०७४।११।२३-२८ | काठमाडौं | २७ | १ | सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली | |
| ४ | २०७४।१२।२-६ | नेपालगञ्ज | ४७ | २ | नायव महान्यायाधिवक्ता श्री खगराज पौडेल | |
| ५ | २०७४।१२।१२-१६ | पोखरा | ४५ | २ | नायव महान्यायाधिवक्ता श्री गणेशबाबु अर्याल | |
| ६ | २०७४।१२।२०-२४ | विराटनगर | ५५ | २ | नायव महान्यायाधिवक्ता श्री किरण पौडेल | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ७ | २०७४।१२।२३-२७ | काठमाडौं | ३१ | १ | सहन्यायाधिवक्ता<br>श्री विश्वराज कोइराला | |
| ८ | २०७५।०१।०९-१३ | काठमाडौं | ३५ | १ | सहन्यायाधिवक्ता<br>श्री पदमप्रसाद पाण्डे | |
| ९ | २०७५।०१।१४-१८ | काठमाडौं | ३५ | १ | सहन्यायाधिवक्ता<br>श्री नारायणप्रसाद पौडेल | |

**१०. सरकारी वकीलहरूको वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रमहरूः**

प्रत्येक बर्ष नियमित रूपमा महान्यायाधिवक्ताको कार्यालयले क्षेत्रीय तथा केन्द्रीय स्तरमा सरकारी वकीलहरूको बार्षिक कार्य समीक्षा तथा अनुशिक्षण लगायतका कार्यक्रम सञ्चालन गर्दै आएकोमा यस वर्षदेखि प्रदेश स्तरीय बार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम देहायका मिति स्थानमा सम्पन्न भइसकेको छ ।

| क.सं. | मिति | स्थान | प्रदेशहरू |
|---|---|---|---|
| १. | २०७४।१२।७ | नेपालगञ्ज | प्रदेश नं. ६ र ७ तथा प्रदेश नं. ५ को बाँके र बर्दिया जिल्ला |
| २. | २०७४।१२।१७ | पोखरा | प्रदेश नं. ४ र ५ का बाँके र बार्दिया बाहेकका जिल्लाहरू |
| ३. | २०७४।१२।२५ | विराटनगर | प्रदेश नं. १ र २ |
| ४. | २०७४।१२।२८ | काठमाडौं | प्रदेश नं. ३ |
| ५ | २०७५।०१।०८ | काठमाडौं | केन्द्रीय अनुशिक्षण |

११. काठमाडौं उपत्यका र उपत्यका बाहिरका  राजपत्र अनङ्कित कर्मचारीका लागि २ दिवसीय प्रशिक्षण कार्यक्रम महान्यायाधिवक्ताको कार्यालयको सभाहलमा ३० जना सहभागीका लागि २०७४ फागुन २९ र ३० गते तथा उच्च सरकारी वकील कार्यालय जनकपुरको सभाहलमा २५ जना सहभागीका लागि २०७४ चैत्र १ र २ गते सम्पन्न भएको छ ।

१२. अर्द्धन्यायिक निकाय र सरकारी मुद्दा सम्वन्धी ऐन, २०४९ को अनुसूची बाहिरका सरकारवादी फौजदारी मुद्दाका सम्वन्धमा सो मुद्दाको अनुसन्धान र अभियोजन गर्ने केन्द्रीय तहका पदाधिकारीहरूसंग हालै जारी भएको मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयन समेतका विषयमा छलफल गरी साझा धारण विकास गराउन एक दिवसीय राष्ट्रिय कार्यशाला २०७४ चैत्र २९ गते काठमाडौंमा सम्पन्न भएको छ ।

१३. मिति २०७४ पौष ८ गते सम्मननीय प्रधानन्यायाधिशज्यूको प्रमुख आतिथ्यमा महान्यायाधिवक्ताको कार्यालयको स्थापना दिवस मनाइयो । सो सम्मेलनमा सरकारी वकीलको राष्ट्रिय सम्मेलन र अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी

वकीलहरूको राष्ट्रिय सम्मेलनबाट पारित प्रस्तावहरूको कार्यान्वयनको अवस्थाको बारेमा छलफल गरियो । सो कार्यक्रममा पूर्व महान्यायाधिवक्ता श्री यूवराज संग्रौला, वरिष्ठ अधिवक्ता प्रा.डा. श्री सूर्यप्रसाद ढुङ्गेल समेतको प्रस्तुती रहेको थियो ।

१४. सरकारी वकील र नेपाल प्रहरीको महिला तथा बालबालिका सेल बीच महिला पिडित भएको वा महिला संलग्न भएको मुद्दामा अपराध अनुसन्धान एवं अभियोजन गर्दा ध्यान दिनुपर्ने विषयका सम्वन्धमा छलफल गरी कार्यसम्पादनमा सुधार ल्याउनका लागि काठमाडौंमा एक दिवसीय अन्तर्क्रिया कार्यक्रमा २०७५ बैशाख १४ गते आयोजन गर्ने तय भएको छ ।

**१५. संहिता कार्यान्वयनका सन्दर्भमा भएका प्रयासहरू**

संहितामा भएको मुलभूत व्यवस्थाका सम्वन्धमा विषयगत रूपमा संहिताका सारवान पक्ष कार्यविधिगत व्यवस्था तथा व्यवहारिक पक्ष समेतमा विद्वान वरिष्ठ सरकारी वकीलहरूवाट कार्यपत्र तयार पारी स्रोत सामाग्रीको रूपमा पुस्तक प्रकाशन गरिएको छ ।

फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ ले ऐन कार्यान्वयन गर्न अनुसन्धानको विषयमा महान्यायाधिवक्ताको परामर्श लिई नेपाल सरकारले नियम वनाउन सक्ने तथा ऐन बमोजिम सम्पादन हुने काम कारवाहीलाई सरल, स्पष्ट र सुव्यवस्थित गर्न अनुसूची १ वा २ अन्तर्गतका कसूर सम्वन्धी मुद्दाको अनुसन्धान एवं अभियोजन सम्वन्धमा महान्यायाधिवक्ताको राय लिई नेपाल सरकारले तथा उल्लेखित अनुसूची अर्न्तगतका कसूर सम्वन्धी मुद्दाको बहस, पैरवी, प्रतिरक्षा, कानूनी रायका सम्वन्धमा यसैगरी मुद्दा फिर्ता सम्वन्धमा र माफिका सम्वन्धमा महान्यायाधिक्ताको परामर्शमा नेपाल सरकारले निर्देशिका बनाई लागू गर्न सक्ने व्यवस्था बमोजिम सम्वद्ध विषयमा कार्यदल गठन भई नियम तथा निर्देशिकाको मस्यौदा तयारी अन्तिम चरणमा पुगेको छ । कार्यदलको सूची देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| क्र.सं | कार्यदलको नाम | अनुगमन कर्ता | संयोजक |
|---|---|---|---|
| १ | मुलुकी फौजदारी कार्यबिधि (संहिता) ऐन, २०७४ को दफा १९६(१) अनुसार सो ऐनको कार्यान्वयनका लागि अनुसन्धानका विषय | नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | नायव महान्यायाधिवक्ता श्री किरण पौडेल |
| २ | मुलुकी फौजदारी कार्यबिधि (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ का कसूर सम्बन्धी मुद्दाको अनुसन्धान एवं अभियोजनका विषयमा | नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | सहन्यायाधिवक्ता श्री पदमप्रसाद पाण्डे |
| ३ | मुलुकी फौजदारी कार्यबिधि (संहिता) ऐन, २०७४ को अनुसूची १ र २ का मुद्दाको वहस पैरवी, प्रतिरक्षा, कानूनी रायका सम्बन्धमा | नायव महान्यायाधिवक्ता श्री खगराज पौडेल | सहन्यायाधिवक्ता श्री गणेश वावु अर्याल |

| क्र.सं | कार्यदलको नाम | अनुगमन कर्ता | संयोजक |
|---|---|---|---|
| ४ | मुद्दा फिर्ता सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार | नायव महान्यायाधिवक्ता श्री किरण पौडेल | सहन्यायाधिवक्ता श्री विश्वराज कोईराला |
| ५ | माफी सम्बन्धमा निर्देशिकाको मस्यौदा तयार | नायव महान्यायाधिवक्ता श्री बद्री प्रसाद गौतम | सहन्यायाधिवक्ता श्री नारायण प्रसाद पौडेल |
| ६ | उल्लेखित संहिता ऐनले पार्ने असर समेतका आधारमा महान्यायाधिवक्ताको कार्यालय तथा अन्तर्गत वकील कार्यालयले संचालनमा ल्याएका मासिक तथा बार्षीक प्रतिवेदनका ढाँचाहरु तथा अभिलेख पुस्तिकाहरु र दायरी कितावहरुमा गर्नुपर्ने परिर्वतन समेतका विषयमा | नायव महान्यायाधिवक्ता श्री खगराज पौडेल | सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी |
| ७ | उल्लिखित संहिता ऐनले पार्ने प्रभाव समेतका आधारमा सरकारी वकील सम्बन्धी नियमावली, महान्यायाधिवक्ताको कार्यालयको कार्य संचालन निर्देशिका, आवश्यक पर्ने जनशक्तिको प्रक्षेपण लगायत आवश्यक विषयमा | नायव महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | सहन्यायाधिवक्ता श्री श्यामकुमार भट्टराई |

## संरचनागत सुधार

१६. संघीय संरचनामा महान्यायाधिवक्ताको कार्यालयको संगठन संरचना र कार्यप्रणालीका सम्वन्धमा अध्ययन प्रतिवेदन प्राप्त भएको छ । महान्यायाधिवक्ताको कार्यालय, अपराधशास्त्रीय अनुसन्धान केन्द्र, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं र थप भएका दुई वटा उच्च सरकारी वकील कार्यालयको दरबन्दीको बारेमा संगठन तथा व्यवस्थापन सर्वेक्षण भइ ६ जना सहन्यायाधिवक्ता र १४ जना उपन्यायाधिवक्ता सहित दरबन्दी स्वीकृतिको प्रक्रियामा रहेको छ। रुकुम पूर्वी भागका लागि ११ जना र नवलपरासी बर्दघाट सुस्ता पूर्वका लागि १४ जनाको दरबन्दी तथा संगठन संरचना स्वीकृत भइसकेको छ। नयाँ संवैधानिक व्यवस्थाको कार्यान्वयनको क्रममा महान्यायाधिवक्ताको कार्यालय र मातहतको समग्र संरचनाको पुनरावलोकन गर्नु पर्ने आवश्यकता देखिएको छ। यसका लागि तत्कालै संगठन तथा व्यवस्थापन सर्वेक्षण गर्नु पर्ने आवश्यकता देखिएको छ।

१७. महान्यायाधिवक्ताको कार्यालय र सरकारी वकील कार्यालयका जनशक्तिलाई उत्प्रेरित गर्नका लागि कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको व्यवस्था भएको छ। यसलाई कार्य सम्पादन सूचकसँग आबद्ध गरी नतिजामा सुधार देखाउनु पर्ने अवस्था छ। महान्यायाधिवक्ताको कार्यालय र मातहतको समग्र भौतिक प्रोफायल तयार गरिएको छ।

## सूचना प्रविधिमा सुधार

१८. इ-एटर्नीको अवधारणा कार्यान्वयनका लागि स्रोत प्राप्त भई कार्य प्रारम्भ भएको छ । दुई जना सूचना प्रविधिका विज्ञहरूको करार मार्फत सेवा लिईएको छ । सबै सरकारी वकील कार्यालयका कम्तीमा एक जना कर्मचारीले प्रशिक्षण प्राप्त गर्ने गरी सूचना प्रविधि सम्वन्धी प्रशिक्षण प्रदान गरिरहेको अवस्था छ । यसै वर्ष मात्र १०५ जना सरकारी वकील तथा कर्मचारीहरू सूचना प्रविधि सम्वन्धमा प्रशिक्षित गरिएको छ। उक्त प्रशिक्षण कार्यक्रम देहायका मिति र स्थानमा संचालन भएको थियो ।

| क्र.सं. | मिति | स्थान | सहभागी संख्या | समुह | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७४।१०।२७-२९ | काठमाडौं | ३१ | १ | सेवा प्रवेशका रा.प.तृतिय श्रेणीका लागि |
| २ | २०७४।१२।०७-०९ | काठमाडौं | २४ | १ | रा.प.अनंकितका लागि |
| ३ | २०७४।१२।१५-१७ | धनगढी | २३ | १ | रा.प.अनंकितका लागि |
| ४ | २०७४।१२।२३-२५ | चितवन | २७ | १ | रा.प.अनंकितका लागि |

यसै वर्षदेखि मुद्दा व्यवस्थापन प्रणाली सम्वन्धी सफ्टवेयर लागू भएको छ । आगामी वर्षमा पनि सो कार्यक्रमलाई निरन्तरता प्रदान गरी सबै सरकारी वकील र कर्मचारीलाई कार्यालयले प्रयोगमा ल्याएको मुद्दा सम्बद्ध Case Managenent System (CMS) लगायतका सफ्टवेयरहरूको प्रभावकारी रूपमा प्रयोग गर्न सक्ने गरी प्रशिक्षित गरिने कार्यक्रम समेत रहेको छ। रिट तथा प्रतिरक्षाको विवरण अध्यावधिक गर्न नयाँ सफ्टवेयर तयार गर्ने कार्यक्रम रहेको छ । पेशी व्यवस्थापन र जिन्सी व्यवस्थापन सम्वन्धी अभिलेख व्यवस्थित गर्न नयाँ सफ्टवेयर तयार भएको छ ।

१९. सबै सरकारी वकील कार्यालयका लागि आधारभूत कम्प्युटर उपकरणका लागि बजेट निकासा गरिएको छ । जसमा ल्यापटप, डेस्कटप, प्रिन्टर, इन्भर्टर, राउटर र आवश्यक फर्निचरहरूको एक सेट सबै सरकारी वकील कार्यालयमा हुनेछ । पुस्तकालय र कर्मचारीको अभिलेख व्यवस्थित गर्न विगतमा तयार भएको सफ्टवेयर कार्यान्वयनमा ल्याइएको छ । सरकारी वकीलहरूले आफूले पनि सूचना प्रविधि पद्दतिमा आबद्ध हुन आवश्यक भइसकेको छ ।

## समन्वय बैठक र सम्मेलनहरू

२०. गत वर्ष नेपालका सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन र नेपालका अनुसन्धानकर्ता र अभियोजनकर्ताको प्रथम राष्ट्रिय सम्मेलन समेत गरी दुई वटा राष्ट्रिय सम्मेलन सम्पन्न भई घोषणापत्र जारी भएका थिए । ती घोषणापत्रले सरकारी वकीलको व्यावसायिकता विकास र संस्थागत सुधारका लागि समग्र फौजदारी न्याय प्रणालीमा सुधारको अपेक्षा राखेको

थियो । सम्मेलनबाट पारित भएका घोषणापत्रको कार्यान्वयनका बारेमा सरकारी वकील र कर्मचारीहरूसँग बृहत छलफल भइरहेको छ। २०७४ पौष ८ गते स्थापना दिवसको अवसरमा यसको कार्यान्वयनको अवस्थाको समीक्षा गरिएको थियो ।

२१. उच्च तथा जिल्ला तहका पनि समन्वय समिति गठन गर्ने निर्णय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा बसेको समन्वय समितिले गरिसकेको छ । यहाँहरू सबैले आ-आफ्नो तहको समन्वय समितिहरूलाई क्रियाशील बनाई समन्वय विकास गर्न प्रयासको अपेक्षा गरेको छु । यस वर्ष माननीय महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा केन्द्रीय समन्वय समितिको बैठकहरू देहायको मितिमा बसी देहाएको निर्णय गरियो ।

| क्र.सं. | मिति | निर्णय |
|---|---|---|
| | | १) सरकारवादी फौजदारी मुद्दामा प्रतिवादीको पहिचान खुलाउने सम्बन्धमा :<br>क) फौजदारी अपराधमा अपराधको सूचना देखि अनुसन्धान र अभियोजनको तहसम्म प्रतिवादीको पहिचान खुलाउन तथा खुलाउन लगाई प्रभावकारी अनुसन्धान र अभियोजन सुनिश्चित गर्न उच्च तह र जिल्ला तहको समन्वय समितिलाई निर्देश गर्ने ।<br>ख) पक्राउ परेको व्यक्तिको पहिचान एकीन हुने गरी अभिलेख राखी थुनामा राख्ने व्यवस्थाका लागि सबै प्रहरी कार्यालयलाई जानकारी गराउन प्रहरी प्रधान कार्यालयलाई लेखी पठाउने ।<br>२) नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलन, २०७३ बाट पारित प्रस्तावहरू कार्यान्वयनको अवस्था सम्बन( धमा :<br>अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनबताट पारित घोषणपत्रमा उल्लेखित प्रतिवद्धता कार्यान्यवन गर्न मह( ान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ताको नेतृत्वमा गठित सरकारी वकील र प्रहरी अधिकृतहरू रहेको समन्वय सचिवालयलाई क्रियाशील गराई महान्यायाधिवक्ताको कार्यालयबाट आवश्यक कार्यादेश दिई घोषणा पत्रको कार्यान्वयनलाई प्रभावकारी बनाउने ।<br>३) संहिताको कार्यान्वयनका लागि गर्नु पर्ने तयारी सम्बन्धमा :<br>२०७५ भाद्र १ गते देखि लागू हुने संहिताहरूको कार्यान्वयनका लागि नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयबाट कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान( वयन गर्ने र सो को प्रगती विवरण पेश गर्ने निर्णय गरियो ।<br>क) यी नयाँ संहितामा रहेका व्यवस्थाहरूका सम्वन्धमा अनुसन्धानकर्ताहरूलाई प्रशिक्षण दिने कार्यक्रम अर्न्तगत प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भइसकेको र सातवटै प्रदेशमा अनुसन्धानकर्ताहरूलाई प्रशिक्षण दिने कार्यक्रम रहेको छ ।<br>ख) महान्यायाधिवक्ताको कार्यालयबाट सबै सरकारी वकीलहरूका लागि संहितामा भएका नयाँ व्यवस्थाका सम्वन्धमा देश भरीमा गरी छ चरणमा प्रशिक्षण कार्यक्रम सम्पन्न भइसकेको र बाकी रहेका सरकारी वकीलहरूलाई पनि यही बैशाख १८ गते भित्र सम्पन्न गरीसक्ने गरी कार्यक्रम तय भएको छ । |

| | | |
|---|---|---|
| | | ग) उल्लिखित संहिता कार्यान्वयन गर्न आवश्यक नियम, निर्देशिका एवं कार्यविधि तयारीका लागि विभिन्न सात वटा कार्यदल गठन भई क्रियाशिल रहेको छ ।<br>४) उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय तहमा रहेका समन्वय समितिलाई क्रियाशिल तुल्याउने निर्णय गरियो । |
| २. | २०७४ चैत्र ४ | १. अनुसन्धान र अभियोजनमा समन्वय र सहकार्य गर्ने सम्बन्धमाः<br>क) अनुसन्धानकर्ता र अभियोजनकर्ता वीच प्रभावकारी रूपमासमन्वय र सहकार्य भएको अवस्था नदेखिँदा त्यसतर्फ उच्च तह र जिल्ला तहका समन्वय समिति तथा कार्यालयहरू संवेदनशील र सजग हुन निर्देशन दिने ।<br>ख) जबरजस्ती करणी तथा यौन दुर्व्यवहारका अपराधहरूमा प्रभावकारी अनुसन्धान र अभियोजनका लागि उच्च तथा जिल्ला तहका समन्वय समितिको वैठकबाट अनुसन्धानकर्ता र सरकारी वकीलहरू बीच प्रभावकारी समन्वय र सहकार्य गरी सरोकारवालाहरूको सहयोग लिई अनुसन्धान र अभियोजन कार्य गर्न गराउन निर्देशिन दिने ।<br>२) स्वास्थ्य परिक्षणको सम्बन्धमा :<br>स्वास्थ्य परिक्षण प्रतिवेदनलाई स्पष्ट रूपमा वुझ्न सकिने गरी प्रतिवेदन दिने दिलाउने र उक्त प्रतिवेदन व्यहोरालाई बकपत्रद्वारा समर्थन गरी प्रमा( णयोग्य बनाउनेतर्फ आवश्यक कारवाही गर्नका लागि उच्च तथा जिल्ला तहका समन्वय समितिहरूलाई निर्देशन दिने ।<br>३) शान्ति सुरक्षाको सम्बन्धमा :<br>मुद्दाका पीडित तथा शंकितको सुरक्षाको कारण मुद्दामा असर पर्ने गरेको हुँदा पीडितले आफ्नो पीडालाई जाहेर गरी अदालतमा लेखाई न्याय निरोपणको लागि सहज वातावरण बनाउनका लागि मुद्दाका पक्षको सुरक्षामा समेत सजग हुन प्रहरी प्रधान कार्यालयलाई अनुरोध गर्ने ।<br>४) मुद्दाका सरोकारवाला व्यक्तिलाई जानकारी दिने सम्बन्धमाः<br>सरकार वादी फौजदारी मुद्दाका रूपमा रहेको ज्यान मार्ने उद्योग तथा कुटपीट अङ्गभंगको कसूर मुद्दा फैसला हुदाँ दुनियाँ वादी फौजदारी मुद्दामा परिणत भएको अवस्थामा पुनरावेदन नगर्ने निर्णय भएमा सो को जानकारी पीडित पक्षलाई दिने । |

## अपराधको प्रवृत्ति

२२. महान्यायाधिवक्ताको कार्यालय अन्तर्गत अपराधशास्त्रीय अनुसन्धान केन्द्रको स्थापना भएको छ । सो केन्द्रले संगठित अपराध सम्वन्धी मुद्दाको बारेमा एउटा संक्षिप्त अनुसन्धान गरिसकेको छ । अपराधको प्रबृत्ति सम्वन्धी आधार तयार गर्न विभिन्न १५ वटा विषयमा अध्ययन भइ प्रतिवेदन प्रकाशित भएको छ। यो केन्द्रलाई संस्थागत गर्ने प्रयास भइरहेको छ। यो केन्द्रलाई साधन स्रोत सम्पन्न बनाउने प्रयत्न भइरहेको छ । सहयोगी निकायहरूले पनि सहयोग गरिरहेको अवस्था छ ।

## अनुसन्धान

२३ यस वर्षको वार्षिक कार्यक्रम बमाजिम अनुसन्धानमूलक अध्ययनका लागि देहाय बमोजिमका कार्यदलहरू गठन भई कार्य सम्पादन भइरहेको छ । वैशाख महिना भित्रमा ती अनुसन्धान समूहका प्रतिवेदन प्राप्त हुने अपेक्षा राखिएको छ। उक्त समूहको सूची तल प्रस्तुत गरिएको छ ।

| क्र.सं | विषय | अनुगमनकर्ता | संयोजक |
|---|---|---|---|
| १ | अपराधको प्रवृत्ती विश्लेषण सम्वन्धी | नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल |
| २ | कर तथा राजस्व सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र दृष्टिकोणको अध्ययन | नायब महान्यायाधिवक्ता श्री बद्रीप्रसाद गौतम | सहन्यायाधिवक्ता श्री विश्वराज कोइराला |
| ३ | सरकारी प्रयोजनको लागि जग्गा अधिग्रहाण सम्बन्धी कानुन, प्रक्रिया र न्यायिक दृष्टिकोण समेतका बारेमा | नायब महान्यायाधिवक्ता श्री खगराज पौडेल | सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली |
| ४ | हिरासत तथा कारागार अनुगमनको एकिकृत प्रतिवेदन | नायब महान्यायाधिवक्ता योजना, अनुसन्धान तथा अनुगमन विभाग | सहन्यायाधिवक्ता श्री रमादेवी पराजुली |
| ५ | Prosecution Journal | नायब महान्यायाधिवक्ता ज्यू योजना, अनुसन्धान तथा अनुगमन विभाग | सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी |
| ६ | अभियोजन जर्नल | नायब महान्यायाधिवक्ताज्यू योजना, अनुसन्धान तथा अनुगमन विभाग | सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवाली |
| | | | |
| ७ | विद्यमान फौजदारी कार्यविधि र फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ को तुलनात्मक अध्ययन तथा त्यसले सरकारी वकीलको भूमिकामा पारेका प्रभाव र अवलम्बन गर्नुपर्ने रणनीतिहरूको विषयमा अनुसन्धानमुलक | नायब महान्यायाधिवक्ता श्री किरण पौडेल | सहन्यायाधिवक्ता श्री गीताप्रसाद तिम्सिना |
| ८ | संवैधानिक विवादमा सर्वोच्च अदालतको दृष्टिकोण सम्बन्धमा अनुसन्धानमुलक अध्ययन | नायब महान्यायाधिवक्ता श्री किरण पौडेल | सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मी |

| क्र.सं | विषय | अनुगमनकर्ता | संयोजक |
|---|---|---|---|
| ९ | सरकार वादी मुद्दा नचल्ने सम्बन्धी महान्यायाधिवक्ताको कार्यालयका निणर्यहरूको अनुसन्धानमुलक अध्ययन | नायब महान्यायाधिवक्ता श्री गणेशबाबु अर्याल | सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल |
| १० | कर्मचारी सम्बन्धी विवादमा सर्वोच्च अदालतको दृष्टिकोण सम्बन्धमा | सहन्यायाधिवक्ता श्री नारायणप्रसाद पौडेल | सहन्यायाधिवक्ता श्री रेवतीराज त्रिपाठी |

## भौतिक निर्माण

२४. यस वर्ष जिल्ला सरकारी वकील कार्यालय, रसुवा र उच्च सरकारी वकील कार्यालय, नेपालगञ्जको भवन माननीय महान्यायाधिवक्ताज्यूबाट समुद्घाटन भए । योजनाले प्रक्षेपण गरे बमोजिम सरकारी वकील कार्यालयहरूको भवन निर्माण गर्न यो वर्ष करिव २७ करोड ४० लाख तथा भवन मर्मत सम्भारका लागि केही बजेट तर्जूमा भएको थियो । रणनीतिक योजनाले निर्धारण गरेका कार्यक्रम अनुसार कार्यबोझ बढी भएका जिल्लाहरूका भवन निर्माणलाई प्राथमिकतामा राखी नयाँ भवन निर्माण भइरहेको अवस्था छ । सरकारी वकील कार्यालयको भौतिक अवस्थालाई तल प्रस्तुत गरिएको छ ।

| क्र.स | विवरण | उच्च सरकारी वकील कार्यालय | जिल्ला सरकारी वकील कार्यालय |
|---|---|---|---|
| १ | नयाँ भवन | विराटनगर, जनकपुर, बाग्लुङ्ग, सुर्खेत, नेपालगञ्ज (५) | संखुवासभा, सुनसरी, दोलखा, सिन्धुपाल्चोक, तनहुँ, , स्याङजा, बाग्लुङ्ग, पर्वत, म्याग्दी, बाँके, दैलेख, कञ्चनपद्दर, रसद्रवा (१३) |
| २ | चालु अवस्था | महेन्द्रनगर, पाटन, राजविराज(३) | खोटाङ्ग, भक्तपुर, कास्की मुस्ताङ, मनाङ्ग, रूपन्देही, मुगु, अछाम, दाङ्ग, कपिलवस्तु (१०) |
| ३ | निर्माणको अन्तिम चरणमा रहेका | जुम्ला (पुनर्निमाणबाट), बुटवल, तुलसीपुर, हेटौंडा (४) | रामेछाप, धनकुटा, सोलुखुम्बु, ताप्लेजुङ नुवाकोट, रोल्पा, लमजुङ्ग, बाजुरा (८) |
| ४ | निर्माण भैरहेको | | सिन्धुली, महोत्तरी, गुल्मी, दार्चुला, झापा, उदयपुर, बारा, धादिङ्ग, अर्घाखाँची, सल्यान, प्युठान, बर्दिया, बैतडी, गोरखा (१४) |
| ५. | निर्माण प्रक्रियामा रहेका | इलाम, पोखरा (२) | तेह्रथुम, पाँचथर, भोजपुर, सिराहा, सर्लाही, रौतहट, कैलाली, डडेल्धुरा, कालीकोट, रुकुम, पश्चिम, हुम्ला, ओखलढुङ्गा (१३) |
| ६ | अब प्राथमिकतापू( र्वक बनाउनु पर्ने | पाटन, विशेष, दिपायल, विरगञ्ज (४) | मोरङ्ग, धनुषा, पर्सा, चितवन, नवलपरासी बर्दघाट सुस्ता पूर्व (५) |

२५. पाँच वर्ष भित्र सबै सरकारी वकील कार्यालयहरूको नयाँ भवन निर्माण सम्पन्न भईसक्ने गरी कार्यक्रम तर्जूमा गरिएको छ। सार्वजनिक खरिद प्रक्रियाको बारेमा पर्याप्त जानकारी नभएको तथा निर्वाचनका कारणले समयमा भवन निर्माण सम्वन्धी कार्य सम्पन्न हुन सकेका छैनन् । तसर्थ भवन निर्माण प्रक्रियाको बारेमा सरकारी वकीलहरूलाई अभिमुखीकरण गर्न र भवन निर्माणको प्रभावकारी अनुगमनको आवश्यकता देखिएको छ ।

२६. भूकम्पग्रस्त महान्यायाधिवक्ताको कार्यालयका लागि प्रिफ्याव भवनमा कार्यालय सारिएको छ । पहिलेको सामान्य प्रशासन मन्त्रालयको भवन महान्यायाधिवक्ताको कार्यालयलाई उपलब्ध गराउन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट लेखी आएको छ । माननीय महान्यायाधिवक्ताले सोही भवनबाट कार्य सम्पादन गरिरहनु भएको छ । पुनर्निर्माण अन्तर्गत जिल्ला आयोजना कार्यालयबाट महान्यायाधिवक्ताको कार्यालयको नयाँ भवनका लागि गुरुयोजना तयार भई भवन भत्काउने र नयाँ निर्माणको सूचना समेत प्रकाशित भइसकेको छ । सो भवन १ अर्व २७ करोडको लागतमा तीन वर्षभित्र बनिसक्ने अनुमान गरिएको छ ।

**कार्यालय तथा हिरासत अनुगमन**

२७. योजना कार्यान्वयन गर्ने क्रममा यसै आ.व.मा विभिन्न जिल्लाका हिरासत तथा कारागारको अनुगमन भै अनुगमन प्रतिवेदन प्राप्त भएको छ । सरकारी वकील कार्यालय, कारागार तथा हिरासत अनुगमनको एकीकृत प्रतिवेदन तयार गरिनेछ ।

**सरोकारवालासाग समन्वय**

२८. सरकारी वकीलहरूको कार्य सम्पादनको प्रभाकारीता र सफलता सम्बद्ध सरोकारवाला निकायको सहयोग र समन्वयमा निर्भर रहने हुँदा सरोकारवाला निकायहरूसँगको समन्वयका लागि कार्यक्रमहरू सञ्चालन गर्न प्रारम्भ भैसकेको छ । त्यसका लागि विभिन्न उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयमा कार्यक्रम बजेट निकाशालाई निरन्तरता दिइएको छ। त्यसको एकीकृत प्रतिवेदन तयार गरिनेछ।

**दण्ड र पुरस्कार**

२९. उत्कृष्ट कार्य गर्ने कर्मचारीहरूलाई पुरस्कृत गर्ने अभ्यासको थालनी भएको छ । यस अभ्यासलाई निरन्तरता दिदै यस वर्ष ९ जना सरकारी वकील तथा कर्मचारीहरू पुरस्कृत गरिएको छ। आगामी बर्षमा पुरस्कारका लागि मापदण्ड बनाएर यसलाई निरन्तरता दिनु पर्ने आवश्यकता छ। पुरस्कृत कर्मचारीहरूको विवरण देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| क्र.सं. | नाम | पद | कार्यालय |
|---|---|---|---|
| १ | श्री हरिकुमार पोखरेल | जिल्ला न्यायाधिवक्ता | जिल्ला सरकारी वकील कार्यालय, उदयपुर |
| २ | श्री दुर्गा खड्का | उपन्यायाधिवक्ता | महान्यायाधिवक्ताको कार्यालय |
| ३ | श्री डम्बरप्रसाद काफ्ले | शाखा अधिकृत | महान्यायाधिवक्ताको कार्यालय |
| ४ | श्री शान्ता ज्ञवाली | टाइपिष्ट नायब सुब्बा | महान्यायाधिवक्ताको कार्यालय |
| ५ | श्री गुरूप्रसाद बर्मा | नायब सुब्बा | उच्च सरकारी वकील कार्यालय, नेपा( लगञ्ज |
| ६ | श्री पार्वती तामाङ्ग | नायब सुब्बा | महान्यायाधिवक्ताको कार्यालय |
| ७ | श्री पूर्णबहादुर कार्की | खरिदार | जिल्ला सरकारी वकील कार्यालय, पाल्पा |
| ८ | श्री अक्कले तामाङ्ग | हलुका सवारी चालक | महान्यायाधिवक्ताको कार्यालय |
| ९ | श्री कुमलाल अवाले | कार्यलय सहयोगी | महान्यायाधिवक्ताको कार्यालय |

## संस्थागत सुधार

३०. गम्भीर र सम्वेदनशील प्रकृतिका मुद्दामा समूहगत रूपमा सरकारी वकीलहरूले प्रतिनिधित्व गर्ने अभ्यास प्रारम्भ भएको छ । सबै तहका सरकारी वकील र कर्मचारीको कार्य विवरण स्वीकृत भइ लागू भएको छ। सबै जिम्मेवार पदाधिकारीहरूले आफू मातहतको कार्य विवरण दिनु होला। कार्य विवरण प्राप्त गर्ने कर्मचारीहरूले सोही अनुसारको कार्य सम्पादन गर्नुहोला। सबै कार्यालयहरूमा प्रवक्ता र सूचना अधिकारीहरूको व्यवस्था गरिएको छ। त्यसको विवरण अध्यावधिक गरी यस कार्यालयमा पठाउनु होला ।

३१. मातहतका कार्यालयहरूको कार्य सम्पादनको अवस्थाका बारेमा अनुगमन गर्न प्रारम्भ गरिएको छ । यस वर्ष विभिन्न ३० भन्दा बढी जिल्लाको सघन अनुगमन र केही सरकारी वकील कार्यालयको संक्षिप्त अनुगमन गरिएको छ। सरकारी वकीलका काम कारवाही उपरको उजुरी तथा गुनासो सुनुवाई गर्नका लागि संस्थागत तथा कार्यविधिगत व्यवस्था गरिएको छ।

महान्यायााधिवक्ताको कार्यालयबाट साइन पोष्टको नमुना तयार गरी विभिन्न कार्यालयहरूले साइन पोष्ट राख्न प्रारम्भ गरेका छन् ।

### सवारी साधनको अवस्थाः

सबै सरकारी वकील कार्यालयको भौतिक स्थितिलाई साधन सम्पन्न बनाउने प्रक्रियामा मोटरबाटोको सुविधा भएका सवै सरकारी कार्यालयमा चार पाङ्ग्रे सवारी साधनको व्यवस्था गरिएको छ। सवारी साधनको विवरण तल उल्लेख गरिएको छ।

| कार्यालय | सवारी साधनको संख्या | | |
|---|---|---|---|
| | कार | जीप | मोटरसाइकल |
| महान्यायाधिवक्ताको कार्यालय | २१ | ७ | २५ |
| उच्च सरकारी वकील कार्यालय | १३ | ८ | २५ |
| विशेष सरकारी वकील कार्यालय | १ | १ | ८ |
| जिल्ला सरकारी वकील कार्यालय | ७० | ७ | ६६ |
| जम्मा | १०५ | २३ | १२४ |

उच्च सरकारी वकील कार्यालय, पाटन र जिल्ला सरकारी वकील कार्यालय, काठमाडौंका लागि १।१ ओटा हायस माइक्रो खरिद गर्ने प्रक्रियामा रहेको छ ।

महान्यायाधिवक्ताको कार्यालयमा रहेको तीनवटा मारुती कार, २ वटा जीप २० वर्ष भन्दा पुरानो रहेको र २ वटा जेली कार चाइनीज भएकोले पार्टपूर्जाहरू नपाइने र मर्मत गर्दा बढी खर्च लाग्ने भएको हुदाँ लिलामीको प्रक्रियामा रहेको छ ।

## प्रकाशन / अध्ययन / अनुसन्धान

३२. नयाँ संविधान जारी भएसंगै संवैधानिक व्यवस्थासंग तादम्यता कायम गर्न सरकारी वकील दिग्दर्शन पुनरावलोकन गरिएको छ । हाल सम्म भएका अनुसन्धानका प्रतिवेदनहरूको सारसंक्षेप प्रकाशन भएको छ । मानव मर्यादा विरुद्धको अपराध नियन्त्रण सम्वन्धी कानूनी व्यवस्थाका बारेमा स्रोत पुस्तिका, आर्थिक समाजिक अपराधको प्रवृतिगत अध्ययन लगायतका पुस्तकहरू प्रकाशन गरिएका छन् । सरकारी वकीलको कार्य सम्पादनसँग सम्वन्धित नजीरहरूको सारसंक्षेप तयार पारिएको छ । हिरासत अनुगमन प्रतिवेदन । सरकारी वकील कार्यालयको अनुगमनको एकीकृत प्रतिवेदन प्रकाशित भएको छ ।

३३. सरकारी वकीलको व्यावसायिकता र स्वच्छ सुनुवाई सम्वन्धी स्रोत पुस्तिका तयार भएका छन् । सरकारी वकीलको विशिष्टीकरणका लागि प्रारम्भिक अध्ययन भएको छ । महान्यायाधिवक्ताको कार्यालयको भौतिक प्रोफायल तयार भएको छ । बैंकिङ कसूर, सम्पत्ति शुद्धीकरण, साइवर अपराध नियन्त्रण सम्वन्धी कानूनको कार्यान्वयनको प्रभावकारिताका बारेमा अध्ययन भएका छन् । विगतमा भएका अनुसन्धानहरूको कार्यान्वयनका लागि परिपत्र गर्ने वा सम्वन्धित निकायमा अनुसन्धानको निष्कर्ष पठाउने अभ्यास प्रारम्भ गरिएको छ ।

## अवलोकन भ्रमण

३४. अन्य मुलुकहरूको अभ्यासको अवलोकन गर्ने प्रयास प्रारम्भ भएको छ । विभिन्न देशमा गई त्यहाँको न्याय प्रणालीको बारेमा जानकारी लिने अवसर प्राप्त भयो । आगामी वर्षमा अझ सम्वन्ध विस्तार गरी यस्ता अवसरहरू बृद्धि गरिने तर्फ महान्यायाधिवक्ताको कार्यालय क्रियाशील रहने छ । अवलोकन अध्ययन भ्रमणका लागि मापदण्ड बनाएर अगाडि बढ्नु पर्ने आवश्यकता रहेको छ ।

# आ.व. २०७४।०७५ मा भएको अवलोकन भ्रमणको सूची

| देश | अध्ययन समुह | मिति |
|---|---|---|
| चीन | नायव महान्यायाधिवक्ता श्री बद्रिप्रसाद गौतम | २०७४ भदौ २७ देखि ३० |
| क्रोयसिया र अष्ट्रिया | नायव महान्यायाधिवक्ता श्री खगराज पौडेल | २०७४ कार्तिक १५ देखि २१ |
| चीन | सहन्यायाधिवक्ता श्री गणेशबाबु अर्याल र उपन्यायाधिवक्ता श्री हरिशंकर ज्ञवाली | २०७४ श्रावण १९ देखि भदौ ७ |
| थाइल्याण्ड | सहन्यायाधिवक्ता श्री सूर्यराज दहाल र उपन्यायाधिवक्ता श्री कृष्णमोहन कोइराला | २०७४ भदौ २७ देखि ३० |
| चीन | उपन्यायाधिवक्ता श्री भुवनेश्वर पौडेल | २०७४ भदौ २३ देखि असोज १० |
| चीन | सहन्यायाधिवक्ता श्री खड्गबहादुर खड्का र उपन्यायाधिवक्ताहरू श्री चक्रदेव आचार्य, श्री कोषहरि निरौला, श्री गोपाल लामिछाने, शाखा अधिकृतहरू श्री कल्पना राई, श्री वासुदेव लम्साल र ना.सु.हरू श्री दधिराम बराल, श्री शान्ता ज्ञवाली र श्री भरतकुमार मैनाली | २०७४ असोज ६ देखि १२ |
| श्रीलंका | सहन्यायाधिवक्ता श्री मुरारीप्रसाद पौडेल | २०७४ असोज ३१ देखि कार्तिक २ |
| माल्दिभ्स | उपन्यायाधिवक्ता श्री गोविन्दराज गौली | २०७४ मंसिर ६ देखि ८ |
| पाकिस्तान | उपन्यायाधिवक्ता श्री हरिप्रसाद ज्ञवाली | २०७४ कार्तिक २७ देखि मंसिर १ |
| जापान | उपन्यायाधिवक्ता श्री निर्मला शर्मा सुवेदी | २०७४ कार्तिक १० देखि मंसिर २५ |
| इन्डोनेसिया | उपन्यायाधिवक्ता श्री प्रकाश कोइराला | २०७४ मंसिर १८ देखि २९ |
| थाईल्याण्ड | सहन्यायाधिवक्ता श्री संजिवराज रेग्मी | २०७४ पौष २५ देखि २७ |
| जापान | सहन्यायाधिववक्ता श्री विश्वराज कोइराला, सहन्यायाधिवक्ता श्री चिरञ्जीवी पराजुली, सहन्यायाधिवक्ता श्री सुरेन्द्रबहादुर थापा, उपन्यायाधिवक्ता श्री दमनसिंह विष्ट, जिल्ला न्यायाधिवक्ता श्री बावुराम अधिकारी, शाखा अधिकृत श्री शुसीला ज्ञवाली | २०७४ फागुन २१ देखि चैत्र २ |
| अमेरिका | सहन्यायाधिवक्ता गोपालप्रसाद रिजाल | २०७४ साउन ७ देखि १६ |
| ट्युनिसिया | सहन्यायाधिवक्ता श्री मुरारी प्रसाद पौडेल | २०७४ फागुन १३ देखि १८ |

## कार्यान्वयनको क्रममा

३५. महान्यायाधिवक्ताको कार्यालयको मिसिल अध्यावधिक गर्ने कार्य भइरहेको छ । मिसिल कागजात व्यवस्थापन गर्न र प्रतिरक्षालाई प्रभावकारी बनाउन सरोकारवाला निकायहरूसँग समन्वयका कार्यक्रमहरू राखिएको छ । सरुवा मापदण्ड बनाई यसलाई अन्तिम रूप दिनु पर्ने अवस्था छ । योजनाले प्रक्षेपण गरेका क्रियाकलापहरूलाई सरकारी वकीलको कार्य सम्पादनसँग आबद्ध गर्न बाँकी नै छ । यस वर्ष सूचना प्रविधिको नेटवर्क विकास गरी सबै सरकारी वकील कार्यालयलाई सूचना प्रविधि सञ्जालमा आबद्ध गर्ने प्रयास गरिएको छ । यसका लागि सबैको सहयोग र साथ चाहिएको छ । कार्य सम्पादन गर्ने इच्छा शक्ति चाहिएको छ । सबैले स्वमूल्यांकन गरी सिर्जनात्मक रूपमा क्रियाशील हुने प्रतिबद्धता चाहिएको छ ।

## चुनौती

३६. योजनाले प्रक्षेपण गरे बमोजिमको स्रोत साधन पर्याप्त मात्रामा प्राप्त हुन सकेको छैन । जनशक्ति र कार्यबोभको असन्तुलनका कारण योजना कार्यान्वयन गर्न सचिवालयलाई पूर्णकालीन रूपमा क्रियाशील गराउन सकिएको छैन । योजना कार्यान्वयनका लागि अभ्यस्त हुन र नियमित समीक्षा गर्ने बानी विकास गर्नु पर्नेछ । रणनीतिक योजना औपचारिक दस्तावेज होइन सुधारको मार्गचित्र हो भन्ने भाव सबैमा विकास गर्नु पर्नेछ । यसका लागि सबै जनशक्ति क्रियाशील हुनु पर्ने आवश्यकता छ । नियमित मुद्दाको काम कारवाहीको कार्यबोझसँगै योजना कार्यान्वयनका लागि क्रियाशील हुनु पर्ने अवस्था छ । योजनाको कार्यान्वयनका लागि कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ । त्यसबाट कार्य सम्पादनमा प्रतिकूल प्रभाव पार्न दिनु नहुने तर्फ थप सजगता आवश्यक छ । कार्य विवरणका आधारमा कार्य सम्पादनको मूल्यांकन गर्नु पर्ने आवश्यकता छ । अझै पनि सबै पक्षबाट योजना प्रति अपनत्व भाव  विकास गर्न र त्यसलाई संस्थागत सुधारको आधारको रूपमा लिने संस्कार स्थापना गर्नु पर्नेछ । प्राप्त स्रोत साधनलाई उपयोग गर्न थप प्रयास गर्नुपर्ने अवस्था छ । थप स्रोत प्राप्तिका लागि पनि क्रियाशीलताको आवश्यकता रहेको छ । निर्धारित समयमा कार्य गर्ने संस्कृति निर्माण गर्नु पर्ने आवश्यकता छ ।

## आगामी कार्यक्रम

३७. योजना कार्यान्वयन समिति र सचिवालयलाई योजना कार्यान्वयनमा क्रियाशील बनाउनु पर्नेछ । आवश्यक स्रोत व्यवस्थापनका लागि थप प्रयास गर्नु पर्ने आवश्यकता छ । प्राप्त स्रोतको सदुपयोग गर्दै निर्धारित समयमा कार्यक्रम सञ्चालन गर्न सबै जनशक्ति क्रियाशील हुने गरी कार्यक्रम तयार गरिने छ । योजना कार्यान्वयनका लागि जिम्मेवार अधिकृतलाई अभिमुखीकरण गर्ने  कार्यक्रमको आवश्यकता महशुस भएको छ । योजना कार्यान्वयनको प्रगति विवरण पठाउने र प्राप्त विवरणको अभिलेख व्यवस्थित गरी सुधारसँग आबद्ध गर्नु पर्नेछ । योजना, अनुसन्धान तथा अनुगमन विभागलाई सुदृढ बनाउने र योजना कार्यान्वयन तथा अनुगमनलाई नियमित कार्यको रूपमा लिने गरी कार्यक्रमको तर्जूमा गर्नु पर्ने आवश्यकता छ । विगतमा भएका अनुसन्धानमूलक अध्ययनका  सुझावहरूको कार्यान्वयनलाई प्राथमिकतामा राख्ने र सुधारका उपायहरू अवलम्वन गर्नु पर्ने अवस्था

छ। सबै तहका कर्मचारीहरूलाई दिइएको कार्य विवरण अनुसार कार्यान्वयन भए नभएको सम्वन्धमा अनुगमन गर्नु पर्ने गरी कार्यक्रम राख्नु पर्नेछ । योजना कार्यान्वयनलाई संस्थागत सुधारसँग आबद्ध गर्ने र योजनाको बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने कार्यक्रमलाई निरन्तरता दिने गरी कार्यक्रम तय गरिनेछ।

## निष्कर्ष

महान्यायाधिवक्ताको कार्यालय संस्थागत सुधारका प्रयासहरू सहित अगाडि बढेको छ । योजनाबद्ध रूपमा कार्य गर्न थालिएको छ। हिजोको तुलनामा सुधारका कार्यहरू अगाडि बढेका छन् । सुधार अरुले गरिदिने विषय होइन । हामी योजना कार्यान्वयनमा अभ्यस्त देखिएका छैनौ । आलोचना गरेर मात्र अवको संस्था अगाडि बढ्दैन । अब सबैले आ-आफ्नो तहमा नेतृत्व लिनु पर्दछ । गुनासो व्यवस्थापन गर्नु पर्दछ । स्रोत साधन र अवसरको न्यायोचित वितरणले नै संस्थागत सुधारका लागि सहयोग गर्दछ । अव सुधारको कार्यमा प्रतिस्पर्धा गर्नु पर्दछ। नतिजामा सुधारका कार्यले अग्रसरता ल्याउनु पर्दछ। उपलव्ध स्रोत साधनको उचित उपयोग गर्नु पर्दछ । जनविश्वास आर्जन गर्नका लागि आचरण र व्यवहारमा सुधार हुन आवश्यक छ। संस्था भनेको सबै जनशक्तिको साझा योग हो । हाम्रो संस्था राम्रो बनाउने दायित्व पनि हामीसँगै छ । तसर्थ सुधारको प्रतिबद्धता सहित क्रियाशील हुन सबैमा हार्दिक अनुरोध छ।

# २. अपराध संहिता ऐन समेतका नयाँ कानूनको कार्यान्वयनमा सरकारी वकीलको भूमिका

नायब महान्यायाधिवक्ता श्री किरण पौडेल

## विषय प्रवेशः

नेपालको कानूनी इतिहासमा धेरै लामो प्रयास पछि फौजदारीतर्फका तीनवटा तथा देवानी तर्फका दुईवटा संहिताबद्ध कानून निर्माण भएका छन् । यी कानूनहरूले निकै लामो कानूनी इतिहास बोकेको मुलुकी ऐन तथा अन्य परम्परागत कसूरका लागि बनाइएका विभिन्न ऐनहरूलाई प्रतिस्थापन गर्दैछन् । मिति २०७४।६।३० गते प्रमाणीकरण भएका यी पाँचवटै कानूनहरू २०७५ साल भदौ १ गते देखि लागू हुने गरी आएका छन् ।

यी ऐनहरूको निर्माणले फौजदारी तथा देवानी विषयमा फरक फरक सारवान कानूनको व्यवस्था भएको छ। मुलुकी अपराध (संहिता) ऐन, २०७४ फौजदारी विषयतर्फको तथा मुलुकी देवानी (संहिता) ऐन, २०७४ देवानी विषयतर्फको सारवान कानूनको संहितावद्ध रूप हो । यसैगरी देवानी र फौजदारी विषयमा फरक फरक कार्यविधि कानूनको व्यवस्था भएको छ । मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ फौजदारीतर्फको कार्यविधि कानूनका रूपमा तथा मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ देवानीतर्फको कार्यविधि कानूनका रूपमा आएको छ । यसका साथै, अभियुक्त कसूरदार ठहर भएपछि उसलाई हुने सजाय निर्धारण गरिने तथा कसूरदारको उपचार (सुधार) को विषयलाई फरक तरिकाले सम्बोधन गर्ने नयाँ कानूनी व्यवस्थाको सुत्रपात पनि भएको छ। यसका लागि फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ आएको छ ।

उपरोक्त उल्लेख गरिएका पाँचवटै कानून लागू हुँदाका अवस्थामा प्रचलनमा रहेका विभिन्न कानूनलाई खारेज गर्न तथा प्रचलनमा रहेका कानूनलाई खारेज गर्दा तथा नयाँ कानून लागू गर्दाका अवस्थाको संक्रमणलाई व्यवस्थित गर्नका लागि २०७५ साल भदौ १ गतेदेखि नै प्रारम्भ हुने गरी केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ निर्माण भएको छ। यस लेखाइमा उल्लिखित सबै कानूनको कार्यान्वयनका सन्दर्भमा सरकारी वकीलको भूमिकाका बारेमा चर्चा गर्ने प्रयास गरिएको छ।

## सरकारी वकीलको भूमिकाः

सारवान कानूनका सम्बन्धमाः यी ऐनहरूले प्रचलित सामान्य कानून र अन्य विषयगत कानुनमा आधुनिकीकरणका साथै परिमार्जन तथा परिवर्तन गरेका छन् । यसले गर्दा यी कानूनहरूले गरेका र गर्न खोजेका सबै प्रकारका परिवर्तनलाई कानूनको क्षेत्रमा कार्यरत

सबै व्यक्ति तथा निकायले आत्मसात गर्नु आवश्यक छ । फौजदारी न्याय प्रशासनको एउटा महत्वपूर्ण अंगको रूपमा रहेको सरकारी वकील यस यथार्थ भन्दा बाहिर रहन सक्दैन । नेपाल सरकार तथा नेपाल सरकारले तोकेका यसका विभिन्न तहका निकाय तथा पदाधिकारीको कानूनी सल्लाहकार भएको कारणले गर्दा सरकारी वकील पहिले स्वयं नयाँ कानूनका बारेमा जानकार हुनु पर्ने हुन्छ र आवश्यकता अनुसार सबै सरकारी निकाय तथा पदाधिकारीलाई यी कानूनहरूका बारेमा जानकारी गराउने जिम्मेवारी सरकारी वकीलमा आइपर्ने देखिन्छ । यस अन्तर्गत निम्न कानूनमा रहेका निम्न महत्वपूर्ण परिवर्तन प्रति सरकारी वकील सजग रहनु पर्ने देखिन्छ ।

## मुलुकी अपराध (संहिता) ऐन, २०७४ का सम्बन्धमाः

ऐनको बहिर्क्षेत्रीय प्रयोगको व्यवस्थाका सम्बन्धमाः नेपाल कानूनमा बहिर्क्षेत्रीय प्रयोग सम्बन्धी व्यवस्थाको शुरुवात भएको धेरै भैसकेको छ । प्रचलित नेपाल कानून मध्ये मुलुकी ऐन जीउ मास्ने बेच्नेको महलमा यो व्यवस्था रहेको छ । विशेष ऐन मध्येमा लागू औषध (नियन्त्रण) ऐन, २०३३ यो व्यवस्था रहेको सबैभन्दा पुरानो ऐन हो । यसपछि बनेका केही ऐनहरू जस्तोः जीउ मास्ने बेच्ने कार्य (नियन्त्रण) ऐन, २०४३, सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण ऐन, २०६४ मा यो व्यवस्था रहेको छ । पछिल्लो पटक संगठित अपराध निवारण ऐन, २०७० मा पनि यो व्यवस्था राखिएको छ । यस संहिताले केही कसूरको सूची दिई ती कसूरका सम्बन्धमा यो व्यवस्थाको प्रयोग हुने भनी यस व्यवस्थाको प्रयोगको दायरालाई अझ फराकिलो बनाएको छ (दफा २) ।

सामान्य रूपमा लागू हुने सिद्धान्त र व्यवस्थाहरूका सम्बन्धमाः यो ऐन सामान्य ऐनका रूपमा आएको छ (दफा ५) । तर, यस ऐनको भाग १ को परिच्छेद २, ३, ४ र ५ बमोजिमका सिद्धान्त र व्यवस्थाहरू यस ऐन र अन्य ऐन अन्तर्गतका कसूरका सम्बन्धमा सामान्यतः लागू हुने व्यवस्था यस ऐनले गरेको छ (दफा ४) । निम्न अनुसारका ती व्यवस्थाको कार्यान्वयनका सम्बन्धमा सरकारी वकीलले गम्भीरता पूर्वक विचार पुऱ्याउनु पर्ने देखिन्छ ।

१. फौजदारी न्यायका सामान्य सिद्धान्तहरूका सम्बन्धमाः यी सिद्धान्तहरू नेपालको फौजदारी न्याय प्रशासनमा स्वीकार्य भै सकेका छन् । तर, यस ऐनमा लिपिवद्ध भै यी आएका छन् । यस अन्तर्गत केही नयाँ अवधारणा पनि समेटिएको छ (दफा ६ देखि ३२ सम्म) ।

२. आपराधिक षड्यन्त्र, उद्योग, दुरुत्साहन र मतियारका सम्बन्धमाः यस ऐनले अपूर्ण अपराधको कोटीमा पर्ने आपराधिक षड्यन्त्र, कुनै अपराधको उद्योग लगाएत कुनै कसूरको दुरुत्साहन गर्ने काम तथा कसूरको मतियार हुनुलाई पनि आफैमा कसूर भनी सजायको व्यवस्था गरेको छ (दफा ३३ देखि ३७ सम्म) ।

३. कसूरको गम्भीरता बढाउने तथा घटाउने अवस्थाहरूका सम्बन्धमाः यस ऐनमा कुनै कसूरको गम्भीरता बढाउने तथा गम्भीरता घटाउने अवस्थाहरूलाई सूचीवद्ध गरिएको

छ । कुनै अभियुक्त कसूरदार ठहर भएका अवस्थामा निजलाई सजाय निर्धारण गर्दा यी अवस्थाहरूलाई ध्यान दिनु पर्ने हुन्छ (दफा ३८ र ३९) ।

४. सजाय र अन्तरिम क्षतिपूर्ति सम्बन्धी व्यवस्थाका सम्बन्धमाः यस ऐनले सजायका सम्बन्धमा सुधारात्मक व्यवस्थालाई अंगिकार गरेको छ । सजायको एउटा प्रकारमाकैदको सट्टा सामुदायिक सेवाको व्यवस्था गरिएकोबाट तथा कसूरदारलाई कानून बमोजिम हुने सजायको बढीमापचास प्रतिशतसम्म सजाय छुट दिन सकिने व्यवस्था गरिएकोबाट उक्त कुरा स्पष्ट हुन्छ । यसका साथै, विभिन्न कसूर गर्नेबाट बिगो तथा क्षतिपूर्ति भराउने व्यवस्था तत्तत् कसूरका सम्बन्धमा गरिएका कानूनी व्यवस्थाको साथमा हुँदाहुँदै अन्तरिम क्षतिपूर्तिको फरक व्यवस्था भएतर्फ सरकारी वकील चनाखो हुनु पर्ने देखिन्छ (दफा ३८ र ३९) ।

नयाँ कसूरका सम्बन्धमाः यस ऐनले विभिन्न नयाँ कसूरका बारेमा व्यवस्था गरेको छ । प्रचलित नेपाल कानूनमा व्यवस्था नभएका केही कसूरहरूको व्यवस्था भएको छ भने केही कसूरहरू परिवर्तित स्वरूपमा आएका छन् । यस्ता कसूरहरूको उदाहरणका रूपमा सार्वजनिक न्याय विरुद्धका कसूर (परिच्छेद -४), व्यक्ति बेपत्ता पार्ने सम्बन्धी कसूर (परिच्छेद -१६), इलाज सम्बन्धी कसूर (परिच्छेद -१९) तथा ठगी, आपराधिक विश्वासघात तथा आपराधिक लाभ (एक्सटर्सन) सम्बन्धी कसूर (परिच्छेद -२१) र यस अन्तर्गतको ठेक्का वा करारको काममा फरक पार्ने कसूर (दफा २५०) लाई लिन सकिन्छ ।

कसूरलाई हेर्ने नयाँ दृष्टिकोणका सम्बन्धमाः यस संहिताले केही कसूरलाई फरक दृष्टिबाट हेरेको पाइन्छ । खास गरी ज्यान सम्बन्धी कसूर (परिच्छेद -१२) तथा कुटपिट वा अङ्गभङ्ग सम्बन्धी कसूर (परिच्छेद -१४) का सम्बन्धमा स्पष्ट रूपमा कसूरदारको आपराधिक मनसायको मात्राका आधारमा सजाय कम वा बढी गरिएको छ । यसैगरी चोरी तथा डाँका सम्बन्धी कसूर (परिच्छेद -२०) का सम्बन्धमा भएको व्यवस्था नेपाल कानूनले परम्परादेखि स्वीकारेको मान्यता भन्दा फरक रहेको छ ।

एउटा कसूरसँग जोडिएको अर्को कसूर फरक कसूरका रूपमा रहेको सम्बन्धमाः यस ऐनले कसूर गर्नुभन्दा पहिले कसूर गर्ने सहजताका लागि गरिने खास कामलाई पनि कसूर मानेको छ । प्रचलित कानूनमा सबै कसूरका सन्दर्भमा लागू हुने गरी बनेको यस्तो व्यवस्था रहेको पाइदैन । यस सम्बन्धी यस ऐनको व्यवस्था निम्न अनुसार छः

कुनै कसूर गर्न सजिलो पार्ने नियतले वेहोस तुल्याउने, लठ्याउने वा अस्वस्थ पार्ने पदार्थ खुवाउने वा अन्य कुनै प्रकारले सेवन गराउने वा कुनै प्रकारले वेहोस गराउने काम स्वयंलाई कसूर मानी सजायको व्यवस्था यस ऐनमा गरिएको छ । यस्तो काम गरी त्यस्तो कसूर भइसकेको रहेछ भने त्यस्तो कसूर बापत हुने सजायमा यस दफा बमोजिमको सजाय थप हुने व्यवस्था यसमा रहेको छ (दफा १९७) । यसैगरी, सबै किसिमका कसूर गरी प्राप्त गरेको सम्पत्ति लिने कामलाई कसूर कायम गरेको व्यवस्था यस ऐनले गरेको छ । यस सम्बन्धी यस

व्यवस्था यस प्रकार छः

कुनै कसूर गरी प्राप्त गरेको सम्पत्ति हो भन्ने जानीजानी वा विश्वास हुने कुनै मनासिब कारण भई कुनै सम्पत्ति लिने, राख्ने वा खरीद-बिक्री गर्ने कामलाई कसूर मानी सजायको व्यवस्था तथा त्यसरी लिए राखेको वा खरिद बिक्री गरेको सम्पत्ति सम्पत्तिको धनीलाई फिर्ता गर्नु पर्नेव्यवस्था यस ऐनमा गरिएको छ (दफा २८७) ।

## मुलुकी देवानी (संहिता) ऐन, २०७४ का सम्बन्धमाः

कानूनी क्षेत्रमा कार्यरत रहेको आधारमा हेर्दा यस ऐनका व्यवस्थाका सम्बन्धमा जानकारी रहनु पर्ने सामान्य मान्यता रहन सक्ने तथा कानूनी रायका सन्दर्भमा यस ऐनका विषयका सम्बन्धमा पनि राय माग हुन सक्ने भए पनि पदीय जिम्मेवारीका आधारमा हेर्ने हो भने यो ऐन सरकारी वकीलका लागि सरकारको सरोकार रहने देवानी मुद्दाको विषयसम्म मात्र सीमित रहने देखिन्छ ।

यस ऐनका व्यवस्था मध्ये नेपाल सरकारको पूर्व स्वीकृति नलिई कुनै विदेशीलाई अचल सम्पत्ति हस्तान्तरण गरेको विषय तथा विदेशीलाई नेपालभित्रको कुनै अचल सम्पत्ति अंश वा अपुताली प्राप्त भएमा नेपाल सरकारको स्वीकृति भएकोमा बाहेक सो सम्पत्ति निजको नाममा नामसारी, दर्ता हुन वा सो सम्पत्तिको आम्दानी निजले उपभोग गर्न नपाउने विषयका मुद्दा नेपाल सरकार वादी भै चल्ने भनिएको छ ।

कार्यविधि कानूनका सम्बन्धमाः हालसम्मको व्यवस्था हेर्दा नेपाल कानूनमा तीन प्रकारका कार्यविधि प्रचलनमा रहेका छन् । क) विषेश कार्यविधि, ख) संक्षिप्त कार्यविधि र ग) सामान्य कार्यविधि । तर, देवानी र फौजदारी विषयका लागि फरक कार्यविधिको व्यवस्था हाल प्रचलनमा नरहेकोमा तत्तत् विषयका कार्यविधि ऐनले फरक कार्यविधिको व्यवस्था गरेका छन् । नयाँ कानूनमा अभ्यस्त नहुँदा सम्म मुद्दाको प्रकृतिका आधारमा देवानी वा फौजदारी कार्यविधिको अवलम्बन हुनु पर्ने तर्फ हेक्का राख्नु पर्ने हुन्छ । कार्यविधि कानूनका सन्दर्भमा सरकारी वकीलको भूमिकाका बारेमा कुरा गर्दा सामान्य अर्थमा हेर्दा नयाँ कार्यविधिका बारेमा जानकार भई यी कार्यविधिको प्रयोगका सम्बन्धमा आफू अभ्यस्त हुनु पर्ने पहिलो आवश्यकता हुन्छ भने यस विषयमा सम्बद्ध निकाय तथा पदाधिकारीलाई प्रयोगका सम्बन्धमा सहजीकरण गर्ने काम पनि सरकारी वकीलबाट हुनु पर्ने हुन्छ । यसबाहेक, कार्यविधि ऐनका सम्बन्धमा पृथक पृथक रूपमा हेर्दा निम्न कानूनका सम्बन्धमा रहेका निम्न महत्वपूर्ण परिवर्तनका सम्बन्धमा सरकारी वकील संवेदनशील हुनु पर्ने देखिन्छ ।

## मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ का सम्बन्धमाः

अपराध अनुसन्धानका समयमाः यस ऐनले अपराध अनुसन्धानका सन्दर्भमा गरेको आधारभूत परिवर्तनलाई सरकारी वकीलले आत्मसात गर्नु पर्ने देखिन्छ । खास गरी जाहेरी दरखास्तलाई तामेलीमा राख्ने व्यवस्थाका सम्बन्धमा (दफा ११), अभियुक्तलाई पक्राउ गर्दा (आवश्यकता

अनुसार) र हिरासतमा राख्दाका समयमा (दफा ९ र १४) सरकारी वकीलको भूमिकाका सम्बन्धमा, अनुसन्धानका समयमा विशेषज्ञको सहभागिता गराउने सम्बन्धमा (दफा २३), विदेशमा भएको अनुसन्धानले कानूनी मान्यता पाउने सम्बन्धमा (दफा ३०)तथा यस ऐनको अनुसूची २ मा रहेका कसूर सम्बन्धी मुद्दा (प्रहरी कर्मचारी बाहेक अन्य कर्मचारी वा निकायबाट अनुसन्धान हुने कसूरहरू) को अनुसन्धानका सम्बन्धमा अनुसन्धान अधिकृतसँगको सहकार्य (परिच्छेद २ का सम्बद्ध दफाहरू) मा ध्यान दिनु पर्ने देखिन्छ । यसका साथै, यस ऐनले फौजदारी मुद्दाको कार्यविधिका विषयमा पारस्परिक कानूनी सहायता आदान प्रदान गर्न सकिने व्यवस्था गरेकोले त्यससँग सम्बन्धित ऐनका बारेमा पनि ध्यान पुऱ्याउनु पर्ने हुन्छ (दफा १९१) ।

अभियोजनका समयमाः यस ऐनले अभियोजनका सम्बन्धमा रहेको प्रचलित व्यवस्थामा व्यापक परिवर्तन गरेको छ । सानातिना कसूरमा मुद्दा दायर नगर्न सक्ने व्यवस्था (दफा ३४), सबै प्रकारका कसूरमा तोकिएको शर्त पूरा भएको अवस्थामा सजाय छुट दिई अभियोग पत्र दायर गर्न सक्ने व्यवस्था (दफा ३३), अभियोग पत्रमा संशोधन गर्न सक्ने सम्मका व्यवस्था (दफा ३५ र ३६)को प्रयोग गर्दा सजगता अपनाउनु पर्ने देखिन्छ ।

अदालती कारबाहीका समयमाः यस ऐनमा अदालती कारबाहीका समयमा अपनाइने केही फरक कार्यविधिको व्यवस्था गरिएको छ । उदाहरणका लागि निम्न व्यवस्थालाई लिन सकिन्छः

१. अभियोग दायर गरी सके पछि प्रतिवादीले अदातलमा बयान गर्दा अनुसन्धानका समयमा लिएभन्दा फरक जिकिर गरेका अवस्थामा यस सम्बन्धमा अनुसन्धान गर्नका लागि वादी पक्षले माग गर्न सक्ने व्यवस्था

२. मुद्दामा ठहर गर्नु पर्ने कुरा यकिन गर्नको लागि वादी तथा प्रतिवादीका बीचमा पुर्पक्ष पूर्वको छलफल गराउने व्यवस्था

३. सर्वसाधारणको ठगी वा सर्वसाधारणको सम्पत्तिको हानि, नोक्सानी वा वैदेशिक रोजगारी सम्बन्धी मुद्दामा प्रतिवादी र पीडित दुवैले मिलापत्र गराई पाऊँ भनी नेपाल सरकार समक्ष निवेदन दिएमा र त्यस्तो व्यहोरा मनासिब लागेमा नेपाल सरकारले त्यस्तो मुद्दामा सरकारी वकील मार्फत मिलापत्र गराउन आदेश दिन सक्ने व्यवस्था

उपरोक्त व्यवस्था सरकारी वकीलका लागि नितान्त नयाँ प्रयोग हुन् । यी व्यवस्थाको कार्यान्वयका लागि सरकारी वकीलले अनुसन्धान गर्ने निकाय, मुद्दा हेर्ने निकाय तथा प्रतिरक्षी कानून व्यवसायीसँग समेत सहकार्य गर्नु पर्ने हुन्छ ।

फैसलापछिको कारबाहीका सम्बन्धमाः यस ऐनमा मुद्दाको फैसला भएपछि पुनरावेदनका लागि ३० दिन म्याद पाइने एवं ३० दिन मात्र थाम्ने म्याद पाइने व्यवस्था तथा फैसला भएको मितिले एक वर्षको अवधि नाघेपछि पक्षले फैसला भएको स्वतः थाहा पाएको मानिने व्यवस्था रहेकोले (दफा १३४) पुनरावेदन गर्ने नगर्ने कारबाही टुंगाउने सम्बन्धमा सरकारी वकीलले

आफ्नो कार्यशैलीमा आमूल परिवर्तन गर्नु पर्ने देखिन्छ ।

मुलुकी देवानी कार्यविधि (संहिता) ऐन, २०७४ का सम्बन्धमाः देवानी विषय सामान्यतया सरकारी वकीलको प्राथमिकतामा पर्दैन तापनि यस ऐनले गरेका देवानी कार्यविधि कानूनका सिद्धान्तका बारेमा जानकार हुनु पर्ने नै देखिन्छ । यस ऐनको अनुसूची-२८ मा सरकार वादी हुने देवानी मुद्दाको सूची दिइएको र यस ऐनमा सरकार वादी हुने तथा सरकार पक्ष हुने देवानी मुद्दाको जाँचबुझ/प्रमाण संकलन र दायरी सम्बन्धी व्यवस्था गरिएको (परिच्छेद-२३) छ । यसबाहेक, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको हक, हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा अदालतको अनुमति लिई जुनसुकै व्यक्तिले फिरादपत्र दिन सक्ने व्यवस्था यस ऐनमा रहेको छ (दफा ९) । उपरोक्त बमोजिमका सरकारको सरोकार देखिने व्यवस्थाका बारेमा सरकारी वकील जानकार हुनु पर्ने र यसका सरोकारवालालाई जानकारी गराउनु पर्ने देखिन्छ ।

अदालती कारबाहीका समयमाः यस ऐनले मुद्दाको अदालती कारबाहीका सम्बन्धमा केही फरक व्यवस्था गरेका पाइन्छ । यस ऐनले गरेका निम्न फरक व्यवस्थाका बारेमा सरकारी वकील आफू जानकार भई मुद्दाको जाँचबुझमा संलग्न अधिकारी समेतलाई जानकारी गराउनु पर्ने देखिन्छः

१. प्रतिउत्तरपत्र दिँदा हकदैया, हदम्याद वा अधिकारक्षेत्र नभएको जिकिर लिएका अवस्थामा अदालतबाट त्यसमुद्दामा प्रमाण बुझ्ने, सुनुवाई गर्ने वा किनारा गर्ने कारबाही प्रारम्भ गर्नुअघि ती विषयमा प्रारम्भिक सुनुवाई गर्नु पर्ने व्यवस्था रहेको छ (दफा १३२) ।

२. माग दाबीको विषय यथास्थितिमा राख्नका लागि अन्तर्कालीन वा अन्तरिम आदेश जारी हुन सक्ने व्यवस्था यस ऐनले गरेको छ (परिच्छेद १४) ।

३. मुद्दामा ठहर गर्नु पर्ने विषय यकिन गर्न अदालतले बादी र प्रतिबादीको पूर्वसुनुवाई छलफल हुन मनासिब लागेमा कारण खुलाई त्यस्तो छलफल गर्ने आदेश दिन सक्ने व्यवस्था यस ऐनमा रहेको छ (दफा १९१) ।

४. नेपाल सरकार बादी भई चलेको मुद्दा र सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति सम्बन्धी मुद्दा (सार्वजनिक, सरकारी वा सामुदायिक सम्पत्ति कायम हुने गरी मिलापत्र भए बाहेक) पक्षहरू बीच मिलापत्र हुन वा मेलमिलापको माध्यमबाट समाधान हुन नसक्ने व्यवस्था यस ऐनले गरेको छ (दफा १९१) ।

फैसलापछिको कारबाहीका सम्बन्धमाः यस ऐनले सरकार वादी भै चल्ने मुद्दामा पुनरावेदन गर्नका लागि ७० दिन म्याद पाइने तथा थाम्ने थमाउने म्याद ३० दिन पाइने व्यवस्था गरेको छ (दफा २६२) ।

## फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ का सम्बन्धमाः

यो ऐनका व्यवस्था र यसले ल्याएका अवधारणा नेपालको फौजदारी न्याय प्रशासनका सन्दर्भमा नितान्त नौला छन् । प्रचलित कारागार ऐन, २०१९ मा यस ऐनमा रहेका व्यवस्था रहेको देखिए पनि प्रयोगमा आएको पाइदैन । कसूरदारको सुधार (उपचार) का अवधारणा यस ऐनले ल्याएको अतिआवश्यक तर हाम्रो प्रयोगमा नरहेको अवधारणा हो । यसैगरी कसूर ठहर भएपछि सजाय निर्धारणका लागि फरक प्रक्रियाको व्यवस्था पनि हाम्रो सन्दर्भमा नयाँ व्यवस्था हो (दफा २६२) । मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले सैद्धान्तिक रूपमा व्यवस्था गरेका कसूरको गम्भीरता बढाउने तथा गम्भीरता घटाउने अवस्थाहरूको सूची समेतलाई आधार बनाई सजाय निर्धारण गर्नु पर्ने व्यवस्था यस ऐनले गरेको छ। साथै, सजाय सम्बन्धी सामान्य सिद्धान्तको व्यवस्था यस ऐनमा रहेको छ (परिच्छेद २) । यस ऐनका सम्बन्धमा सजाय पूर्वको प्रतिवेदनका सम्बन्धमा (दफा १२) सरकारी वकीलको भूमिकालाई ख्याल गर्नु पर्ने देखिन्छ । कसूर ठहर भएको व्यक्तिका हकमा सजाय निर्धारण गर्दा हुने सुनुवाइमा सरकारी वकील सैद्धान्तिक तथा अवधारणगत रूपमा स्पष्ट भई प्रस्तुत हुनु पर्ने हुन्छ ।

## उपसंहारः

नयाँ अवधारणमा आधारित नयाँ कानून लागू भएको सन्दर्भमा सरकारी वकील सरकार तथा राज्यका निकाय तथा पदाधिकारीको कानूनी सल्लाहकार भएको नाताले नयाँ कानूनका बारेमा सम्बद्ध कसैले जिज्ञासा राखेका समयमा युक्तियुक्त जवाफ दिनु पर्ने हुन्छ । समस्या नै आएका अवस्थामा ठीक सल्लाह दिनु पर्ने हुन्छ । अपराध अनुसन्धानमा संलग्न निकाय वा कर्मचारी तथा मुद्दा हेर्ने अधिकारीलाई यी कानूनहरूका सम्बन्धमा सहकार्यका समयमा ठीक व्याख्या गरी उचित दिशानिर्देश गर्नु सरकारी वकीलको दायित्व हुन आउँछ । यसबाहेक, समन्वय समितिका माध्यमबाट, समुदायमा सरकारी वकील कार्यक्रमको माध्यमबाट सरकारी वकीलले नयाँ कानूनका बारेमा सरकारी निकाय तथा पदाधिकारी एवं अन्य जनसमुदायलाई सचेतना दिन तथा जानकारी बाँड्न सक्ने देखिन्छ ।

# ३. सूचना र सञ्चार प्रविधिको प्रयोगको अवस्था र सरकारी वकीलबाट राखिएका अपेक्षा

सहन्यायाधिवक्ता श्री सन्जीवराज रेग्मी

## क. विषय प्रवेश

नेपालको संविधान तथा प्रचलित नेपाल कानून बमोजिम महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयहरुबाट सम्पादन गरिने काम कारवाहीलाई समयसापेक्ष रुपमा व्यवस्थित र पारदर्शी बनाउन तथा सूचनामा सहज पहुँच पुर्याउन सूचना प्रविधिको उच्चतम उपयोग गर्न आवश्यक छ।सरकारी वकील कार्यालयहरुको कामकारवाही र जिम्मेवारी वृद्धि हुँदै गएको छ भने सरकारी वकील कार्यालयहरु सूचना प्रविधिको प्रयोगलाई व्यवस्थित गर्न सकिएको छैन।सरकारी वकील कार्यालहरुबाट सम्पादन हुने कामकारवाहीमा सूचना प्रविधिको प्रयोग व्यवस्थित गर्नको लागि E–Attorney कार्यक्रम लागू भएको छ ।

अपराधको अनुसन्धान देखि अभियोजन र मुद्दा दर्ता देखि फैसला कार्यान्वयनसम्मका हरेक गतिविधिहरुमा सूचना प्रविधिको प्रयोग गर्न सकिन्छ । E–Attorney कार्यक्रमले सूचना प्रविधिको माध्यमबाट सूचना माथिको पहुँचलाई अझै सहज बनाउने र सूचना प्रविधिलाई सरकारी वकिल कार्यालयसँग सम्बन्धित कार्यमा आबद्ध गराई संगठनको कामको बारेमा नागरिकलाई सहज पहुँच दिने तथा कामकारवाहीहरु छिटोछरितो रुपमा सम्पन्न गर्न सकिन्छ । E–Attorney कार्यक्रम सन्चालन गर्न महान्यायाधिवक्ता कार्यालयले केही समय देखि सुधारका प्रयासहरु थालनी गरेको र नेपाल सरकारवाट समेत यसमा केही आर्थिक र मानवीय स्रोत प्राप्त भएको छ । सूचना प्रविधिको प्रयोग गर्न भएका कार्यहरुलाई यस प्रकार उल्लेख गरिएको छ ।

### १. प्रथम पञ्चवषीय रणनीतिक योजनामा सूचना प्रविधि

महान्यायाधिवक्ताको कार्यालय र मातहतका सरकारी वकील कार्यालयको बीचमा व्यावसायिक सम्पर्क तथा अनुगमन गर्ने कार्यका लागि महान्यायाधिवक्ताको कार्यालयमा उच्च प्रविधियुक्त सूचना प्रविधि केन्द्रको स्थापना गरी देशभरका सरकारी वकील कार्यालयहरुको कार्यसम्पादन सूचना केन्द्रवाट अनुगमन गर्न कम्प्युटर संजालको निर्माण गर्ने भन्ने महान्यायाधिवक्तको कार्यालयको पञ्चवर्षीय रणनीतक योजना (२०६८।२०६९।२०७२।२०७३) रहे मुताविक महान्यायाधिवक्तको कार्यालयको Website Update गरी सोसंग मातहतका सरकारी वकील कार्यालयहरुको िष्लपगउ गर्न आवश्यक क्यातधबचभ निर्माण गर्ने तथा Software निमार्ण र कार्यान्वयनको लागि प्राविधिक परामर्श एवं सेवा लिने भन्ने समेत रणनीतक कार्यहरु रहेको देखिन्छ। यसलाई दोश्रो पञ्चवर्षीय रणनितिक योजनामा थप विस्तार गरी कार्ययोजनामा नै समावेश गरिएको छ ।

## २. E–Attorney Project सम्बन्धी सम्भाव्यता अध्ययन

तत्कालिन सहन्यायाधिवक्ता खगराज पौडेलको संयोजकत्वमा २०७१ सालमा कार्यदल गठन भै उक्त कार्यदलले विस्तृत अध्ययन गरी प्रतिवेदन तयार गरी पेश गरेकोछ।उक्त प्रतिवेदनका मुख्य मुख्य सुझावहरु निम्न छन् ।

- E–Attorney Project अबलम्बनको आर्थिक, व्याबहारिक र कानूनी पक्षको विश्लेषण ।
- E–Attorney Project का लागि भौतिक तथा मानवीय श्रोतको पहिचान गरिएको ।
- Web Aplpication (Software) हरुको निर्माण र संचालन सम्बन्धमा सुझाव दिइएको
- सरकारी वकिल कार्यालयहरुको ध्भदकष्तभ निर्माणगर्ने।
- मातहत कार्यालयहरुसँग नेटवर्किङ गर्ने सम्बन्धमा अबधारणागत रुपमा प्रष्ट गरिएको।
- आवश्यक पर्ने अनुमानित बजेटप्रक्षेपण गरिएको ।

## ३. रणनीतिक योजना र सूचना प्रविधि

सरकारी वकिलको संस्थागत सुदृढीकरण र व्यावसायिक विकासमा केन्द्रित महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनामा सूचना प्रविधिका सम्बन्धमा निम्न कुरा उल्लेख गरिएको छ ।

सरकारी वकील कायार्लयहरूको कार्यसम्पादनलाई सूचना तथा सञ्चार प्रिविध पद्धितमा आबद्ध गर्ने

| सि.नं. | क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी | अनुगमन |
|---|---|---|---|---|---|
| | महान्यायाधिवक्ताको कार्यालयमा सूचना प्रविधि महाशाखा र पुनरावेदन/उच्च तहको सरकारी वकील कार्यालयहरूमा सूचना प्रविधि शाखा स्थापना गर्ने । | शाखा स्थापना हुने | २०७७ असार | मानव संसाधन महाशाखा | कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग |
| | महान्यायाधिवक्ताको कार्यालयमा सूचना प्रविधिको केन्द्रीय अभिलेख राख्ने र उपत्यका बाहिरको कुनै जिललामा सोको व्याकअप राख्ने प्रवन्ध गर्ने | अभिलेख रहने | २०७७ असार | मानव संसाधन महाशाखा | कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग |
| | ई एटर्नी सम्बन्धी अध्ययन प्रतिवदेनका आधारमा आवश्यक सफ्टवेयर निर्माण गरी संचालन गर्ने | संचालन हुने | २०७६ असार | मानव संसाधन महाशाखा | कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग |

| सि.नं. | क्रियाकलाप | कार्यसम्पादन सूचक | समयावधि | जिम्मेवारी | अनुगमन |
|---|---|---|---|---|---|
| | महान्यायाधिवक्ताको कार्यालयको वेभसाइटमा सरकारी वकीलका कामसँग सम्बन्धित कानुनी एवं नीतिगत व्यवस्थाहरू समेत अद्यावधिक गरी राख्ने | अद्याबधिक हुने | २०७३ साउन देखि निरन्तर | मानव संसाधन महाशाखा | कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग |
| | मासिक तथा वार्षिक प्रतिवेदनका फारामहरूलाई सुचना प्रविधि पद्धतिमा आबद्ध गरी विवरण प्राप्त गर्ने व्यवस्था गर्ने | आबद्ध हुने | २०७३ साउन देखि निरन्तर | योजना, अनससन्धान तथा अनसगमन महाशाखा | योजना, अनुसन्धान तथा अनुगमन विभाग |
| | महान्यायाधिवक्ताको कार्यालयको वेभसाइटमा मातहतका सरकारी वकील कार्यालयहरूसँग समेत इन्ट्रानेट मार्फत लिंक गर्ने | लिंक हुने | २०७७ असार | मानव संसाधन महाशाखा | कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग |
| | सबै सरकारी वकील कार्यालयहरूको दैनिक तथा मासिक कार्यसम्पादनको अवस्था वेवसाइटबाट अद्यावधिक हुने व्यवस्था गर्ने | अद्याबधिक हुने | २०७८ असार | मानव संसाधन महाशाखा | कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग |
| | सबै सरकारी वकीलहरूलाई आवासमा इन्टरनेटको सुविधा उपलब्ध गराउने | सुविधा उपलब्ध हुने | २०७३ साउन देखि निरन्तर | मानव संसाधन महाशाखा | कार्यालय तथा जनशक्ति व्यवस्थापन विभाग |

## ४. सफ्टवयेरहरुको निर्माण र संचलन

### १ मुद्दाको अभिलेख व्यवस्थापन सम्बन्धी सफ्टवेयर

महान्यायाधिवक्ताको कार्यालयमा अन्तिम निकासाका लागी दर्ता हुने मुद्दा चल्ने नचल्ने मुद्दाको डिजिटल अभिलेख राख्ने सफ्टवेयर निर्माण भई डाटा प्रविष्ट गर्ने कार्य भइरहेको छ।महान्यायाधिवक्ताको कार्यालयमा अन्तिम निकासाका लागी दर्ता हुने पुनरावेदन गर्ने नगर्ने, निवेदन गर्ने वा नगर्ने सम्बन्धी मुद्दाको विवरण एउटै सफ्टवेयरमा राख्ने गरी निर्माण गरिएको छ। उक्त सफ्टवेयर रोलररयुएनडिपी परियोजना मार्फत निर्माण गरिएको। डाटा प्रविष्ट गर्ने प्रयोजनका लागि हाल ६जना कर्मचारीहरु करारमा कार्यरत रहेका छन्।

यसमा सन् २०१४ जुलाई देखि २०१८ मार्च २३ सम्म कुल ७१,३८६ डाटा प्रविष्ट गरिएको छ। हालसम्म आर्थिक वर्ष २०४७/४८ देखि २०७४/७५ सालसम्मको डाटा इन्ट्री कार्य भै रहेको छ। पुरानो डाटा अभिलेख गर्न हाल कार्यरत जनशक्तिलाइ दिइएको लक्ष्य अनुसार ६ महिना थप लाग्ने देखिन्छ। सो अवधी सन् २०१८ सेप्टेम्बरसम्म लाग्ने अनुमान रहेको छ।

२) **कमर्चारी स्रोत व्यवस्थापन प्रणाली सफ्टवेयर** (Emlpoyee Resource Management System)

महान्यायाधिवक्ताको कार्यालय र मातहतमा काम गर्ने कर्मचारीहरुको विवरण डिजिटल अभिलेख राख्नका लागि Emlpoyee Resource Management System (ERMS) सम्बन्धी सफ्टवेयर निर्माण भएको छ । यो सफ्टवेयर २०७२ असार मसान्त अगाडि नै तयार भएको हो।यस सफ्टवेयरमा महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयमा कार्यरत कर्मचारीहरुको विवरण अभिलेख व्यवस्थापन गर्न सकिन्छ । कम्तीमा ९०० जना कर्मचारीहरुको विवरण यस सफ्टवेयरमा संचय गरिएतापनि राष्ट्रिय सूचना प्रविधि केन्द्रमा राखिएको सर्भरको हार्डडिस्क क्रयास भएकोले पुनःसञ्चालनमा ल्याउनेतयारी भइरहेको छ ।

३) **पुस्तकालय व्यवस्थापन प्रणाली सफ्टवयेर** (Library Management System)

महान्यायाधिवक्ताको कार्यालयमा रहेको पुस्तकालयका पुस्तकहरु ब्यवस्थित रुपमा डिजिटल अभिलेख राख्नका लागि Library Management System (LMS) सम्बन्धी सफ्टवेयर २०७२ असार मसान्तमा निर्माण भएको छ । सफ्टवयेरमा द्धछण्ण भन्दा बढी किताबहरुको विवरण संचय गरिएको छ । ३००० पुस्तक सञ्चय गर्न बाँकी रहेको छ । प्रि फ्याबमा सर्ने कार्यले ईन्टरनेटको व्यवस्था पुस्तकालय शाखामा नभएकाले इन्ट्री कार्य हाल रोकिएको छ । पुस्तकालयका पुस्तकहरु रिड गर्न २०७२ असार मसान्तमा कार्यालयले बारकोड रिडर पनि खरिद गरिएको छ ।

४) **मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेर** (Case Management System)

यो सफ्टवयेर रोलररयुएनडिपीको सहयोगमा २०७४ असारमा तयार गरिएको हो । युएनडिपी रोलरको सहयोगमा निर्मित यस सफ्टवेयरमा द्दण्ठद्ध साउन १५ देखि जिल्ला सरकारी वकील कार्यालयहरुमा कार्यरत कर्मचारीहरुद्धारा डाटा प्रविष्ट गर्ने कार्य भईरहेको छ । उक्त सफ्टवेयरमा डाटा प्रविष्ट गर्ने जिल्ला सरकारी वकील कार्यालयहरुको विवरण तालिका १ र उच्च सरकारी वकील कार्यालयहरुको विवरण तालिका २ मा रहेको छ । उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालयमा २०७४ चैत्र १५ देखि डाटा प्रविष्ट शुरु भएको छ । उच्च सरकारी वकील कार्यालय र विशेष सरकारी वकील कार्यालयमा डाटा प्रविष्ट गर्ने कर्मचारीलाइ तालिम समेत प्रदान गरिसकिएको छ । यसैगरी महान्यायाधिवक्ताको कार्यालयबाट पनि छिटै डाटा इन्ट्री गर्ने कार्य शुरु गरिने छ ।

५) **भौतिक स्रोत व्यवस्था व्यवस्थापन प्रणाली** (Asset Management System)

यो सफ्टवयेर आ.व. ०७३ र ०७४ मा निर्माण गरिएको हो । यो सफ्टवेयर महान्यायाधिवक्ताको कार्यालय र मातहतका कार्यालयहरुको भौतिक स्रोत साधनहरुको रेकर्ड राख्नका लागि निर्माण भै कार्यान्वयनमा ल्याउने तयारी रहेको छ ।

६) **पेशी व्यवस्थापन प्रणाली** (Case Tracking System)

यस सफ्टवेयरमा सर्वोच्च अदालतबाट जारी गरिएको पेशीमा महान्यायाधिवक्ताको कार्यालयबाट सरकारी वकीललाइ तोकिने मुद्दाको पेशीको विवरण यस कार्यालयमा रहेका चार वटा मुद्दा

महाशाखाबाट इन्टी गर्ने कार्यको शुरुवात गरिएको छ । तर, सफ्टवयेरमा अप टु डेट रुपमा पेशीको विवरण इन्ट्री गर्ने कार्य हुन सकेको छैन । यो सफ्टवयेर आ.व. ०७३र०७४ मा निर्माण गरिएको हो । डाटा इन्ट्रीको विवरण यस प्रकारको छ ।

| विभाग/महिना | क | ख | ग | भ | जम्मा |
|---|---|---|---|---|---|
| कात्तिक | १११ | ३८ | २ | ११३ | २६४ |
| मंसिर | २८७ | ३५६ | ५ | ३३७ | ९८५ |
| पुष | ३७७ | १६२ | ३०८ | ५७१ | १४१८ |
| माघ | ४८ | ६९ | १० | ३७ | १६४ |
| फाल्गुन | २९६ | २ | ३ | ३३७ | ६३८ |
| चैत्र | १८२ | ५ | २ | १२५ | ३४७ |
| जम्मा | १३०१ | ६३४ | ३३० | १५२० | ३८१६ |

### ७. ईमेल व्यवस्थापन सम्बन्धी सफ्टवेयर

आ.व.०७३/७४ मा खरिद गरी संचालनमा ल्याईएको छ । महान्यायाधिवक्ताको कार्यालय र मातहत कार्यालयहरुमा कार्यरत सरकारी वकील र कमर्चारीहरुका लागि ईमेल निर्माण गरी कार्यान्वयनमा ल्याईएको छ । ईमेल सिष्टमको लिंक mail.ag.gov.np रहेको छ । हालसम्म 862 वटा ईमेल मध्ये जिल्ला सरकारी वकील कार्यालयको लागि ७७ वटा, उच्च सरकारी वकील कार्यालयको लागि १८ वटा, १ वटा विशेष सरकारी वकील कार्यालय र बाँकी ७६६ वटा कर्मचारीहरुको लागि ईमेल निर्माण गरिएको र ती मध्ये १३६ वटा ईमेल संचालनमा रहे का छन् ।

### ५ कम्प्युटर तथा सूचना प्रविधि सम्बन्धी तालिम

सरकारी वकील तथा कर्मचारीलाई कम्प्युटर तालिम र सूचना प्रविधि तालिम प्रदान गरिएको विवरण यस प्रकार रहेको छ ।

#### ५.१ कम्प्युटर तालिम

| क्र.सं. | तालिमको प्रकृति | तालिम प्राप्त जनशक्ति सख्या | | |
|---|---|---|---|---|
| | | राजपत्रांकित | राजपत्रअनंकित | जम्मा |
| १ | Basic | १०९ | १०८ | २५७ |
| २ | Advance | ५१ | ० | ५१ |
| कुल जम्मा | | १६० | १०८ | ३०८ |

#### ५.२ सूचना प्रविधि सम्बन्धी प्रशिक्षण कार्यक्रम

| क.सं. | तालिम शिर्षक | तालिम मिति र स्थान | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १ | अभियोजन प्रशिक्षण केन्द्रको संयुक्त सहकार्यमा, | २०७३ जेठ १६ देखि १९ गते सम्म | काठमाडौं | राजपत्र अनंकित ३० जना |
| | न्याय प्रशासन कार्यालय सञ्चालन तथा सूचना प्रविधि सम्बन्धी प्रशिक्षण कार्यक्रम (पहिलो) | | | राजपत्र अनंकित २५ जना |
| २ | अभियोजन प्रशिक्षण केन्द्रको संयुक्त सहकार्यमा,<br><br>न्याय प्रशासन कार्यालय सञ्चालन तथा सूचना प्रविधि सम्बन्धी प्रशिक्षण कार्यक्रम (दोस्रो) | २०७३ जेठ २३ देखि २६ गतेसम्म | चितवन, भरतपुर | सूचना प्रविधि महाशाखा प्रमुख, महाशाखामा कार्यरत उपन्याय( ाधिवक्ता सूचना प्रविधि ईञ्जि( नयरहरू , शाखा अधिकृत र कम्प्युटर अपरेटर गरी ८ जना |
| ३ | सूचना प्रविधि सम्बन्धी क्षमता विकास सम्बन्धी तालिम | २०७३ चैत्र २५ देखि २७ गते सम्म | काठमाडौं | तीन जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र तेईस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार र कम्प्युटर अपरेटर गरी २६ जना |
| ४ | सूचना प्रविधि सम्बन्धी तीन दिवसीय अभिमूखिकरण कार्यक्रम (प्रथम) | २०७४ असार ५ देखि ७ गते सम्म | काठमाडौं | पाँच जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र एक्काईस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी २६ जना |
| ५ | सूचना प्रविधि सम्बन्धी तीन दिवसीय अभिमूखिकरण कार्यक्रम (दोस्रो) | २०७४ असार ८ देखि १० गते सम्म | काठमाडौं | एक जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृत र अट्ठाईस जना र ाजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी २९ जना |

| | | | | |
|---|---|---|---|---|
| ६ | सूचना प्रविधि सम्बन्धी तीन दिवसीय अभिमूखिकरण कार्यक्रम (तेस्रो) | २०७४असार १५ देखि १७ गते सम्म | पोखरा | पाँच जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र पच्चीस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी ३० |
| ७ | सूचना प्रविधि सम्बन्धी तीन दिवसीय अभिमूखिकरण कार्यक्रम (चौथौं) | २०७४असार २२ देखि २४ गते सम्म | नेपालगञ्ज | चार जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र एक्काईस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार र कम्प्युटर अपरेटर गरी २५ जना |
| ८ | सूचना प्रविधि सम्बन्धी तीन दिवसीय अभिमूखिकरण कार्यक्रम (पाँचौं) | २०७४असार २८ देखि ३० गते सम्म | विराटनगर | चार जना राजपत्रांकित तृतीय श्रेणीका अधिकृतहरू र एक्काईस जना राजपत्र अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार र कम्प्युटर अपरेटर गरी २५ जना |

### ५.३ मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेर सञ्चालन र ई एटनी अभिमुखीकरण कार्यक्रमरोलररयुएनडिपी कार्यक्रमको सहयोगमा भएका तालिमको अवस्था

| क्र.सं. | तालिम शिर्षक | तालिम मिति र स्थान | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | मुद्दा व्यवस्थापन प्रणा( ली सम्बन्धी सफ्टवयेर सञ्चालन र ई एटनी अभिमुखिकरण कार्यक्रम सम्बन्धी प्रशिक्षण कार्यक्रम | १५ देखि जुन १७, २०१७ (२०७४ असार १ देखि ३ गते सम्म) | धुलिखेल | दश जना राजपत्रांकित तृतीय श्रेणीका अ( धकृतहरू र वीस जना र ाजपत्र अनंकित कर्मचार ीहरू नायव सुब्बा, खरि दार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी ३० जना |
| | मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेर सञ्चालन र ई एटनी अभिमुखिकरण कार्यक्रम सम्बन्धी प्रशिक्षण कार्यक्रम | अक्टुबर २४ देखि अक्टुबर २६, २०१७ (२०७४ कार्तिक ७ देखि ८ गते सम्म) | पोखरा | राजपब अनंकित कर्मचारीहरू नायव सुब्बा, खरिदार, कम्प्युटर अपरेटर र सहायक कम्प्युटर अपरेटर गरी ३२ जना |

| | | | | |
|---|---|---|---|---|
| | मुद्दा व्यवस्थापन प्रणाली सम्बन्धी सफ्टवयेर सञ्चालन र ई एटनी अभिमुखिकरण कार्यक्रम सम्बन्धी प्रशिक्षण कार्यक्रम | ७ देखि ९, २०१७ (२०७४ कार्तिक २१ देखि २३ गते सम्म) | सुर्खेत बीरेन्द्रनगर | २८ जना राजपत्र अनंकित कर्मचारीहरू |

५.४ आ व २०७४र२०७५ मा तालिम सन्चालन

| क.सं. | तालिम शिर्षक | तालिम मिति र स्थान | स्थान | सहभागी संख्या |
|---|---|---|---|---|
| १. | सूचना प्रविधि सम्बन्धी ३ दिवसीय अभिमुखिकरण कार्यक्रम (प्रथम) | माघ २७ देखि २९ सम्म | काठमाडौं | राजपत्रांकित तृतीय श्रेणीका सर कारी वकील ३० जना |
| २. | सूचना प्रविधि सम्बन्धी ३ दिवसीय अभिमुखिकरण कार्यक्रम (दोस्रो) | चैत ७ देखि ९सम्म | काठमाडौं | राजपत्र अनंकित २४ जना |
| ३. | सूचना प्रविधि सम्बन्धी ३ दिवसीय अभिमुखिकरण कार्यक्रम (तेस्रो) | चैत्र १५ देखि १७ सम्म | धनगढी | राजपत्र अनंकित २३ जना |
| ४. | सूचना प्रविधि सम्बन्धी ३ दिवसीय अभिमुखिकरण कार्यक्रम (चौथौं) | चैत्र २३ देखि २५ सम्म | चितवन | राजपत्र अनंकित २७ जना |

**हालसम्म तालिम प्राप्त जनशक्ति**

| राजपत्रांकित: | राजपत्र अनंकित: | जम्मा |
|---|---|---|
| ६५ | २७८ | ३४३ |

## ६. कार्यालयमा उपलव्ध भौतिक स्रोतसाधनको बिबरण र त्यसको प्रयोगको अवस्था

### ६.१ Data Server को स्थापना र सञ्चालन

नेपाल सरकारको “राष्ट्रिय सूचना प्रविधि केन्द्र” अन्तर्गत रहेको GIDC (Government Data Integration Center) मा यस कार्यालयको आफ्नै Data Server को स्थापना गरी ५ बटा Server लाई महान्यायाधिवक्ताको कार्यालयसँग अप्टिकल फाईबर मार्फत connect गराउने कार्य सम्पन्न भई हाल संचालनमा रहेको छ ।

### ६.२ आ.व. २०७३/२०७४मा विद्युतिय सामानको अवस्था र खरिद विवरण

**१ महान्यायाधिवक्ताको कार्यालयका लागि**

- ३ वटा डेल डेस्कटप
- १ वटा डेल ल्यापटप
- २ वटा एक्सर्टनल हार्ड ड्राईभ

- १ वटा Xerox Multifunction Printer, Scanner and Photocopy
- ३ वटा UPS
- १ वटा HP Laser jet printer
- २ वटा 2 TB External Hard Drive

**२ मातहत कार्यालयका लागि**

१६ उच्च सरकारी वकील कार्यालय, विशेष सरकारी वकील कार्यालय र ७५ जिल्ला सरकारी वकील कार्यालयका लागि

- १ वटा DELL Branded Desktop
- १ वटा DELL Branded Laptop
- १ वटा Xerox Multifunction Printer, Scanner and Photocopy
- १ वटा Router
- १ वटा 2 TB External Hard Drive
- १ वटा External Back up Battery
- कम्प्युटर राख्नका लागि फर्निचर

६.३ आ.व. २०७४/२०७५ मा ई एटनी कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट भएका तथा कार्यान्वयनमा रहेका कार्यक्रमहरु

**१० मानव जनशक्ति**

- बरिष्ठ सूचना प्रविधि ईञ्जिनयर उप सचिव स्तर १ र सूचना प्रविधि ईञ्जिनयर रा।प। तृतीय श्रेणीस्तर १ गरी दुई जना करारमा लिई काम भै रहेको
- २०७४ मंसिर १५ देखि अभिलेख व्यवस्थापन सम्बन्धी सफ्टवयेरमा डाटा इन्ट्री गर्न ५ जना कम्प्युटर अपरेटर र १ जना तृतीय श्रेणीका सुपरवाईजर करारमा लिईएको ।

**२० क्षमता विकास तालिम**

यस आ व मा ५ वटा सूचना प्रविधि सम्बन्धी क्षमता विकास तालिम संचालन गर्ने कार्यक्रम रहेकामा ४ वटा सम्पन्न भै सकेका र १ वटा वाकी रहेको छ ।

**६.४ सूचना प्रविधि सम्बन्धी उपकरण रनेटवर्किङ सम्बन्धी कार्य**

सूचना प्रविधि सम्बन्धी उपकरण र नेटवर्किङ सम्बन्धी कार्यका लागि २०७४ चैत्र ७ गते गोरखापत्रमा सूचना प्रकाशित भएका छ । ९जम्मा ३ करोड ७ लाख ९ हजार०

सूचना प्रविधि सम्बन्धी उपकरण

- डेस्कटप ६०
- आई फाईभ ल्यापटप १२१
- आई सेभेन ल्यापटप ५
- मल्टिफन्सन प्रिन्टर १

- लेजन प्रिन्टर क्यानन १०
- सक्यानर एडिएफ १०
- सक्यानर २२
- हार्ड डिस्क १०

**नेटवर्किङ सम्बन्धी कार्य**

- फोर स्विईच २
- लिन्क स्विईच २
- एच फायर वाल १ वटा
- कोर फायरवाल २ वटा
- सर्भर २ वटा
- स्टोरेज २ वटा
- विइन्डोज सर्भर २ वटा
- बयाकअप सफ्टवयेर १ वटा
- भिम वयेर १ वटा

पूँजिगत शीर्षकमा २ वटा सफ्टवयेर निर्माणका लागि १० लाख बजेट रहे अनुसार उक्त कार्य अगाडि बढाईएको ।

७. **सुझावहरु**

- सूचना प्रविधि सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न हाल महान्यायाधिवक्ताको कार्यालयमा कम्तिमा उप सचिवस्तरको एक जना सूचना प्रविधिविज्ञ र ४ जना राजपत्रांकित तृतीय श्रेणीको सूचना प्रविधि विज्ञ र दुई जना कम्प्युटर टेक्निसियन आवश्यक पर्ने ।
- मातहतका कार्यालयहरुमा इन्टरनेट सेवाको गति कम भएकोले मुद्दा व्यवस्थापन प्रणाली सफ्टवेयरमाडाटा प्रविष्ट गर्ने कार्य कठिन भएकोले क्ष्लतचबलभत सेवा सुचारु गर्नुपर्ने ।
- Enterprise Level (Oracle Database) को डाटावेस खरिद गर्नुपर्ने
- निर्मित सफ्टवेयरलाई कार्यान्वयनमा ल्याउने र ती सफ्टवेयरका डाटा सुरक्षित राख्नका निम्तिसफ्टवेयर निर्माताले Oracle Database मा डाटा स्थानान्तरण गर्नुपर्ने । कर्मचारीहरूको डाटा इन्ट्रीकोकाम र सूचना प्रविधिको कामलाई कार्य सम्पादन र प्रोत्साहन भत्तामा रूपान्तरण गर्नुपर्ने ।
- सर्वोच्च अदालतमा भएका सफ्टवेयरलाई यस कार्यालयमा इन्टरनेट बिना चलाउनका निम्ति सर्वोच्चअदालतको IT Team संग समन्वय गर्नुपर्ने ।
- सूचना प्रविधिको पञ्चवर्षिय रणनीतिक योजना बनाउनुपर्ने । दोस्रो पञ्चवर्षिय रणनीतिक योजनालेसूचना प्रविधिको क्षेत्रमा हासिल गर्ने लक्ष्य अनुरूप प्रगति भए नभएको बारे

समिक्षा गरी भावीकार्यक्रम तर्जुमा गर्नुपर्ने ।

- यसको प्रयोगमा आवश्यक पर्ने सामाग्रीहरु जस्तो कम्प्यूटर, ल्यापटप, इन्टरनेट लगायत सूचना प्रविधिसँग सम्बन्धित सामाग्री र यसको प्रयोगकर्ता बढाउने Networking प्रभावकारी बनाई सबैको पहुँच स्थापित गर्ने ।
- E-Attorney Project को प्रभावकारी कार्यान्वयन र दिगो ब्यबस्थापनका सम्बन्धमा आवश्यक नीति निर्धारण, कार्यक्रम निर्माण एवं सोको कार्यान्वयन गर्नका लागि महान्यायाधिवक्ताको कार्यालयमा उच्च तहको नेतृत्वमा सूचना प्रविधि निर्देशक समिति निर्माण गर्ने ।
- विस्तृत अध्ययनका साथ तयार गरी प्रस्तुत भएको ईएटनी सम्भाव्यता अध्ययन प्रतिवेदनका सुझावहरुलाई कार्यान्वयन गर्दै लैजाने ।

८. **अनुगमनबाट देखिएको अवस्था**

- सूचना प्रविधिकोप्रयोग कार्यालयको काममा प्रभावकारी रुपमा हुन नसकेको ।
- सफ्टवेयरहरुकोप्रयोग अपेक्षित रुपमा हुन नसकेको ।
- सूचना प्रविधि सम्बन्धी सामाग्रीहरुको संरक्षण, मर्मत तथा सुधारमा पर्याप्त ध्यान जान नसकेको।
- आफ्नो जिम्मामा लिएको Laptop, Computer समेतका सूचना प्रविधि सामाग्रीको प्रयोग सही रुपमा हुननसकेको ।
- सरकारी वकील र कर्मचारिहरु सूचना प्रविधिमैत्री बन्न नसकेको ।
- तालिम र प्रशिक्षणले उल्लेखनीय नतिजा दिन नसकेको ।
- CMS Software मा मुद्दा सम्बन्धी Data Entry गर्नुपर्नेकाम प्रभावकारी नभएको ।
- जनशक्ति कम रहेको ।
- सूचना प्रविधिको प्रयोग कम्प्युटर अप्रेटरले मात्र गर्ने भन्ने अन्य कर्मचारीको धारणा रहेको ।
- इन्टरनेटको प्रयोग कार्य सम्पादनमा कम हुने गरेको ।
- विद्युतिय सामाग्री पर्याप्त मात्रामा उपलब्ध नभएको ।

९. **सरकारी वकील तथा कार्यालयबाट राखिएका अपेक्षा**

१. काम भन्दा प्रतिरक्षामा तर्क गर्ने कुरालाई कम गर्ने ।

२. कार्यालयमा उपलब्ध सम्पूर्ण बिद्युतिय उपकरणहरुको प्रचलित आर्थिक ऐन, नियम र निर्देशिका बमोजिम अभिलेख राख्ने र सो को बिवरण भौतिक ब्यबस्थापन संग सम्बन्धित AMS Software मा समेत राख्ने ।

३. E-Attorney कार्यक्रम अन्तर्गत खरिद गरिएको Laptop, Computer समेतका उपलब्ध भौतिक सामाग्रीहरु कार्यालयको कार्य सम्पादनमा प्रयोग गर्ने । त्यस्ता सामाग्रीहरु

कार्यालय प्रमुख वा कर्मचारीले अनाबश्यक रुपमा ज्यमि गरी राख्ने प्रबृत्तिलाई हटाई नियमित कार्यालयको काममा प्रयोग गर्ने ।

४. कार्यसम्पादनको लागि उपलब्ध सामाग्रीहरुको यथासमयमा आबश्यक मर्मत, सुधार एबं संरक्षण गरी समुचित रुपमा प्रयोग र परिचालन गर्ने गराउने ।

५. अधिकृत वा कर्मचारीले आफ्नो जिम्मामा लिएको Laptop, Computer समेतका भौतिक सामाग्री वा त्यसको कुनै भाग सट्टा पट्टा वा दूरुपयोग हुननदिने। भौतिक सामाग्री कार्यालयमा फिर्ता बुझाउदा दुरुस्त रुपमा बुझाउने ।

६. सूचना प्रविधिको समूचित प्रयोग बिना e-Attorney कार्यक्रमको प्रभावकारी कार्यान्बयन असम्भव भएकाले सबै तहका अधिकृत एबं कर्मचारीहरुले सूचना प्रविधिको प्रयोगमा जोड दिने ।

७. सूचना प्रविधि तथा कम्प्युटर सम्बन्धी तालिममा सिकेको सीपको प्रयोग कार्य सम्पादनमा गर्ने ।

८. सरकारी कामको सिलसिलामा Email को प्रयोग गर्नुपर्दा यस कार्यालयबाट उपलब्ध Official Email को प्रयोग गर्ने गराउने ।

९. कतिपय कार्यालयमा आबश्यक भन्दा कम क्षमताको Internet जडान गरेको कारण CMS Software मा Data Entry /Document Upload गर्न कठिनाई भएको पाईएकोले आबश्यकतानुसार Internet को क्षमता बढाउने ।

१०. CMS र AMS समेतका Software मा यथासमयमा Data Entry र Document Upload गर्ने गराउने Data Entry को कामलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको एउटा सूचक बनाउने ।

११. CMS Software मा Data Entry गर्नुपर्ने आफ्नो कार्यालयको चालु मुद्दाको data Entry गर्ने काम २०७५ साल असार मसान्त सम्म सम्पन्न गर्ने ।

१२. ई एटनी कार्यक्रममा सबैले स्वामित्व ग्रहण गर्ने र कार्यान्वयन गर्ने प्रतिबद्धता ।

१३. सूचना प्रविधिको प्रयोग गरी नतिजा देखाउने वेला भएको स्मरण गर्दै प्रविधिको पूर्ण उपयोग गरौं ।

# ४. सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने कामकारबाहीको अवस्था र सुधारका पक्षहरू

सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजाल

## १. पृष्ठभूमि

सरकारलाई कानूनी राय सल्लाह दिन २००८ साल पौष ८ गते कार्यकारिणी आदेशबाट पहिलो एटनी जनरलको नियुक्ति भए पछि नेपालको कानूनी ईतिहासमा सरकारी वकीलको शुरुवात भएको पाइन्छ । प्रधान न्यायालय ऐन, २००८ को पहिलो संशोधन, २००९ ले दफा ४१ मा एटनी जनरलको सम्बन्धमा व्यवस्था भएको पाइन्छस जस अनुसार प्रधान न्यायालयको न्यायाधीश हुने लायकको व्यक्तिलाई एटनी जनरलको पदमा नियुक्ति गरिने, नेपाल सरकारले मुद्दा मामिला कानूनी विषयमा मागेको कानुनी राय सल्लाह र कानूनी कारवाही गर्नु एटनी जनरलको कर्तव्य हुने, सरकारी मुद्दा मामिलाको कारबाहीको काममा अदालत तर्फ सवै अड्डामा बहस पैरवी गर्न पाउने र सरकारी कामको फुर्सत हेरी प्राईभेट प्राक्टिश गर्ने अनुमति रहेको समेत पाइन्छ । २०१३ सालमा नेपाल गजेटमा सूचना प्रकाशन गरी आवश्यकता अनुसार गभर्नमेन्ट एडभोकेटको व्यवस्था गरी सरकारलाई सरोकार पर्ने मुद्दा मामिलामा जुनसुकै अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने व्यवस्था भयो । सरकारी मुद्दा सम्बन्धी ऐन, २०१७ लागू भए पछि विभिन्न पदनाममा सरकारी वकीलको देशव्यापी संगठनको व्यवस्था भयो भने नेपालको संविधान, २०१९ ले पहिलो पटक एटनी जनरललाई संवैधानिक पदको रुपमा स्थापित गर्यो। सोही संविधानको पहिलो संशोधन, २०२३ ले एटनी जनरलको सट्टा महान्यायाधिवक्ता नामाकरण गर्यो ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले महान्यायाधिवक्ता र निजबाट अधिकार प्राप्त मातहतका अधिकृतबाट कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष श्री ५ को सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा सरकारको तर्फबाट प्रतिनिधित्व गरिने व्यवस्था गर्नुका साथै कुनै अदालत वा न्यायिक अधिकारीका समक्ष श्री ५ को सरकारको तर्फबाट मुद्दा चलाउने वा नचलाउने भन्ने कुराको अन्तिम निर्णय गर्ने अधिकार हुने व्यवस्था गऱ्यो । यही संवैधानिक व्यवस्था बमोजिम सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ र सरकारी वकील सम्बन्धी नियमावली, २०५५ जारी भई यी कानून बमोजिम सरकारी वकीलहरुबाट नेपाल सरकारवादी भई चलाइने मुद्दा दायर गरी बहस पैरवी समेतको कार्य गर्ने र नेपाल सरकार विरुद्ध दायर हुने मुद्दाको प्रतिरक्षा गर्ने सम्बन्धी कार्य गरी आएका छौं ।

नेपालको अन्तरिम संविधान, २०६३, जारी भए पछि सरकारी वकीलको जिम्मेवारीमा बढोत्तरी गरेको थियो । मुद्दा मामिलाको रोहमा सर्वोच्च अदालतले प्रतिपादन गरेको कानूनी सिद्धान्तको

कार्यान्वयन भए नभएको अनुगमन गर्ने गराउने, हिरासतमा रहेको व्यक्तिलाई मानवोचित व्यवहार नगरेको वा आफन्तसँग वा कानून व्यवसायी मार्फत भेटघाट गर्न नदिएको उजुरीका सम्बन्धमा आवश्यक निर्देशन दिने जिम्मेवारी थप भएकोमा संविधान सभाबाट जारी भएको हालको नेपालको संविधानले महान्यायधिवक्ताको भूमिका र जिम्मेवारी साविक भन्दा झन बढाएको छ । सो संविधानमा नेपाल सरकारको तर्फबाट दायर भएका मुद्दा फिर्ता लिंदा महान्यायाधिवक्तको राय लिनु पर्ने, महान्यायाधिवक्ताले राष्ट्रपति समक्ष पेश गर्ने वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त कानूनी विषयमा दिएको राय सल्लाहको संक्षिप्त विवरण सहितको संख्या, अपराधका प्रवृत्ति सम्बन्धी विवरण उल्लेख गर्नु पर्ने थप व्यवस्था गरेको छ । यो संविधानले सरकारी वकीललाई साविकको निजामती सेवा, न्याय सेवाबाट अलग गरी सरकारी वकील तथा महान्यायाधिवक्ताको मातहतमा रहने अन्य कर्मचारीहरुको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त सम्बन्धी व्यवस्था छुट्टै ऐनबाट व्यवस्थित गरिने व्यवस्था गरेको छ ।

## २. सरकारी वकीलको काम कर्तव्य र अधिकार

माथि उल्लेख गरिएको पृष्ठभूमिबाट सरकारलाई कानूनी राय सल्लाह दिने सीमित भूमिकाबाट शुरुवात भएको महान्यायाधिवक्ता (एटनी जनरल) को कर्तव्य र अधिकार आजका दिनसम्म धेरै वृद्धि भएको छ सरकारी वकीलको हालको काम कर्तव्य र अधिकारलाई बुँदागत रुपमा मात्र उल्लेख गरिएको छः

(क) सीमित अपवादात्मक व्यवस्था बाहेक नेपाल सरकारवादी हुने मुद्दामा अनुसन्धान अधिकारीलाई निर्देशनरपरामर्श दिई मुद्दा चल्नेरनचल्ने निर्णयका साथै अभियोजन गर्ने,

(ख) नेपाल सरकारको हक, हित वा सरोकार निहित रहेको मुद्दामा नेपाल सरकारको तर्फबाट मुद्दा हेर्ने अधिकारी वा अदालत समक्ष उपस्थित भई बहस पैरवी तथा प्रतिरक्षा गर्ने,

(ग) सरकारवादी मुद्दामा अन्तरकालीन आदेश उपरको निवेदन, पुनरावेदन, मुद्दा दोहोऱ्याउने निवेदन तथा पुनरावलोकनको निवेदन गर्ने,

(घ) नेपाल सरकार वा सरकारी पदाधिकारीलाई कानुनी राय सल्लाह दिने,

(ङ) नेपाल सरकार वादी मुद्दा फिर्ता लिने सम्बन्धमा राय दिने,

(च) कारागार तथा हिरासतको अनुगमन गर्ने

(छ) सरकारी अन्य निकाय, कार्यदल तथा आयोगर समितिहरुमा रही कार्य गर्ने

(ज) अध्ययन, अनुसन्धान सम्वन्धी कार्य गर्ने

(झ) संविधान तथा कानूनले तोकेका अन्य कार्य गर्ने

## ३. कार्यसम्पादनमा देखिएका चुनौती र सुधारका क्षेत्र

- कार्यक्षमता, कार्यशैली र विश्वासः संवैधानिक विकास सँगसँगै सरकारी वकीलको जिम्मेवारी थप र परिष्कृत हुँदै गएका छन् । नयाँ बनेका संहिताहरुले नविनत् अपराध र कार्यविधिमा समेत परिवर्तन ल्याएका छन् । सबै सरकारी वकील तथा कर्मचारीहरु नविनतम् व्यवस्थाको बारेमा परिचित भई कार्य गर्न सक्षम हुनुका साथै यसमा म सक्षम छु भन्ने आत्मविश्वास पनि हुनु पर्दछ । हामीबाट राज्य, पीडित लगायत सरोकारवालाको अपेक्षा जसरी बढेको छ, सो अनुरुप सन्तुष्टि दिलाउन सकिएको छैन । त्यसैले परम्परागत कार्यशैलीबाट कार्यमा सफल हुन नसकिने भएकाले आफ्नो कार्य प्रति जागरुक र संस्थाको हितमा सकारात्मक सोचका साथ अगाडि बढ्नु जरुरी छ ।
- गत वर्ष ९२०७३ साल पौष र माघ महिनामा० हामीले दुई वटा राष्ट्रिय सम्मेलन मार्फत घोषणापत्र पारित गऱ्यो, पारित घोषणापत्र अनुरुपको कार्य भयो भएन, घोषणा कार्यान्वयनको लागि हाम्रो पहल र कार्य समीक्षा हुन सकेको छैन, यो हुन जरुरी छ ।
- विषयगत विज्ञता र व्यावसायिकताः सरकारी वकीलबाट सम्पादन हुने कार्य प्रकृतिको विविधता र विशिष्टताका आधारमा विषयगत विज्ञ सरकारी वकीलको उत्पादन र टिकाउ गर्न जरुरी छ । एउटै सरकारी वकीलबाट सबै प्रकृतिको मुद्दामा प्रभावकारी प्रतिनिधित्व हुन सक्दैन । विशिष्टताका लागि पर्याप्त अवसर प्रदान गरी निरन्तर सिकाईलाई आत्मसात गर्दै तालीम, थप अध्ययन र अवलोकन भ्रमणको माध्यमबाट विषयगत विज्ञ सरकारी वकील र निजको उत्तारधिकारी तयार गरिरहनु पर्दछ । नयाँ कानूनहरु बनि रहेका छन् तर सरकारी वकीलहरु पुरानै भयौं ।
- कार्यबोझ र संगठन व्यवस्थापनः महान्यायाधिवक्ताको कार्यालय तथा कार्य बोझ बढी भएका मातहत सरकारी वकील कार्यालयहरुमा विद्यमान दरवन्दीरपद संरचना पुनरावलोकन गरी कार्यको समानुपातिक वितरण हुन जरुरी छ । जनशक्तिका सम्बन्धमा पर्याप्त छलफल गरी आवश्यकता अनुसार सृजना र आपूर्ति हुन जरुरी छ।सरकारी वकील कार्यालयहरुमा जनशक्ति अपर्याप्त हुँदाहुँदै पनि ठूलो संख्या (करिव ७० जना) सरकारी वकीलहरु सरकारी वकीलको भन्दा बाहिरको काममा छौं । यसतर्फ ध्यान दिनु जरुरी छ ।
- संस्थाको लागि सदभाव राख्ने सरोकारवाला (Stakeholder) र संस्थाको दुरुपयोगबाट स्वार्थ सिद्ध गर्ने विनाशकारी (Spoiler ) आन्तरिक र बाह्य दुवै खालेको समय मै पहिचान गरी यीनको उचित व्यवस्थापन गर्नु पर्दछ ।
- रणनीतिक योजना, यसको कार्यान्वयनः महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजनाले तेस्रो वर्ष पूरा गरी सकेको छ । योजनाले प्रक्षेपण गरेका कार्यको गुणस्तर सहितको मूल्याङ्कन गरी सुधारका क्षेत्र पहिल्याउनु पर्दछ । सरकारी वकीलको

तीनै तहबाट योजना कार्यान्वयन गर्ने कार्य योजनाको निर्माण, कार्यान्वयन र जिम्मेवारी निर्वाहको समीक्षा गरी जवाफदेही वनाउन ढिला भैसक्यो । रणनीतिक योजना प्रति सरकारी वकील र कर्मचारीहरुले अपनत्व लिएको अनुभूति हुन सकेको छैन । रणनीतिक योजना सम्बन्धी छुट्टै कार्यपत्र रहेको हुँदा यहाँ यो भन्दा वढी विवेचना गरिएको छैन ।

- सरकारी निकायको प्रतिरक्षा र समन्वय संयन्त्रः यस विषयमा धेरै छलफल गर्यौं तर सुधार हुन सकेन । अझ कहिलेसम्म सरकारी वकीलले प्रतिरक्षा गर्नुपर्ने निकायहरुबाट मिसिल कागजात पाउन नसकी पेशीको दिन छटपटाहट गरिरहनु पर्ने ? अब आफ्नो प्रतिरक्षाको लागि ती सरकारी निकायहरुले नै सरकारी वकीललाई कागज सहित समयमै खोज्ने वातावरण र संयन्त्र बनाउनआवश्यक छ ।

- सूचना प्रविधिको प्रयोगः अब हामीसँग सीमित मात्रामा भए पनि स्रोत साधन र प्रविधि उपलब्ध छन् । पहिले स्रोत साधन भएन भनेर समस्या देखाउने गरेकामा सूचना प्रविधिको प्रयोगको नतिजा देखाउने वेलामा जनशक्तिको अभाव देखाउन थाल्यौ । कठिन केहि छैन अभाव देखाउनु भन्दा गर्छु भन्ने भावनाका साथ भएको प्रविधिको पूर्ण उपयोग गरौं ।

- कार्यालय भवन, भौतिक स्रोत, साधन र यिनको सदुपयोग र संभार सरकारी वकील कार्यालय र कार्यालयहरुमा रहेका भौतिक स्रोत साधनको संभार र सदुपयोगको अवस्था सन्तोषजनक देखिएको छैन, अनुगमन, निरीक्षण र निर्देशनको पक्ष पनि कमजोर छ । पहिले भवन, भौतिक साधन छैन भन्थ्यौ, सरकारी वकील कार्यालयका भवनहरु बनी रहेका छन्, अब भनवहरु ठूला भए संभार गर्न नसकिने भन्न थाल्यौं । न्यूनतम रुपमा पनि सरसफाइ, संरक्षण नगर्ने सम्बन्धित पदाधिकारीलाई जवाफदेही र कार्य मूल्याङकनको आधार बनाउनु पर्दछ । जिन्सी सामान खरिद तर्फ दिलचस्पी दिने हामी पुराना काम नलाग्ने जिन्सी सामान लिलाम गर्नेतर्फ उदासिन रहेका छौं ।

- सेवा प्रतिको आकर्षण, जनशक्तिको टिकाउः ईमान्दारीपूर्वक काम गर्ने हो भने कार्यालय समयमा मात्र काम गर्दा सरकारी वकीलले तोकिएको काम गर्न भ्याउदैन, न्याय सेवाका अन्य समूहका तुलनामा हामीलाई हर कुरामा पछाडि पारिएको छ भन्ने हाम्रो ठम्याई छ । राम्रा जनशक्ति पलायन हुने र छाडिएकाले सुधार संभव हुने देखिदैंन । त्यसैले व्यवसायिक भत्ता, थप सुविधा र अवसर लगायतबाट कार्यप्रेरणा, सेवा प्रतिको आकर्षण र टिकी राख्ने वतावरण निर्माणतर्फ लाग्नु पर्दछ ।

- सेवा शर्त सम्बन्धी कानूनः संविधानको धारा १६१ बमोजिमको कानून बनाउन ढिलाई भै सक्यो । हामीले सो कानून आफ्नो स्वार्थ अनुकूल हुनु पर्ने अपेक्षा राख्यौं । संस्थाबाट सरकारी वकीलको सेवालाई व्यवसायिक बनाउने सम्बन्धमा साझा धारणा बनाउन जरुरी छ । सवैको चित्त बुझाउन सकिदैन, संवैधानिक व्यवस्थाको यथार्थता बमोजिम कानूनको मस्यौदा सम्बन्धित निकायमा पठाउनु पर्दछ । अन्यथा अरुले हाम्रो हित अनुकूल

कानून बनाइदिदैनन्, स्वास्थ्य सेवाको जस्तो कानून हामीले चाहेको किमार्थ हैन ।

- आचरण, अनुशासन, जवाफदेहिता र अनुगमन तथा कारबाही: हामीले सरकारी वकीलको आचार संहिता बनायौं, मातहत कार्यालयको अनुगमन गर्ने सम्बन्धमा नीतिगत निर्णय गरी पटक पटक परिपत्र समेत गऱ्यो, तर त्यसको पालना र उपलब्धीका सम्बन्धमा खोजविन र धिङ्न्याई गर्ने उपर कारबाही गयौग कि गरेनौं यस तर्फ बढी गंभिर हुन जरुरी छ ।

- सेवाग्राहीसंगको संवाद, सम्बन्धसुत्र र विश्वासः नयाँ संहिताहरु कार्यान्वयनमा राज्यले सरकारी वकीलबाट धेरै अपेक्षा गरेको छ । सरकारी वकीलले सरोकारवालालाई सुसूचित गराउन जनतासम्म जान सक्षम र कार्य प्रतिको आत्मविश्वासका साथ उत्तरदायित्व बहन गर्नु पर्दछ । समुदायमा सरकारी वकील कार्यक्रम माध्यम हुन सक्दछ, यसलाई थप प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

- एकता र निष्ठा आ-आफू बीचको एकता, भलाकुसारी, सहयोग, भातृत्व भावको सट्टा कुनै हालतमा आत्मपरक आधार खडा गरी विभाजित हुनु हुँदैन । आफू निष्ठामा वसी अरुलाई निष्ठावान बन्न प्रेरणा दिनु पर्दछ ।

- सरकारका अन्य निकायमा रही काम गर्ने सरकारी वकीलको दायित्वः व्यावसायिकताका हिसावले सरकारी वकीलले आफ्नो पेशागत काम मात्र गर्ने हो तथापि हाल सरकारी विभिन्न निकायमा सरकारी वकीलहरु फरक फरक जिम्मेवारीमा कार्यरत छन् । जुनसुकै जिम्मेवारीमा रहे पनि सरकारी वकीलले आफ्नो व्यवसयिक धर्मलाई पालना गर्नुका साथै संस्थाको गरिमा बढाउने काम गर्नु पर्दछ । महान्यायाधिवक्ताको कार्यालयबाट तयार भएको अन्य निकायमा कार्यरत रहँदा सरकारी वकीलले पालना गर्नुपर्ने कार्य विवरणलाई आवश्यक भए परिमार्जन गरी लागू गर्न उपयुक्त हुन्छ ।

- कार्य सञ्चालनसमिक्षा, संवाद, सहयोग र समन्वयः महान्यायाधिवक्ताको कार्यालयमा अधिक संख्यामा हामी नीति निर्माण तहका उच्च पदाधिकारीहरु कार्यरत छौं । नीति निर्माण तहका सवैलाई समेटी छुट्टै नियमित वैठक हुन सकिरहेको छैन । यो विज्ञ जनशक्तिको नियमित वैठक, संवाद, कार्यसमिक्षा हुन सकेको खण्डमा संस्थाको कार्य सञ्चालन, व्यवस्थापना तथा व्यावसायिकताको विकास, सुधार र पारदर्शितामा महत्वपूर्ण सघाउ पुग्ने विश्वास लिन सकिन्छ ।

- अध्ययन अनुसन्धानः सरकारी वकीलसँग सम्बद्ध एउटा महत्वपूर्ण पक्ष, कानूनी विषयमा अध्ययन अनुसन्धान गरी देशको फौजदारी न्याय प्रशासनमा समसामयिक सुधारको लागि योगदान दिनु पनि हो । महान्यायाधिवक्ताको कार्यालयबाट धेरै अनुसन्धानमूलक कार्य भनी औपचारिकतामा सीमित कार्य भएका छन् । अध्ययन र अनुसन्धानको निचोड सुधारको आधार बन्नु पर्दछ ।अपराधशास्त्रीय अनुसन्धान केन्द्रलाई स्वायत्त र सक्षम

Research Center को रुपमा विकास गर्न यस सम्बन्धी कानून निर्माण गर्ने कार्यलाई अबिलम्ब अगाडि बढाउनु पर्दछ ।

- पद्दति र मापदण्डको निर्माण र पालनाः कानून र न्यायको क्षेत्रमा काम गर्ने देश भरी विभिन्न तह र सेवाका कर्मचारी सम्मिलित भै विस्तारित सरकारी वकील संस्थाले गर्ने प्रत्येक काम कारबाही निश्चित पद्दती र मापदण्डको आधारमा गरिँदा मर-मोलाहिजाले स्थान पाउदैन, कुनै काम अवस्था अनुमान योग्य हुने र योग्यले आफ्नो पालोसम्म पर्खनुपर्ने प्रथाको विकास हुन्छ । जसबाट सवैको भलो र संस्थाप्रतिको अपनत्व र जिम्मेवारी बोध अझ बढी हुन्छ ।

## ४. निष्कर्ष

गत विगत बर्षहरु देखि नै सञ्चालन हुँदै आएको सरकारी वकीलहरुको केन्द्रिय वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम लगायत अन्य सरकारी वकीलले आयोजना गरेका विभिन्न कार्यक्रमहरुमा सरकारी वकीलको कार्य सम्पादनमा देखिएका समस्याहरुको बारेमा छलफल हुँदै आएको छ । समस्या यति धेरै छन् कि त्यसको समाधान हामीले मात्र गर्न सक्दैनौं । यी समस्याको समाधान अरु कसैले गरिदिनु पर्ने वा स्रोत साधन दिनु पर्ने वा अरुले गरेको गलत कार्यको परिणाम त्यस्तो समस्या हुने गरेको भनी हामी सधैं पानी माथीको ओभानो हुन खोज्यौं । जति सुझाव दिए पनि समस्याको प्रकृति र संख्या हरेक साल ज्यूँकात्यूँ नै रहे । त्यसैले यस पालीको यो कार्यपत्र तयारी र प्रस्तुतिको उद्देश्य अलि फरक छ। सरकारी वकीलको कार्य सम्पादनमा देखिएका समस्याहरुको पछाडि हामी आफै त जिम्मेवार छैनौं ? आफ्नै प्रवृतिमा पुनरावलोकन गरी पहिले आफैलाई सुधार गरौं । उपलब्ध साधन, स्रोत र अवसरलाई संस्थाको हितमा उच्चतम् उपयोग गरी नतिजा निस्कने गरी काम गरौं । दोष अरुलाई नदिऔं । आफूसँग सम्बन्धित काम प्रतिको जिम्मेवारी र जवाफदेहिता आफैले लिई एउटा पद्दति र निश्चित मापदण्ड बनाई त्यसको पूर्ण पालना गरौं त्यस पछि हेरौं त समस्या कहाँ हुँदो रहेछ ।

# ५. अनुसूची बाहिरका मुद्दाहरूको अनुसन्धान गर्ने कार्यालयहरूको केन्द्रीय तहका पदाधिकारीहरूसँगको राष्ट्रिय कार्यशाला

## १. पृष्ठभूमी

२०७५ साल भाद्र १ गते मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी (कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागू हुन गइरहेको छ । यी कानूनहरू लागू भएसँगै मुलुकी ऐन लगायतका कतिपय कानूनहरू प्रतिस्थापन हुनेछन् र साविकमा भई आएको फौजदारी न्यायप्रशासन तथा फौजदारी मुद्दाहरूको अनुसन्धान र अभियोजन लगायतका प्रकृयामा समेत फरकपन आउने हुँदा ती कानूनहरूको सफल कार्यान्वयनका लागि फौजदारी न्यायका अवयव एवं सरोकारवालाहरू तयारीका साथ रहनुपर्ने आवश्यकता महसुस गर्दै महान्यायाधिवक्ताको कार्यालयले अर्धन्यायिक निकाय एवं सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची बाहिरका मुद्दाहरूको अनुसन्धान गर्ने कार्यालयहरूको केन्द्रियतहका पदाधिकारीहरूसँगको राष्ट्रिय कार्यशाला गर्ने निर्णय बमोजिम मिति २०७४ साल चैत्र २९ मा एक दिवसीय राष्ट्रिय कार्यशाला काठमाडौंमा आयोजना गरिएको थियो । उक्त राष्ट्रिय कार्यशालाको अध्यक्षता माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूले गर्नुभएको थियो । कार्यशालामा कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सचिव, नायब महान्यायाधिवक्ताहरू, कानुन महाशाखा प्रमुखहरू, विभागिय प्रमुखहरू, उपत्यकाका प्रमुख जिल्ला अधिकारीहरू, सहन्यायाधिवक्ताहरू, केन्द्रीय अनुसन्धान व्यूरो प्रमुख, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला प्रमुख, नेपाल दूरसञ्चार प्राधिकरणका निर्देशक र उपनिर्देशकहरू, विभिन्न निकायका कानून अधिकृतहरू र महान्यायाधिवक्ताको कार्यालयका सरकारी वकील सहित ६८ जनाको सहभागिता रहेको थियो । कार्यशालामा संयोजकको भूमिका महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ता श्री खेमराज ज्ञवालीले गर्नुभएको थियो भने कार्यक्रमको संचालन सोही कार्यालयका उपन्यायाधिवक्ता श्री दशरथ पंगेनीले गर्नुभएको थियो ।

## २. स्वागत मन्तव्य

कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता श्री खगराज पौडेलज्यूले सहभागीहरूलाई स्वागत् गर्दै मुलुकी अपराध संहिताले फौज्दारी कानूनलाई एकीकरण, संहिताकरण, विस्तृतीकरण र आधुनिकीकरण गरेको छ । यस कानूनले समेटेका अपराधहरूको दायित्व बहन गराउन अपनाउनु पर्ने कार्यविधिका सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता ऐन, २०७४ ले व्यवस्था गरेको पाइन्छ । यो कार्यविधि संहिताले फौज्दारी कार्यविधिलाई एकै ठाउँमा समेटेको छ । फौजदारी कार्यविधिमा संलग्न रहेका सबै निकायका लागि, फौजदारी कार्यविधिका सबै चरणका लागि र सबै प्रकारको फौजदारी मुद्दामा (विशेष कानूनले अन्यथा गरेको अवस्थामा बाहेक) यो कार्यविधि लागू हुने देखिन्छ । कार्यविधि संहिताको अनुसूची १

मा उल्लेख भएका कसूरहरूको अनुसन्धान प्रहरीले र अनुसूची २ अन्तर्गतका कसूरहरूको अनुसन्धान गर्ने कानूनमा कुनै अधिकारी तोकिएमा सोही अधिकारी र त्यस्तो अधिकारी नतोकिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी अनुसन्धान अधिकारी हुने व्यवस्था छ । यी दुवै अनुसूचीका मुद्दाहरूको अभियोजन सरकारी वकील मार्फत हुन्छन् । कार्यविधि संहिताको अनुसूची ३ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा उजुरी वा प्रतिवेदनका रूपमा नेपाल सरकार संवैधानिक निकाय अदालत वा कुनै सार्वजनिक अधिकारीले र अनुसूची ४ अन्तर्गतका कसूर सम्बन्धी मुद्दा फिरादपत्रका रूपमा त्यस्तो मुद्दा दायर गर्न सक्ने हकदैया भएको वा सरोकारवाला व्यक्तिले दायर गर्न सक्ने कानूनले व्यवस्था गरिदिएको अवस्था छ । कानूनको यो प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयनको लागि हामी सरोकारवाला निकायहरू जिम्मेवारीपूर्वक प्रस्तुत हुने समय आएको छ । कानूनले हामीलाई सुम्पिएको जिम्मेवारीहरू बहन गर्न के कस्ता उपायहरू अवलम्बन गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्नका लागि यो कार्यक्रमको आयोजना गरिएको हो भन्दै कार्यक्रमको उद्देश्य माथि प्रकाश पार्ने क्रममा आफ्नो मन्तव्य राख्नु भएको थियो ।

## ३. कार्यपत्र प्रस्तुती

कार्यक्रममा दुईवटा कार्यपत्रहरू प्रस्तुत भएका थिए । पहिलो कार्यपत्र सहन्यायाधिवक्ता श्री संजीवराज रेग्मीले मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को कार्यान्वयनका लागि गर्नुपर्ने पूर्व तयारी विषयमा प्रस्तुत गर्नुभएको थियो भने सो कार्यपत्र उपर नेपाल कानून आयोगका अध्यक्ष श्री माधव पौडेलले टिप्पणी गर्नु भएको थियो । दोस्रो कार्यपत्र सहन्यायाधिवक्ता श्री गोपालप्रसाद रिजालले अर्धन्यायिक निकायको कार्य सम्पादनको अवस्था, न्यायिक दृष्टिकोण र सुधारका क्षेत्रहरू विषयमा प्रस्तुत गर्नुभयो भने उक्त कार्यपत्र उपर कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव श्री राजीव गौतमले टिप्पणी गर्नु भएको थियो । उक्त कार्यपत्रहरू उपर छलफलका क्रममा सहभागीहरूले उत्सुकता र जिज्ञासाहरू राख्नु भएको थियो । उक्त कार्यपत्रहरूको सारसंक्षेप टिप्पणी कर्ताज्यूहरूको टिप्पणी व्यहोरा र सहभागीज्यूहरूले छलफलका क्रममा उठान गर्नु भएका मूलभुत विषयहरूलाई बुँदागत रूपमा देहाय बमोजिम उल्लेख गरिएको छ ।

**क. पहिलो कार्यपत्रः**

**प्रस्तुतकर्ताः श्री संजीवराज रेग्मी, सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।**

विषयः मुलुकी अपराध (संहिता) ऐन २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ र फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ को कार्यान्वयनका लागि गर्नुपर्ने पूर्व तयारी ।

**कार्यपत्रले समेटेका विषयहरू यसप्रकार रहेका छन् ।**

- ‘संहिता निर्माणको पृष्ठभूमी र यसका मुलभूत विशेषताहरू

- संहिता कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालयले गरेका कार्यहरू
- कार्यान्वयनमा सम्वन्धीत निकाय तथा अधिकारीको भूमिका र ध्यान दिनुपर्ने कुराहरू

**टिप्पणीकर्ता : श्री माधव पौडेल, अध्यक्ष, नेपाल कानून आयोग ।**

यस फौजदारी संहिताको प्रत्येक दफाहरूमा उल्लेख भएका कुराहरूको पछाडि कुनै न कुनै विधिशास्त्रिय मान्यता, सैद्धान्तिकता र तार्किकता रहेका छन् । यो संहिता तीन पुस्ताका विद्वान, जुरिष्टहरूको संलग्नतामा मेहनतका साथ तयार गरिएको हो । यो कानून हालको मुलुकी ऐन भन्दा फरक किसिमको छ । यस संहितालाई convectional crime को codification पनि भनिन्छ । यो संहिता सामान्य प्रकृतिको कानून भएपनि यसको दफा ४ अनुसार कुनै प्रावधान विशेष कानूनमा पनि अनिवार्य लागु हुने कुरा उल्लेख भएको पाइन्छ । विगतका जस्तो जाहेरी दरखास्त दिन नपाउने र क्षेत्राधिकार विहिन भएर दण्डहीनता हुने अवस्था अब रहेको छैन । यो ऐनले महान्यायाधिवक्ताको भूमिका बढी स्पष्ट गरेको छ । ऐनको सबै प्रावधान मानव अधिकारमैत्री छन् भने सर्वोच्च अदालतबाट प्रतिपादित भएका नजिरहरूलाई समेत समावेश गरी तयार गरिएको देखिन्छ । छलफलमा भागलिनुहुने सहभागीज्यूहरूले छलफलमा उठाउनु भएका विषयहरू देहाय बमोजम रहेका छन्:

**श्री मनबहादुर खड्का, महानिर्देशक, राष्ट्रिय निकुञ्ज विभाग**

मुद्दा हेर्ने अधिकारीको स्वीकृती लिएर मात्र पक्राउ गर्नुपर्ने कानूनमा उल्लेखित व्यवस्था जटिल देखिन्छ । कामको प्रकृतिले नै कसूरदारहरूलाई तुरुन्तै वारदातस्थलमा पक्राउ गर्नुपर्ने अवस्था रहेको स्थितिमा मुद्दा हेर्ने अधिकारीको स्वीकृती लिन सम्भव रहँदैन । यस्तो प्रकृयाले कार्यान्वयनमा कठिनाई ल्याउछ । कानून संशोधन भए काम गर्न सहज हुने थियो ।

**श्री उपेन्द्र राय, उपनिर्देशक, खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग**

मुलुकी संहिताले खाद्य सम्बन्धी सबै अपराधलाई समेटेको देखिदैन । खाद्य सम्बन्धी ऐनले कसूर कायम गरेको प्रावधान र मुलुकी संहिताले कसूर कायम गरेको प्रावधान अलग अलग देखिँदा कुन कार्यविधि प्रयोग गर्ने भन्ने अन्यौलता देखिएकाले कार्यान्वयनमा जटिलता देखिन्छ। विषयवस्तुलाई विशिष्टीकरण गर्न नसक्दा कार्यविधिगत पक्षबाट कार्यान्वयन गर्न चुनौति छ।

**श्री कृष्ण आचार्य, निमित्त महानिर्देशक, कारागार व्यवस्थापन विभाग**

फौजदारी (कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ ले खुल्ला कारागारको अवधारणालाई भित्र्याएको छ । यो अवधारणा हाम्रो फौजदारी न्याय प्रणालीको लागि नितान्त नयाँ छ । हामी सबै यो व्यवस्थाका लागि नयाँ छौ । यस विषयलाई कसरीकार्यान्वयन गर्ने भन्ने सन्दर्भमा महान्यायाधिवक्ताज्यू लगायतका विज्ञहरूसँग छलफल गरी पूर्व तयारीमा रहनुपर्ने अवस्था देखिन्छ । नाबालकको उमेर बढाएर १८ वर्ष पुगेको अवस्थामा अब बालबिज्याईकर्ताहरूको संख्यामा बढोत्तरी हुने देखिन्छ । बाल सुधार गृहको व्यवस्थापन अबको चुनौती रहेकोले यसतर्फ ध्यान लैजान कसरी पहल गर्न सकिन्छ भन्ने जिज्ञासा राख्नुभएको थियो ।

**श्री नारायण ढकाल, महानिर्देशक, औषधि व्यवस्था विभाग**

अनुसूची २ अन्तर्गतका कसूरहरूको अनुसन्धान गर्ने कानूनमा कुनै अधिकारी तोकिएमा सोही अधिकारी र त्यस्तो अधिकारी नतोकिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी अनुसन्धान अधिकारी हुने व्यवस्था छ भने यी दुवै अनुसूचीका मुद्दाहरूको अभियोजन सरकारी वकील मार्फत हुन्छन् भन्ने कानूनको मनसाय देखिन्छ । कामको प्रकृतिले सरकारी वकीलको उपस्थितिलाई औल्याएको पाइन्छ । नेपाल सरकारका विभागहरूमा एकजना पनि सरकारी वकील नभएकाले कार्य सम्पादनमा समस्या भएको छ । अबको कानून कार्यान्वयनका लागि थप चुनौति देखिएकाले सरकारी वकीलको दरबन्दी आवश्यक छ। महान्यायाधिवक्ता कार्यालयले सरकारी वकील उपलब्ध गराएर सहयोग गर्नुपर्छ ।

सहभागीज्यूहरूले छलफलमा उठाउनु भएको कुराहरूलाई सम्बोधन गर्दै टिप्पणीकार श्री माधव पौडेलज्यू, अध्यक्ष, नेपाल कानून आयोगले देहायका कुराहरू उजागर गर्नु भएको थियो।

मुलुकी फौजदारी संहिताले कसूरदारलाई पक्राउ गर्न मुद्दा हेर्ने अधिकारीको अनुमतिलाई जरुर र बाध्यात्मक रूपमा अवलम्बन गरेको छ । तथापि प्रमाण लोप हुने भई अत्यावश्यक अवस्थामा वा कसूर भइरहेको अवस्थामा वा तत्काल पक्राउ नगर्दा कसूरदार भाग्ने उम्किने अवस्थामा कसूरदारलाई पक्राउ गर्न जरुरी पक्राउ पुर्जी गर्नुपर्ने र त्यसरी जारी गरेको जरुरी पक्राउ पुर्जीलाई अदालतबाट समर्थन लिनुपर्ने व्यवस्था रहेको छ। तसर्थः कसूरको प्रकृतिले नै कसूरदारहरूलाई तुरुन्तै वारदात स्थलमा पक्राउ गर्नुपर्ने अवस्था रहेको स्थितिमा मुद्दा हेर्ने अधिकारीको स्वीकृती विना नै पक्राउ गर्न सकिने व्यवस्था रहेको देखिएकाले अलमलमा पर्नु अवस्था छैन ।

मुलुकी फौजदारी संहिता सामान्य कानून हो । अन्य विशेष ऐनले व्यवस्था नगरेको विषयमा यसै ऐनबाट निर्देशित हुनुपर्छ। खाद्य ऐन विशेष ऐन हो । यो विशेष ऐनको प्रावधानमा सोही ऐनको प्रावधानहरू आकर्षित हुन्छन् । यस ऐनमा उल्लेख नभएका जति कुराहरूमा संहितामा उल्लेख भएका विषयहरू लागू हुने हो । यसमा दुबिधामा रहनुपर्ने अवस्था देखिदैन ।

फौजदारी संहिताले नाबालकको उमेर बढाएर १८ वर्ष पुऱ्याएको अवस्थामा छ। यो मान्यता अन्तर्राष्ट्रिय कानूनको मान्यता हो । नेपाल बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको सदस्य भैसकेको परिप्रेक्ष्यमा १८ वर्ष उमेर नपुगेकालाई नाबालकका रूपमा स्वीकार गर्नु पर्ने हुन्छ । तसर्थ पनि अब बालबिज्याईकर्ताहरूको संख्यामा स्वतः बढोत्तरी हुने देखिन्छ । प्रोवेशन अधिकृतको सिफारिशमा दुई वा दुई वर्षभन्दा कम कैदको सजाय भएको वयस्क कसूरदारलाई समेत निजले गरेको कसूर निजको उमेर आचरण कसूर गर्दाको परिस्थिति कसूर गर्दा अपनाएको तरिका विचार गर्दा निजलाई कारागारमा नपठाई सुधार गृहमा राख्न उपयुक्त देखिएमा वयस्कलाई समेत सुधार गृहमा पठाउन सकिने व्यवस्था भएबाट बाल सुधार गृहको व्यवस्थापन मात्र अबको चुनौती नभै सबैको सुधार गृहको व्यवस्थापन हुनुपर्ने देखिन्छ ।

(ख) **दोस्रो कार्यपत्र**

प्रस्तुतकर्ता: श्री गोपालप्रसाद रिजाल, सहन्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय ।

विषय: अर्धन्यायिक निकायको कार्य सम्पादनको अवस्था न्यायिक दृष्टिकोण र सुधारका क्षेत्रहरू

कार्यपत्रले समेटेका विषयहरू यसप्रकार रहेका छन् ।

- अर्धन्यायिक निकायका काम कारवहीमा कानूनी र कार्यविधिगत त्रुटी हुन नपाउने तर्फ सजक गरीगराइ कारवाहीमा थप प्रभावकारीता ल्याउन चालनुपर्ने कदमहरू ।
- अर्धन्यायिक निकायले अनुसन्धान र न्याय निरूपण गर्ने विषयमा मुद्दा चल्ने नचल्ने निर्णय र प्रतिरक्षा गर्ने सरकारी वकीलको अपेक्षा र सरोकारवाला निकायहरूको यस सम्बन्धी प्रतिवद्धता र कार्यान्वयन ।
- हामी बिचको समन्वय र सहकार्यलाई कसरी अझ व्यवस्थित बनाउने ।

**टिप्पणीकर्ता:- श्री राजिव गौतम, सचिव, कानून न्याय तथा संसदीय मामिला मन्त्रालय ।**

अर्ध न्यायिक निकायले न्यायिक कार्य सम्पादन गर्दा स्वतन्त्र निष्पक्ष तटसथ भएर कानून र संविधानको परिपालना गरी निर्णय गरेमा त्यस्तो निर्णयमा स्वच्छताको आभास मिल्छ । न्यायलाई वस्तुपरक एवं सार्थक तुल्याउन कार्यविधि कानूनको उचित प्रयोग र प्राकृतिक न्यायको सिद्धान्तको अक्षरस पालना आवश्यक हुन्छ । निर्णय गर्ने अधिकारीले यी पक्षहरूलाई ख्याल राख्नुपर्ने हुन्छ ।

न्यायिक अधिकार जो कोहीलाई हुदैन । कानूनले जसलाई अधिकार तोकिएको हो उसैले न्यायिक कार्य सम्पादन गर्नु पर्छ । अन्य अधिकारहरू जस्तो न्यायिक अधिकारलाई प्रत्यायोजित गर्न मिल्दैन । प्रत्यायोजित अधिकार अन्तर्गत गरिएका न्यायिक निर्णयहरूलाई कानून सम्मत भएको मान्न नमिल्ने भएकाले कानूनले तोकिदिएको अधिकारीबाट न्यायिक कार्य सम्पादन गरी निर्णयलाई वैधानिकता दिने तर्फ सबैले तत्परता देखाउनु पर्दछ । कार्यपत्रमा उल्लेख भएका कुराहरूले सैद्धान्तिक पक्षहरूलाई पूर्ण रूपमा समेटेको छ । तथापी अर्धन्यायिक निकायको अधिकारीले अभियोजन गरेका मुद्दा कति सफल भए वा नभएको अनुसन्धान मूलक तथ्याङ्कलाई पनि समेट्न सक्दा अझ राम्रो हुन्थ्यो ।

निर्णय गरेर मात्रै हुदैन । निर्णयको कार्यान्वयन पनि उत्तिकै महत्व हुन्छ । अर्धन्यायिक निकायको निर्णय कार्यान्वयनमा अन्यौलता भै एकरूपता नदेखिएकाले निर्णय कार्यान्वयन के कसरी गर्ने भन्ने सम्बन्धमा स्पष्ट खाँका तय गर्नुपर्ने देखिन्छ । यस कार्यपत्र उपर छलफलमा भाग लिनुहुने सहभागीज्यूहरूले छलफलमा उठाउनु भएका विषयहरू देहाय बमोजिम रहेका छन्:

**श्री पुष्पराज वर्तौला, महानिर्देशक, वन विभाग**

न्यायिक निर्णय गर्ने अधिकारी न्यायाधीश हुन् । अर्धन्यायिक निकायका अधिकारीले न्यायिक

मनको प्रयोग गरेर निर्णय गर्दा न्यायाधीश नै हुने भएकाले निजहरूलाई न्यायिक निर्णय उपर सजाय गर्नु पर्ने भएमा न्याय परिषदले कारवाही गर्ने पद्धतिमा लैजानु पछ ।

**श्री फणिन्द्र गौतम, कानून महाशाखा प्रमुख, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**

समान प्रकृतिका विषयमा अलग अलग प्रकृया अवलम्बन गरी अर्धन्यायिक अधिकारीबाट निर्णय हुने गरेको देखिन्छ। ती मध्ये कुनै एकको निर्णयमा अवश्य पनि कार्यविधिगत त्रुटी हुन जान्छ । तसर्थ: अर्ध न्यायिक निकायका न्यायिक काम कारवाहीमा एकरूपता ल्याउन एउटै निर्देशिका नियम भए राम्रो हुन्थ्यो ।

**श्री मुक्तिप्रसाद आचार्य, महानिर्देशक, भूमीसुधार व्यवस्थापन विभाग**

अर्धन्यायिक निकायमा कार्यरत जनशक्तिमा कार्यविधिगत कानूनी ज्ञानको अभाव छ । म्याद तारेख जस्ता न्यायिक कार्यविधिका आधारभूत कुराहरूलाई सही रूपमा प्रयोग गर्न नसक्दा अर्धन्यायिक निकायका न्यायिक काम कारवाहीमा त्रुटीहरू औल्याउने गरेको पाइन्छ । यस्ता त्रुटीहरूलाई दोहोरिन नदिन सेवाभित्र जनशक्ति प्रवेश गराउँदा नै हामी सजग रहनुपर्ने हुन्छ। यसका लागि लोक सेवा आयोगसँग समन्वय गरेर लोकसेवाको पाठ्यक्रममा कार्यविधिगत कुराहरूलाई समेत समेट्न अनुरोध गर्नुपर्छ। लेखापढी व्यवसायीले गरेका कामलाई वैधानिकता दिने हाम्रो पद्धतिमा सुधारको खाँचो छ । लेखापढी व्यवसायको प्रमाणपत्र दिँदा विषयगत कुराहरूको अलावा लेखनकला सीप अक्षर जस्ता प्राविधिक पक्षहरूलाई समेत विचार गर्नुपर्छ।

**श्री रेवतीराम पन्थ, उपनिर्देशक, नेपाल दूरसंचार प्राधिकरण**

अर्धन्यायिक निकायले सम्पादन गरेका न्यायिक निर्णयहरूको कार्यान्वयन कसरी गर्ने भन्ने अन्यौलता छ। यो अन्यौलताको अन्त गर्न निर्णयहरूको कार्यान्वयन निर्देशिका जरुर देखिन्छ।

**श्री कृष्ण आचार्य, महानिर्देशक, वन विभाग**

अदालतमा अभियोगपत्र पेश गर्दा साथमा दशीको सामान समेत साथै बुझाउने गरिएको छ। जिल्ला वन कार्यालयले अभियोगपत्र साथ बुझएको सालकको आखेटोपहार भएको सुटकेश अदालतले फिर्ता नगरी सो भित्र रहेको सालकको आखेटोपहार मात्र फिर्ता पठाइदिएको र सुटकेशको बारेमा मौन बसेको अवस्था विद्यमान हुँदा यसबाट मुद्दामा पछि कुनै फरक पर्छ कि ? भन्ने आफ्नो जिज्ञासा राख्नुभयो ।

**श्री जीवनप्रसाद रिजाल, कार्यकारी निर्देशक, राष्ट्रिय विधिविज्ञान प्रयोगशाला**

मुलुकी फौज्दारी अपराध संहिता २०७४ ले नाबालकको उमेर हद बढाएर १८ वर्ष पुऱ्याएको अवस्था छ । अपराधमा संलग्न कसूदारहरूको आजको अवस्थालाई हेर्ने हो भने पनि उमेर सम्बन्धी विवादले निकै स्थान लिने गरेका छन् । उमेर निर्धारण गर्न ठुलै हिस्सा केन्द्रिय संयन्त्रको भर पर्नुपर्ने अवस्थामा रहेको पाइन्छ । सेवालाई छिटो छरितो बनाउन यस्ता संयन्त्रहरूलाई जिल्ला तहसम्म विस्तार गर्न सके राम्रो हुन्थ्यो । डी.एन.ए. परिक्षणको विषय उठेको अवस्थामा डी एन ए दिन नमानेमा के गर्ने भन्ने विषयमा कुनै प्रावधान नभएकाले

यसतर्फ पनि सोच्नु पर्दछ ।

**श्री गंगा खरेल, उपसचिव, कृषि भूमी तथा सहकारी मन्त्रालय**

सरकारी मुद्दाको प्रतिरक्षामा सरकारी वकीलसँगको समन्वय र सहकार्यको विकल्प रहन सक्दैन । आफ्नो अधिकारक्षेत्र भित्रको मुद्दासँग सम्बन्धित विषयमा सूचना प्राप्त भएसम्म सरकारी वकीलसँग सहयोग लिने गरिएको छ । आगामी भाद्र १ गते देखि लागू हुन गइरहेको मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ ले सरकारी वकीलसँगको सम्पर्क, समन्वय र सहकार्यलाई कानूनी रूपमै अपरिहार्य बनाएकाले सबैको सहयोग आवश्यक देखिन्छ ।

## ४. मन्तव्य

छलफल कार्यक्रम पश्चात् सहभागीहरू मध्येबाट देहायका पाँच जनाले कार्यक्रमको सार्थकता र उपलब्धिका सम्बन्धमा आ आफ्नो मन्तव्य राख्नु भएको थियो । मन्तव्यमा भागलिनु भएका सहभागीज्यूहरूले मन्तव्यका क्रममा उठाउनु भएका विषयहरू यसप्रकार छन् ।

**श्री जीवन प्रकाश निरौला, महानिर्देशक, सम्पत्ति शुद्धीकरण अनुसनधान विभाग**

मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन २०७४ फौजदारी कार्यविधिमा संलग्न रहेका सबै निकायका लागि, फौजदारी कार्यविधिका सबै चरणका लागि र सबै प्रकारको फौजदारी मुद्दामा (विशेष कानूनले अन्यथा गरेको अवस्थामा बाहेक) लागू हुने देखिन्छ । यस ऐनले अभियोजनको पक्षलाई एकद्वार प्रणालीमा समेटे पनि अनुसन्धान पद्धतिलाई भने विस्तारित रूपमा नै राखेको देखिन्छ । आजको कार्यशालाको अवधि छोटो भयो । त्यसैले यो ऐनको कार्यान्वयनका सम्बन्धमा सरकारी वकील र अनुसन्धान अधिकृत सँगै बसेर २ र ३ दिनको सेमिनारगर्न आवश्यक छ ।

**श्री कृष्णप्रसाद आचार्य, महानिर्देशक, वन विभाग**

अर्धन्यायिक निकायसँगको यो कार्यशालालाई महत्वपूर्ण रूपमा लिएका छौं । आगामी भाद्र १ गते देखि मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ समेतका कानूनहरू लागू हुन गइरहेकोले कार्यान्वयनमा पूर्व सजकता अपनाउनु पर्छ भन्ने विषयमा उपयुक्त समयमै छलफल भएको छ । अर्धन्यायिक निकायका काम कारवाहीलाई कानूनसम्मत बनाउन प्रत्येक निकायमा कानूनका जानिफकारको आवश्यकता देखिन्छ । अर्धन्यायिक निकायमा कानूनका जानिफकार नहुँदा मुद्दा परेपछि समस्या हुने गरेको छ । आजको यस कार्यशालाले अर्धन्यायिक निकायको भूमिका अनुसन्धानमा कहाँ र कस्तो हुन्छ भन्ने सन्दर्भमा प्रष्ट पारिदिएकाले यस्ता कार्यक्रमले निरन्तरता पाइरहनु पर्छ ।

**श्री दिनेश काफ्ले, महानिर्देशक, अध्यागमन विभाग**

आगामी भाद्र १ गते देखि लागू हुने ३ वटा कानूनको विषयमा जानकारी दिने उद्देश्यले सबै अर्धन्यायिक निकायका अधिकारीलाई लक्षित यो कार्यक्रम अत्यन्तै उपयोगी महसुस गरेका छौं । अपराध नियन्त्रण गरी कानूनको शासन कायम राख्न ऐनको व्यवस्था भएको छ । ती ऐनको कार्यान्वयनका सम्बन्धमा अर्धन्यायिक निकायमा मुद्दाको चाप बढ्दो छ । मुद्दाको बढदो

चापबाट सिर्जित कार्यबोझले न्यायका मान्य सिद्धान्तहरूलाई पूर्ण रूपले लागू गर्न प्राविधिक कठिनाई भैरहेको अवस्था छ। पछिल्लो समयमा अर्धन्यायिक निकायका मुद्दा हेर्ने अधिकारीलाई समेत न्यायिक कार्यविधिका बारेमा तालिम दिने प्रचलनले अर्धन्यायिक निकायका न्यायिक काम कारवाहीमा केही सुधारहरू हँदै आएकाले यस्ता कार्यशालाले निरन्तरता पाउनु पर्छ।

**श्री केदारनाथ शर्मा, प्रमुख जिल्ला अधिकारी, काठमाडौं**

अत्यन्त समसामयिक विषयमा कार्यशालाको आयोजना भएको छ। प्रस्तुत भएका कार्यपत्रले अर्धन्यायिक निकायको कमी कमजोरीलाई औंल्याइदिएको छ । ती कमीकमजोरीमा हामी अर्धन्यायिक निकायहरूको स्वीकारोक्ति छ । विद्यमान कानूनले सुम्पेको जिम्मेवरीको कार्य व्यस्तता र अन्य कारणले त्यस्ता कमी कमजोरी हुन गएको हो । आगामी भाद्र १ गते देखि लागू हुने कानूनले अनुसन्धान अधिकारी नतोकेको अवस्थामा अनुसन्धानको अन्तिम जिम्मेवारी प्रमुख जिल्ला अधिकारीलाई तोकेकोले प्रमुख जिल्ला अधिकारीको भूमिकामा बढोत्तरी भएको छ । यो भूमिकालाई प्रभावकारी रूपमा सम्पादन गर्न अभियोजन पक्षसँग सहकार्य गरेर अगाडि बढ्नु पर्ने समय आएको छ। आजको यस कार्यशाला अत्यन्तै सार्थक सिद्ध भएकाले आगामी दिनमा समेत यस्ता कार्यशाला तालिम र गोष्ठी जस्ता कार्यक्रमहरू निरन्तर रूपमा गर्दै जानुपर्छ।

**श्री डिल्लीराज घिमिरे, सचिव, कानून प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**

२०७५ साल भाद्र १ गते मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी (कसूर सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागू हुन गइरहेको छ। उक्त कानूनहरू लागू भएपछि मुलुकी ऐन, २०२० लगायतका कतिपय कानूनहरू खारेज हुनेछन्। कानूनहरू खारेज भएता पनि हाम्रो जिम्मेवारी भने अन्त्य भएको छन् । थप जिम्मेवारीहरू बहन गर्नुपर्ने अवस्था छ । कतिपय सवालहरूमा खारेज भएका ऐनलाई समेत साथै राखेर हेर्नुपर्ने हुन्छ। कानून कार्यान्वयनमा कुनै समस्या हुने देखिएमा सो तर्फ समय सापेक्ष विचार हुने नै छ।

**श्री बद्रीप्रसाद गौतम, नायब महान्यायाधिवक्ता, महान्यायाधिवक्ताको कार्यालय**

मुलुकीकार्यविधि संहिताको अनुसूची १ मा उल्लेख भएका कसूरहरूको अनुसन्धान प्रहरीले र अनुसूची २ अन्तर्गतका कसूरहरूको अनुसन्धान गर्ने कानूनमा कुनै अधिकारी तोकिएमा सोही अधिकारी र त्यस्तो अधिकारी नतोकिएमा सम्बन्धित प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी अनुसन्धान अधिकारी हुने व्यवस्था छ भने यी दुवै अनुसूचीका मुद्दाहरूको अभियोजन सरकारी वकील मार्फत हुन्छन्। अब अभियोजनको अन्तिम अधिकार महान्यायाधिवक्तालाई मात्र छ । कुनै पनि बहानामा अन्यथा गर्न पाइने अवस्था छैन । कानूनले जसलाई अनुसन्धानको अधिकार दिएको छ उसैबाट अनुसन्धानको कार्य सम्पन्न हुनुपर्छ । अन्यथा कार्यविधिको त्रुटी हुन जान्छ। कार्यविधिगत त्रुटि हुन नदिन अनुसन्धानमा सम्पूर्ण प्रकृया पूरा गर्नुपर्छ। प्रकृया पुगे नपुगेको कानून अधिकृत वा सरकारी

वकीलसँग सम्पर्क गरी यकिन गर्नुपर्छ। अनुसन्धान सम्पन्न गरेर अभियोजनका लागि सरकारी वकील समक्ष पठाउनु पर्छ । औषधिको मुद्दामा सहजीकरण गर्न सरकारी वकीलसँग सम्पर्क गरे सरकारी वकीलहरू सहयोग गर्न तयार छन् । अनुसन्धान र अभियोजनका लागि समन्वय, सहयोग र सहकार्य अपरिहार्य छ ।

अर्धन्यायिक निकायसँग कार्यक्रम गर्नुको निश्चित लक्ष्य उद्देश्य थियो । आगामी भदौ १ गते देखि लागू हुने ऐनका विषयमा जानकारी दिनुपर्ने आवश्यकता थियो । कार्यान्वयनका क्रममा ऐनमा कुनै त्रुटी गल्ती देखिएमा त्यसता त्रुटीलाई समय सापेक्ष सच्चाउने नै हुँदा त्यसमा कुनै समस्या रहदैन । अर्धन्यायिक निकाय सरकारी निकायले दायर गरेका वा निजहरूलाई विपक्ष बनाइएका मुद्दामा कुनै चासो नराख्ने गर्नु हुँदैन । आफ्नो सरोकारका विषयमा समयमै लिखित जवाफ नदिने जवाफमा सुझाव उल्लेख नगर्ने जस्ता विषयले मुद्दामा प्रतिरक्षा गर्न समस्या भएको अवस्था छ । राज्यका हरेक निकायले कानून बमोजिम निर्णय गरेमा कानूनको शासन कायम हुन जान्छ । यसका लागि कानूनलाई सही रूपमा कृयाशील बनाउँदै लैजानु पर्छ ।

अन्तर्राष्ट्रिय कानूनले अठार वर्ष उमेर नपुगेकालाई नाबालक मानेको छ । अन्तर्राष्ट्रिय कानूनको यो मान्यतालाई आत्मसात् गर्न मुलुकी अपराध संहिता ऐन, २०७४ ले अठार वर्ष उमेर नपुगेकालाई नावालकको रूपमा राखेको हो । फौज्दारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन २०७४ ले खुल्ला कारागारको अवधारणालाई अवलम्वन गरेको छ । यसको कार्यान्वयनका लागि संघिय प्रोवेशन तथा प्यारोल बोर्डले प्रोवेशन तथा प्यारोल सम्बन्धी नीति निर्माण मापदण्ड विकसित र प्रोवेशन तथा प्यारोलमा छुट्ने कसूरदारले पालना गर्नुपर्ने शर्तहरू निर्धारण सम्बन्धी कानून तर्जुमा गर्नुपर्ने छ । यसरी तर्जुमा हुने कानून कैदीका लागि योग्य र सुहाउँदो किसिमको हुनुपर्छ । संविधान बमोजिम मानवीय व्यवहार पाउने अधिकार कैदीलाई पनि छ । त्यसैले राज्यले कैदीलाई पनि मानवीय व्यवहार गर्नुपर्छ । सरकारी वकील सरकारको अभियोजनकर्ता हो । संविधानले सरकारी वकीललाई सरकारको अभियोजनकर्ताको रूपमा स्वीकारेको छ । विगतका गल्ती र त्रुटीलाई सुधार गर्दै जाने हो भने सबैले सरकारी वकीलसँग समन्वय, सम्पर्क सहयोग र सहकार्य गर्नुको अरु विकल्प देखिदैन ।

## ५. निष्कर्ष

अर्धन्यायिक निकाय एवं सरकारी मुद्दा सम्बन्धी ऐन २०४९ को अनुसूची बाहिरका मुद्दाहरूको अनुसन्धान गर्ने कार्यालयहरूको केन्द्रिय तहका पदाधिकारीहरूसँगको राष्ट्रिय कार्यशाला मिति २०७४ साल चैत्र २९ गते काठमाडौंमा महान्यायाधिवक्ताको कार्यालयले आयोजना गरेको थियो। आगामी भाद्र १ गते देखि लागू हुने फौजदारी विषयका ३ वटा संहितामा भएका कानूनको जानकारी दिने उद्देश्यले अर्धन्यायिक निकायका प्रमुख सहित ७० जना अधिकारीलाई लक्षित गरी आयोजना गरिएको यस राष्ट्रिय कार्यशालामा नेपाल सरकारका विशिष्ट श्रेणीका सचिव सहित ६८ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा प्रस्तुत भएका कार्यपत्रले 'संहिता निर्माणको पृष्ठभूमी र यसका मुलभूत विशेषताहरू, संहिता कार्यान्वयनमा महान्यायाधिवक्ताको कार्यालयले गरेका कार्यहरू र कार्यान्वयनमा सम्बन्धित निकाय तथा अधिकारीको भूमिका

र ध्यान दिनुपर्ने कुराहरूलाई अर्धन्यायिक निकायको भूमिका अनुसन्धानमा कहाँ र कस्तो हुन्छ भन्ने सन्दर्भमा प्रष्ट पार्नुका साथसाथै अर्धन्यायिक निकायको कमी कमजोरीलाई पनि औंल्याइदिएको र ती कमी कमजोरीलाई अर्धन्यायिक निकायहरूले स्वीकारोक्ति समेत गरेको देखिन्छ । अर्धन्यायिक निकायका काम कारवाहीलाई कानून सम्मत बनाउन कानूनका जानिफकारको आवश्यकता महसुस गरी अनुसन्धान र अभियोजन लगायतका काममा सरकारी वकीलसँग सम्पर्क, समन्वय, सहयोग र सहकार्य गर्न सहभागीहरूले प्रतिबद्धता प्रकट गरेका थिए । अत्यन्त समसामयिक विषयमा र कानून लागू हुनुभन्दा अगावै उपयुक्त समयमा यो कार्यशालाको आयोजना गरिएकोले आफूहरू लाभान्वित भएको कुरा सहभागीहरूले व्यक्त गरेको पाइयो । तसर्थः यो कार्यशाला अत्यन्तै सार्थक सिद्ध भएकाले आगामी दिनमा समेत यस विषयमा यस्ता कार्यशाला तालिम र गोष्ठीहरू जस्ता कार्यक्रमहरू निरन्तर रूपमा गर्दै जानुपर्ने देखिन्छ ।

# निर्णय तथा परिपत्रहरू

# १. समन्वय समितिका निर्णयहरू

(क) मिति २०७४ फागुन २५ गते शुक्रबारका दिन महान्यायाधिवक्ताको कार्यालयमा माननीय महान्यायाधिवक्ता अग्निप्रसाद खरेलज्यूको अध्यक्षतामा बसेको सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ बमोजिमको केन्द्रीय समन्वय समितिले निम्न बमोजिमका पदाधिकारीको उपस्थितिमा देहाय बमोजिमका विषयमा छलफल गरी निर्णय गरेको छ ।

**निर्णयहरू:**

(१) **सरकार वादी फौजदारी मुद्दामा प्रतिवादीको पहिचान खुलाउने सम्बन्धमाः**

(क) सरकार वादी फौजदारी मुद्दामा प्रतिवादीको पहिचान खुलाउनु अत्यावश्यक हुन्छ । यो कार्य अनुसन्धान र अभियोजनसम्मको तहमा गर्नु पर्ने सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ ले व्यवस्था गरेको छ भने आगामी भदौ १ गतेदेखि लागू हुने मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ ले समेत व्यवस्था गरेको छ । अपराधको सूचना लिँदा नै अपराध गर्ने व्यक्तिको नाम, ठेगाना र हुलिया खुलाउन लगाई लिनु पर्दछ । अभियोग पत्र तयार गरी मुद्दा दायर गर्दा अभियुक्तको पूरा नाम, थर, वतन, अभियोग, सो को प्रमाण र हुनु पर्ने सजाय समेतका कुरा खुलाउनु पर्दछ । तर, कतिपय मुद्दाहरूमा प्रतिवादीको पहिचान नखुलाईएको र खुल्न नसकेका कारण अनुसन्धान र अभियोजन नै प्रभावित हुन पुगेको यथार्थता छ । प्रतिवादीको पहिचान नखुलेमा अपराध गर्ने व्यक्तिलाई कानून बमोजिम सजाय दिलाउने र अपराध पीडितलाई न्याय दिलाउने फौजदारी न्याय प्रशासनको अभिष्ट पूरा हुन सक्दैन । तसर्थ, फौजदारी अपराधमा सो को सूचना देखि अनुसन्धान र अभियोजनको तहसम्म प्रतिवादीको पहिचान खुलाउन तथा खुलाउन लगाई प्रभावकारी अनुसन्धान र अभियोजन सुनिश्चित गर्न सरकार वादी फौजदारी मुद्दामा प्रतिवादीको पहिचान खुलाउनेतर्फउच्च तह र जिल्ला तहको समन्वय समितिलाई निर्देश गर्ने ।

(ख) त्यसैगरी फैसला कार्यान्वयनको क्रममा पक्राउ परेका प्रतिवादीहरूको पहिचानका सम्वन्धमा पटक पटक सर्वोच्च अदालतमा बन्दीप्रत्यक्षीकरणको रिट पर्ने गरेको छ । सर्वोच्च अदालतको पूर्ण इजलासबाट आरती पौडेल वि. जिल्ला सरकारी वकील कार्यालय, सुर्खेत समेत भएको बन्दीप्रत्यक्षीकरणको रिटमा व्यक्तिको एकीन गर्न सो व्यक्तिलाई चिने जानेका पीडित लगायतका मानिसबाट सनाखत गराउन सक्ने भनी व्याख्या भएको छ । (सर्वोच्च अदालत बुलेटिन २०७२ जेष्ठ, दोस्रो अंक) सो व्याख्यालाई समेत आधार लिई पक्राउ परेको व्यक्तिको पहिचान एकीन हुने गरी अभिलेख राखी थुनामा राख्ने व्यवस्थाका लागि सबै प्रहरी कार्यालयलाई जानकारी गराउन प्रहरी प्रधान कार्यालयलाई लेखी पठाउने ।

(२) **नेपालका अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलको पहिलो राष्ट्रिय सम्मेलन, २०७३ बाट पारित प्रस्तावहरू कार्यान्वयनको अवस्था सम्बन्धमा** :

२०७३ साल माघ १४, १५ र १६ गते काठमाडौंमा सम्पन्न भएको अनुसन्धानकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलनमा मिति २०७३ माघ १६ गते २६ बुँदे घोषणापत्र पारित गर्दै सम्मेलन सम्पन्न भएको विदितै छ । उक्त सम्मेलनबाट अपराधको राजनीतिकरणलाई निरुत्साहित गर्ने, अपराध नियन्त्रण तथा अनुसन्धानलाई विशेष प्राथमिकतासाथ अगाडि बढाउने, अपराध अनुसन्धान र अभियोजनको कार्यमा कार्यगत स्वतन्त्रता र स्वायत्तता हुनु पर्ने, मौलिक हक तथा मानवअधिकारको सम्मान, सरोकारवालाको सहयोग,कानूनी व्यवस्था समायानुकल बनाउने र स्रोत साधनले सम्पन्न गराउने, अनुसन्धान र अभियोजनलाई वस्तुगत र वैज्ञानिक बनाउने, अभिलेखको प्राप्ति, मुद्दा फिर्तामा दण्डहीनतालेस्थान पाउन नहुने, अपराध संहिता र फौजदारी कार्यविधि संहिताको अभिमुखीकरण, सरकार वादी फौजदारी मुद्दाको अनुसन्धान नेपाल प्रहरीबाट हुनु पर्ने, अपराध पीडितको सहायता, संरक्षण, सम्बर्द्धन, प्रवर्द्धन एवं पुनर्स्थापना, निरन्तर सुनुवाईमा सहयोग, पूर्ण विवरण पश्चात अभियोजन गर्ने कानूनी व्यवस्थाको आवश्यकता, फौजदारी कानूनको तर्जुमा र संशोधनमा प्रहरी र सरकारी वकीलको सहभागिता, प्रत्येक २ वर्षमा सम्मेलन आयोजना गर्ने मुख्य विषयहरू पारित गरेको थियो ।उक्तघोषणापत्रमा समावेश भएका विषयहरूमा प्रहरी प्रधान कार्यालय र महान्यायाधिवक्ताको कार्यालयबाट भएको कार्यान्वयनको अवस्था सम्बन्धमा छलफल भयो । केन्द्रीय समन्वय समितिको मिति २०७४।२।१८ को निर्णय बमोजिम महान्यायाधिवक्ताको कार्यालयका सहन्यायाधिवक्ताको नेतृत्वमा दुई जना सरकारी वकील र दुई जना प्रहरी अधिकृतहरू रहने गरी गठन गरिएको समन्वय सचिवालयलाई क्रियाशील गराई महान्यायाधिवक्ताको कार्यालयबाट आवश्यक कार्यादेश दिई घोषणा पत्रको कार्यान्वयनलाई प्रभावकारी बनाउने ।

महान्यायाधिवक्ताको अध्यक्षतामा महान्यायाधिवक्ताको कार्यालयका योजना हेर्ने नायब महान्यायाधिवक्ता, प्रहरी महानिरीक्षक, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक सदस्य र महान्यायाधिवक्ताको सचिवालयका सहन्यायाधिवक्ता सदस्य सचिव रहेको निर्देशन समिति समेत गठन भइरहेको हुँदा उक्त निर्देशन समितिलाई समेत सम्मेलनबाट पारित भएका प्रस्ताव कार्यान्वयनतर्फ क्रियाशिल गराउने ।

(३) **संहिताको कार्यान्वयनका लागि गर्नुपर्ने तयारी सम्बन्धमा**:

मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४, फौजदारी कसूर-सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ मिति २०७४।६।३० मा प्रमाणीकरण भई आगामी २०७५ भाद्र १ गते देखि लागू हुन गइरहेका छन् । यी कानूनहरूलाई अक्षरशः, प्रभावकारी र नतिजामूलक रूपमा कार्यान्वयन गर्नु अनुसन्धानकर्ता

प्रहरी र अभियोजनकर्ता सरकारी वकीलका साथै अन्य सरोकारवालाको समेत कर्तव्य तथा दायित्व रहेको छ । यसै सिलसिलामा यी कानूनहरूलाई कार्यान्वयन गर्न नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयबाट भएको कार्यान्वयनको तयारी सम्बन्धमा छलफल गरियो । साथै, नयाँ कानूनहरूको कार्यान्वयनका लागि नेपाल प्रहरी र महान्यायाधिवक्ताको कार्यालयबाट कार्यक्रम बनाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने र आगामी वैठकमा सो को प्रगती विवरण पेश गर्ने निर्णय गरियो ।

(क) यी नयाँ कानूनहरूको सम्बन्धमा सातै प्रदेशमा प्रशिक्षण गराउने कार्यक्रम रहेको छ । प्रशिक्षक प्रशिक्षण कार्यक्रममार्फत प्रशिक्षकहरू तयार गरिएको छ। पहिलो प्राथमिकतामा अनुसन्धानकर्तालाई ८ (आठ) दिने प्रशिक्षण दिने कार्यक्रम रहेको छ। सो का लागि बजेट निकासाका लागि श्री गृह मन्त्रालयमा माग गरिएको व्यहोरा प्रहरी महानिरीक्षकज्यूबाट छलफलमा जानकारी दिनुभयो । उक्त बजेट निकासाको सम्बन्धमा महान्यायाधिवक्ताको कार्यालयबाट समेत बजेट निकासाका लागि पहल गरिने निर्णय गरियो ।

(ख) महान्यायाधिवक्ताको कार्यालयबाट उल्लेखित कानूनहरूको सम्बन्धमा सरकारी वकीलहरूलाई तालिम दिने प्रयोजनका लागि दुई समूहमा गरी जम्मा ४५ जनालाई प्रशिक्षक प्रशिक्षण तालिमको आयोजना भएको छ । तत्पश्चात महान्यायाधिवक्ताको कार्यालयमा नै दुई समूहलाई प्रशिक्षण तथा तालिम उपलब्ध गराई सकिएको छ। राष्ट्रिय न्यायिक प्रतिष्ठानको सहयोगमा ३१ जना नवनियुक्त सरकारी वकीलहरूलाई उल्लेखित नयाँ कानूनहरूको सम्बन्धमा प्रशिक्षण उपलब्ध गराइएको छ । प्रदेश स्तरमा प्रदेश नं. १, २ का सरकारी वकीलका लागि विराटनगर, प्रदेश नं. ३ का सरकारी वकीलका लागि काठमाडौं, प्रदेश नं. ४ र ५ का लागि पोखरा (उच्च सरकारी वकील कार्यालय नेपालगंज र जि.स.व.का बाँके, बर्दियावाहेक) र प्रदेश नं. ६ र तथा उच्च सरकारी वकील कार्यालय नेपालगंज र जि.स.व.का बाँके, बर्दिया समेतका लागि नेपालगंजमा प्रशिक्षण गर्ने कार्यक्रम रहेको जानकारी भयो ।

(ग) महान्यायाधिवक्ताको कार्यालयबाट उल्लिखित संहिता कार्यान्वयनका लागि आवश्यक नियम, निर्देशिका एवं कार्यविधि तयार गर्नका लागि विभिन्न सात वटा कार्यदल गठन भई कार्यरत रहेको जानकारी भयो ।

**(४) उच्च सरकारी वकील कार्यालय तथा जिल्ला सरकारी वकील कार्यालय तहमा रहेका समन्वय समितिलाई क्रियाशिल तुल्याउने सम्बन्धमा ।**

महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३/०७४-२०७७/०७८) ले पुनरावेदन (हाल उच्च) तथा जिल्ला तहमा समेत समन्वय समितिको स्थापना गरी समस्यामूलक विषयमा छलफल गर्ने कार्यक्रम राखे बमोजिम मिति २०७३।९।४ मा महान्यायाधिवक्ताको कार्यालयमा बसेको केन्द्रीय समन्वय समितिको वैठकले उच्च तहमा

र जिल्ला तहमा समेत समन्वय समितिको गठन गरी तत् तत् समन्वय समितिलाई कार्यादेश समेत दिएको थियो । उक्त सम्बन्धमा महान्यायाधिवक्ताज्यूको अध्यक्षतामा गठन भएको निर्देशन समितिलाई पनि भूमिका दिइएको थियो । केही जिल्ला तथा केही उच्च तहका समन्वय समितिको बैठक बसी कार्य गरेको प्रहरी महानिरीक्षकज्यूबाट जानकारी प्राप्त भयो ।

नयाँ बनेका अपराध संहिता लगायतका कानूनी व्यवस्थाहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु गराउनु पर्ने भएको हुँदा यी नयाँ कानूनी व्यवस्थाहरूलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने गराउने सम्बन्धमा उच्च र जिल्ला तहका समन्वय समितिलाई समेत क्रियाशिल बनाउनका लागि निर्देशिन दिने ।

प्रत्येक समन्वय समितिले २०७५ वैशाख मसान्तभित्र स्थानीय कार्यालय प्रमुख र सरोकारवाला निकायका प्रतिनिधिहरूलाई मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ का बारेमा जानकारी दिने गरी कार्यक्रम सञ्चालन गरी महान्यायाधिवक्ताको कार्यालयमा जानकारी दिने प्रबन्ध गर्न निर्देशन दिने र सोको प्रगति आगामी बैठकमा समन्वय सचिवालयले यस समिति समक्ष पेश गर्ने ।

(ख) मिति २०७४ चैत्र ४ गते आइतबारका दिन महान्यायाधिवक्ताको कार्यालयमा माननीय महान्यायाधिवक्ता अग्निप्रसाद खरेलज्यूको अध्यक्षतामा बसेको सरकारी मुद्दा सम्बन्धी नियमावली, २०५५ को नियम २२ बमोजिमको केन्द्रीय समन्वय समितिले निम्न बमोजिमका पदाधिकारीको उपस्थितिमा देहाय बमोजिमका विषयमा छलफल गरी निर्णय गरेको छ ।

**निर्णयहरू:**

(१) **अनुसन्धान र अभियोजनमा समन्वय र सहकार्य गर्ने सम्बन्धमाः**

(क) सरकारी मुद्दा अनुसन्धान र अभियोजन सम्बन्धी कानूनी व्यवस्थाले समन्वयात्मक अनुसन्धान र अभियोजनलाई जोड दिएको छ । सरकारी वकीलहरूको प्रथम राष्ट्रिय सम्मेलन र अनुसन्धाकर्ता प्रहरी र अभियोजनकर्ता सरकारी वकील बीच भएको प्रथम राष्ट्रिय सम्मेलनले पनि समन्वय र सहकार्यमा जोड दिएको छ । निहित स्वार्थलाई परै राखी सफल अनुसन्धान र अभियोजनबाटै फौजदारी न्याय प्रशासनले गन्तव्य तय गर्दछ । यिनै मान्यतालाई शिरोपर गरी अनुसन्धान र अभियोजनलाई वस्तुनिष्ट, वैज्ञानिक र भौतिक प्रमाणमा आधारित बनाउन दृढतापूर्वक लाग्नु पर्ने कुरा मुद्दाहरूको अनुसन्धान र अभियोजनको स्थिति र फैसलाबाट महसुस हुन आएको छ । अनुसन्धानकर्ता र अभियोजनकर्ता बीच प्रभावकारी रूपमा समन्वय र सहकार्य भएको अवस्था नदेखिँदा त्यसतर्फ उच्च तह र जिल्ला तहका समन्वय समिति तथा कार्यालयहरू संवेदनशील र सजग हुन निर्देशन दिने ।

(ख) हाल नेपालमा जबरजस्ती करणी तथा यौन दुर्व्यवहारका घटनाहरू तुलनात्मक रूपमा बढी संख्यामा घटी रहेको अनुसन्धान र अभियोजन अधिकारी तथा संचार माध्यमहरूबाट समेत जानकारीमा आएको हुँदा त्यसतर्फ यस समितिको ध्यानाकर्षण भएको छ । यस किसिमका अपराधहरूमा प्रभावकारी अनुसन्धान र अभियोजनन भएको साथै स्वयं पीडितहरूको कारण मुद्दा असफल हुने प्रवृत्ति पनि बढी रहेको हुँदा तत्काल उच्च तथा जिल्ला तहका समन्वय समितिको बैठक बसी अनुसन्धानकर्ता र सरकारी वकीलले गंभीर र सजग रही प्रभावकारी समन्वय र सहकार्य गरी सरोकारवालाको सहयोग समेत लिई अनुसन्धान र अभियोजन कार्य गर्न गराउन निर्देशिन दिने ।

(२) **स्वास्थ्य परिक्षणको सम्बन्धमा**

सम्बन्धित मेडिकल अधिकृत वा अस्पतालबाट पीडित वा शंकितको स्वास्थ्य परिक्षण गरी प्रतिवेदन दिँदा स्पष्ट वुभिने गरी लेखिएको देखिँदैन । घाउ चोट पटकको अवस्था जाहेरी दरखास्त, घटनास्थल तथा लास प्रकृति मुचुल्कामा उल्लेख भएको व्यहोरासँग मिले भिडेको देखिन आएको समेत यदाकदा हुँदैन । यसका अतिरिक्त स्वास्थ्य प्रतिवेदन दिने अधिकृतबाट प्रतिवेदन व्यहोरालाई बकपत्रद्वारा समर्थन गर्ने गराउने व्यवस्था समेत प्रभावकारी रूपमा हुन सकेको अवस्था देखिँदैन । तसर्थ, घाउ चोटको अवस्थालाई स्पष्ट रूपमा उल्लेख गरी वुभ्न सकिने गरी स्वास्थ्य प्रतिवेदन तयार भएमा त्यसले अपराधको अनुसन्धान र अभियोजनमा वस्तुनिष्ठता ल्याउने हुन्छ । अदालतको फैसला मार्फत पनि स्वास्थ्य परीक्षण प्रतिवेदनले मान्यता प्राप्त गर्ने हुँदा घाउँ चोट पटकलाई जाहेरी दरखास्त, घटनास्थल तथा लास प्रकृति मुचुल्काको व्यहोरालाई समेत उल्लेख गरी भएको व्यहोरा यथार्थ रूपमा र स्पष्ट बुभिने अक्षरमा उल्लेख गरी प्रतिवेदन दिने दिलाउने र उक्त प्रतिवेदन व्यहोरालाई बकपत्रद्वारा समर्थन गरी प्रमाणयोग्य बनाउनेतर्फ आवश्यक कारवाही गर्नका लागि उच्च तथा जिल्ला तहका समन्वय समितिहरूलाई निर्देशन दिने ।

(३) **शान्ति सुरक्षाको सम्बन्धमा**

देश संविधानले बोकेका मान्यतालाई कार्यान्वयन गर्ने क्रममा रहेको विदितै छ । यस सन्दर्भमा शान्ति सुरक्षाको भूमिका महत्वपूर्ण रहेको छ । जनताको जिउ धनको सुरक्षाको प्रत्याभूति गर्ने सरकारको जिम्मेवारीलाई शान्ति सुरक्षामा खटिएका सकल अधिकृतहरूले प्रभावकारी रूपमा आफूहरूलाई परिचालन गर्नु पर्ने जिम्मेवारी रहेको छ । मुद्दाका पीडित तथा शंकितको समेत सुरक्षाको कारण मुद्दामा असर पर्ने गरेको हुँदा पीडितले आफ्नो पीडालाई जाहेर गरी अदालतमा पुनः लेखाई न्याय निरोपणको लागि सहज वातावरण बनाउनका लागि मुद्दाका पक्षको सुरक्षामा समेत सजग हुन प्रहरी प्रधान कार्यालयलाई अनुरोध गर्ने ।

(४) **मुद्दाका सरोकारवाला व्यक्तिलाई जानकारी दिने सम्बन्धमाः**

ज्यान मार्ने उद्योग तथा कुटपिट अङ्गभंगको कसूरमा अभियोजन भई न्याय निरोपणका लागि

मुद्दा दायर भएकोमा अदालतले धेरै मुद्दाहरूमा कुटपिटमा परिणत गरेको अवस्था देखिन्छ । यसरी मुद्दा कुटपिटमा परिणत हुँदा सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को दफा २७ मा भएको व्यवस्था बमोजिम नेपाल सरकार वादी भई दायर भएको कुनै मुद्दा अनुसूची १ वा २ भित्र नपर्ने भन्ने देखिएमा अदालतले आदेश दिई सरोकारवाला व्यक्तिलाई झिकाई निजले सकार गरेमा वादी पक्ष कायम गरी सोही मुद्दाको मिसिलबाट प्रचलित कानून बमोजिम कारवाही किनारा गर्ने भन्ने फैसला हुने गरेको देखिन्छ । त्यस प्रकृतिका मुद्दामा नेपाल सरकारबाट पुनरावेदन नगर्ने अन्तिम निर्णय भई सके पश्चात मुद्दाका पक्ष तथा जाहेरवाला वा पीडितलाई नेपाल सरकारबाट समेत सो फैसलाको र पुनरावेदन नगर्ने निर्णयको व्यहोरा जानकारी गराई स्वयंले उक्त मुद्दाको कारवाहीमा उपस्थित भई सहभागी हुने र प्रतिरक्षा गर्नु पर्ने भन्ने व्यहोराको जानकारी गराई सम्बन्धित मिसिलमा समावेश गर्ने र अभिलेख राख्ने व्यवस्थाका लागि सबै उच्च सरकारी वकील कार्यालय र जिल्ला सरकारी वकील कार्यालयहरूलाई जानकारी गराउने ।

(५) **फैसलाको जानकारी दिने सम्बन्धमा**

अदालतबाट फैसला हुँदा पक्राउ वा म्यादमा हाजिर नभई प्रतिवादी चुक्ता हुन नसकेका प्रतिवादीका हकमा मुल्तवीमा रही वा तामेलीमा रही पछि मुल्तवी वा तामेलीबाट जागी फैसला हुँदा उक्त फैसलाको जानकारी दिने क्रममा पूर्व फैसलाको जानकारी समेत पछिल्ला फैसलासँगसँगै राखी एकै पटक दिएको मुद्दाका मिसिलबाट देखिन आएको छ । यस सन्दर्भमा मुद्दामा फैसला भएपछि फैसलाको जानकारी तत्काल दिएमा उक्त मुद्दा पुनरावेदन गर्ने नगर्नेतर्फ कारवाहीमा जाने र पुनरावेदनको माध्यमद्वारा मुद्दाको टुंगो लगाउन मद्दत मिल्ने हुँदा कुनै मुद्दामा फैसला हुँदा सो को जानकारी तत्काल पाउनका लागि अदालतमा अनुरोध गरी लेखी पठाउन उच्च र जिल्ला तहका समन्वय समिति मार्फत कार्यान्वयन गर्न लेखी पठाउने ।

# २. परिपत्रहरू

**(क) पुनरावेदन कारबाही सम्बन्धमा परिपत्र**

मिति : २०७५।०१।०७

**विषयः पुनरावेदन कारबाही सम्बन्धमा ।**

**श्री उच्च सरकारी वकील कार्यालय, सबै ।**

**श्री जिल्ला सरकारी वकील कार्यालय, सबै ।**

उपर्युक्त सम्बन्धमा यस कार्यालयको च.नं. ७७७ मिति २०७४।११।२१ को पत्रको व्यहोरा जानकारी भएकै छ । सो सम्बन्धमा मिति २०७५।०५।०१ देखि मुलुकी अपराध (संहिता) ऐन, २०७४, मुलुकी फौजदारी कार्यविधि (संहिता) ऐन, २०७४ र फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागू हुने कुरा विदितै छ । उल्लिखित कानुनहरूले सरकारी वकीललाई अनुसन्धान र अभियोजनमा समेत नेतृत्वदायी भूमिका प्रदान गरेको छ । ती कानुनहरूको प्रभावकारी कार्यान्वयनका लागि गहनतापूर्वक तयारी गर्न आवश्यक छ । यसै बीच सरकार वादी मुद्दामा प्रभावकारी अनुसन्धान, अभियोजन, बहस, पैरवी र प्रतिरक्षा समेतका व्यावसायिक कार्यहरूलाई पनि समानान्तर रूपमा लैजानु पर्ने जिम्मेवारी सरकारी वकीलहरू माथि रहेको छ । यसै सन्दर्भमा अदालतहरूबाट भएका फैसलाहरूको पुनरावेदन सम्बन्धी कारबाही गर्न बाँकी नै रहेको भन्ने सूचना यस कार्यालयमा प्राप्त हुन आएको र हालसम्म भएका फैसलाहरूको जानकारी प्राप्त गरी आगामी आषाढ मसान्त भित्र पुनरावेदन सम्बन्धी कारबाही टुङ्ग्याउनु पर्ने भएकोले सो सम्बन्धमा अविलम्ब देहाय बमोजिमका विवरण खुलाई पठाउनु हुन अनुरोध छ ।

**देहाय**

१. २०७४ चैत्र मसान्तसम्ममा फैसलाको जानकारी प्राप्त भएका तर पुनरावेदन सम्बन्धी कारबाही अगाडि बढाउन बाँकी रहेका मुद्दाको संख्या ।

२. २०७४ चैत्र मसान्तसम्म फैसला भएका तर फैसलाको जानकारी प्राप्त नभएका मुद्दाको संख्या ।

३. अदालतबाट भएका मुद्दाको फैसलाको जानकारी तुरुन्त माग गर्न पत्राचार गर्ने र सो बमोजिम प्राप्त फैसला उपर गरिने पुनरावेदन सम्बन्धी कारबाहीको कार्य योजना के रहेको छ ? सो को विवरण ।

गीताप्रसाद तिम्सिना

सहन्यायाधिवक्ता

## ख) सूचना प्रविधि अवलम्बन सम्बन्धमा परिपत्र

२०७४।१२।२७

**विषयः सूचना प्रविधि अवलम्बन सम्बन्धी निर्देशन ।**

**श्री उच्च सरकारी वकील कार्यालय, सबै**
**श्री विशेष सरकारी वकील कार्यालय, काठमाडौं**
**श्री जिल्ला सरकारी वकील कार्यालय, सबै**

यस कार्यालय मातहतका सबै उच्च, बिशेष र जिल्ला सरकारी वकील कार्यालयहरुमा e-Attorney कार्यक्रम कार्यान्बयनको लागि आबश्यक पर्ने आधारभूत सामाग्री (Hardware) खरिद गर्न गतबर्ष नै आबश्यक बजेट निकासा दिई खरिद समेत भईसकेको छ। त्यस्तै, मुद्दा ब्यबस्थापन प्रणालीसँग सम्बन्धित (CMS) र भौतिक ब्यबस्थापन (AMS) Software तथा Official Email System समेत सबै तहका सरकारी वकील कार्यालयहरुमा कार्यान्बयनमा आई सकेको ब्यहोरा अबगत नै छ ।

अतः सूचना प्रबिधिको प्रयोगलाई थप प्रभावकारिता प्रदान गरी उपलब्ध स्रोत साधनको अधिकतम परिचालन एबं प्रयोग, भौतिक साधनको मर्मत सम्भार र नतिजामुखी कार्य सम्पादन गर्न निम्नानुसारको निर्देशन दिने भनी यस कार्यालयबाट मिति २०७४।१२।२७ गते निर्णय भएकाले यो निर्देशन जारी गरिएको छ । सो अनुसार गर्ने गराउने ब्यबस्था हुन निर्णयानुसार अनुरोध छ ।

१) कार्यालयमा उपलब्ध सम्पूर्ण बिद्युतीय उपकरणहरुको प्रचलित आर्थिक ऐन, नियम र निर्देशिका बमोजिम अभिलेख राख्ने र सो को बिवरण भौतिक ब्यबस्थापन संग सम्बन्धित (AMS) Software मा समेत राख्ने। AMS Software को प्रयोग सम्बन्धमा सम्बन्धित कर्मचारीहरुलाई प्रशिक्षित गरी सकिएको छ ।यस सम्बन्धमा कुनै समस्या वा द्विविधा भए महान्यायाधिवक्ताको कार्यालय, सूचना प्रबिधि महाशाखामा सम्पर्क गर्न सक्नु हुनेछ ।

२) गत बर्ष e-Attorney कार्यक्रम अन्तर्गत खरिद गरिएको Laptop, Computer समेतका उपलब्ध भौतिक सामाग्रीहरु कार्यालयको कार्य सम्पादनमा प्रयोग गर्ने। त्यस्ता सामाग्रीहरु कार्यालय प्रमुख वा कर्मचारीले अनावश्यक रुपमा Hold गरी राख्ने प्रबृत्तिलाई हटाई नियमित कार्यालयको काममा प्रयोग गर्ने गराउने । सरकारी वकील वा कर्मचारीले एकभन्दा बढी ल्यापटप जिम्मा नलिने ।

३) उपलब्ध भौतिक सामाग्रीहरुको यथासमयमा आवश्यक मर्मत, सुधार एबं संरक्षण गरी

समुचित रुपमा प्रयोग र परिचालन गर्ने गराउने । सामाग्रीहरुको संरक्षण, मर्मत तथा सुधारमा कार्यालय प्रमुखले बिशेष रुपमा ध्यान दिने ।

४) कार्यसम्पादनको लागि आफ्नो जिम्मामा लिएको भौतिक सामाग्रीको समुचित संरक्षण र मर्मत संभार गरी प्रयोग गर्ने ।

५) कार्यालय प्रमुख वा अन्य अधिकृत वा कर्मचारीले आफ्नो जिम्मामा लिएको Laptop, Computer समेतका भौतिक सामाग्री वा त्यसको कुनै भाग सट्टा पट्टा वा दूरुपयोग हुने तर्फ अनुगमन गरिने र दुरुपयोग भएको पाईएमा प्रचलित कानून बमोजिम कारबाही प्रक्रिया समेत अगाडि बढाईनेछ ।

६) आफ्नो जिम्मामा लगिएको भौतिक सामाग्री कार्यालयमा फिर्ता बुझाउँदा दुरुस्त रुपमा बुझाउनु पर्नेछ र बुझि लिनेले पनि सो सामाग्री आवश्यक रुजु (Verify) गरेर बुझ्ने बुझाउने व्यबस्था मिलाउने ।

७) सूचना प्रबिधिको समूचित प्रयोग बिना e-Attorney कार्यक्रमको प्रभावकारी कार्यान्बयन असम्भव प्रायः भएकाले कार्यालय प्रमुख समेतका सबै तहका अधिकृत एबं कर्मचारीहरुले सूचना प्रबिधिको प्रयोगमा जोड दिने ।

८) कार्यालयमा उपलब्ध बिद्युतीय सामाग्री अपर्याप्त भएको वा त्यसको मर्मत संभार गर्न बजेट आवश्यक भएमा महान्यायाधिवक्ताको कार्यालयमा सम्पर्क र समन्बय गरी आबश्यक रकम निकासा लिई कार्य सम्पादन गर्ने ।

९) सूचना प्रबिधि तथा कम्प्युटर सम्बन्धी तालीममा सिकेको सीपको प्रयोग कार्य सम्पादनमा गर्ने । पटक पटक तालिम लिएर पनि आफ्नो क्षमता अनुसारको सीपलाई कार्यसम्पादनमा प्रयोग नगर्ने कर्मचारी र कार्यलय प्रमुख प्रति महान्यायाधिबक्ताको कार्यालयबाट निरन्तर निगरानी राखिनेछ । सुधार नभएमा आवश्यक कारबाही प्रक्रिया समेत अगाडि बढाईनेछ ।

१०) सरकारी कामको सिलसिलामा झबर्ष को प्रयोग गर्नुपर्दा यस कार्यालयबाट उपलब्ध Official Email को प्रयोग गर्ने गराउने । कुनै कारणले Official Email प्राप्त नभएको भए तुरुन्त महान्यायाधिबक्ताको कार्यालय, सूचना प्रबिधि महाशाखामा सम्पर्क गरी Email र Password प्राप्त गर्ने ।

११) अनुगमनका क्रममा कतिपय कार्यालयमा आवश्यक भन्दा कम क्षमताको Internet जडान गरेको कारण CMS Software मा Data Entry र Document Upload गर्न कठिनाई भएको भन्ने कर्मचारीहरुको गुनासो रहेको पाईएकोले आवश्यकतानुसार Internet को क्षमता बढाउने र कार्यालय समयमा कार्यालयको काममा मात्र Internet को प्रयोग गर्ने आवश्यक ब्यबस्था सम्बन्धित कार्यालय प्रमुखले मिलाउने ।

१२) CMS र AMS समेतका यस कार्यालयबाट उपलब्ध गराईएको Software मा यथासमयमा Data Entry र Document Upload गर्ने गराउने ।त्यसको नियमित अनुगमन महान्यायाधिबक्ताको कार्यालयबाट भई रहेको छ । Data Entry को कामलाई कार्य सम्पादनमा आधारित प्रोत्साहन भत्ताको एउटा सूचक बनाईनेछ ।

१३) CMS Software मा Data Entry गर्नुपर्ने आफ्नो कार्यालयको चालु मुद्दाको Data Entry गर्ने काम २०७५ साल असार मसान्त सम्म अनिबार्य रुपमा सम्पन्न गर्ने गराउने ब्यबस्था मिलाउने ।

१४) २०७५ साल भाद्र १ गते देखि मुलुकी फौजदारी (कार्यबिधि) संहिता ऐन, २०७४ समेतले गरेको नयाँ कार्यबिधिगत ब्यबस्था अनुसार CMS Software मा पनि परिमार्जन गर्नुपर्ने भएकाले सो का लागि आफ्ना कर्मचारीलाई समेत जानकारी गराउने ।

१५) CMS समेतका Software प्रयोगमा कुनै जटिलता, द्विविधा वा समस्या भए तत्काल महान्यायाधिबक्ताको कार्यालय, सूचना प्रबिधि महाशाखामा सम्पर्क गरी निकासा लिने ।

माथि उल्लेखित निर्देशन कार्यान्बयन गर्ने गराउने सम्बन्धमा सम्बन्धित कार्यालयको हकमा कार्यालय प्रमुख भई कामकाज गर्ने सरकारी वकील र आफू मातहतका कार्यालयका हकमा सम्बन्धित उच्च सरकारी वकील कार्यालयले जिम्मेवारी बहन गर्नु हुनेछ । आफ्नो र आफू मातहतका कार्यालयको कार्य प्रभावकारी रुपमा सम्पादन गर्न गराउनका लागि उच्च र बिशेष सरकारी वकील कार्यालयको हकमा कम्तीमा अधिकृत स्तरको र जिल्ला सरकारी वकील कार्यालयको हकमा कम्तीमा नायब सुब्बा स्तरको कर्मचारीलाई Focal Person को रुपमा जिम्मेवारी तोकी काम काजमा लगाउन सकिनेछ ।यसरी जिम्मेवारी तोकिएको Focal Person को सम्पर्क मोबाईल नम्बर र ईमेल सहितको बिवरण महान्यायाधिबक्ताको कार्यालय, सूचना प्रबिधि महाशाखालाई तुरुन्त दिने ब्यबस्था हुन समेत निर्णयानुसार अनुरोध छ ।

# बहस नोट

# १. बहस नोट

## श्री सर्वोच्च अदालतमा चढाएको
## बहस नोट

**सम्वत २०७१ सालको रिट नं। ०७१-WS-००३९**

**सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली**

**माननीय न्यायाधीश श्री दीपकराज जोशी**

**माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र**

**माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.रा**

**माननीय न्यायाधीश श्री दीपककुमार कार्की**

नेपाल सरकार प्रधानमन्त्री, मन्त्रिपरिषद तथा मन्त्रिपरिषदको कार्यालय समेतका तर्फबाट सहन्यायाधिवक्ता नारायणप्रसाद पौडेल ..................... बहसनोट / प्रस्तुतकर्ता

विरूद्ध

गोवरदिहा आयुर्वेद औषधालय दाङमा पदाधिकार रही मिथिला आयुर्वेद कलेज एण्ड रिसर्च सेन्टर जनकपुरमा अध्ययनरत कविराज (सहायक पाँचौ) शंकरनाथ योगी ..................... निवेदक / विपक्षी

### विषयः उत्प्रेषणयुक्त परमादेश

उपर्युक्त विपक्षीले सम्मानित अदालतको अदालत समक्ष पेश गर्नु भएको ०७१-WS-००३९ को रिट निवेदनका सम्बन्धमा सम्मानित अदालतको संवैधानिक इजलासबाट मित २०७४।९।१४ गतेका दिन सुनुवाई हुँदा निवेदक तथा विपक्षी दुबै पक्षको विद्वान कानून व्यवसायी तथा विद्वान सरकारी वकीलहरुबाट १५ दिन भित्र लिखित बहसनोट पेश गर्न लगाई प्राप्त भएपछि नियमानुसार पेश गर्नु भन्ने आदेश भै मिति २०७४।९।२१ मा महान्यायाधिवक्ताको कार्यालयमा उक्त आदेशको प्रतिलिपी सहितको पत्र प्राप्त हुन आएकाले विपक्षी रिट निवेदकले निवेदनमा

प्रत्यथी बनाएका मन्त्रिपरिषद समेतका निकायहरुको तर्फबाट यो लिखित बहसनोट प्रस्तुत गरेको व्यहोरा सादर अनुरोध गर्दछु ।

१. **निवेदकहरुको माग सम्बन्धी विस्तृत विवरण रिट निवेदनबाटै अवगत हुने हुँदा यहाँ विस्तृत रुपमा उल्लेख गरिएको छैन ।**

२. रिट निवेदक शंकरनाथ योगीले आफ्नो निवेदनमा मूलतः आफु गोवरदिया आयुर्वेद औषधालय, दाङमा नेपाल स्वास्थय सेवा आयुर्वेद समूहको कविराज (सहायक पाँचौं) पदमा कार्यरत रहेका बखत नेपाल सरकार शिक्षा मन्त्रालयबाट प्राप्त छात्रवृत्तिमा बि.ए.एम.एस. विषयमा मिथिला आयुर्वेद कलेज एण्ड रिसर्च सेन्टर, घाडेबास जनकपुरमा अध्ययन गर्नको लागि शिक्षा मन्त्रालयबाट मनोनयन भई मिति २०७०।४।१ देखि लागु हुनेगरी ५ वर्ष ६ महिनाको लागि अध्ययन बिदा माग गरी आयुर्वेद विभागका महानिर्देशक समक्ष मिति २०७०।२।६ मा निवेदन दिएकोमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका निमित्त सचिवबाट नेपाल स्वास्थ्य सेवा निमायवली, २०५५ को नियम ५४(५) बमोजिम मिति २०७०।४।१ देखि २०७५।१०।३० सम्म ५ वर्ष ६ महिनाको लागि वेतलवी अध्ययन बिदा स्वीकृत गर्ने गरी मिति २०७१।६।२९ मा निर्णय भएको जानकारी प्राप्त भएकोले अध्ययन बिदा स्वीकृत गर्दा वेतलवी अध्ययन बिदा स्वीकृत गर्ने गरी भएको उक्त निर्णयले निवेदकको नेपाल स्वास्थ्य सेवा ऐन, २०५५ को नियम ५३(१) र (४) तथा नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८६ ख ले इंगित गरे अनुसार निजामती सेवा नियमावली, २०५० को नियम ६१(४) द्वारा प्रदत्त कानूनी हकमो अतिरिक्त नेपालको अन्तरिम संविधान, २०७३ को धारा १३ मा प्रदत्त समानता तथा समान संरक्षणको हक, धारा १९ मा प्रत्याभूत सम्पत्ती सम्बन्धी हक समेतका मौलिक हकको प्रचलनमा कुण्ठा तथा अवरुद्ध गरेको । वेतलवी बिदा स्वीकृत गर्न आकर्षित गरिएको नेपाल स्वास्थय सेवा नियमावलीको नियम ५३(१) मा तेस्रो संशोधनद्वारा थप गरिएको "मन्त्रालयको वा मन्त्रालयलाई प्राप्त स्वदेशी वा वैदेशिक" भन्ने वाक्यांश र ऐ। नियम ५३(५) को "उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अध्ययन बिदामा बस्ने कर्मचारीहरुले तलब पाउने छैन् भन्ने कानूनी व्यवस्था नेपालको अन्तरिम संविधान, २०६३ को धारा १५३ तथा स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८६ ख को प्रावधानसँग स्पष्ट रुपले बाँझिएको हुँदा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १०७(१) बमोजिम उक्त प्रावधानहरु अमान्य घोषित गरी बिदाको तलब नदिने गरी भएको हदसम्मको निर्यण बदर गरी स्वीकृत अध्ययन बिदा अवधिको तलब दिनु भन्ने परमादेश जारी

३. **रिट निवेदकले लिएको जिकिर निम्न बमोजिम नेपालको अन्तरिम संविधान २०६३ को धारा १०७ को उपधारा ९१० र ९२० सँग सम्बन्धित रहेको देखिन्छः**

क) धारा १०७(१) बमोजिम अमान्य घोषित गर्न माग गरेको कानून र बाझिएको भनेको संवैधानिक तथा कानूनी व्यवस्थाः

- नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नयम ५३(१) मा तेस्रो संशोधनद्वारा थप गरिएको ृमन्त्रालयको वा मन्त्रालयलाई प्राप्त स्वदेशी वा वैदेशिकृ भन्ने वाक्यांश ।

- ऐ। नियम ५३(५) को "उपनियम (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि त्यस्तो अध्ययन बिदामा बस्ने कर्मचारीहरुले तलब पाउने छैन" भन्ने कानूनी व्यवस्था ।

ख) धारा १०७(२) बमोजिम उत्प्रेषणयुक्त परमादेश माग गरेको विषयः

- अध्ययन बिदा स्वीकृत गर्दा वेतलवी अध्ययन बिदा स्वीकृत गर्ने (तलब नदिने) गरी निमित्त सचिवबाट भएको मिति २०७१।६।२९ को निर्यण बदर गर्ने ।
- स्वीकृत अध्ययन बिदा अवधिको तलब दिनु भन्ने परमादेश जारी हुनुपर्ने ।

उल्लिखित मागको कानूनी आधारः

- नेपालको अन्तरिम संविधान, २०६३ को धारा १३ द्धारा प्रदत्त समानता र समान संरक्षणको हक र धारा ज्ञढ मा प्रत्याभूत गरिएको मौलिक हकको प्रचलनमा कुण्ठा भएको ।
- नेपाल स्वास्थ्या सेवा नियमावली, २०५५ को निर्णयको ३(१) र (४) तथा नेपाल स्वास्थ्य स्वा ऐन, २०५४ को दफा डट ख ले निर्दिष्ट गरे अनुसार नि.से.नि. २०५० को नियम ६१(४) द्धारा प्रदत्त कानूनी हकको प्रचलनमा अवरोध पुगेको ।

४. **रिट निवेदकको उल्लिखित जिकिरहरु र उक्त जिकिरहरुको समर्थनमा लिइएका संवैधानिक एवं कानूनी आधारहरु निम्न बुंदाहरुको आधारमा खण्डनीय भएकोले उक्त रिट निवेदन खारेज भागी छ ।**

क) निवेदकले नेपाल स्वास्थ्य सेवा नियमवलीको नियम ५४(१) र (५) का केही अंश नेपालको अन्तरिम संविधानको धारा १५४ र नेपाल स्वास्थ्य सेवा ऐनको दफा डट ख. सँग बाझिएको भनी लिएको जिकिर सम्बन्धमा हेर्दा उक्त अत्तरिम संविधानको धारा १५४ मा "नेपाल सरकारको मुलुकको शासन संचालन गर्न निजामती सेवा र आवश्यक अन्य सरकारी सेवाहरुको गठन गर्न सक्नेछ । त्यस्ता सेवाहरुको गठन, सञ्चालन र सेवाका शर्तहरु ऐनद्धारा निर्धारण गरिए बमोजिम हुने छन्" भनी सरकारी सेवाको गठन सम्बन्धी संवैधानीक व्यवस्था गरिएको थियो र यस्तै खालको व्यवस्था नेपालको संविधान (२०७२ को धारा २८५(१) मा पनि गरिएको छ । अन्तरिम संवैधानको उक्त व्यवस्ताले निजामती सेवाको अलावा र अन्य सरकारी सेवाकी पनि गठन हुन सक्ने र त्यस्ता सेवाको गठन, सञ्चालन सेवाको शर्तहरु ऐनद्वारा निर्धारित हुने कुराको स्पष्ट व्यवस्था गरेको छ।

२०७३ सालसम्म नेपाल स्वास्थ्य सेवालाई पनि निजामती सेवा अन्तर्गत कै सेवाको रुपमा राखिएकोमा मिति २०५४/११/१५ मा छुट्टै नेपाल स्वास्थ्य सेवा ऐन, २०५४ जारी भै नेपाल स्वास्थ्य सेवालाई निजामती सेवाबाट अलग गरी छुट्टै सेवाको रुपमा राखी यसको गठन, सञ्चालन र सेवाको शर्त सम्बन्धमा छुट्टै कानूनी व्यवस्था गरेको छायो ऐन लागू भए देखि निजामती सेवाको गठन, सञ्चालन र सेवाको शर्तहरु छुटै कानूनद्वारा निर्देशित हुने कुरामा कुनै दुविधा छैन । त्यसैले स्वास्थ्य सेवाका कर्मचारीहरुको सेवा सुविधा नेपाल स्यास्थ्य सेवा ऐन र त्यस अन्तर्गत बनेको नेपाल स्वास्थ्य स्वा नियमावलीद्वारा निर्देशित हुने कुरा स्पष्ट छ ।

नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५४(१) को साविक व्यवस्थामा "सेवालाई

उपयोगी र आवश्यक पर्ने विषयमा नेपाल सरकारको वा नेपाल सरकारलाई प्राप्त छात्रवृत्तिमा मनोनयन वा छानिई अध्ययन गर्न जाने कर्मचारीले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ" भन्ने प्रावधान रहेकोमा उक्त नियमावलीमा मिति २०६९/१/१८ मा भएको तेस्रो संशोधनले उक्त नियम ५४(१) मा साविकमा भएको "नेपाल सरकारको वा नेपाल सरकारलाई प्राप्त" भन्ने वाक्यांशको सट्टा "मन्त्रालयको वा मन्त्रालयलाई प्राप्त स्वदेशी वा वैदेशिक" भन्ने वाक्यांश राखी अन्य व्यवस्था यथावत राखेको छ । संशोधन अघि र पछिको दुवै व्यवस्थामा अध्ययन बिदा प्राप्त गर्नको लागि स्वास्थ्य सेवालाई उपयोगी र आवश्यक विषय हुनुपर्ने र छात्रवृत्तिमा मनोनयन हुनुपर्ने र अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्ने भन्ने शर्त राखिएको र संशोधित प्रावधानले नेपाल सरकारको वा नेपाल सरकारलाई प्राप्त भएको छात्रवृत्ति मा मनोनयन भएको वा छानिएको हुनुपर्ने भन्ने शर्त परिवर्तन गरी स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य मन्त्रालयलाई प्राप्त स्वदेशी वा वैदेशिक छात्रवृत्तिमा मनोनयन भएको वा छानिएको हुनुपर्ने शर्त राखेको छ ।

त्यसैगरी उक्त नियमावलीको नियम ५३(४) ले अध्ययन बिदामा बस्दा कर्मचारीले पूरा तलव पाउने भन्ने व्यवस्था गरेपनि ऐ। नियम ५३(५) ले निजी प्रयाशमा अध्ययन गर्न जाने कर्मचारीलाई वेतलवी अध्ययन बिदा दिन सकिने र त्यस्तो निजी प्रयासमा अध्ययन गर्ने विषय पनि सम्बन्धित समूह उप-समूहलाई उपयोगी हुनुपर्ने र अध्ययनको लागि नेपाल सरकारको पूर्व स्वीकृति लिएको हुनुपर्ने शर्त राखेको छ । यो व्यवस्था २०५५ साल देखि हालसम्म अवधिन्न रुपमा रही आम प्रचलन (General practice) को विषय बनी सकेको छ ।

यसरी संवैधानिक व्यवस्था बमोजिम बनेको नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ को दफा २५ ले दिएको अख्तियारी बमोजिम बनेको नेपाल स्वास्थ्य सेवा नियमावलीले व्यवस्थित गरेको उक्त नियम ५३(१) तथा नियम ५३(५) समेतले व्यवस्थित गरेका सेवा सम्बन्धी शर्तहरु नेपालको अन्तरिम संविधान २०६३ को धारा १५३ सँग बाझिएको अवस्था नभै सो व्यवस्थाले उक्त धारालाई मूर्त रुप दिएको स्पष्ट छ । नेपाल स्वास्थ्य सेवा नियमावलीका उक्त कानूनी व्यवस्थाहरु निवेदकलाई प्रतिकूल वा अनुकूल असर परेको कारणले संवैधानिक प्रावधानसँग बाझिने वा नबाझिने भन्ने जिकिर लिई मिल्ने नभै संविधानको प्रावधानसँग स्पष्ट र रुपमा बाझिएको देखिनु पर्दछ । तर निवेदकले जिकिर लिएका स्वास्थ्य सेवन नियमावली, २०५५ को नियम ५३(१) र ५३(५) ले व्यवस्थित गरेका अध्ययन बिदा सम्बन्धी सेवाका शर्तहरु नेपालको अन्तरिम संविधान २०६३ को धारा १५३ को प्रावधानसँग नबाझिएको हुँदा उक्त रिट निवेदन खारेज भागी छ ।

(ख) निवेदकले नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३(१) र ५३(५) का उल्लेखित प्रावधानहरु नेपाल सवस्थ्य सेवा ऐन, २०५३ को दफा ८६ ख को प्रावधानसाग पनि बाझिएको भनी लिन भएको जिकिरका सम्बन्धमा हेर्दा सो ऐनको तेस्रो संशोधनद्धारा २०६३ सालमा उक्त दफा ८६ ख को कानूनी व्यवस्था उल्लेख गर्न सान्दर्भिक देखिन्छ । जुन यस प्रकार छः

- **८६ख निजामती सेवा ऐन, २०४९ बमोजिमको सुविधा पाउनेः**

यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि निजामती सेवा ऐन, २०४९ बमोजिम

निजामती कर्मचारीलाई तलव, भत्ता, बिदा, उपदान तथा निवृत्तिभरणका सम्बन्धमा यस ऐनमा लेखिए भन्दा बढी सुविधा पाउने गरी व्यवस्था भएकोमा त्यस्तो व्यवस्था स्वास्थ्य सेवाका कर्मचारीलाई समेत लागू हुनेछ ।

निवेदकले तलवी अध्ययन बिदाको सन्दर्भ उठाउनु भएकोले यस सम्बन्धमा निजामती सेवा ऐन, २०४९ ले गरेको व्यवस्था हेर्दा दफा ७१ ले निजामती कर्मचारीले तोकिए बमोजिम अध्ययन बिदा लगायतका बिदा पाउने व्यवस्था गरेको र निजामती सेवा नियमावली, २०५० को नियम ६१९४० ले "अध्ययन बिदामा बस्दा निजामती कर्मचारीले पुरा तलव पाउने छ ।" भन्ने व्यवस्था गरेपनि उक्त व्यवस्था निरपेक्ष नभै सोही नियम ६१ को उपनियम (१०(१क), (१ख), ९२० र ९३० सँग सापेक्ष छ । निवेदक अध्ययन बिदाको लागि उल्लेखित कानूनी व्यवस्था अनुसमार प्रयोगिताबाट छानिएको वा निजामती सेवा ऐन, २०४९ को दफा ४० ख बमोजिमको समितिबाट स्वीकृत प्राप्त गरेको समेत नदेखिदा निजको अध्ययन बिदाको हकमा उक्त नियम ६१(४) को व्यव्स्था आकार्षित हुने स्थिति छैन । बरु ऐन नियमा ६१(५) ले निजी प्रयासमा अध्ययन बिदामा वस्ने निजामती कर्मचारीले तलव पाउने छैन भनी नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३(५) को अन्तिम वाक्यमा गरेको जस्तै व्यवस्था गरेको छ । त्यसैले निजामती सेवा ऐन, नियमले पनि अध्ययन बिदाका सम्बन्धमा स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३(१),(५) ले दिएको भन्दा बढी सुविधा दिएको स्थिति नभएकोले नेपाल स्वास्थ्य सेवा ऐनको दफा ८६ ख सँग बाझिएको भन्न मान्न नमिल्ने हुँदा रिट निवेदन खारेज भागी छ ।

(ग) रिट निवेदकले उत्प्रेषणयुक्त परमादेश माग गर्दा वेतलवी अध्ययन बिदा स्वीकृत गर्ने गरी निमित्त सचिवबाट मिति २०७१।६।२९ मा भएको निर्णय बदर गरी स्वीकृत अध्ययन बिदा अवधिको तलव दिनु भन्ने परमादेश जारी हुनुपर्ने जिकिर लिनु भएको देखिन्छ । नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५९(१)(च) ले अध्ययन बिदा दिने अधिकार नेपाल सरकारलाईै तोकेको र ऐन नियम ४३ ले कार्यालय प्रमुखको अधिकार निमित्त कार्यालय प्रमुखले पनि प्रयोग गर्न पाउने व्यवस्था गरेको अवस्था छ । पदमराज जोशी विरुद्ध जिल्ला प्रशासन कार्यालय, दार्चुलाका प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा गठीत बढुवा समिति समेत भएको रिट नं। ०६३-WO-०९२१ को अधिकार", उत्प्रेषण समेत मुद्दा (ने.का.प.२०६९, अंक ६, नि.नं. ८८४२० मा निमित्त राजिष्ट्रार भै काम गर्ने कर्मचारीले राजिष्ट्रारलाई प्राप्त सवै अधिकारको प्रयोग समेत गर्न सक्ने भनी सिद्धान्त प्रतिपादन भैसकेको हुँदा निमित्त साथिबाट बेतलवी अध्ययन बिदा स्वीकृत गरेको भन्ने आधारमा उक्त निर्णय बदर हुन सकने अवस्था छैन ।

(घ) माथि विवेचना गरिए बमोजिम नेपाल स्वास्थ्य सेव ऐन, २०५५ को दफा ५३(१) र ९५० नेपालको अन्तरिम संविधानको प्रावधान एवं स्वास्थ्य सेवा ऐनका प्रावधानसँग नबाझिएको, नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ५३(४) को व्यवस्था निरपेक्ष नभै ऐन नियम ५३(१) समेतसँग सापेक्ष रहेको, निजामती सेवा नियमावली, २०५० को नियम ६१(४) को व्यवस्था पनि निरपेक्ष नभएको, भिन्न प्रयोजनको लागि बनेको भिन्न कानूनहरुको व्यवस्थाले निवेदकलाई संविधान तथा कानूनद्धारा पदत समानताको हक लगायत कुनै मौलिक हक तथा कानूनी हकको प्रचलनमा बाधा पारेको

वा अवरोध पुऱ्याएको भन्न मान्न मिल्ने अवस्था पनि नभएको, निजको बेतलवी अध्ययन बिदा स्वीकृत भै सकेको अवस्था हुँदा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ को नियम ६० समेतले उत्त बिदा अन्य बिदामा परिणत हुन सक्ने अवस्था पनि नभएको समेतका आधारबाट निजको बेतलवी अध्ययन बिदा स्वीकृत गर्ने गरी भएको निर्णय कानून सम्मत नै हुँदा रिछ निवेदन खारेज भागी छ ।

५. अतः उल्लेखित बुंदाहरुको आधारमा विपक्षी रिट निवेदकको बेतलवी अध्ययन बिदा स्वीकृत गर्ने गरी भएको निर्णय र सोसँग सम्बद्ध कानूनी व्यवस्थाहरु संविधान तथा कानून अनुकुल नै रहेको र उक्त निर्णयबाट निवेदकको मौलिक, संवैधानिक तथा कानूनी हक हनन भएको वा प्रचलनमा वाधा पुगेको अवस्था समेत नभएको हुँदा उक्त रिट निवेदन खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु ।

**बहसनोटप्रस्तुतकर्ता**

नारायणप्रसाद पौडेल

सहन्यायाधिवक्ता

महान्यायाधिवक्ताको कार्यालय काठमाडौं

इति सम्बत २०७४ साल पौष गते रोज शुभम्.......................... ।

## श्री सर्वोच्च अदालतमा प्रस्तुत गरिएको
## बहसनोट

**विषयः बहसनोट प्रस्तुत गरिएको ।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, टंगाल समेत .................... बहसनोट / प्रस्तुतकर्ता विपक्षी

विरूद्ध

जिल्ला चितवन, भण्डारा गा.वि.स. वडा नं. ३ बस्ने वर्ष ४५ को
राजु प्रसाद उप्रेती (पसल नं. ७४८) समेत .................................... प्रत्यर्थी वादी

**मुद्दाः उत्प्रेषण परमादेश लगायत उपर्युक्त आज्ञा, आदेश जारी गरी पाउँ ।**

(०६७-WO-००३७, ०६७-WO-००३८, ०६७-WO-००३९, ०६७-WO-००४०, ०६७-WO-००४१, ०६७-WO-००४२, ०६७-WO-००४३, ०६७-WO-००४४, ०६७-WO-००४५, ०६७-WO-००४६, ०६७-WO-००४७, ०६७-WO-००४८, ०६७-WO-००४९, ०६७-WO-००५०,०६७-WO-००५१, ०६७-WO-००५२ समेत)

आदेश गर्ने माननीय न्यायाधीशहरु,

सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली

माननीय न्यायाधीश श्री दीपकराज जोशी

माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र

माननीय न्यायाधीश श्री चोलेन्द्र शम्सेर जबरा

माननीय न्यायाधीश श्री दीपकराज कार्की

**आदेश मितिः २०७४।१०।१०**

उपर्युक्त निवेदकरविपक्षी भएको प्रस्तुत रिट निवेदनमा सम्मानित अदालतको संवैधानिक इजलाशबाट बहसनोट पेश गर्ने भन्ने मिति २०७४।१०।१० गतेको आदेश बमोजिम निम्न प्रकरणमा खुलाई बहसनोट प्रस्तुत गरिएको छ । रिट निवेदन खारेजभागी छ, खारेज गरी पाउँ ।

## १) रिट निवेदन दावी :

क) विपक्षी अख्तियार दुरुपयोग अनुसन्धान आयोग (यसपछि आयोग भनिएको) को सचिव नेपाल सरकारको कर्मचारीसम्म भएको नाताले अनुसन्धान अधिकृतसम्म तोकिन सक्ने हैसियत राख्दछन् । मिति २०६६।९।२७ मा प्रकाशित नेपाल राजपत्र सूचनामा विपक्षी सचिवलाई सार्वजनिक पद धारण गरेको तथा सो कसूरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा अनुसन्धान र तहकिकात गर्न तथा मुद्दा चलाउन आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्ति भई नआएसम्मका लागि आयोगका सचिवलाई सुम्पिएको भनि मिति २०६६।९।२० को वैठकबाट भएको निर्णय नेपालको अन्तरिम संविधान, २०६३ (यसपछि संविधान भनिएको) को धारा १२०(७) प्रतिकूल भएको, सो बमोजिम विपक्षी सचिवले आफूलाई आयोगको हैसियतले सम्पूर्ण अधिकार प्रयोग गरी कारवाही तथा निर्णय गरेको उक्त कार्य धारा १२०(७) समेतको विपरित छ । उक्त प्रत्यायोजित अधिकारले संविधानको धारा ११९, १२० र १४९ समेतका व्यवस्थालाई निस्प्रभावी बनाएको र उक्त व्यवस्थाको प्रतिकूल भै असंवैधानिक छ । उक्त प्रत्यायोजित अधिकार अन्तर्गत आयोगका सचिवले गरेको नि.नं. ४०५। मिति २०६७।२।१६ को वुँदा नं. ४क बदरभागी रहेको, उक्त निर्णय बमोजिम विपक्षी मन्त्रालय (कृषि तथा सहकारी मन्त्रालय)को मिति २०६७।३।३ को निर्णय र पत्राचार बदर भागी छ । निर्देशन दिन पाउने अधिकार अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ (यसपछि आयोग ऐन भनिएको) को दफा १२क र १२ख ले विपक्षी आयोगलाई हो आयोगका सचिवलाई होइन । उक्त निर्देशन सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रतिकूल छ । मिति २०६५।४।१ देखि लागू हुने गरी कानून सम्मत भएको संझौताको कार्यान्वयनमा अवरोध पुऱ्याउने रद्द गर्ने अधिकार आयोगका सचिवलाई छैन । आयोगका सचिवले सुनुवाईको मौका नदिइएको हुँदा उक्त निर्णय, निर्देशन र कार्यान्वयन गर्नेसँग सम्बन्धित पत्राचारले संविधानको धारा १२(३)(च), १३ एवं १९ द्वारा प्रदत्त मौलिक हक माथि गैरकानूनी आघात पुगेको छ । तसर्थ, धारा १०७(२) बमोजिम उत्प्रेषणको आदेशले बदर गरी मिति २०६६।९।२७ को नेपाल राजपत्रमा प्रकाशित सूचना प्रारम्भदेखिनै असंवैधानिक घोषित गरी पाउँ । उल्लेखित निर्णयहरु र पत्राचारहरु कार्यान्वयन नगर्नु नगराउनु भन्ने विपक्षीहरुको नाममा अन्तरिम आदेश समेत जारी गरी पाउँ भन्ने रिट निवेदन मागदावी रहेको छ ।

## २) रिट निवेदनको हालको अवस्था

क) २०६७ सालको रिट नं. १३२९ मा अन्तरिम आदेश जारी भएकोमा सो आदेश रद्द गरी पाउँ भन्ने निवेदन आयोगबाट परेकामा उक्त आदेश मिति २०६७।६।१० को आदेशले निरन्तरता पाएको देखिन्छ ।

ख) त्यस्तै, ०६७सालको रिट नं. ००६१ मा सम्मानित अदालतको एक न्यायाधीशको इजलाशबाट मिति २०६७।४।१९ मा अन्तरिम आदेश जारी भएकोमा सो आदेश रद्द गरी पाउँ भन्ने आयोगबाट मिति २०६७।६।४ मा निवेदन परेकामा मिति २०६७।६।१० को आदेशले अन्तरिम आदेशले निरन्तरता पाएको देखिन्छ ।

## ३) लिखित जवाफ व्यहोरा

क) उल्लेखित रिट निवेदन सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग (यस पछि आयोग भनिएको) र सो का सचिव, कृषि तथा सहकारी मन्त्रालय र सो का सचिव समेतबाट लिखित जवाफ पेश भएको छ । सरकारी काम कारवाही सिलसिलामा भए गरेको काम कारवाही हुँदा व्यक्तिगत रुपमा मलाई समेत विपक्षी बनाई दायर गर्न मिल्ने होइन । विना प्रतिस्पर्धा १५ वर्षसम्मका लागि संझौता भएको, टेण्डर प्रक्रिया विना भएको भन्ने उजुरी उपर अनुसन्धान गरी ५०१ देखि ८०० सम्मका २ सय स्टलहरु न्यायोचित प्रतिस्पर्धात्मक मापदण्ड निर्धारण गरी सबै स्टलहरु बढीमा ५ वर्षसम्मका लागि मात्र वितरण गर्ने प्रबन्ध मिलाउने, नवनिर्मित ३८ वटा स्टलहरुमा कुनै भाडा नउठाएको देखिएकोले औषत हिसाब गरी सबै स्टलहरु एक पटकमा बढीमा ५ वर्षसम्मका लागि टेण्डरबाट मात्र भाडामा दिने व्यवस्था मिलाउन आयोग ऐनको दफा २८ बमोजिम कृषि मन्त्रालयलाई निर्देशन दिने गरी आयोगबाट २०६६।९।२० मा प्रत्यायोजित अधिकार अनुरुप निर्णय गरी कार्यान्वयनको लागि २०६७।२।२५ मा लेखी पठाएको हो । नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२०(७) ले आयोगले नेपाल सरकारका कर्मचारीलाई प्रत्यायोजन गर्न सक्ने व्यवस्था छ । सो बमोजिम पदाधिकारीहरु नियुक्त भई नआउञ्जेलसम्मको अवधिको लागि संवैधानिक प्रावधान बमोजिम आफूलाई अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने अधिकार आयोगले प्रत्यायोजन गरेको छ । त्यसैसँग अन्योन्याश्रित सम्बन्ध राख्ने निर्देशन दिने, दुष्परिणाम सच्याउने वा गैर कानूनी काम कारवाही बदर गर्ने जस्ता कार्यहरुलाई अलग गरी हेर्दा भ्रष्टाचारीहरुलाई नै प्रोत्साहन मिल्न जाने हुन्छ । अनुसन्धान तहकिकात भित्र आयोग ऐनको दफा ११,१२, १२क तथा १२ ख एवं दफा २८ बमोजिमका व्यवस्थाहरु समेत स्वभाविक रुपमा पर्न आउछन् । प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ र सार्वजनिक खरिद ऐन, २०६३ लागू भै सकेको अवस्थामा ती ऐनहरुको विपरित हुने गरी कार्य भएको र विना प्रतिस्पर्धा १५ वर्षको लागि संझौता गरी भाडामा बसी आएको तथ्यलाई स्विकारेको अवस्थामा रिट निवेदन सफा हात र स्वच्छ हृदयसँग अदालतमा उपस्थित नभएको, आयोगको निर्णय उपर आयोग ऐनको दफा ३५ग बमोजिम पुनरावेदन लाग्न सक्ने वैकल्पिक उपचारको व्यवस्था रहेकोमा रिट क्षेत्रमा प्रवेश गरेको देखिँएको, बोलपत्र प्रकृयामा विपक्षीहरु समेत समावेश हुन सक्ने नै देखिएको हुँदा मागदावी बमोजिमको रिट निवेदन जारी हुनु पर्ने अवस्था नभएकाले खारेज गरी पाउँ भन्ने आयोग तथा आयोगका सचिवको जवाफ रहेको छ ।

ख) आयोगको निर्णय कार्यान्वयन गर्नु पर्ने दायित्व अनुसार आयोगको निर्णय कार्यान्वयन गरिएको हो । संवैधानिक निकायको आदेशको पालना गर्नु पर्ने दायित्व पूरा गरेको हुँदा विपक्षी बनाएको कानूनसम्मत छैन भन्ने समेत व्यहोराको कृषि तथा सहकारी मन्त्रालयको जवाफ रहेको छ ।

## ४) प्रस्तुत रिट निवेदनमामूलतः निम्न प्रश्नहरु समावेश रहेको अवस्था छः

क) अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकार के हो त ?

ख) आयोगको विद्यमानता, आयोग र आयोगका सचिवमा के भिन्नता छ ?

ग) आयोगले अधिकार सुम्पेको कार्यकोसंवैधानिकता के हो ?

घ) सुम्पिएको अधिकारअन्तर्गत निर्देशन दिन पाउने हो होइन ?

ङ) बहाल सम्झौताको कानूनी हैसियत के हो त ?

## ५) उल्लेखित प्रश्नहरुको प्रचलित कानूनी व्यवस्था, मान्यता र सिद्धान्तका आधारमा देहाय बमोजिम विश्लेषण गरिएको छ ।

**क) प्रथम प्रश्नको सम्बन्धमाः**

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० मा आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था छ ।

१. आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य (आयोग ऐन, २०४८ मा परिभाषित गरिएको) वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्छ ।

२. सो अधिकार पदमुक्त भई सकेका संवैधानिक पदाधिकारीहरु, न्यायाधिशहरु र सैनिकहरु समेतका हकमा समेत अधिकार राख्दछ ।

३. उक्त अनुसन्धान तहकिकातबाट अनुचित कार्य कार्य गरी अख्तियारको दुरुपयोग गरेको देखिएमा निजलाई सचेत गराउन, विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन समेत सक्दछ ।

४. भ्रष्टाचार गरेको देखिएमा कानून बमोजिम अधिकारप्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्छ ।

५. आफ्नो अधिकारक्षेत्र भित्र नपर्ने भए लेखी पठाउन सक्छ ।

६. अन्य काम कर्तव्य र अधिकार र कार्यविधि कानूनले व्यवस्थित गर्न सक्छ ।

७. अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने काम कर्तव्य र अधिकार मध्ये कुनै काम कर्तव्य र अधिकार आयोगका पदाधिकारी वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्नेछ ।

उक्त व्यवस्थाले आयोगले भ्रष्टाचार र कुप्रशासनलाई निवारण गरी देशमा सुशासन कायम गर्ने रहेको छ । वृहत रुपमा भन्दा सामान्य नागरिकको जिवन र मामिलामा प्रत्यक्ष असर पार्न सक्ने कार्यहरुमा नागरिक र राज्य (स्थानिय सरकारको हस्तक्षेप समेत) को सम्बन्धलाई नियमित गर्नका लागि हो ।

अर्कोतर्फ आयोगले आयोग ऐन, २०४८ को दफा ११ र १२ बमोजिम अनुचित कार्य

गर्ने व्यक्तिलाई विभागीय कारवाहीका लागि लेखी पठाउने र सो बमोजिम विभागीय कारवाही नगरेमा अख्तियारवालालाई कारवाही गर्न सक्छ । यस्तै, दफा १२ क बमोजिम नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि, नोक्सानी पुर्‍याएकोमा सो नोक्सानी भरी भराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य कारवाही गर्नका लागि सम्बन्धीत निकाय वा अधिकारीलाई लेखी पठाउन सक्छ । दफा १२ख बमोजिम पुनरावेदन लाग्नेमा वाहेक उल्लेखित अनुचित कार्यबाट उत्पन्न हुने दुष्परिणाम सच्याउन अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने देखिन्छ । यस्तै गरी सम्बन्धीत कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थाको निर्णय, आदेश वा कारवाही अव्यवहारिक, अवाञ्छनीय वा असंगत भएकोले त्यसको संशोधन हुनु पर्ने लागेमा, सतर्कता अपनाउनु पर्ने वा कदम उठाउनु पर्ने देखेमा वा नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाको कुनै परिपाटी वा कार्य प्रणाली त्रुटीपूर्ण छ भन्ने आयोगलाई लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधार सहितको सुझाव दिन सक्ने अधिकार समेत देखिन्छ । उल्लेखित संवैधानिक तथा कानूनी व्यवस्थाका आधारमा कालीमाटी फलफुल तथा तरकारी बजार विकास समिति (यसपछि समिति भनिएको) को उल्लेखित कार्य उपर परेको उजुरी सम्बन्धमा अनुसन्धान तहकिकात गरी विभागीय कारवाही गर्न, दुष्परिणाम सच्याउन, त्रुटी सच्याउन र कार्य प्रणाली र त्रुटी सच्याउन सुझाव दिने अधिकार रहेको नै देखिन्छ ।

**ख) आयोगको विद्यमानता, आयोगर आयोगका सचिवमा भिन्नता**

आयोग भनेको प्रमुख आयुक्त र आयुक्तहरुको संयुक्त रुप वा संरचना हो ।सचिव भनेको नेपाल सरकारका कर्मचारी हुन् । अयाोगका सचिवलाई धारा १२०(७) ले मात्र उपस्थिति र अस्थित्व  दिन्छ । धारा ११९ को व्यवस्थालाई आयोगका सचिवले प्रतिस्थापन गर्न सक्दैनन् । आयोगका सचिवले आयोगले अधिकार सुम्पे बमोजिमको काम, कर्तव्य र अधिकार सम्पादन गर्ने अधिकार राख्दछन् । यसरी काम कर्तव्य र अधिकार सुम्पने कार्य आयोगको सबै वा सो मध्ये केही मात्र अधिकार सुम्पन सकिने व्यवस्था रहेको हुन्छ । नेपालको संविधान, २०१९ को धारा ६७ग(४) ले पनि आयोगले आफ्नो काम, कर्तव्य र अधिकारमध्ये सबै वा केही कुनै व्यक्ति वा कार्यालयलाई सुम्पन सक्ने व्यवस्था गरेको थियो । नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८(५) ले पनि अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा श्री ५ को सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालन गर्न पाउने गरी सुम्पन सक्ने व्यवस्था गरेको थियो भने सोही व्यवस्थाको निरन्तरता यस संविधानले पनि गरेको छ । तसर्थ, आयोगले अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने अधिकारहरु सुम्पन सक्ने अधिकारमा वर्गीकृत गरेको छ । त्यो अधिकार नेपाल सरकारको कर्मचारीलाई शर्त बन्देज तोकी प्रयोग र पालन गर्न दिन सक्ने व्यवस्था छ । यो व्यवस्था बमोजिम आयोगका सचिव पनि उक्त सुम्पिएको अधिकार प्रयोग र पालन गर्न सक्ने अधिकारीको रुपमा  संविधानले नै मान्यता दिएको छ । तसर्थ, आयोगका सचिवले आफूलाई सुम्पेको अधिकार आयोगको उद्देश्य परिपूर्ति तथा सुशासन कायम गर्ने प्रयोजनका लागि कार्य गर्न नपाउने भनी संकिर्ण र आत्मसंयम व्याख्या गर्नु पर्ने अवस्था छैन ।

**ग) आयोगले सुम्पेको अधिकारको संवैधानिकता सम्बन्धमा**

१) आयोगको मिति २०६६।९।२० को निर्णयमा नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२० को उपधारा ७ले दिएको अधिकार प्रयोग गरी नेपालको अन्तरिम संविधान, २०६३ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम सार्वजनिक पदधारण गरेको कुनै व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको तथा सो कसूरमा संलग्न अन्य व्यक्तिका सम्बन्धमा आयोगलाई प्राप्त अधिकार आयोगको पदाधिकारी नियुक्त भई नआएसम्मका लागि यस आयोगका सचिवलाई सुम्पन्ने निर्णय गरियो भन्ने रहेछ। सो निर्णय मिति २०६६।९।२७ को राजपत्रमा प्रकाशित भएको रहेछ। प्रकाशित सूचनामा सुम्पेको निर्णयलाई सारवान व्यवस्थामा असर नपर्ने गरी प्रकाशित भएको देखिन्छ । उक्त निर्णयले आयोगलाई प्राप्त अधिकार सुम्पेको छ । आयोगका सचिव समेत उक्त अधिकार प्रयोग गर्न सक्षम हुन्छन् र छन् भनि धारा १२०(७) र सो अन्तर्गतको अधिकार सुम्पने निर्णयले बोलेको छ । उक्त निर्णयमा काम, कर्तव्य र अधिकारका साथै सुम्पेको अधिकारको समयको हदसमेत तोकिएको छ । शर्त बन्देज भनेको नै प्रचलित संवैधानिक तथा कानूनी व्यवस्थाका अतिरिक्त उक्त निर्णयले अंगालेका व्यवस्थाहरु हुन । तसर्थ, धारा १२०(७) ले अधिकार सुम्पन सक्ने भनि स्पष्ट रुपमा उल्लेख गरेको अवस्थामा उक्त व्यवस्थाको अधिनमा रही अधिकार सुम्पेको कार्यलाई प्रश्न उठाउन सकिदैन । तसर्थ, अधिकार सुम्पेको कार्य होइन ।

२) संगठन शुन्यमा नरहने भन्ने सिद्धान्त अनुसार संविधानले परिकल्पना गरेका कुनै निकाय वा अधिकारीको अवकास र निवृत्त भएको कारणले सो निकाय शुन्यमा रहन सक्दैन । यदि यस किसिमको व्यवस्था भएमा त्यो सँस्थाको कार्यमा दिर्घकालिन असर पर्न सक्दछ । संवैधानिक संकट आउछ । शुन्यतामा नरहने भन्ने मान्यताका आधारमा नै अधिकार सुम्पन्ने व्यवस्थाको प्रचलन भएको हो । यसरी अधिकार सुम्पन्ने व्यवस्था आयोगका अतिरिक्त लोक सेवा आयोग (धारा १२६(७), निर्वाचन आयोग (धारा १२९(३), महान्यायाधिवक्ता (धारा १३५(६) कार्यालयमा समेत प्रचलित रहेको छ ।

३) आयोगका आयुक्तहरु अवकाश हुने भएकाले संगठन शुन्य अवस्थामा नरहने सैद्धान्तिक मान्यता र आवश्यकताका आधारमा र धारा १२०(७) को व्यवस्थाको अधिनमा रही आयोगका सचिवलाई अधिकार सुम्पेको हो । उक्त अधिकार आयोगकापदाधिकारी बहाल भई रहेको अवस्थामा नै गरिएको छ । अधिकार सुम्पदा आयोगका सदस्यहरु बहाल नरहने अवस्था परेकाले आयोगका काम कारवाहीलाई निरन्तरता दिन र संविधानको शर्त बन्देजमा रही राज्य व्यवस्था कायम राखी राख्नका लागि आवश्कताको सिद्धान्तको अधिकार सुम्पने कार्य भएको हो । भई रहेको संवैधानिक संरचनालाई तहसनहस पार्ने कार्य गर्ने नभै तत्काल समाधान हुनु पर्ने, समाधानको विकल्प नै नभएको अवस्थामा स्पष्ट संवैधानिक व्यवस्था विपरिरत नहुने गरी त्यस्तो अवस्थाको निरुपणसम्म गर्ने भनि राजिव पराजुली विरुद्ध भ्रष्टाचार निवारण शाही आयोगको उत्प्रेषणको रिटमा (नेकाप २०५४। नि.नं. ६३८७, पृष्ठ २९५) बोलिएको छ । फौजदारी न्याय प्रशासनमा समेत आवश्यकताले कानून जान्दैन भन्ने उक्ति प्रचलनमा छ जसलाई सम्मानित अदालतबाट

समर्थन र अभ्यास गरिएको अवस्था छ । तसर्थ, धारा १२०(७) को व्यवस्थाले निर्देशन गरे बमोजिम नै गरिएको हुँदा यस आधारमा निवेदकको असंवैधानिक कार्यको जिकिरले संवैधानिक निकायको काम कारवाहीलाई नै उल्टै अस्थिर र संवैधानिक संकट निम्त्याउने अवस्था हुँदा यस आधारमा उक्त जिकिर संविधान र प्रचलित कानूनको मान्यतासँग मेल खादैन ।

४) आयोगका पदाधिकारीको नियुक्ती धारा १४९ बमोजिम संवैधानिक परिषदको सिफारिशमा प्रधानमन्त्रीद्धारा हुन्छ । उक्त परिषदमा राज्यका प्रमुख अंग व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाका प्रमुखको उपस्थिति हुन्छ । स्वयं प्रधान न्यायाधीश समेत उक्त परिषदमा उपस्थिति हुने हुँदा संवैधानिक परिषद्का अतिरिक्त सरकारकै अकमण्यताको कारण आयोगलाई यस अवस्थामा पारेको र सो कारणले मात्र देशमा सुशासन कायम गर्ने कार्यमा अवरोध र पूर्ण विराम लाग्न सक्दैन । आयोग विद्यमान भएकै समयमा अधिकार सुम्पिएको र सोही आधारमा कार्य सम्पादन भएको अवस्था हो । तसर्थ, यस परिस्थितिमा भए गरेका न्यायपूर्ण काम कारवाहीलाई गैर संवैधानिक भयो भन्न सकिदैन ।

**घ)** आयोगका सचिवलाई सुम्पिएको अधिकार अन्तर्गत रही आयोग ऐनको दफा २८ बमोजिम कृषि तथा सहकारी मन्त्रालयलाई सुझाव तथा निर्देशन दिएको अवस्था हो । उक्त व्यवस्थाले कुनै कानून, निर्णय, आदेश वा कारवाई अव्यवहारिक, अवाञ्छनीय वा असंगत भएकोले त्यसमा संशोधन हुनु पर्दछ भन्ने आयोगलाई लागेमा कारण सहित संशोधनको सुझाव दिन, सतर्कता वा कुनै कदम उठाउनु पर्ने देखेमा के कस्ता सतर्ककता अपनाउन वा कदम उठान उपयुक्त हुन्छ भनि सुझाव दिन र नेपाल सरकार वा कुनै सार्वजनिक संस्थाले कुनै परिपाटी वा कार्य प्रणाली त्रुटीपूर्ण छ भन्ने आयोगलाई लागेमा त्यसलाई सच्याउन र त्यसबाट उत्पन्न समस्याको निराकरण गर्न कारण र आधार सहितको सुझाव दिनसक्नेव्यवस्था भएको हुँदा सोही व्यवस्थाको अधिनमा रही सुझाव दिइएको अवस्था हो । यसका साथै, आयोगले दफा १२, १२ क, १२ ख बमोजिम विभागीय कारवाहीका लागि लेखी पठाउन र दुष्परिणाम सच्याउन आदेश दिन सक्ने व्यवस्था समेत भएको हुँदा सोही व्यवस्था समेत आयोगको उक्त कार्य संझौता तथा कार्यप्रणालीलाई सच्याउने पुनरावेदकीय कार्य प्रणाली रहेको छैन । तसर्थ, आयोगले सुम्पेको अधिकार अन्तर्गत रही आफ्नो अधिकार क्षेत्र ग्रहण गरी उक्त दुष्परिणाम सच्याउने तथा कार्यप्रणाली तथा त्रुटीलाई निवारण गर्नका लागि निर्देशन दिएको हो ।

**ङ) बहाल सम्झौताको कानूनी हैसियत सम्बन्धमा**

समितिबाट गरिने तथा गरिएको कार्य समितिसँग सम्बन्धित कानूनका साथै अन्य नेपाल कानूनको अधिनमा रही सम्पादन गर्नु पर्ने हुन्छ । नेपाल कानूनलाई अनदेखा गरी नेपाल कानूनको प्रतिकूल तथा विपरित हुने गरी कार्य सम्पादन गर्ने अख्तियारी समितिलाई छैन । कानूनको प्रतिकूल हुने गरी गरिएको कार्यलाई उक्त कानूनले संरक्षण गर्दैन । मिति २०६५।४।१ देखि लागू हुने गरी गरिएका संझौतामा रद्द गर्ने अधिकार समितिलाई सुरक्षित भएको संझौताको शर्त नं. १२ मा उल्लेख भएकै छ । सो पूर्व उक्त संझौता समितिको आर्थिक प्रशासन नियमावली, २०५९ अनुसार गरिएको भए तापनि सार्वजनिक

खरिद सम्बन्धमा सार्वजनिक खरिद ऐन, २०६३, प्रतिस्पर्धा प्रबर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ समेत रहेका छन्। यी कानूनले गरेको व्यवस्थालाई पन्छाई समितिका बजार स्थलका स्थानहरु १५ वर्षका लागि भाडामा दिन लिनर कुनै भाडा भरौट विना नै बजार स्थलका स्टलहरु प्रयोग र प्रचलन गर्न दिन नहुने स्पष्ट छ। तसर्थ, सो अनुरुपका कार्यको दुष्परिणाम सच्याउन दिएको कानून बमोजिमको निर्देशनलाई अन्यथा भन्न कदापि सकिदैन ।

**च**) प्रस्तुत विवादमा आयोगका सचिवबाट सुम्पिएको अख्तियारी अन्तर्गत रही भएको निर्णय कार्यान्वयनका लागि कृषि तथा सहकारी मन्त्रालय हुँदै समिति समक्ष पुगेको अवस्था हो । आयोगले यस ऐनको व्यवस्थाको अधिनमा रही गरेको कुनै आदेश उपर सम्बन्धित अदालतमा पुनरावेदन गर्न सकिने व्यवस्था आयोग ऐनको दफा ३५ग मा छ । उक्त व्यवस्थालाई अवलम्बन गरी दुषित निर्णय बदर तर्फको वैकल्पिक उपचारको मार्ग अपनाउनु पर्नेमा जबर्जस्ती असाधारण अधिकार क्षेत्रतर्फ अदालतलाई धनेकोलेको निवेदन त्रुटीपूर्ण छ । पुनरावेदनको कानूनी उपचार प्राप्त हुँदा हुँदै पनि कुनै वा केही मुद्दामा यस अदालतले रिट क्षेत्रबाट उपचार प्रदान गरेको कारणले मात्र तत्सम्बन्धी निर्णयलाई नजिरको रुपमा ग्रहण गर्न आवश्यक नहुने भनि सम्मानित अदालतको ७ जनाको इजलाशबाट प्रदिपकुमार अग्रवाल विरुद्ध कर कार्यालयको उत्प्रेषण मुद्दामा (नेकाप २०५२, अंक ७, नि.नं. ६०३२ ) बोलिएको हुँदा प्रस्तुत विषयमा कानूनी उपचार प्राप्त हुँदै हुँदै रिट क्षेत्रको उपचारतर्फ माग गरेको अवस्था हुँदा निवेदकको निवेदन उल्लेखित व्याख्याको आधारमा बदरभागी छ ।

**छ**) निवेदकहरुलाई संविधानले प्रत्याभूत गरेको कुनै पेश रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता, समानताको हक, सम्पत्ति सम्बन्धी हक प्रचलन गर्ने मौलिक हक रहेकै छ । उक्त हक तथा स्वतन्त्रतामाकसैको अवरोध र वाधा अडकाउ गैरकानूनी हुने निश्चित छ। कुनै पेशा, रोजगार, उद्योग र व्यापार गर्ने स्वतन्त्रता पनि कुनै शर्त वा योग्यताको परिधि भित्र रहेर प्रचलन गर्नु पर्ने संविधानको धारा १२(३) को प्रतिवन्धात्मक वाक्यांशको खण्ड (५) मा उल्लेख भएकै छ । यी निवेदकहरुलाई भेदभाव गरिएको अवस्था पनि होइन । सकारात्मक विभेद वाहेक अन्य अवस्थामा यी निवेदकहरुलाई समान दृष्टिले व्यवहार गर्नु पर्ने संवैधानिक व्यवस्था हुँदा हुँदै कानूनले तोकेका शर्त बन्देजलाई परिपालना नगर्न अन्यथा लिएको जिकिर कानूनी शासनको अर्थमा आघात पुग्दछ । उक्त संझौता बदर गरी खुल्ला प्रतिस्पर्धाबाट बहाल प्राप्त गरेमा निवेदकको हक तथा स्वतन्त्रता सुरक्षित हुने स्पष्ट छ र राज्यले सुरक्षित गर्ने प्रत्यभूत समेत गरेको हुन्छ । यी निवेदकहरुलाई खुल्ला प्रतिस्पर्धाबाट बहाल प्राप्त गर्न रोक लगाएको अवस्था समेत नहुँदा दावी बमोजिमको मौलिक तथा कानूनी अधिकारको प्रचलनमा अनुचित बन्देज वा वाधा विरोध गरेको अवस्था समेत देखिदैन ।

६) अतः उल्लेखित आधारहरुमा आयोगका पदाधिकारीबाट आयोगका सचिवलाई संवैधानिक व्यवस्था र सिमा भित्र रही आयोगलाई प्राप्त अधिकार सुम्पेको कार्य संवैधानिक र कानूनी सिमा अन्तर्गत रहेको हुँदा उक्त अख्तियारी अन्तर्गत रही आयोग ऐनको व्यवस्थाको अधिनमा रही कृषि तथा सहकारी मन्त्रालयलाई १५ वर्षे संझौता बदर गरी न्यायोचित

प्रतिस्पर्धात्मक मापदण्ड निर्धारण गरी सबै स्टलहरु बढीमा ५ वर्षसम्मका लागि मात्र वितरण गर्ने प्रबन्ध मिलाउने र ३८ वटा टहरा समितिले निर्धारण गरेको दररेट अनुसारको भाडा उनीहरु बस्न शुरु गरेकै मितिदेखिको औषध हिसाब गरी समितिको आम्दानीमा बाध्ने व्यवस्था मिलाउन र सम्पूर्ण भाडा रकम असूल गरी ती ३८ टहरामा रहेका समेत सबै स्टलहरु एकपटकमा बढीमा ५ वर्षसम्मका लागि टेण्डबाट मात्र भाडामा दिने एकरुपता सहितको न्यायोचित व्यवस्था मिलाउन दिइएको निर्देशनबाट प्रतिस्पर्धा प्रबर्द्धन गरी सार्वजनिक खरिद प्रक्रियामा सुशासन र आर्थिक हित कायम गर्ने उद्देश्यले गरिएको हुँदा रिट निवेदनहरु बदरभागी भएको हुँदा बदर गरी पाउँ ।

बहसनोट प्रस्तुतकर्ता: वादी नेपाल सरकारको तर्फबाट
(विश्वराज कोइराला)
सहन्यायाधिवक्ता
(ज्ञानप्रसाद भुसाल)
उपन्यायाधिवक्ता

इति संवत २०७४ साल फागुन ८ गते रोज ३ शुभम्................................।

# श्री सर्वोच्च अदालतमा प्रस्तुत गरिएको
# बहसनोट

**विषयः बहसनोट प्रस्तुत गरिएको ।**

सम्वत २०७० सालको रिट नं ००७० –WS–००४४,००७०–WS–००४७

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय समेतको तर्फबाट
महान्यायाधिवक्ताको कार्यालय नेपाल.................................... बहस नोट प्रस्तुतकर्ता

विरुद्ध

गणेशप्रसाद आचार्य समेत ....................................................निवेदक । विपक्षी

## संवैधानिक इजलास

सम्माननीय का।मु प्रधान न्यायाधीश श्री दिपकराज जोशी

माननीय न्यायाधीश श्री ओमप्रकाश मिश्र

माननीय न्यायाधीश श्री चोलेन्द्र शम्शेर जा।वा।रा

माननीय न्यायाधीश श्री दीपककुमार  काकी

माननीय न्यायाधीश श्री केदारप्रसाद चालिसे

## मुद्दाः उत्प्रेषण परमादेश समेत

सम्मानित अदालतका संवैधानिक इजलास समक्ष मिति २०७४/८/२२ प्रस्तुत रिट निवेदन इजलास समक्ष पेश भइ बहस समाप्त भई वहस नोट पेश गर्ने गरी आदेश भएको र कार्यालयको कार्य व्यस्तताले गर्दा वहस नोट पेश गर्न नभ्याइएकोमा पुनः २०७४/१२/२१ गते वहस नोट पेश गर्न आदेश भएकोले प्रस्तुत रिट निवेदनहरुका सम्बन्धमा निवेदकहरुको माग बमोजिमको आदेश जारी गर्नु पर्ने अवस्था नहुँदा निवेदन खारेज गरिपाउँ भन्ने अनुरोध गर्दै प्रत्यथी स्वास्थ्य मन्त्रालय तथा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय समेतका

तर्फबाट सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ८६(१) बमोजिम इजलासका आदेश अनुसार निम्नलिखित  व्यहोराको बहस नोट प्रस्तुत गर्दछौ ।

१. **निवेदकको माग सम्बन्धी विस्तृत विवरण रिट निवेदनबाटै अवगत हुने हुँदा यहाँ विस्तृत रूपमा उल्लेख गरिएको छैन ।**

२. निवेदकहरुले मूलतः स्वास्थ्य सेवा ऐन, २०५३ को दफा ८६ क मा यस ऐनमा यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि निजामती सेवा ऐन, २०४९ बमोजिम निजामती कर्मचारीलाई तलब, भत्ता, बिदा, उपदान तथा निवृत्तिभरणका सम्बन्धमा यस ऐनमा लेखिएभन्दा बढी सुविधा पाउने गरी व्यवस्था भएकोमा त्यस्तो व्यवस्था स्वास्थ्य सेवाका कर्मचारीलाई समेत लागू हुनेछ भन्ने व्यवस्था भएको र निजामती सेवा ऐन, २०४९ को दफा ३७ क मा प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा ९(४) बमोजिम स्थायी नियुक्ति पाएको निजामती कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र निजले निजामती सेवाको स्थायी नियुक्ति लिनुभन्दा अघि गरेको विकास तर्फको पदमा निरन्तर रुपमा गरेको सेवा अवधि जोडाउन निवेदन दिएमा त्यस्तो सेवा अवधिको शतप्रतिशत सेवा अवधि निवृत्तभरण वा उपदानको प्रयोजनको लागि हालको सेवा अवधिमा गणना गरिनेछ भन्ने व्यवस्थाले निजामती सेवा ऐन, २०४९ को दफा ७ को उपदफा ९(४) बमोजिम नियुक्ति पाएका कर्मचारी वाहेक विकास तर्फ नोकरी गरेका कर्मचारीका हकमा विभेदकारी भएकोले वाहेक नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२ (१) को सम्मानपूर्वक वाँच्न पाउने हक, उपधारा (३)(च) को पेशा सम्बन्धी हक र धारा १३(१) समानताको हक संग वाभिएको हुँदा सो व्यवस्था बाभिएका हद सम्म वदर गरी महिला विकासका कर्मचारी सरह स्वास्थ्य सेवाका विकास तर्फका कर्मचारीहरुको पनि सेवा अवधि गणना गर्न परमादेश लगायतको आदेश जारी गरिपाउँ भन्ने निवेदन जिकिर लिनुभएको देखिन्छ ।

३. उक्त रिट निवेदनमा निवेदकहरूले प्रत्यर्थी बनाउनु भएका निकायहरूबाट मूलतः नेपालको अन्तरिम संविधान २०६३ को धारा १३ को उपधारा ९३० को प्रतिवन्धात्मक वाक्यांश ले "तर महिला, दलित, आदिबासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन" भन्ने व्यवस्था गरेकोल सो अनुसार राज्यले विशेष व्यवस्था गर्नुपर्ने समूह वा वर्गको हितको लागि गरिएको सकारात्मक विभेद अन्तर्गतका बिषय भएकोले संविधान संग बाभिएको छैन रिट निवेदकको कुनै संवैधानिक तथा कानुनी हक अधिकारको हनन् नभएकोले रिट निवेदन खारेज गरिपाउँ भन्ने लिखित जवाफ रहेको पाइन्छ ।

४. प्रस्तुत रिट निवेदनका सन्दर्भमा सम्मानित इजलासबाट निम्न लिखित बिषयमा निर्णय गर्नुपर्ने देखिन्छः

क) निवेदकलाई प्रस्तुत बिषयमा रिट निवेदन दिने हकदैया वा सरोकार छ छैन ?

ख) निजामती सेवा ऐन, २०४९ को दफा ३७ क को व्यवस्था निवेदकका हकमा आकर्षित हुने हो होइन ?

ग) उक्त व्यवस्था संविधानसंग बाझिएको छ छैन ?

घ) रिट निवेदकले माग गरे बमोजिम रिट जारी हुनुपर्ने हो होइन ?

**५. रिट निवेदकहरूको रिट निम्न लिखित आधार र कारणबाट खारेजभागी छ । खारेज गरिपाउँ ।**

क) पहिलो प्रश्न सम्बन्धमा विचार गर्दा कानुनको अगाडि समानता वा कानूनको समान संरक्षणले निरपेक्ष समानताको अवस्थाको कल्पना नगरी समानहरुको बीचमा मात्र समान व्यवस्था गरेको हुन्छ । यही कुरालाई मध्यनजर गरी नेपालको अन्तरिम संविधानको धारा १३ का उपधारा ३ मा राज्यले नागरिकहरूका बीच धर्म, वर्ण, जात, जाति, लिङ्ग, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा ती मध्ये कुनै कुराको आधारमा भेदभाव गर्ने छैन । तर महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा विशेष व्यवस्था गर्न रोक लगाएको मानिने छैन भन्ने व्यवस्था गरी खाश अवस्थाका नागरिकहरुको संरक्षणको लागि विशेष किसिमको व्यवस्था गर्न सकिने व्यवस्था गरेको थियो । सो व्यवस्थालाई वर्तमान संविधानको धारा १८ को उपधारा ९३० मा पनि निरन्तरता दिइएको छ । सोही संवैधानिक व्यवस्था वमोजिम निजामती सेवा ऐनमा तेस्रो संसोधनद्वारा दफा ३७ क थप गरिएको हो ।

उक्त व्यवस्था संविधानले नै विशेष व्यवस्था गर्न सक्ने गरी महिला विकास कार्यक्रमको स्थायी पदमा लामो समयसम्म कार्यरत रही स्थायी भएका महिला उमेदवारलाई लागू हुने गरी भएको व्यवस्था हो । संविधानको व्यवस्था बमोजिम सार्वजनिक सेवामा लामो समय काम गरी स्थायी भएका महिला कर्मचारीहरुको का सम्बन्धमा भएको व्यवस्थालाई चुनौति दिई रिट दिने हकदैया वा सरोकार निवेदकलाई नभएकोले प्रस्तुत रिट निवेदन प्रथमदृष्टिमा नै खारेजभागी छ । खारेज गरिपाउँ । [1]

ख) उक्त व्यवस्था निवेदकका हकमा आकर्षित हुने हो होइन भन्ने सम्बन्धमा हेर्दा निवेदकले हवाला दिएको स्वास्थ सेवा ऐनको दफा ८६क को व्यवस्था निजामती सेवा ऐनमा भएका सामान्य प्रावधानका सम्बन्धमा सम्म आकर्षित हुनसक्छ । कुनै खाश वर्गकालागि गरिएको व्यवस्था सम्बन्धमा सो प्रावधान आकर्षित हुन सक्दैन । निजामती सेवा ऐन, २०४९ को दफा ३७क को प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ७ को उपदफा ९१४० बमोजिम स्थायी नियुक्ति पाएको निजामती कर्मचारीले यो दफा प्रारम्भ भएको मितिले साठी दिनभित्र निजले निजामती सेवाको स्थायी नियुक्ति लिनुभन्दा अघि गरेको

---

1. Thus, the existence of the office of Ombudsman acknowledges that a separate machinery within the constitutional system is necessary to regulate a large part of the relationship between the citizen and the state (including interventions by local government) especially where actions may directly affect the lives and affairs of ordinary citizens. Cited from the "Commentary on the Nepalese Constitution, Delf Kathmandu, P-540 (1998).

विकास तर्फको को पदमा निरन्तर रुपमा गरेको सेवा अवधि जोडाउन निवेदन दिएमा त्यस्तो सेवा अवधिको शतप्रतिशत सेवा अवधि निवृत्तभरण वा उपदानको प्रयोजनको लागि हालको सेवा अवधिमा गणना गरिनेछ भन्ने व्यवस्था अन्तरिम संविधानको धारा १३ को उपधारा ९ग० को प्रतिवन्धात्मक वाक्यांशले गरेको व्यवस्था तथा वर्तमान संविधानको धारा १८ को उपधारा ९३० को प्रतिवन्धात्मक वाक्यांशले व्यवस्था गरेको विशेष संरक्षण गनुपर्ने वर्गको लागि गरिएको व्यवस्था हो । यस्तो विशेष व्यवस्था सामान्य रुपमा लागू हुन सक्दैन र सामान्य रुपमा सवैकालागि लागू हुने हो भने विशेष संरक्षणको व्यवस्था गर्नुको अर्थ र औचित्य रहँदैन । तसर्थ निजामती सेवा ऐनको दफा ३७ क ले स्पष्ट रुपमा संविधानको प्रावधान वमोजिम खाश वर्गको हकमा गरेको विशेष संरक्षणात्मक र अपवादात्मक व्यवस्था निवेदकको हकमा आकर्षित हुने होइन । निवेदकको हकमा आकर्षितै नहुँने व्यवस्था मागगरी परेको रिट निवेदन खारेजभागी छ । खारेज गरिपाउँ ।

ग) निवेदकहरूले निजामती सेवा ऐन, २०४९ को दफा ३७क संविधानसंग बाझिएको भन्ने जिकिर लिएको पाइन्छ । तर उक्त प्रावधान कसरी संविधानसंग बाझियो भनी पुष्टि गर्न सकेको अवस्था छैन । जसरी फौजदारी मुद्दामा प्रमाणको भार वादीमा रहन्छ । अधिवक्ता रमा पन्त खरेल समेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय सिंहदरवार समेत भएको परमादेश समेतको रिट निवेदन, ने.का.प. २०६५, अंक ४, निर्णय नं. ७९५१ मा सम्मानित अदालतको विशेष इजलासबाट केवल संविधानको यो यस धारासँग कुनै अमुक कानुनको अमुक व्यवस्था वाझिएको भनेर मात्र नपुग्ने वाझिएको भन्ने पुष्टि गर्न सक्नुपर्ने भनी व्याख्या भएको छ । निवेदकहरूले त्यसरी पुष्टि गर्न सकेको देखिँदैन ।

सम्मानित अदालतको विशेष इजलासबाटै रिट निवेदक रामवावु भण्डारी विरुद्ध प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत भएको उत्प्रेषणको रिट निवेदन नोकाापा २०६९ अंक ३ नि.नं. ८७८२ मा कुनै खास उद्देश्य पूर्ति गर्न वा कुनै खास समस्याको समाधान गर्न विधायिकाले विशेष कानूनी व्यवस्था गर्न सक्ने नै हुन्छ । यस किसिमको कानूनी व्यवस्था गर्दा सो कानून देशका नागरिकहरू मध्ये कसको हकमा लागू हुन्छ र कसको हकमा हुँदैन भनेर तर्कसंगत वर्गीकरण (Reasonable classification) गर्दा समानताको हक प्रतिकूल हुन नहुने । भनी व्याख्या भएको छ । त्यस्तै सम्मानित अदालतको विशेष इजलासबाटै रिट निवेदक ने.का.प. २०६९ अंक ८ नि.नं. ८८७२ मा निवेदक जगदेव चौधरी समेत विरुद्ध संवैधानिक परिषद् काठमाडौँ समेत भएको उत्प्रेषण परमादेश समेतको रिट निवेदन मा संविधानले विधायिकालाई प्रदान गरेको विधायिकी अधिकारक्षेत्र नाघी वा संविधानको दायराभन्दा बाहिर गई कानून निर्माण गरेको अबस्थामा मात्र कुनै पनि कानूनलाई असंवैधानिक कानूनको संज्ञा दिई बदर घोषित गर्न मिल्ने । संविधानको भावना र आवश्यकता अनुसार कानून बनाउने कार्य विधायिकी कार्य भएकोले त्यसको न्यायिक प्रतिस्थापन गर्न नमिल्ने भनी व्याख्या भएको छ । संविधानले नै विधायिकालाइ महिला, दलित, आदिवासी जनजाति, मधेशी वा किसान, मजदुर वा आर्थिक, सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएको वर्ग वा बालक, वृद्ध तथा अपाङ्ग वा शारीरिक वा मानसिक रूपले अशक्त व्यक्तिको संरक्षण, सशक्तिकरण वा विकासको लागि कानूनद्वारा

विशेष व्यवस्था गर्न सक्ने गरी अधिकार प्रदान गरेको र त्यस अनुसार संसदले निश्चित समय सम्म सेवा गरेका महिलाका लगि विशेष संरक्षण प्रदान गर्न गरेको व्यवस्थाले निवेदकको कुनै हक हनन भएको छैन ।

घ) जहाँ सम्म निजामती सेवा ऐन, २०४९ को दफा ३७ क संविधानसंग बाझिएको भन्ने कुरा छ केवल संविधानको यो यस धारासंग कुनै अमुक कानुनको अमुक व्यवस्था वाझिएको भनेर मात्र नपुग्ने वाझिएको भन्ने पुष्टि गर्न सक्नुपर्ने भनी सम्मानित अदालतबाट थुप्रै रिट निवेदनहरुमा वोलिएको छ । समानताको अवधारण निरपेक्ष नभइ सापेक्ष हुन्छ । समानता समानहरुका बीच मात्र संभव हुन्छ । असमानहरुका बीच समान व्यवहार पनि असमानता हो । यही अवधारणामा आधारित भई समानताको सिद्धान्तको परिपूरक सिद्धान्तको रुपमा सकारात्मक विभेदको अवधारणाको विकास भएको हो । यस मान्यतालाई नेपालको अन्तरिम संविधानको धारा १३ को उपधारा (३) को प्रतिवन्धात्मक व्यवस्था तथा वर्तमान संविधानको धारा १८ को उपधारा (३) को प्रतिवन्धात्मक व्यवस्थाले अंगीकार गरको छ । सम्मानित अदालतबाट वासुदेव थपलिया समेत वि. प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयं समेत उत्प्रेषणको रिट निवेदन, ने.का.प. २०६५, अंक ५, निर्णय नं. ७(६), मा "राज्यले समान अवस्थाकाहरुमा समान व्यवहार गर्नुपर्ने हुन्छ । असमानहरुका वीचमा समान व्यवहार हुनु समानताको सिद्धान्त विपरीत मानिन्छ । वर्तमान संविधानको धारा १३ मा समानताको हक मौलिक हकको रुपमा व्यवस्था भएपनि राज्यले कुनै उद्देश्य प्राप्तिका लागि समान र समान एक वर्ग असमान र असमान अर्को गरी वर्ग छुट्याई वर्गीकरण गर्न सक्छ । यसरी वर्गीकरण गरी वर्ग छुट्याई वर्गीकरण भित्र परेका Similarly situated हरु बीच सबैलाई एक प्रकारको ब्यवहार र अर्को Dissimilarly situated बर्गहरु बीच सबैलाई अर्को प्रकारको ब्यवहार गर्नसक्छ ।" भनी व्याख्या गरेको छ । त्यस्तै अधिवक्ता प्रकाशमणि शर्मा समेत वि। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय समेत, भएको उत्प्रेषणको रिट निवेदन ने.का.प. २०६५, अंक ४ निर्णय नं. ७(५) मा "वर्गीकरण गर्दा एकभन्दा अर्को फरक छ भन्ने कुरा वर्गीकरण गर्ने कानूनले निर्विवाद रुपले स्थापित गर्न सक्नुपर्छ । यसरी एक भन्दा अर्को फरक हो भन्ने कुरा छुट्याई सकेपछि त्यसरी एक भन्दा अर्को फरक छुट्याउन परेको कारणको उद्देश्य अर्थात वर्गीकरण के उद्देश्य प्राप्तिको लागि गरिएको हो त्यो पनि स्थापित गर्न सक्नुपर्छ । सो स्थितिलाई संवोधन हुने गरी वनेको कानून भेदभावकारी हुंदैन र यस्तो कानून प्रयोग गर्दा कानुनले एक वर्गलाई एक व्यवहार र अर्को वर्गलाई फरक व्यवहार गरेको जस्तो देखिए पनि त्यस्तो वर्गीकरण Permissible Classification भै भेदभावकारी व्यवहार भएको नमानिने" भनी व्याख्या भएको छ । यसरी महिला विकास तर्फको स्थायी पदमा पाँच बर्ष भन्दा बढी अस्थायी सेवा गरी स्थायी भएका महिला कर्मचारीहरुका सम्बन्धमा गरिएको विशेष व्यवस्था संविधानको कुनै प्रावधानसंग नबाझिएको वरु संविधानले आत्मसात गरेको विशेष संरक्षणको अवधारणा पूरागर्न गरिएको सकारात्मक विभेदको व्यवस्था भएकोले रिट निवेदकको माग बमोजिम आदेश जारी हुनु पर्ने अवस्था नहुँदा रिट निवेदन खारेजभागी छ ।

६. सम्मानित अदालतबाट कानुनको संवैधानिकतामा प्रश्न उठाइएका थुप्रै रिट निवेदनहरुमा

अदालतले कानुन संवैधानिक छ भनी अनुमान गर्ने र कानुन असंवैधानिक छ भन्ने कुराको पुष्टि गर्ने भार निवदकमा हुने भनी व्याख्या गरेको छ। रविन्द्र श्रेष्ठसमेत विरूद्ध नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, रामशाहपथ, काठमाडौंसमेत भएको उत्प्रेषण परमादेश मुद्दा, ने।का।प।२०७३ अंक २ नि।नं। ९५३८ ९विशेष इजलास० मा कानुन संविधानसँग कानून अमान्य भएको भन्ने निवेदनको निरूपणका लागि यस अदालतले लिने गरेको आधारहरूमा विधायिका निर्मित कानून संविधानसम्मत रहेको अनुमान गरिन्छ। कानून संविधानसँग बाझिएको छ भन्ने जिकिर लिने पक्षले सो कुरा स्पष्ट किसिमले प्रमाणित गर्नुपर्छ। यसको लागि निजले सफा हात लिएर आउनुपर्छ र उल्लिखित कानूनलाई स्वीकार गरेको वा त्यसबाट फाइदा लिएको देखिनु हुँदैन। बाझिएको कुरा सामान्य विवेक भएको मानिसले सहजरूपमा थाहा पाउन सक्ने हुनुपर्छ। सामान्य मानिसले त्यसरी बुझ्न सक्दैन भने त्यसलाई बाझिएको भनेर अदालतले बलपूर्वक व्याख्या गर्दैन। अदालतले कानूनको समीक्षा गरेर यस्तो कानून भैदिए अझ राम्रो हुन्थ्यो भनी त्यसको औचित्य खोज्ने वा मसौदाकारको काम गर्दैन। अदालतले दाबी गरिए कानून स्पष्टसँग संविधानसँग बाझिएको छ छैन भन्नेसम्म हेर्छ। विवेक, तर्कसम्मत र बुझ्न सकिने वर्गीकरण (reasonable and intelligible differentia) सर्वस्वीकृत छ। समान र असमानबिच समान कानून लागू गर्न मिल्दैन। यसबाट झन् असमानता बढ्छ। कर्मचारी प्रशासनको स्वरूप संगठन र तिनीहरू बिचको वर्गीकरण राज्यको नीतिभित्र पर्ने नीतिगत कुरा भएकाले यो अन्यायपूर्ण नदेखिएसम्म अदालतले हात नहाल्ने भनी व्याख्या भएको छ। साथै सम्मानित अदालतबाट कर्मचारीहरूमा सेवा गर्ने भावनामा धेरै ह्रास भएको पाइन्छ। आफूलाई खासै मर्का नपरेको र उन्नतिको बाटो अवरूद्ध नभएको अवस्थामा समेत कर्तव्यपालनभन्दा अधिकार प्राप्तिमा बढी ध्यान केन्द्रित रहेको देखिनु चिन्ताको विषय हुन पुग्ने भनेर समेत उल्लेख गरिएको छ। तर्कसम्मत वर्गीकरणको सिद्धान्तले वर्गीकरण उचित हुनु पर्ने र कानुनले प्राप्त गर्न खोजेको उद्देश्यसंग वर्गीकरणको सम्बन्ध हुनुपर्छ भन्ने मान्दछ।

*"The legislature can treat two sets of persons differently if their classification is made on a reasonable basis. A reasonable classification must be founded on intelligible differentia. Which means that persons or things that are grouped together make a well-defined, distinct class and can be distinguished from those that are left out of the group. Further, this basis of classification should have a rational nexus to the object sought to be achieved by the legislation in question.*

*The class which would form the subject matter of the law must be clearly distinguishable, and the distinction cannot be amorphous or ambiguous. Reasonable Nexus is the next step. It further mandates that the distinction or classification must be based on a criteria that is reasonably linked with the object of the law."*

सार्वजनिक सेवामा महिलाको प्रतिनिधित्व कम रहेको वर्तमान अवस्थामा लामो समय सार्वजनिक सेवामा रही काम गरेका महिलाहरुको हित संरक्षणकालागि वनेको कानुनी व्यवस्थाले उल्लेखित दुवै पूर्वावस्था पूरागरेको छैन भनेर निवेदकले देखाउन वा पुष्टि गर्न सकेको पाइदैन। निवेदकले अरु सामान्य कर्मचारीले पाएको सुविधा नपाएको भन्ने निवेदन मागदावी नभई संविधानले विशेष संरक्षण गर्न सकिने भनी व्यवस्था गरे बमोजिम खाश

वर्गलाई संरक्षण गर्न वनेको कानुनले गरेको विशेष संरक्षणात्मक व्यवस्था सामान्य रुपमा लागू हुनु पर्ने र आफूले पनि पाउनुपर्छ भन्ने निवेदकको जिकिर आफैमा आधारहिन एवं औचित्यहिन हुनुको साथै निवदकले चुनौति दिएको निजामती सेवा ऐन, २०४९ को दफा ३७क को व्यवस्था संविधानको कुनै प्रावधानसंग बाझिएको अवस्था नहुँदा रिट निवेदन खारेजभागी छ खारेज गरिपाउँ ।

७० अतः उल्लेखित संवैधानिक व्यवस्था, संवैधानिक कानुनका सिद्धान्तहरु एवं सम्मानित अदालतबाट प्रतिपादित सिद्धान्त समेतबाट रिट निवेदन खारेज योग्य हुँदा खारेज गरी पाउन सम्मानित अदालत समक्ष सादर निवेदन गरिन्छ ।

**बहस नोट प्रस्तुतकर्ता**

(रेवतीराज त्रिपाठी)

सहन्यायाधिवक्ता

इति सम्बत २०७५ साल बैशाख महिना ११ गते रोज शुभम् ......................।

# श्री सर्वोच्च अदालतमा चढाएको
## बहस नोट

**सम्बत् २०७० सालको मुद्दा नं. ०७२-CR-०३१६**

प्रहरी प्रतिवेदन तथा नेपाल टेलिकमको पत्र जाहेरीले नेपाल सरकारको तर्फबाट
सह-न्यायाधिवक्ता खेमराज ज्ञवाली निवेदक/वादी ........................बहसनोट प्रस्तुतकर्ता

विरुद्ध

सिरहा गोविन्दपुर १ घर भै ललितपुर सुनाकोटी १ बस्ने कुसेस भन्ने पुर्णेन्दु बरा................ १

महोत्तरी किसान नगर १ घर भै ललितपुर सुनाकोटी १ बस्ने अच्युतम पोखरेल ............... १

विपक्षी/प्रतिवादी

**संयुक्त इजलास**

**माननीय न्यायाधीश श्री शारदाप्रसाद घिमिरे**

**माननीय न्यायाधीश श्री पुरुषोत्तम भण्डारी**

### मुद्दा : दुर संचार प्रणालीमा प्रतिकूल असर ।

सम्मानित अदालतको संयुक्त इजलास समक्ष मिति २०७३।११।१८ गते पेशी चढी बहस पैरवीको क्रममा भएको आदेशानुसार केही महत्वपूर्ण प्रश्नहरुमा सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६६(३) अनुसार निम्न बमोजिम बहस नोट प्रस्तुत गरेको छु ।

(१) मुद्दाको सम्पूर्ण व्यहोरा मिसिल अवलोकनबाट अवगत हुने हुँदा यहाँ पुनरावृत्ति गरिएको छैन ।

(२) प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई दूर संचार ऐन, २०५३ को दफा ४७ (५) को कसूरमा सोही दफा ४७ (५) बमोजिम सजाय हुन मागदावी लिई अभियोगपत्र दायर गरिएकोमा ललितपुर जिल्ला अदालतबाट प्रतिवादी मध्येका पुर्णेन्दु बराललाई ८ महिना कैद हुने र अर्का प्रतिवादी अच्युतम पोखरेलले अभियोग मागदावीबाट सफाई पाउने गरी भएको फैसला उपर वादी नेपाल सरकार र प्रतिवादीहरूको तर्फबाट पुनरावेदन दायर भएकोमा

शुरु फैसला उल्टी भै प्रतिवादीहरूको कार्य दूर संचार ऐन, २०५३ को दफा ४७ (५) मा वर्णित कसूर अन्तर्गत नपर्ने र सरकारी मुद्दा सम्बन्धी ऐन, २०४९ को अनुसूची १ मा समावेश नहुने भनी खारेज हुने ठहऱ्याएको पुनरावेदन अदालत पाटनको फैसलामा दूर संचार ऐन, २०५३ को दफा ४७ (५) को व्याख्यात्मक त्रुटि देखिँदा मुद्दा दोहोऱ्याई हेर्न निस्सा प्रदान भएको अवस्था छ ।

(३) दूर संचार ऐन, २०५३ को दफा ४७ (५) मा दूर संचार प्रणाली वा सोसँग सम्बन्धित संरचनामा प्रतिकूल असर पर्ने कुनै काम गरेमा, बिगारेमा वा कुनै किसिमले हानी नोक्सानी पुऱ्याएमा पाँच वर्षसम्म कैदको सजाय हुन सक्ने भन्ने व्यवस्था भएको देखिन्छ । प्रतिवादीहरूले गैरकानूनी रुपमा दूर संचार सेवा संचालन गर्ने, दूर संचारको मान्य प्रणालीलाई पन्छाई अर्कै प्रणाली स्थापना गर्ने लगायत सेवा प्रदायक कम्पनीको गेटवेलाई बद्नियतपूर्वक अन्य उपकरण प्रयोग गरी दूर संचार प्रणालीमा प्रतिकूल असर परेको भन्ने वादी पक्षको अभियोग दावी भएको सन्दर्भमा प्रतिवादीहरूको उल्लिखित कार्य दूर संचार ऐन, २०५३ को दफा ४७ (५) को प्रतिकूल हुँदा अभियोग माग दावी बमोजिम नै सजाय गर्नुपर्नेमा खारेज गर्ने गरी गरेको पुनरावेदन अदालत पाटनको फैसला त्रुटिपूर्ण हुँदा निम्न लिखित आधार कारणबाट उक्त त्रुटिपूर्ण फैसला बदर गरी अभियोग माग दावी बमोजिम हुन सादर निवेदन गर्दछु ।


(१) पुनरावेदन अदालत पाटनको फैसलाले प्रतिवादीहरूको उक्त कार्यलाई कानूनसम्मत हो भन्न नसकी दूर संचार ऐन, २०५३ को दफा ४७ (२) र (३) द्वारा निषेधित हो भन्ने कुरालाई स्वीकार गरेको र उक्त दफा ४७ (२) र (३) मा उल्लेख गरिए जस्तो प्रतिवादीहरूले अनुमति नलिई दूर संचार सेवा संचालन गरेको वा दुरुपयोग गरेको मात्र नभै अवैध ?पमा उपकरण भित्राउने, गैरकानूनी दूर संचार सेवा संचालन गर्ने र दूर संचारको मान्य प्रणालीलाई पन्छाई अर्कै प्रणाली स्थापना गर्ने कार्य गरेका छन् । यस्तो कार्यबाट सेवा प्रदायक कम्पनीको गेट वेलाई बद्नियतपूर्वक उपकरणको प्रयोग गरी दूर संचार प्रणालीमा प्रतिकूल असर परेको तथ्य पुष्टि भैरहेको अवस्था छ । प्रतिवादीहरूको उक्त कार्य ऐ. ऐनको दफा २(घ) को परिभाषाभित्र समेटिने स्पष्ट नै छ । प्रतिवादीहरूको उक्त कार्यबाट नियामक सरकारी निकाय दूर संचार प्राधिकरणको रेखदेख, नियन्त्रण, निर्देशनहरू समाप्त भै एउटा निश्चित प्रणालीमा चलेको दूर संचार क्षेत्र मनोमानी, जवाफदेही विहिन र अनियन्त्रित भै त्यसको आधिकारिकता, गुणस्तरीयतामा कमी हुने, गैरकानूनी र अपराधजन्य कार्यको निगरानी र नियन्त्रण हुन नसक्ने, सेवाको गुणस्तर र विश्वास कायम हुन नसक्ने, यसको लेखाजोखा हुन नसक्ने, नियमसंगत व्यवस्थापनमा प्रतिकूल असर नपर्ने र त्यसबाट राजश्व समेतका श्रोतमा नकारात्मक प्रभाव परी समग्र प्रणाली छिन्नभिन्न हुन सक्ने अवस्था निम्तिएको प्रतिवादीहरूको उक्त कार्य दूर संचार ऐन, २०५३ को दफा ४७ (५) प्रतिकूल भएकोमा विवाद छैन । दूर संचार जगतको कसूर संबोधन गर्नको लागि नै विधायिकाले उक्त दफा ४७ (५) को व्यवस्था गरी त्यसमा प्रणाली (system) उपकरण (equipment) र संरचना (structure) कुनैमा प्रतिकूल असर पारेमा कसूर हुने व्यवस्था गरेको देखिन्छ । तसर्थ प्रतिवादीहरूको उक्त कार्यलाई

दूर संचार ऐन, २०५३ को दफा ४७ (५) भित्रको कार्य होइन भनी भएको फैसला त्रुटिपूर्ण रहेको छ ।

(२) प्रतिवादीहरूको उल्लेखित कार्य कसरी दूर संचार ऐन, २०५३ को दफा ४७ (५) अन्तर्गतको कसूर हो भन्ने सम्बन्धमा सो सम्बन्धी केही सैद्धान्तिक विवेचना हुनुपर्ने देखी उल्लेख गर्ने प्रयास गरिएको छ। दूर सञ्चार सेवामा भएको विकासको पछिल्लो संस्करणको रुपमा भित्रिएको एउटा नवीनतम प्रविधि हो VOIP जसको पूर्ण रुप Voice Over Internet Protocol हुन्छ । IP Telephony, Internet Telephony, Broadband Telephony तथा Broadband Phone Services जस्ता नामले पुकारिने यस प्रविधिको माध्यमद्धारा एक ठाउँको आवाजलाई अर्को ठाउमा लैजान प्रयोग गरिन्छ । यसका लागि Internet Protocol (IP) को आवश्यकता पर्दछ। Internet मा प्रयोग गरीने Internet Protocol (IP) कुनै पनि उपकरण जस्तै कम्प्युटरहरुलाई Network मा जोड्न प्रयोग गरिने Number Address हो। यो Address दिए पछि दुई वा दुई भन्दा बढी कम्पयुटरहरुलाई जोड्न सकिन्छ र सूचना आदानप्रदान गर्न सकिन्छ। Managed Getway को प्रयोग गरी Public Switched Telephone NetworK (PSTN) Voice लाई IP Voice मा अथवा IP Voice लाई PSTN Voice मा बदलेर एक ठाउँबाट अर्को ठाउमा वा एक देशबाट अर्को देशामा आवाज आदान प्रदान गर्न सकिने वा कुराकानी गर्न सकिने गरी विकास भएको VOIP प्रविधि इन्टरनेट वा मल्टिमिडियाबाट आवाजलाई एक ठाउँबाट अर्को ठाउमा पु¥याउने प्रविधि वा प्रविधिको समूह हो। GSM Over IP नेटवर्कको प्रयोगबाट सूचनाहरुको प्रवाह गर्नु VOIP हो। गैरकानूनी VOIP Call Bypass लाई SIMBOX fraud पनि भन्ने गरेको पाईन्छ । प्रस्तुत सन्दर्भमा यसलाई निम्नानुसार परिभाषा गर्ने गरेको पाइन्छ ।

SIMBOX fraud is an unauthorized manipulation or exploitation of an operators' network. In simple term, SIM box occurs when Call is bypassed rather than passing through international gateways. Generally known as Illegal VOIP or Bypass fraud. It is also known as interconnection fraud.

VOIP आफैमा अपराध नभै यो प्रविधिको प्रयोग गरी कल बाईपास गर्नु अपराध हो । VOIP ले आवाजलाई इन्टरनेटको माध्यमबाट विद्युतीय संकेतमा परिणत गर्नुलाई जनाउँछ। VOIP इन्टरनेटमा आधारित फोन सेवा हो । Internet मा प्रयोग गरीने IP लाई Voice Communication गर्न प्रयोग गर्ने प्रविधिलाई VOIP भनिन्छ । GoIP भनेको GSM Over Internet protocol हो । VOIP मार्फत कल वाइपास गर्दा डिभाइस राखेर टेलिफोन लाईनबाट गर्ने गरिन्छ भने GOIP कम्प्युटर मार्फत जुनसुकै स्थानबाट रिचार्ज कार्ड राखी मोबाइलमा हुन्छ । GOIP प्रविधि VOIP भन्दा पनि अत्याधुनिक प्रविधि हो । यो सेवाले परम्परागत फोन सेवाहरुले उपलब्ध गराउन नसकेका सेवाहरु उपलब्ध गराउछ। यो प्रविधिले ब्रोडब्याण्ड कनेक्सन र टेलिफोन लाइनको छुट्टाछुट्टै हुने खर्चको बचत गर्छ। गैरकानुनी VOIP Call Bypass/SIM Box Fraud लाई तलको चित्रद्वारा थप प्रष्ट गर्न सकिन्छ ।






नेपालको सन्दर्भमा नेपालवाट विभिन्न मुलुकमा रोजगारी, अध्ययन, विदेश भ्रमण जस्ता काममा जाने वा बिदेशमा बसोबास गर्नेहरुले स्वदेशमा रहेका आफ्ना आफन्त नाता गोता ईष्टमित्र साथीभाई लगायतलाई सम्पर्क स्थापना गर्न विभिन्न माध्यमको प्रयोग गर्ने गरेको अवस्था छ । खासगरी टेलिफोन र मोबाइल सेवाको प्रयोग यसका उदाहरण हुन । यसरी विदेशबाट नेपालमा कल गराउँदा वा विदेशबाट नेपालमा भित्रिने कलहरू अन्तर्राष्ट्रिय दूरसंञ्चार सेवा सन्चालनको लागि अन्तरराष्ट्रिय गेट वेको अनुमति प्राप्त संस्थाहरु जसले सम्बन्धीत निकाय दूर संञ्चार प्राधिकरणबाट अनुमति, इजाजत लिएका छन्[२] नेपालमा कल भित्र्याउन सक्दछन् । यदि यी निकायको गेटवे छली गैरकानूनी रुपमा अन्य निकाय, व्यक्ति वा संस्थाले इन्टरनेटको संञ्जालबाट मोबाइल फोनमा कल Termination गर्नुलाई आगमन कल Bypass भएको भनिन्छ । यसमा सेवा प्रदायक निकाय (अनुमति प्राप्त निकाय) कै सिम कार्ड प्रयोग हुन्छ र यो कार्यमा इन्टरनेट जो Internet Protocol मा आधारित हुन्छ को प्रयोग हुने र सोबाट आगमन Voice Call bypass हुने भएकोले यस्ता कार्यलाई VOIP आगमन कल बाइपास भन्ने गरिएको हो ।

Bypass Fraud अथवा Toll Fraud अथवा Call Bypass ले अनधिकृत रुपमा अर्को क्यारियरको नेटवर्कमा ट्राफिक Insert गर्नुलाई जनाउँछ । यसलाई GSM Gateway Fraud अथवा SIM Boxing पनि भनिन्छ । अन्तर्राष्ट्रिय कल बाइपासमा VOIP Technology, Internet Bandwidth, VOIP Router (Gateway) र SIM card हरुको प्रयोग हुन्छ । यो कम लागतमा कल टर्मिनेशन गर्ने VOIP प्रविधिको गलत प्रयोग हो जसले वैध कललाई नेटवर्कको माध्यमबाट अनधिकृत रुपमा ग्राहकसम्म पुर्या्उने गर्दछ । VOIP प्रविधिको प्रयोग गरेर Call Bypass गर्दा अन्तरर्राष्ट्रिय कल भित्र्याए बापत दूर संचार कम्पनी तथा नियमनकारी निकायहरुलाई बुझाउनु पर्ने शुल्क नबुझाई कल आउने र जाने हुन्छ । यसमा अन्तरआबद्धताको लागि हुने लागत कम गर्नको लागि अनधिकृत रुटको प्रयोग गरिन्छ र ग्राहकहरुलाई सस्तो कल प्रदान गरेर आकर्षित गर्ने गरिन्छ । त्यसैले धेरै सेवा प्रदायक कम्पनीहरुले बाईपासलाई आफ्नो व्यवसायबाट राजस्व चुहावट हुने प्रमुख माध्यमको रुपमा लिने गरेका छन् ।

यस्तो कार्य गर्न कुनै पनि व्यक्तिसँग Gateway Device, Internet Link (Wireless or wire-line preferably fiber) Public IP Address तथा केही संख्यामा टेलिफोन वा मोबाइल लाईन

[२] नेपालको सन्दर्भमा हाल सम्म नेपाल टेलीकम, ऐनसेल, युनाईटेड टेलिकम, एसटिएम, स्माट र हेलो नेपाल ले मात्र गेटवेको अनुमति लिएका छन् ।




हुन आवश्यक हुन्छ। कुनै पनि व्यक्तिले कुनै पनि इन्टरनेट सेवा प्रदायकसँग dedicated/shared Bandwidth, public IP address खरिद गरी प्राप्त गर्न सक्दछन्। Internet Connection को लागि उसले Wireless Radio Link वा wire-line (Cable Moderm, ADSL वा Optical Fiber) आदिको प्रयोग गर्न सक्दछन् वा सिधै VSAT User को अनुमतिपत्र लिएर पनि इन्टरनेट सेवा लिन सक्दछन्। Internet Connection तथा public IP address पाइसकेपछि सो व्यक्तिले बिदेशमा रहेको अर्को कुनै संस्था वा सेवा प्रदायकबाट सजिलै आफ्नो Gateway Device सम्म Internet मार्फत Voice Data Traffic ल्याउन सक्दछ। तत्पश्चात सो Voice Traffic लाई नेपाल भित्रको टेलिफोनमा Termination गर्न नेपालको सिम वा रिम वा टेलिफोनको प्रयोग गरिन्छ। Illegal Call Bypass गर्ने व्यक्तिले सिम वा रिम वा टेलिफोन लाईनलाई Gateway Device मा जोडी सो मार्फत विदेशबाट आएको Voice data Traffic लाई PSTN वा मोबाइल नेटवर्क मार्फत टेलिफोन वा मोबाइलसम्म पुर्याईदिन्छ। गन्तव्य ग्राहक (Receiver) लाई बिदेशबाट फोन गरिएको भए तापनि उसको फोन वा मोबाइलमा Local Call Number वा आफ्नै) देशको नम्वर डिस्पेले भएको देखिन्छ।

GOIP Gateway, DBL Technology ले विकास गरेको द्यचयबमदबलम को स्वरुप हो। यसले GSM नेटवर्क र GSM नेटवर्कको सम्पर्क स्थापना गराउँदछ। GOIP एक भन्दा बढी संचारको लागि प्रयोग गरिन्छ। GOIP ले PSTN फोन भन्दा निकै छिटो Telephone Communication गर्न सक्दछ। यो एक पटक भन्दा बढी Communicate गर्न उपयुक्त र प्रभावकारी माध्यम हो। GOIP मा दुबै कल गर्ने र कल प्राप्त गर्न दुबैतीर पासवर्ड हुने भएकोले कल नोक्सानी हुने सम्भावना कम हुन्छ। GOIP प्रविधिको प्रयोगमा VOIP मा भन्दा कम लागत, आवाजको गुणस्तर राम्रो हुने भएकोले यो प्रविधि वितरण, संचालन र उत्पादनकर्ताको पहिलो choice मा पर्दछ।

दूर संचार सेवामा GSM Gateway मार्फत GSM संचालकको अनुमति विना कल बाइपास गरिएको देखिएमा अनधिकृत VOIP मानिन्छ । VOIP Call Bypass अन्तर्राष्ट्रिय अपराध हो । यसरी अनुमति प्राप्त अन्तरराष्ट्रिय गेटवे छली अन्तर्राष्ट्रिय टेलिफोन कलहरु इन्टरनेट संजाल मार्फत स्थानीय तवरले ग्राहकसम्म पुर्याटउने प्रक्रियालाई Call Bypass भनिन्छ । अनधिकृत VOIP दुई प्रकारले हुन्छ। अन्तर्राष्ट्रिय आगमन कल टर्मिनेसन र अन्तर्राष्ट्रिय कल अरिजिनेसन । नेपालमा गैरकानुनी रुपमा कल भित्रयाउने व्यक्ति वा संस्थालाई अनुमतिपत्र प्राप्त सेवा प्रदायकको संजालसंग कल टर्मिनेशनको लागि विधिवत अन्तरआबद्धता दिइएको हुदैन। त्यसैले उक्त संजालमा प्रवेश गर्न सेवा प्रदायकबाट सर्वसाधारण ग्राहकको निम्ति वितरित टेलिफोन लाइन, सिमकार्ड, गेटवे उपकरण तथा सर्भर मेशिनहरुको प्रयोग गरिएको हुन्छ। यसरी टेलिफोन आउदा टेलिफोन गर्ने व्यक्तिको परिचय नखुल्ने हुनाले अन्य आपराधिक क्रियाकलापमा समेत कल बाइपासको प्रयोग हुने गरेको छ । यस्तो अपराध वा अवैध क्रियाकलाप रोक्न दूर सन्चार प्राधिकरण, सुरक्षा निकाय तथा सेवा प्रदायक निकायहरु क्रियाशिल रहेका छन् । विभिन्नस्तरमा Fraud Management System (Fraud Control and Monitoring Unit in Nepal Telecom) प्रयोग भइरहेको छ। जसले अनुमति प्राप्त दूर संचार कम्पनीहरुबाट भएको कलको विस्तृत विवरण पत्ता लगाउने तथा असाधारण प्रकारको व्यवहार रहेमा खोजि गर्ने गर्छ ।

## Roaming Fraud (Roaming Call Bypass)

Roaming Call Bypass लाई Roaming Fraud को नामले चिनिन्छ । सामान्यतयाः यस्तो Fraud International Revenue Sharing Fraud सँग सम्बन्धित हुन्छ । यसमा अनधिकृत रुपमा प्राप्त सिमलाई बढी लागतको कलको लागि प्रयोग गरिन्छ। रोमिङले भौगोलिक रुपमा आफ्नो Home नेटवर्कबाट बाहिर यात्रा गरेको समयमा Cellular ग्राहकले स्वस्फुर्त आवाज बनाउने, डाटा पठाउने र अन्य सुविधाहरु प्राप्त गर्ने क्षमतालाई जनाउछ । यदि भिजिटेड नेटवर्क Home country भित्रै छ भने त्यसलाई राष्ट्रिय रोमिङ भनिन्छ भने भिजिटेड नेटवर्क Home country भन्दा बाहिर भएमा त्यसलाई अन्तर्राष्ट्रिय रोमिङ भनिन्छ। GSM Roaming, GSM नेटवर्क अन्तर्गत हुन्छ र यसले एउटा फोन, एउटा बिल र एउटा नम्बरको विश्वव्यापी पहुँचलाई समेटेको हुन्छ ।

GSM Roaming सँग सम्बन्धित व्यवसाय गर्नको लागि अन्तरराष्ट्रिय स्तरमा GSM Association को स्थापना भएको छ । GSMA ले विश्वभर ७२० भन्दा बढी न्क मोबाईल फोन प्रदायकहरुको प्रतिनिधित्व गर्दछ । GSMA ले विभिन्न किसिमका कार्यगत समुहहरुको परिभाषा गरेको छ जसमध्ये Fraud Forum पनि एउटा हो । Fraud Forum ले विश्वभर प्रयोग हुने विभिन्न प्रविधिहरु जसले सदस्य नेटवर्कहरु बिरुद्ध Fraud गरीरहेको हुन्छ र FF ले प्रभावकारी व्यवहारिक लागतको सम्बन्धमा सुझाव पनि दिने गर्दछ ।[३]

दूर संचार कम्पनीहरुले विश्वव्यापी रुपमा कल बाइपासको कारण ठुलो क्षति व्यहोरिरहेका छन् । VOIP Call Bypass को कारण राजनैतीक, आर्थिक तथा कानुनी जटिलताहरु समेत

---

३ GSMA Fraud Manual, http://www.gsma.com/

बढ्दै गएका छन् । मुलुकलाई राजस्वमा अत्यन्तै ठुलो नोक्सानी परेको छ भने दूर संचार कम्पनीहरुले धेरै आम्दानी गुमाएका छन् । दूर संचार सेवाको गुणस्तर (Quality of Services) घटेको छ तथा अर्कोतिर सूचनाहरु आधिकारिक माध्यमबाट प्राप्त नहुने भएकोले अपराधको अनुसन्धानको सिलसिलामा सूचना प्राप्त गर्न कठिनाई हुने र सूचना सुरक्षित पनि नहुने अवस्था सिर्जना भएको छ जसको कारण अन्तर्राष्ट्रिय सुरक्षा र अपराधिकरणको सूचनाको माध्यम अनधिकृत VOIP भएकोले VOIP प्रविधि एउटा चुनौतीको रुपमा रहेको छ । अनधिकृत VOIP को अनुसन्धान गर्दा कल बाईपास गर्ने व्यक्तीहरुले नया(नया प्रविधि प्रयोग गरी कल बाईपास गरेको कारण नया प्रविधिको सम्बन्धमा कानुनी व्यवस्था तथा अनुसन्धान समेत चुनौतीपुर्ण रहेको छ ।

## VOIP, GOIP, Roaming Call Bypass सम्बन्धी प्रक्रिया र प्रविधि

VOIP/ Internet Telephone को संञ्चालन कसरी हुन्छ भन्ने सन्दर्भलाई हेर्दा यसमा विंभिन्न किसिमका उपकरण र प्रविधिको संयोजन गरिन्छ । इन्टरनेट सञ्चालनको लागि क्षnternet Protocol को आवश्यक हुन्छ । VOIP प्रविधिमा Voice ९आवाज, कुराकानी० लाई Data Packet को रुपमा Internet Protocol (IP) को प्रयोग गरी एक ठाउ बाट अर्को ठाउँसम्म पुर्यातउछ । VOIP लाई अन्य विभिन्न नामहरुले पनि चिनिन्छ। जस्तो IP Technology, Internet Telephony Voice Over the Net (VoN) ईत्यादि । मूलभूत रुपमा यसलाई दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

क) VOIP : Managed Gateway को प्रयोग गरी एगदष्अि Switched Telephone Network(PSTN) Voice लाई IP Voice वा IP Voice लाई PSTN Voice मा परिबर्तन गरी एक ठाउबाट अर्को ठाँउमा वा एक देशबाट अर्को देशमा आवाज आदान प्रदान वा कुराकानी गर्न सकिन्छ ।

ख) Internet Telephony: यसप्रकार सेवा संञ्चालन गर्दा Internet Protocol को प्रयोग गरी Internet मार्फत Voice लाई एक ठाउँबाट अर्को ठाउँमा वा एक देशबाट अर्को देशमा आवाज आदान प्रदान वा कुराकानी गर्न सकिन्छ । यस प्रकारको IP Voice लाई साधरणतया PSTN मा जोड्न दिइदैन ।

VOIP, GOIP, Roaming Call Bypass का प्रकारहरु: VOIP/ Internet Telephone को सञ्चालन तल उल्लेख भए बमोजिम बिभिन्न तरिकाबाट गर्न सकिन्छ ।

क) PC to PC वा IP Device to IP Device (एक कम्प्युटरबाट अर्को कम्प्युटरलाई इन्टरनेटको प्रयोग गरी फोन गर्ने वा कुराकानी गर्ने)

यो तरिकाबाट भ्वाइस कम्युनिकेशन गर्न दुबै कम्प्युटर वा IP Device अनिवार्य रुपमा एकै समयमा अनलाइन हुनु पर्दछ, साथै दुवै कम्प्युटरमा भ्वाइस कम्युनिकेशन गराउन सकिने एकै प्रकारको Software Install गरेको हुनु पर्दछ । यस्ता software हरु इन्टरनेटमा निःशुल्क रुपमा प्रशस्त मात्रामा पाइन्छन् । जस्तै Skype MSN Messenger

[४] राधेश्याम सिंधानिया वि. कर कार्यालय, विक्रीकर शाखा मोरङ्ग समेत भएको उत्प्रेषण परमादेश समेत ने.का.प. २०५० अंक ९ नि.नं. ४७९५ पृ. ५५७

Yahoo Massenger, Google Talk आदि । कम्युटरमा माइक्रोफोन तथा मोडेम जोडी सो software को मद्दतले संसारको कुनै पनि कुनाबाट अर्को कम्युटरसँग इन्टरनेट मार्फत भ्वाइस कम्यूनिकेशन गर्न सकिन्छ । यो तरिकाबाट निःशुल्क रुपमा भ्वाइस कम्युनिकेशन गराउन सकिन्छ । यसलाई निम्न चित्रबाट प्रष्ट गर्न सकिन्छ ।

ख) PC to Phone (इन्टरनेट संञ्चालको प्रयोग गरी एक स्थानमा रहेको कम्प्युटरबाट अर्को स्थानमा रहेको टेलिफोन वा मोबाइलमा कुराकानी गर्ने ।

यस तरिकाबाट भ्वाइस कम्युनिकेशन गर्न कम्पयुटर अनिवार्य रुपमा अनलाइन हुनु पर्दछ, अर्को तर्फको फोन पनि इन्टरनेटसँग जोडिएको हुनु पर्दछ। कम्पयुटरमा भ्वाइस कम्युनिकेशन गराउन सकिने Software Install गरेको हुनु पर्दछ। यस्ता software हरु इन्टरनेटमा निःशुल्क रुपमा प्रशस्त मात्रामा पाइन्छन् । जस्तै Skype MSN Messenger Yahoo Massenger, Google Talk आदि । यो विधिबाट कम्प्युटरमा रहेका माईक्रोफोन तथा मोडेम जोडी सो software को मद्तले संसारको कुनै पनि कुनावाट अर्को कम्युटरसंग इन्टरनेट मार्फत भ्वाइस कम्यनिकेशन गर्न सकिन्छ । यो तरिकाबाट भ्वाइस कम्युनिकेशन गराउदा भने महसुल तिर्नु पर्ने हुन्छ । तर यो महसुल PSTN टेलिफोन वा मोबाइल टेलिफोन वाट विदेशमा भ्वाइस कम्युनिकेशन गर्दाको भन्दा सस्तो हुन्छ । त्यसै हुनाले धेरै देशहरुमा यो लोकप्रिय भएको छ । तर यसको गुणस्तर PSTN टेलिफोन वा मोबाइल टेलिफोनको जस्तो राम्रो नहुन सक्दछ । यो प्रविधिलाई निम्नानुसार हेर्न सकिन्छ ।


ग) Phone to Phone (एक स्थानमा रहेको टेलिफोनबाट अर्को स्थानमा रहेको टेलिफोनलाई व्यवस्थित आई पी नेटबर्कको प्रयोग गरी फोन वा कुराकानी गर्ने यो तरिकाबाट भ्वाइस कम्युनिकेशन गर्न व्यवस्थित Managed IP Network को प्रयोग गरिएको हुन्छ । VOIP Gateway को स्थापना गरी कुनै पनि PSTN टेलिफोन वा मोबाइल टेलिफोनवाट कुनै निश्चित Access Code डायल गरी VOIP Gateway मार्फत बिदेशमा अर्को टेलिफोनमा रहेको व्यक्तिसँग कुराकानी गर्न सकीन्छ । यो तरिकाबाट सेवा पुर्याफउदा गुणस्तर राम्रो हुने भएकोले यो सेवा अली महंगो हुन सक्छ । तर पुराना प्रविधिहरुको तुलनाम भने यो सस्तो हुन सक्दछ। यसको प्रक्रियालाई निम्न चित्रवाट बुझ्न सकिन्छ ।

**Incoming Call Bypass (VOIP आगमन Call Bypass) कसरी हुन्छ ?**

बिदेशबाट नेपालमा भित्रिने कलहरु अन्तराष्ट्रिय दूरसञ्चार सेवा सञ्चालनको लागि अनुमतिपत्र प्राप्त सेवा प्रदायकहरुको गेटवे मार्फत नआई इन्टरनेटको संञ्जालवाट नेपालमा भित्रिई टेलिफोन वा मोबाइल फोनमा Termination हुनुलाई आगमन Call Bypass भएको भनिन्छ । यस्तो कार्यमा इन्टरनेट जो इन्टरनेट प्रोटोकल मा आधारित हुन्छ को प्रयोग हुने र सोबाट आगमन Voice Call Bypass हुने भएकोले यस्ता कार्यलाई VOIP आगमन Call Bypass भन्ने गरिएको हो ।

यस्तो कार्य गर्न कुनै पनि व्यक्तिसंग Gateway Device, Internet Link (Wireless or Wire-line Preferably Optical Fiber) Public IP Adress तथा केही संख्यामा टेलिफोन वा

मोबाइल लाईन हुन आवश्यक हुन्छ । कुनैपनि व्यक्तिले कुनै सेवा प्रदायकसंग Dedicate/ shared Bandwith, Public IP Address खरिद गरी प्राप्त गर्न सक्छ । Internet Connection को लागि उसले Wireless Radio Link वा Wire-line (Cable Modem, ADSL वा Optical Fiber आदि को प्रयोगगर्न सक्छ वा सोझै VSAT User को अनुमति लिई पनि Internet Connection पाउन सक्दछ । Internet Connection तथा Public IP Address पाई सकेपछि सो व्यक्तिले विदेशमा रहेको अर्को कुनै संस्था वा सेवा प्रदायकबाट सजिलै आफ्नो Gate way Device सम्म Internet मार्फत Voice Data Traffic ल्याउन सक्छ, तत पश्चात सो Voice Traffic लाई नेपाल भित्रको टेलिफोनमा Termination गर्न नेपालको सिम र रिम वा टेलिफोनको प्रयोग गरिन्छ । Illegal Call Bypass गर्ने व्यक्तिले सिम र रिम वा टेलिफोन लाइनलाई Gateway Device मा जोडी सो मार्फत विदेशबाट आएको Voice Data Traffic लाई PSTN वा मोबाइल Network मार्फत टेलिफोन वा मोबाइल सम्म पुर्याचईदिन्छ । त्यसैले यस्तो अवस्थामा विदेशवाट फोन गरिएको भए तापनि फोन रिसिभ गर्ने व्यक्तिले आफ्नोल फोनसेट वा मोबाइलमा लोकल नम्वर वा आफ्नैफ देशभित्रको को नै नम्वर डिस्पेले भएको देख्दछ। Incoming Call Bypass गर्ने व्यक्तिले जती धैरे Voice Data




A Scenario of Incoming Call Bypass

Traffic (Number of Million Minutes of Voice Traffic आफ्नो Gateway Device सम्म ल्याई अरुको Network मा पठाउन सक्यो त्यही अनुसार उसको आम्दानी पनि प्रशस्त हुन्छ। यसरी विदेशबाट आउने Voice Data Traffic अनुमतिपत्र प्राप्त नगरेको व्यक्तिको Gateway Device मार्फत देशमा भित्रिन्छ। यसको Scenario लाई निम्न चित्र बाट थप प्रष्ट हुन सकिन्छ ।

## अवैध VOIP कसरी थाहा हुन्छ ?

यदि तपाई हाम्रो फोनको स्क्रिनमा विदेशबाट आएका कलहरु मोबाइल वा टेलिफोनको डिस्प्लेमा देखीने वा नदेखिने गरी आएमा वा स्वदेशी नम्वरहरु नै देखीएमा त्यो अबैध VOIP भएको बुझिन्छ। जस्तै

- विदेशी नम्वर आउनु पर्नेमा स्वदेशी नम्वर नै देखिनु ।

- ०००।४४००। पलस २२२२ तथा तीन अंक वा ४ अंक मात्र स्क्रिनमा देखिएमा
- Reception एकदमै नराम्रो र नबुझ्किने भएमा ।
- समय समयमा कल आफै फेल भएमा ।

यसका साथै,

- High Number या Outgoing Calls With no incoming Calls.भएको देखिएमा
- Unusual ratio of network to off Network Calls. भएमा ।
- No Mobility. देखिएमा ।
- High Number of Distinct destination of Calls. भएमा ।

(३) दूर संञ्चार ऐन, २०५३ को दफा ४७(५)मा प्रयुक्त दूरसंञ्चार लाइन, दूरसंञ्चार प्रणाली, दूरसंञ्चार संरचना, दूरसंञ्चार उपकरणमा कुनै प्रतिकूल हानि वा नोक्सानी पर्ने कुनै काम गरेमा बिगारेमा वा कुनै किसिमको हानी नोक्सानी पुर्याटएमा भन्ने वाक्यांशको संरचना र बनौटलाई विश्लेषण गर्दा ऐनको दफा २(ग) मा भएको दूरसंञ्चार प्रणाली ऐनको दफा २(ग) मा भएको दूरसंञ्चार एवं ऐन दफा २ को (घ) मा भएको दूर संञ्चार सेवाका परिभाषाहरुलाई समष्टिगत रुपमा अध्ययन गरिनु पर्दछ । दूर संञ्चार प्रणाली वा सो संग सम्बन्धीत कुनै संरचना मा प्रतिकूल असर पर्ने कुनै काम गरेमा, बिगारेमा वा हानी नोक्सानी पुर्याएमा भन्ने वाक्य बनोटले दूरसञ्चार सम्बन्धी व्यापक कुराहरुलाई समेटेको देखिन्छ । दूरसंञ्चारसँग सम्वन्धित कतिपय कुराहरु देख्न वा अनुभूत गर्न सकिने (Visible/Tangible) र कतिपय कुराहरु देख्न नसकिने वा अनुभुत गर्न नसकिने (Invisible/Intangible) हुन्छन् । यी कुराहरु प्राविधिक कुरा भएकोले कानुनमा उल्लेखित प्रविधि सम्बन्धी सवै अवयवहरुलाई पुर्णरुपमा व्यक्त गर्न सम्भव हुन्छ भन्न पनि सकिने अवस्था हुदैन । उदाहरणको रुपमा Voice / Freguency आदि देखिने चीज होइनन तर ती संञ्चारकै संरचनामा सन्नीहित हुन्छन् अर्थात यसको अभावमा दूर संचार सेवा नै संभव छैन । यसका अतिरिक्त दूरसंञ्चार लाइन, दूरसंञ्चार प्रणाली संग सम्बन्धीत अन्य कुनै संरचना वा उपकरण भन्नाले के के लाई जनाउने सो सवै खुलाउन सम्भव देखिदैन र त्यस्तो संरचना वा उपकरणमा असर पर्ने गरी कुनै काम गरेमा भन्ने वाक्यांशमा उल्लेखित कुनै भन्ने शव्दले असिमित कुरा (Unlimited Matter) लाई संकेत गर्छ जस भित्र के के कुराहरु समेटिन्छन् सो सवै उल्लेख गरीनु सम्भव देखिदैन । प्रविधिको प्रयोगमा आएको परिवर्तन र यसको प्रकृतिले कानुन निर्माणका अवस्थामा सवै कुरा को अन्जाम गरी कानुनमा समावेश गर्न नत सम्भव छ नत वान्छनीय नै देखिन्छ । यदि दूरसंञ्चार संरचना वा प्रणालीको कुनै भौतीक क्षतिको कुरालाई मात्रै यस दफा अन्तर्गतको कसुर मान्ने हो भने उक्त कानुनी व्यवस्थाको संकुचित र साँघुरो व्याख्या भई ऐनले रोक्न खोजेको खरावी वा दुष्कृतीनै ओझेलमा पर्न जान्छ । कानुनको व्याख्या यस किसिमले गरी गैरकानुनी कार्य गर्नेलाई उन्मुक्ती दिनु हुदैन । अन्तर्राष्ट्रिय कलवाईपास गर्ने कार्यवाट दूरसंञ्चार प्रणालीमा प्रत्यक्ष वा परोक्ष असर वा हानी पुगेको हुन्छ । जस्तो कल वाईपासमा गेटबेको अनुमतिपत्रप्राप्त सेवा प्रदायककरुकै सिम प्रयोग हुने र अन्तर्राष्ट्रिय आगमन कललाई स्थानिय कलको रुपमा परिवर्तन हुँदा यसको कारणवाट Unexpected

Wireless Congestion भई नेटवर्क जाम भई सेवाग्राहीले भनेको वेलामा चाहेको व्यक्ति संग सम्पर्क गर्न नसक्ने हुनाले सेवा प्रदायक निकायको दुर संचार प्रणाली तथा ख्याती र विश्वसनीयता कम हुने, FM Radio को Frequency, Telephone सेवा आदिमा प्रत्यक्ष असर हुने, विदेशबाट आउने फ्याक्स नै नआउने, Data loss हुने, सेवाको गुणस्तर नहुने (आवाज क्यारक्यार हुने) वेला वेलामा कल नआउने वा अबरुद्द हुने, यसैबाट गैरकानुनी लाभको लागि धम्की आउने (Criminal Threat) लगायतका समस्याहरु हुने र यि सवै कार्यहरु दूर संञ्चार प्रणाली र संरचनाकै प्रयोग र प्रक्रिया वाट हुने र गरिने भएकोले यस सम्बन्धी कार्य दफा ४७(५) को Ambit भित्र पर्दछ। यसरी कानुनने प्रष्ट रुपमा गरिरहेको व्यवस्थालाई अनदेखा गरी यस सम्बन्धी समस्यालाई सामान्यिकरण गर्नु जायज हुदैन।

(४) नेपालमा यस्ता अपराध गर्ने प्रवृत्ति करिब एक दशक अगाडिदेखि विकसित हुँदै आएको छ। हालसम्म एक सय भन्दा बढी यस्ता प्रकृतिका मुद्दाहरू जिल्ला अदालत, उच्च अदालत वा तिनका बाणिज्य इजलास र सम्मानित सर्वोच्च अदालतमा समेत विचाराधिन छन्। माथि उल्लेख गरे झै अन्तर्राष्ट्रिय रुपमा र विश्वका प्रायः सबै देशमा कसूरको रुपमा मानिएको ख्इक्ष्ए कल वाइपासलाई कसूर नमानी कसूरदारलाई उन्मुक्ति दिदै जाने हो भने नेपाल सरकार र नेपाल सरकारको पूर्ण स्वामित्वमा संचालित नेपाल टेलिकमले ठूलो घाटा व्यहोर्नुपर्ने भई नेपाली जनताले तिरेको करबाट सो कार्यमा संलग्न अपराधीहरूले अन्यायिक समृद्धि लिनेतर्फ अग्रसर हुने अवस्था श्रृजना हुन पुग्दछ जुन कार्य नेपालको लागि भविष्यमा समेत दुर्भाग्यपूर्ण हुनेछ। बुढी मरी भन्दा पनि काल पल्केको कुरामा चिन्ता लिनु पर्ने देखिँदा न्याय प्रदान गर्ने दिशामा सम्मानित अदालतले विशेष सतर्कता अपनाउनु पर्ने र फौजदारी न्याय प्रशासनको उद्देश्य अपराधीलाई सजाय दिने कुरालाई अत्यन्त संवेदनशिल भै विचार गर्नुपर्ने देखिन्छ।

(५) प्रतिवादीहरूको उक्त कार्य सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त प्रिन्सिपल अफ अनजस्ट इनरिचमेण्ट समेतको विपरित छ। प्रस्तुत विवाद सम्बन्धी बढी असूल गरिएको रकम यथार्थमा उपभोक्ताहरूबाट गैरकानूनी वा अन्यायिक तबरले असूल गरिएको देखिँदा सो रकमको लागि सही दावेदार सम्बन्धित उपभोक्ताहरू नै देखिन आउँछन्। सो रकम आफैले खाने पचाउने गरी अन्यायिक तवरले समृद्धि वा फाइदा हासिल गर्ने अधिकार प्रस्तुत निवेदकलाई कानूनले वा न्यायको कुनै पनि सिद्धान्तले प्रदान गर्दैन।[४] प्रस्तुत मुद्दामा पनि प्रतिवादीहरूले सेवा प्रदायक निकायले प्राप्त गर्ने रकम र सरकारले प्राप्त गर्ने राजश्व समेतका रकमहरू गैरकानूनी तवरले आफैले खाने पचाउने गरी अन्यायिक तवरले समृद्धि वा फाइदा हासिल गर्न खोजेको कार्य आफैमा गैरकानूनी र ठगी समेतको कार्य भएको कुरा स्पष्ट नै छ। यस सिद्धान्तका आधारमा समेत प्रतिवादीहरूलाई सजाय हुनुपर्ने देखिन्छ।

(६) यस सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट कुनै पनि निर्णय हालसम्म नभएको भए तापनि बन्दीप्रत्यक्षीकरण सम्बन्धी एक रिट निवेदनमा व्याख्या भएको पाइन्छ। VOIP Call Bypass अपराध दूरसंञ्चार ऐन २०५३ को दफा ४७(५) अन्तर्गतको अपराध भएको र उक्त दफामा उल्लेखित अपराध ऐनको दफा ५७ ले नेपाल सरकारवादी हुने

र यस किसिमका मुद्दा जिल्ला अदालतमा दायर गरीने कानुनी व्यवस्था भएकोले यस सम्वन्धी मुद्दाको शुरु कारवाही र किनारा गर्ने क्षेत्राधिकार जिल्ला अदालतलाई रहेको देखिन्छ । VOIP Call Bypass अपराधसँग सम्बन्धी अपराधका सम्बन्धमा साधरण अधिकारक्षेत्रको रोहमा (मुद्दाको रोह) हालसम्म सर्वोच्च अदालतमा मुद्दा पुगी त्यहाँबाट कुनै न्यायिक ब्याख्या वा सिद्दान्त प्रतिपादन भएको छैन। यस सम्बन्धी विवादको बिषयमा बन्दीप्रत्यक्षीकरण (असाधारण अधिकारक्षेत्र) अन्तर्गत परेको निबेदनमा[५] म निवेदकलाई दूर संञ्चार ऐन २०५३को दफा ४५(५) वमोजिम मुद्दा चलाई काठमाण्डौ जिल्ला अदालतबाट भएको फैसला वमोजिम लागेको कैद भुक्तान गरी २०७०।५।१४मा थुना मुक्त भई सके पश्चात् म निबेदक समेत जना २ समेत संग २०६९।५।१४ मा १५५८ डलर बरामद भएको बन्ने विषयमा अनुसन्धान गर्न पक्राउ गरी रु. ८५३२० धरौट माग गरेकोमा माग बमोजिम धरौट दाखिला गरेकोमा मलाई वदनियतपूर्वक पुनः नेपाल दूरसंञ्चार प्राधिकरणमा पुर्याउई सोधपुछ गरी के कुन निर्णय गरी मनोमानी ढंगबाट थुनामा राखी एक पटक फैसला भई सजाय भुक्तान नभई सकेपछि सोही वारदात र कसुरको सम्बन्धमा पक्राउ गरी गैरकानुनी रुपमा थुनामा राखेको हुँदा वन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त गरी पाउ भन्ने निबेदन जिकिर रहेकोमा निदेदक VOIP Call Bypass अपराधमा संलग्न रहेको र दूर संञ्चार ऐन २०५३को दफा ४७(२) र ३ बमोजिम त्यस्तो कार्यबाट सेबा प्रदायक निकायहरुलाई पुगेको नोक्सानीको विगो भराई दिने सम्बन्धमा नेपाल दूरसंञ्चार प्राधिकरणलाई ऐनले अधिकार क्षेत्र प्रदान गरेको र सेवा प्रदायक निकाय बाट रिट निबेदक विरुद्दमा सजाय गरी विगो भराई पाउ भनी निबेदन परी निज उपर कार्वाहि भएको हो कानुनले नै एउटै विषयको कसुरलाई अलग अलग दावी गर्न सक्ने व्यबस्था गरेकोमा दोहोरो खतराको सिद्धान्त लागु हुन सक्दैन रिट निबेदन खारेजभागी छ भन्ने समेत ब्यहोराको लिखित जवाफ रहेकोमा सम्मानित अदालतबाट निर्णय हुँदा निम्न लिखित व्यहोराको सिद्दान्त कायम भएको छ ।

१. एउटै दफा भित्र दुई वा सो भन्दा बढि कसुर र तीनमा कार्वाही गर्ने अलग अलग निकायको व्यवस्था गर्न बिधिकर्तालाई बन्देज छैन। एउटै दफा अन्तर्गत राखिदैमा ती कार्यहरु समान हुन् र एउटा उपदफा अनुसार कारवाही टुंङिए पछि अर्को उपदफा अन्तर्गत कार्वाही चल्नै नसक्ने भन्न मिल्दैन।

२. नेपाल दूर संञ्चार ऐन २०५३को दफा ४७ (५) मा विगो शव्द भए यो जरिवाना गर्ने प्रयोजनका लागि मात्र हो र यो बिगो दूरसंञ्चार प्रणाली वा सोसँग सम्बन्धित वा उपकरण विगारेमा वा हानी नोक्सानी पुऱ्याएमा सो को मात्रा हेरी निर्धारण गरीने ।

३. कानुनलेनै कल वाइपासमा कारबाही र सजाय जिल्ला अदालतले गर्ने तथा सेवा प्रदायकलाई भएको हानी वापतको विगोवापत समेत कारबाही दूर संञ्चार प्राधिकरणले गर्ने भन्ने कानुनी प्रवन्ध रहेको स्थितिलाई दोहोरो खतराको सिद्धान्तले नसमेटने ।

४. एउटा ऐनमा विभिन्न भाग वा परिच्छेद वा दफा उपदफा वा खण्डमा उल्लेख भएको प्रवन्धको अर्थ अलग-अलग हुन सक्ने हुँदा एउटै दफाले व्यवस्था गर्दैमा ती सवै एउटै

[५] मोहम्मद मजहरल ईस्लामको हकमा अधिवक्ता सन्तोष वस्नेत बा नेपाल सरकार गृह मन्त्रालय समेत ने.क.प.२०७० अंक १२ नि.न. ९०९७.पृ.१५५१

कसुर हुन भनी गर्न नमिल्ने ।

५. सेवा प्रदायकलाई भएको हानी निर्धारण गर्न प्राविधिक रुपमा एकिन गर्नु पर्ने भएबाट त्यो विगो निर्धारण गर्ने दायित्व कानुनले नै दूरसंञ्चार र कल वाइपास हो होइन र हो भने कसले गरेको हो प्रमाणको मूल्याङ्कनद्बारा ठहर गरी कैद समेत गर्ने जिम्मेवारी जिल्ला अदालतलाई कानुनले नै स्पस्ट रुपमा दिइरहेको छ । यस्तो अवस्थामा एउटै कसुरमा दुईपटक कारबाही र सजाय भएको प्रश्न उठ्न नसक्ने ।

निवेदक विदेशी विनिमय समबन्धित कसुरको सन्दर्भमा थुनामा परेको नभई दूर संञ्चार ऐन २०५३ को दफा ४७९२० र ३ को कसुरमा तोकिएको धरौट रकम दाखिला गर्न नसकी थुनामा परेको देखिदा कानुन बमोजिम पुर्पक्षको लागि थुनामा रहेको कार्यलाई गैरकानुनी थुनामा राखेको भन्ने स्थिति नदेखिने ।

यी उल्लेखित आधारहरु उल्लेख गर्दै निवेदकको थुना गैरकानुनी नदेखिएको भन्दै निवेदकको निवेदन खारेज हुने ठहर गरेको प्रस्तुत फैसलाले धेरै न्यायिक मूल्य र मान्यता स्थापना गरी यस सम्बन्धी अपराधका सम्बन्धमा देखिएका अन्यौल, दुविधा र दृष्टिकोणमा प्रष्टता ल्याउन सफल देखिन्छ ।

(७) अतः उल्लेखित आधार प्रमाण र सम्मानित अदालतबाट प्रतिपादित नजिर समेतबाट प्रतिवादीहरूलाई अभियोग मागदावी बमोजिम सजाय हुनुपर्ने स्पष्ट देखिँदा समेत अभियोग माग दावी खारेज हुने गरी भएको तत्कालित पुनरावेदन (हाल उच्च) अदालत पाटनको फैसला त्रुटिपूर्ण हुँदा उक्त फैसला बदर गरी प्रतिवादीहरूलाई अभियोग माग दावी बमोजिम सजाय गरिपाउन सम्मानित अदालत समक्ष सादर अनुरोध गर्दछु ।

**बहसनोट प्रस्ततकर्ता**

खेमराज ज्ञवाली

सहन्यायाधिवक्ता

महान्यायाधिवक्ताको कार्यालय

# श्री सर्वोच्च अदालतमा चढाएको

## बहस नोट

**संयुक्त इजलास**

**सम्माननीय प्रधान न्यायाधीश श्री गोपाल पराजुली**

**माननीय न्यायाधीश श्री प्रकाशमानसिंह राउत**

**मुद्दा नं. ०७०-CR-०८५६**

नेपाल सरकारको तर्फबाट बहसनोट

महान्यायाधिवक्ताको कार्यालय, नेपाल ................................................ प्रस्तुतकर्ता

विरुद्ध

प्रकाश अवाले समेत प्रतिवादी

विपक्षी

**मुद्दा नं. ०७०-CR-०८७७**

नेपाल सरकारको तर्फबाट बहसनोट

महान्यायाधिवक्ताको कार्यालय, नेपाल ................................................ प्रस्तुतकर्ता

विरुद्ध

रत्नबहादुर के.सी. समेत प्रतिवादी

विपक्षी

## मुद्दाः- लागू औषध खैरो हिरोइन

प्रस्तुत मुद्दा मिति २०७४।२।३१ का दिन सम्मानित अदालतको संयुक्त इजलास समक्ष पेश भई सुनुवाइको क्रममा प्रस्तुत मुद्दाहरू न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम पुनरावेदनको रोहबाट हेरिनु पर्ने हो वा दफा १२ बमोजिम दोहोऱ्याई पाउँको निवेदन कुन क्षेत्राधिकारबाट मुद्दाको सुनुवाइ गरिनु पर्ने हो भन्ने सम्बन्धमा इजलासबाट बहस नोट माग गर्ने आदेश भए बमोजिम नेपाल सरकारको तर्फबाट सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ६६ को उपनियम (३) बमोजिम निम्नलिखित व्यहोराको बहस नोट सादर प्रस्तुत गर्दछु ।

१. **मुद्दाको तथ्यको विस्तृत विवरण मिसिलबाटै अवगत हुने हुँदा यहाँ विस्तृत रूपमा उल्लेख गरिएको छैन ।**

२. **मुद्दाको तथ्यगत व्यहोराः-**

(क) मुद्दा नं.०७०-CR-०८५६ : प्रस्तुत मुद्दामा प्रतिवादीहरू अजिजुल मिया अन्सारी, रत्नबहादुर के.सी. र किसुनदेव राउत कुर्मी समेत भएको लागू औषध खैरो हिरोइन मुद्दामा २०६५।८।१३ मा प्रतिवादी अजिजुल मियाँ अन्सारीको साथबाट १३७ ग्राम लागू औषध खैरो हिरोइन समेत बरामद भएकोमा मिति २०६५।११।११ मा काठमाडौं जिल्ला अदालत समक्ष तीनै जना प्रतिवादीहरू उपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ), (ङ) र (च) को कसूरमा ऐ. ऐनको दफा १४(१) (छ) (३) बमोजिम सजाय हुन र प्रतिवादीहरूलाई ऐ. ऐनको दफा १६ बमोजिम थप सजाय समेतको मागदाबी लिई अभियोगपत्र दायर भएकोमा प्रतिवादी अजिजुल मिया अन्सारीलाई मागदाबी बमोजिम ऐ. ऐनको दफा १४(१)(छ)(३) बमोजिम पन्ध्र वर्ष कैद र पाँच लाख जरिवाना तथा ऐ. दफा १६ बमोजिम थप १ महिना कैद र एक हजार जरिवाना, प्रतिवादीहरू रत्नबहादुर के.सी. र किसुनदेव राउतको हकमा ऐ. १७ नं. बमोजिम ऐ. ऐनको दफा १४(१)(छ)(३) ले हुने सजायको आधा जनही सात वर्ष छ महिना कैद र दुई लाख पचास हजार जरिवाना र ऐ. १६ नं. ले थप एक महिना कैद र एक हजार जरिवाना गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६ चैत्र २४ गते भएको निर्णयलाई तत्कालीन पुनरावेदन अदालत पाटनबाट सदर हुने गरी निर्णय भएकोमा सो निर्णय उपर प्रतिवादीहरू रत्नबहादुर के.सी. र किसुनदेव राउतलाई मागदाबी विपरीत दफा १७ बमोजिम सजाय गरेकोमा चित्त नबुझी नेपाल सरकारको सम्मानित अदालत समक्ष मिति २०७०।०८।२४ मा पुनरावेदन परी विचाराधीन रहेको अवस्था छ ।

(ख) मुद्दा नं. ०७०-CR-०८७७: प्रस्तुत मुद्दामा प्रतिवादीहरू भूपाल स्याङ्तान, अजिजुल मिया अन्सारी, रत्नबहादुर के.सी. र प्रकाश अवाले समेत भएको लागू औषध खैरो हिरोइन मुद्दामा २०६५।८।०९ मा प्रतिवादी भूपाल स्याङ्तानको साथबाट २६ ग्राम लागू औषध खैरो हिरोइन समेत बरामद भएकोमा मिति २०६५।११।०९ मा काठमाडौं जिल्ला अदालत समक्ष चारै जना प्रतिवादीहरू उपर लागू औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४ (घ), (ङ) र (च) को कसूरमा ऐ. ऐनको दफा १४(१) (छ) (२) बमोजिम सजाय हुन र प्रतिवादीहरू रत्नबहादुर के.सी. र प्रकाश अवालेलाई ऐ. ऐनको दफा १६ बमोजिम थप सजाय समेतको मागदाबी लिई अभियोगपत्र दायर भएकोमा प्रतिवादी भूपाल स्याङ्तान र अजिजुल मिया अन्सारीलाई मागदाबी बमोजिम ऐ. ऐनको दफा १४(१)(छ)(२) बमोजिम दस वर्ष कैद र पचहत्तर हजार जरिवाना, प्रतिवादी प्रकाश अवालेलाई ऐ. ऐनको दफा १४(१)(ङ) बमोजिम एक वर्ष कैद र ऐ. दफा १६ बमोजिम थप नौ महिना कैद र पाँच हजार जरिवाना, प्रतिवादी रत्नबहादुर के.सी.को हकमा ऐ. १७ नं. बमोजिम ऐ. ऐनको दफा १४(१)(छ)(२) ले हुने सजायको आधा पाँच वर्ष कैद र सैतीस

हजार पाँच सय जरिवाना र ऐ. १६ नं. ले थप एक महिना कैद र एक हजार जरिवाना गर्ने गरी काठमाडौं जिल्ला अदालतबाट मिति २०६६ चैत्र २४ गते भएको निर्णयलाई तत्कालीन पुनरावेदन अदालत पाटनबाट सदर हुने गरी निर्णय भएकोमा प्रतिवादीहरू रत्नबहादुर केसीलाई मागदाबी विपरीत ऐ. १७ नं. बमोजिम ऐ. ऐनको दफा १४(१)(छ)(२) ले हुने सजायको आधा सजाय र प्रकाश अवालेलाई ऐ. ऐनको दफा १४(१)(ङ) बमोजिम सजाय गरेको निर्णय उपर यी दुई प्रतिवादीको हकमा नेपाल सरकारको सम्मानित अदालत समक्ष मिति २०७०।०८।२५ मा पुनरावेदन परी विचाराधीन रहेको अवस्था छ ।

(३) मुद्दाको उठेको कानुनी प्रश्नः दुवै मुद्दाका प्रतिवादीहरू मध्ये केही प्रतिवादीलाई दस वर्ष कैद सजाय हुनेगरी तत्कालीन पुनरावेदन अदालतले निर्णय गरेको र उक्त अवस्था न्याय प्रशासन ऐन, २०४८ (हालको २०७३) को दफा ९(१)(ख) को अवस्था हुँदा सम्मानित सर्वोच्च अदालतमा पुनरोदनको रोहबाट सुनुवाइका लागि पुनरावेदनपत्र दायर भई विचाराधीन अवस्थामा रहेकोमा सम्मानित इजलासबाट यी दुवै मुद्दामा केही प्रतिवादीहरूलाई दस वर्ष भन्दा कम सजाय भएबाट ती प्रतिवादीहरूको हकमा दोहोऱ्याइ पाउने निवेदन मार्फत आउनु पर्ने वा पुनरावेदन नै आउने हो भन्ने कानुनी प्रश्न उपस्थित भएको भनी सो विषयमा केन्द्रित भई बहस नोट माग गरिएको हुँदा यहाँ तथ्यगत प्रश्न र लागू औषधको मूल मुद्दामा प्रतिवादीहरूको कार्य र सजाय हुनुपर्ने सम्बन्धमा उल्लेख नगरी क्षेत्राधिकार सम्बन्धी कानुनी प्रश्नमा सीमित भई बहस नोट प्रस्तुत गरिएको छ ।

## ४. सर्वोच्च अदालतको पुनरावेदन तथा दोहोऱ्याउने निवेदन हेर्ने क्षेत्राधिकार सम्बन्धी कानुनी व्यवस्था

४.१ **संवैधानिक व्यवस्थाः** संविधानको धारा १३३ को उपधारा ४ मा यस संविधानको अधीनमा रही सर्वोच्च अदालतलाई संघीय कानूनमा व्यवस्था भए बमोजिम मुद्दाको शुरु कारबाही र किनारा गर्ने, पुनरावेदन सुन्ने, साधक जाँच्ने, मुद्दा दोहोऱ्याउने, निवेदन सुन्ने वा आफ्नो फैसला वा अन्तिम आदेशको पुनरावलोकन गर्ने अधिकार हुने व्यवस्था गरिएको छ ।

४.२ **कानुनी व्यवस्थाः** न्याय प्रशासन ऐन, २०७३ को दफा ९ सर्वोच्च अदालतको पुनरावेदन सुन्ने अधिकारको व्यवस्था गरिएको छ जुन निम्न प्रकार रहेको छः

(क) दफा ८ को उपदफा (२) बमोजिम उच्च अदालतले शुरू कारबाही र किनारा गरेको मुद्दा,

(ख) उच्च अदालतबाट दश वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दा,

(ग) तीन वर्षभन्दा बढी कैदको सजाय वा पाँच लाख रूपैयाँभन्दा बढी जरिवाना वा पच्चीस लाख रूपैयाँ भन्दा बढी विगो भएको मुद्दामा शुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर उच्च अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा आंशिक वा पूरै बदर गरेको मुद्दा, र

(घ) संघीय कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने अन्य मुद्दा ।

२) सर्वोच्च अदालतमा साधक पेश भएको मुद्दामा समेत सर्वोच्च अदालतलाई पुनरावेदन सुन्ने अधिकार हुनेछ ।

यसैगरी सोही ऐनका दफा १२ मा सर्वोच्च अदालतलाई मुद्दा दोहोऱ्याई हेर्ने सम्बन्धी व्यवस्था गरिएको छ । जुन निम्न अनुसार रहेको छ : (१) यो ऐन वा प्रचलित कानून बमोजिम सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दामा उच्च अदालतले गरेको फैसला वा अन्तिम आदेश सर्वोच्च अदालतले देहायका अवस्थामा दोहोऱ्याई हेर्न सक्नेछ :-

(क) उच्च अदालतको फैसला वा अन्तिम आदेशमा गम्भीर संवैधानिक वा कानूनी त्रुटी भएको,

ख) सर्वोच्च अदालतबाट स्थापित कानूनी सिद्धान्त वा नजिरको पालन नगरेको वा गलत किसिमले व्याख्या गरी प्रयोग गरेको,

(ग) सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवाद समावेश भएको मुद्दामा मिसिल संलग्न प्रमाणको उचित मूल्याङ्कन नभएको कारणले सरकारी वा सार्वजनिक सम्पत्ति हिनामिना भएको वा त्यस्तो सम्पत्तिमा क्षति पुगेको, वा

(घ) बालक, महिला, अपाङ्गता भएका व्यक्ति, मानसिक रोगबाट पीडित वा पचहत्तर वर्ष उमेर पूरा गरेको व्यक्तिको उचित प्रतिनिधित्व हुन नसकी इन्साफमा तात्विक असर गरेको ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका मुद्दा दोहोऱ्याई हेरिने छैन :-

(क) सर्वोच्च अदालतबाट एक पटक दोहोऱ्याई हेरिसकेको,

(ख) दफा ८ को उपदफा (३) को खण्ड (ख) बमोजिम उच्च अदालतबाट पुनरावेदन सुनी निर्णय भएको ।

(३) उच्च अदालतबाट मुद्दा फैसला भएको थाहा पाएको मितिले पैंतालीस दिनभित्र त्यस्तो निर्णय गर्ने उच्च अदालत मार्फत वा सर्वोच्च अदालतमा मुद्दा दोहोऱ्याई हेर्नको लागि निवेदन दिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिम दिने निवेदन साथ तोकिए बमोजिमका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम पर्न आएको निवेदनमा उपदफा (१) को अवस्था विद्यमान रहे वा नरहेको हेरी अनुमति प्रदान गर्ने वा नगर्ने आदेश संयुक्त इजलासबाट हुनेछ ।

(६) उपदफा (५) बमोजिम अनुमति प्रदान गरिएमा त्यसरी अनुमति प्रदान गर्ने न्यायाधीश र पहिला फैसला गर्ने न्यायाधीश बाहेकको अन्य न्यायाधीशको इजलासबाट त्यस्तो निवेदन उपर सुनुवाई गर्नु पर्नेछ ।

प्रस्तुत मुद्दाहरू हालको न्याय प्रशासन ऐन, २०७३ बमोजिम पुनरावेदनपत्रको रूपमा दर्ता भएको नभई न्याय प्रशासन ऐन, २०४८ को दफा ९ बमोजिम दर्ता भएको देखिन्छ । २०७३

भन्दा अगाडिको पुनरावेदन सम्बन्धी कानुनी व्यवस्था हेर्दा न्याय प्रशासन ऐन, २०४८ को दफा ९ मा सर्वोच्च अदालतको पुनरावेदन सुन्ने अधिकारको व्यवस्था गरिएको छ जुन निम्न प्रकार रहेको छ :

(क) पुनरावेदन अदालतले सुरु कारबाही र किनारा गरेको मुद्दा,

(ख) दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा,

(ग) तीन वर्ष वा सो भन्दा बढी कैदको सजाय, पच्चीस हजार रूपैयाँ वा सो भन्दा बढी जरिवाना, पचास हजार रूपैयाँ वा सो भन्दा बढी विगो भएको वा विगो नखुलेको मुद्दामा सुरु अदालत, निकाय वा अधिकारीले गरेको निर्णय उपर पुनरावेदन अदालतले पुनरावेदनको रोहमा निर्णय गर्दा केही वा पूरै उल्टी भएको मुद्दा,

यी दुवै न्याय प्रशासन ऐनमा भएका (न्याय प्रशासन ऐन, २०४८ र न्याय प्रशासन ऐन, २०७३) कानुनी व्यवस्था हेर्दा ऐनको दफा ९(१) (ख) को कानुनी प्रावधानमा कुनै फेरवदल भएको पाइदैन । यसबाट पुनरावेदन वा दोहोर्‍याई पाउने निवेदन मध्ये कुन कानुनी उपचार खोज्ने भन्ने यस मुद्दाबाट उठान भएको भनिएको कानुनी प्रश्न हाल कानुनमा संशोधन भएर देखिएको पाइदैन ।

५. **निर्णायक प्रश्नः–** माथि उल्लेख गरिएको मुद्दाको तथ्यगत व्यहोरा र अदालतबाट भएको निर्णय समेतका आधारमा वर्तमान कानूनी व्यवस्था अनुसार यस मुद्दा र यस्तै प्रकृतिका अन्य मुद्दा पुनरावेदन वा दोहोर्‍याई पाउने निवेदनबाट सर्वोच्च अदालतमा सुनुवाइ गरिनु पर्ने भन्ने मूलभूत प्रश्नमा निर्णय दिनु पर्ने देखिन्छ ।

६. **पुनरावेदन तथा दोहोर्‍याई पाउने निवेदन सम्बन्धी सैद्धान्तिक पक्ष**

६.१. **पुनरावेदनको क्षेत्राधिकार सम्बन्धी सैद्धान्तिक पक्षः–** कुनै मुद्दामा तल्लो अदालत, निकाय वा अधिकारीले गरेको निर्णय र अन्तिम आदेश उपर चित्त नबुझ्ने पक्षले आफुलाई चित्त नबुझेका कुरामा सो को सुधार वा उल्टीका लागि सो भन्दा माथिल्लो सक्षम अदालत वा निकाय समक्ष गरिने आवेदन पुनरावेदन हो । Black's law Dictionary का अनुसार Appeal is a complaint to a superior court of an error or injustice committed by a lower court in which the error or injustice is sought to be corrected or reversed. (तल्लो तहका अदालत वा न्यायिक अधिकारीद्वारा गरिएको त्रुटीपूर्ण निर्णय वा अन्याय सुधार्नका लागि वा उल्ट्याउनका लागि दिइने निवेदन नै पुनरावेदन हो ।) संक्षेपमा पुनरावेदन भनेको कुनै पनि विवाद बारे सक्षम पदाधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षबाट माथिल्लो निकायमा गरिने याचना हो । पुनरावेदन गर्ने अधिकार कानुनी अधिकार हो । सामान्यतयाः कानुनले पुनरावेदनको अधिकार प्रदान गर्ने अपेक्षा गरिन्छ । तल्लो तहको अदालत वा न्यायिक अधिकारीबाट भएको निर्णय ठीक वेठीक के हो ? भन्ने जाँच्ने कार्य नै पुनरावेदकीय अधिकार हो । पुनरावेदन पक्षको पूर्ण कानूनी अधिकारको रूपमा रहेको हुन्छ । पुनरावेदकीय क्षेत्राधिकार अन्तर्गत अदालतले तल्लो तहको अदालतबाट भएको फैसला तथ्य र कानूनी दुवै प्रश्नमा विचार गर्न सक्दछ । पुनरावेदन शुरुको फैसला उपर एक तह माथिको अदालतमा सुनुवाइको लागि दिइन्छ ।

एक तह पुनरावेदन गर्न पाउने कुरालाई अधिकारकै रूपमा प्रायजसो कानुन प्रणालीमा स्वीकारिएको छ । मानवीय त्रुटि हुन सक्ने कुरालाई आत्मसात गरी त्रुटि सच्याउनु पुनरावेदनको मुख्य उद्देश्य हो । न्याय प्रशासन ऐन, २०७३ को दफा १४ मा पुनरावेदन सुन्ने अदालत र साधक जाँच्ने अदालतलाई देहाय बमोजिमको अधिकार हुने उल्लेख गरिएको छ :-

(क) मातहतका अदालत, निकाय वा अधिकारीको निर्णय सदर वा आंशिक वा पूरै बदर गर्ने,

(ख) मातहतका अदालत, निकाय वा अधिकारीले गर्न पाउने फैसला वा अन्तिम आदेश गर्ने,

(ग) मुद्दामा इन्साफ गर्नुपर्ने प्रश्नसँग सम्बद्ध प्रमाण मातहतका अदालत, निकाय वा अधिकारीले बुझ्न छुटाएको रहेछ भने आफैंले बुझ्ने वा मुद्दाको लगत कायमै राखी ती प्रमाणहरू बुझ्न मिसिल तल्लो अदालत, निकाय वा अधिकारीसमक्ष पठाउने,

(घ) मातहतका अदालत, निकाय वा अधिकारीले मुद्दामा निर्णय गर्नुपर्ने प्रश्नमध्ये केहीमा निर्णय गरी र केहीमा निर्णय नगरी फैसला गरेको रहेछ भने मनासिब समय तोकी बाँकी प्रश्नको समेत निर्णय गरी मुद्दा किनारा गर्नु भनी मिसिल सम्बन्धित अदालत, निकाय वा अधिकारी समक्ष पठाउने ।

६.२. **मुद्दा दोहोऱ्याई हेर्ने** (Revision) **क्षेत्राधिकार सम्बन्धी सैद्धान्तिक पक्षः** मुद्दा दोहोऱ्याई हेर्ने अधिकारक्षेत्र नितान्त सर्वोच्च अदालतको अधिकारक्षेत्रको रूपमा मात्र रहेको छ । यस अधिकारक्षेत्रबाट तल्लो निकायले हेरी अन्तिम भएको मुद्दा पुनः हेर्नु, पुनरावेदनको बाटो बन्द भैसकेका मुद्दा निश्चित शर्त खाश गरी कानुनी त्रुटी, सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तको उल्लंघन, सरकारी वा सार्वजनिक सम्पत्ति सम्बन्धी विवादमा कानुनी सिद्धान्तको उल्लंघन वा गलत व्याख्या र बालक महिला, अपांगता भएका व्यक्ति, मानसिक रोगबाट पीडित व्यक्ति वा ७५ वर्ष नाघेका जेष्ठ नागरिकको उचित प्रतिनिधित्व नभएको कारण इन्साफमा तात्विक असर परेको मुद्दा जस्ता शर्त भित्र रही हेर्नु दोहोऱ्याउनु हो । सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने अवस्थाका मुद्दाहरूमा मात्र दोहोऱ्याई हेर्न सकिने हुन्छ । दोहोऱ्याई हेर्ने निस्सा नदिन कुनै आधार कारण दिई रहनु पर्दैन । दोहोऱ्याउने आदेश गर्नका लागि मात्र आधार कारण आवश्यक हुन्छ । दोहोऱ्याउने निवेदन संयुक्त इजलासबाट हेरिन्छ र दोहोऱ्याई हेर्ने आदेश भएमा मात्र पुनरावेदनको रूपमा दर्ता हुन्छ । यो पक्षको शर्तयुक्त अधिकार हो । सर्वोच्च अदालतको Supervisory Jurisdiction का रूपमा यो रहेको हुन्छ । यस अन्तर्गत तलको फैसला दोहोऱ्याई जाँच गरिन्छ । समग्र मुद्दाको तथ्य भित्र प्रवेश गरिँदैन । निवेदन आधारयुक्त भएमा मात्र मुद्दा दर्ता हुन्छ । दोहोऱ्याउने निवेदनमा निस्सा पाउनका लागि कानूनमा तोकिए अनुसारका

स्पष्ट आधार र कारण आवश्यक पर्दछ ।

## ७. पुनरावेदन र मुद्दा दोहोऱ्याई पाउने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतबाट भएका फैसला आधारहरू

सम्मानित सर्वोच्च अदालतबाट पुनरावेदन तथा दोहोऱ्याउने निवेदनको क्षेत्राधिकार समेतका सन्दर्भमा महत्वपूर्ण निर्णयहरू यहाँ उद्धृत गरिएको छ :

७.१ रामजीप्रसाद गुप्तासमेत विरुद्ध जयप्रसाद अधिकारीको मु.स. गर्ने छोरा प्रकाशकुमार अधिकारी समेत

- पुनरावेदकीय अधिकार कानूनी अधिकार (Legal Right) हो । त्यस्तो अधिकार कानूनद्वारा नै व्यवस्थित गरिएको हुन्छ । कानूनद्वारा व्यवस्थित गरिएकोले नै यस अधिकारलाई कानूनी अधिकारको रूपमा ग्रहण गरिने ।
- ऐनले नै पुनरावेदनसम्बन्धी विषेश व्यवस्था गरी सो ऐन अन्तर्गतका कुन दफा अन्तर्गतको के कस्तो निर्णय उपर पुनरावेदन लाग्ने भनी विधायिकाले प्रष्ट सीमा रेखा कोरिदिएको अवस्थामा सो ऐनमा पुनरावेदन लाग्न सक्ने भनी छुट्याएको विषयवस्तु भन्दा बढी कुरामा पुनरावेदन लाग्न नसक्ने ।
- ऐनले नै कति कुरामा पुनरावेदन कहाँ लाग्ने हो भनी किटानी व्यवस्था गरिरहेको अवस्थामा सो भन्दा बाहेकका पुनरावेदन लाग्ने नभनिएको कुरामा समेत न्याय प्रशासन ऐन, २०४८ को दफा ८ पक्री पुनरावेदन लाग्न सक्छ भनी अर्थ गर्न नमिल्ने ।
- मालपोत ऐन, २०३४ को पाँचौं सशोधन पूर्वको दफा २४(४) बमोजिम मालपोत कार्यालय मोरङ्गले दर्ता बदर गर्ने गरेको निर्णय उपर पुनरावेदन अदालतमा पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्थाको अभावमा पनि पुनरावेदन सुनी पुनरावेदन अदालतले गरेको निर्णय कानून अनुरूपको देखिन नआउने ।

७.२ श्री ५ को सरकार वि. किर्तीबहादुर चन्द समेत, मुद्दाः लागू औषध (पूर्ण इजलास)

- ऐन कानूनको व्याख्या गर्दा समन्वयात्मक किसिमबाट गर्नुपर्ने भन्ने व्याख्याको मान्य सिद्वान्त हुनाले ऐनको व्याख्या गर्दा कार्यविधिगत पक्षलाई जटिल बनाउने र असामञ्जस्यपूर्ण हुने हिसावबाट व्याख्या गर्न नहुने ।
- ऐनको शव्दले स्पष्ट नबोलेको अवस्थामा पक्षको सुविधामा प्रतिकूल असर पर्ने ढंगले समेत व्याख्या गर्नु नहुने ।
- न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को "दश वर्ष भन्दा बढी कैदको सजाय भएको" मुद्दा भन्ने वाक्यांशलाई व्यक्तिलाई दश वर्ष कैद भएको अवस्थामा यस्तो व्यक्तिको हकमा मात्र पुनरावेदन लाग्ने हो भनी व्यक्तिलाई भएको कैदलाई पुनरावेदनको मापदण्ड बनाउने हो भने कुनै मुद्दामा धेरै प्रतिवादीहरू भई कसैलाई १० वर्ष भन्दा बढी कैद सजाय ठहर भएको र कसैलाई १० वर्ष भन्दा कम कैद सजाय ठहर भएकोमा एकै मुद्दामा प्रतिवादीहरूले आफूलाई भएको सजायलाई हेरी १० वर्ष वा वढी कैद भएकाले पुनरावेदन

गर्नुपर्ने र सो भन्दा मुनि कैद भएको प्रतिवादीले दोऱ्होयाई पाउं भन्ने निवेदन दिनुपर्ने ।

- अतः एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले समेत दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक समेत हुने ।

७.३ नेपाल सरकार वि. ज्योती राई, मुद्दाः मानव बेचबिखन

- न्याय प्रशासन सम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्न बनेको ऐन, २०६७ द्वारा संशोधित न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ग) को कानूनी व्यवस्था अनुसार शुरु अदालत, निकाय वा अधिकारीबाट तीन वर्षभन्दा कम सजाय गरेको र पुनरावेदन अदालतले सो सजाय उल्टी वा केही उल्टी गरेको अवस्थामा पुनरावेदन अदालतको उक्त फैसलाउपर यस अदालतमा पुनरावेदन लाग्न नसक्ने ।
- पुनरावेदन अदालतबाट वादी र प्रतिवादीहरूमध्ये ज-जसको हकमा एकैपटक फैसला भएको छ सो आधारमा एकैचोटि फैसला भएकाको हकमा यस अदालतमा पुनरावेदन लाग्ने र नलाग्ने निष्कर्ष निकाल्नु पर्दछ भन्ने न्याय प्रशासन ऐन २०४८ को दफा ९ को मनसाय भएकाले भविष्यमा के कस्तो होला भन्ने अनुमानको आधारमा अमुक प्रकारको निष्कर्ष निकाल्न नमिल्ने ।

**८. देहायका आधार कारणबाट प्रस्तुत मुद्दा पुनरावेदनको रोहमा सम्मानित सर्वोच्च अदालतबाट सुनुवाइ हुने मुद्दा भएको व्यहोरा निवेदन गर्दछु ।**

(क) प्रस्तुत दुवै मुद्दामा प्रतिवादीहरू मध्ये केही प्रतिवादीहरूका हकमा दस वर्ष भन्दा बढी कैद सजाय र जरिवाना समेत तथा केही प्रतिवादीहरूका हकमा दस वर्ष भन्दा कम सजाय भएको सुरु निर्णय तत्कालीन पुनरावेदन अदालतबाट सदर भएको अवस्था छ । यस अवस्थामा दस वर्ष वा सो भन्दा बढी कैद सजाय भएका प्रतिवादीहरूको हकमा मुद्दा पुनरावेदनको रोहबाट र दस वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरूका हकमा दोहोऱ्याई पाउने निवेदनको रोहबाट सम्मानित सर्वोच्च अदालतमा पेश गर्नुपर्ने हो कि भन्ने सबालमा कानुनी व्यवस्था हेर्दा न्याय प्रशासन ऐन, २०४८ र हालको न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को उपदफा (१) को खण्ड (ख) मा "दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा" उल्लेख भएको र कसूरको गाम्भीर्यताका आधारमा सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने गरी व्यवस्था गरिएको र उक्त कानुनी व्यवस्थामा "दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा" शब्द भएको हुँदा एउटै मुद्दामा एकैसाथ सम्मानित सर्वोच्च अदालतमा कुनै प्रतिवादीको हकमा पुनरावेदन र कुनै प्रतिवादीका हकमा दोहोऱ्याई पाउने निवेदन मार्फत सुनुवाइ गर्ने भन्ने अर्थ गर्न मिल्ने देखिदैन । यसरी अलग अलग क्षेत्रधिकारबाट सुनुवाइ गर्ने विधायिकी मनसाय पनि होइन । सम्मानित अदालतबाट भएका माथि उल्लेखित सिद्धान्तबाट समेत व्यक्ति विशेष नभएर मुद्दालाई हेर्नुपर्ने भन्ने  स्थापित भई आएको छ । कानुनमा "मुद्दा" भन्ने शब्दको प्रयोग भएबाट पक्षका आधारमा मुद्दाको सुनुवाइ अलग अलग गर्ने नभई दस वर्ष वा सो भन्दा बढी कैद सजाय भएको मुद्दालाई पुनरावेदनको रोहबाट सुनुवाइ गर्ने गरी व्यवस्थित गरिएको छ । यदि पक्षलाई अलग अलग कैद सजाय भएका आधारमा पुनरावेदन र

दोहोऱ्याउने निवेदन गरी अलग अलग उपचारको बाटो जानु पर्ने भन्ने विधायिकाको मनसाय रहन्थ्यो भने कानुनमा "मुद्दा" भन्ने शव्दको सट्टामा "पक्ष" वा "व्यक्ति" भन्ने शव्दको प्रयोग हुने थियो । सो नभनी मुद्दा भन्ने उल्लेख भएको कारणबाट एउटै मुद्दामा एकै समयमा पुनरावेदन तथा मुद्दा दोहाऱ्याउने गरी अलग अलग क्षेत्राधिकारबाट मुद्दाको सुनुवाइ गर्ने गरी कानुनी व्यवस्था नगरिएको र हालसम्मको हाम्रो न्यायिक अभ्यास समेत नभएबाट प्रस्तुत मुद्दा र यस्तै प्रकृतिका अन्य मुद्दाहरू समेत पुनरावेदनको रोहबाट सुनुवाइ गरी निरूपण हुने प्रकृतिका मुद्दा भएको व्यहोरा सादर निवेदन गरिन्छ ।

(ख) पुनरावेदनको अधिकार पक्षको अधिकारको रूपमा लिइन्छ । पुनरावेदनको रोहबाट मुद्दाको सुनुवाइ गर्दा तल्लो तहको अदालत वा न्यायिक अधिकारीबाट भएको निर्णय ठीक वेठीक हेरी जाँची निर्णय गर्ने अधिकार रहन्छ । यो न्यायिक निकायको नियमित कार्य हो । निर्णयमा हुने त्रुटि, गल्ति सुधार गर्न र पक्षलाई सही न्याय प्रदान गर्न पुनरावेदनको निवेदन दिने हक पक्षलाई र सुनुवाइ गर्ने निकायको व्यवस्था गरिएको हुन्छ । यो क्षेत्राधिकार सर्वोच्च अदालत लगायत अन्य अदालत समेतलाई रहेको हुन्छ । यसका लागि कानुनले नै प्रष्ट उल्लेख गरी क्षेत्राधिकार दिनु पर्दछ । तर मुद्दा दोहोऱ्याई हेर्ने क्षेत्राधिकार माथिल्लो अदालतलाई मात्र हुन्छ । यस अधिकारक्षेत्रबाट तल्लो निकायले हेरी अन्तिम भएको मुद्दा पुनः हेर्नु, पुनरावेदनको बाटो बन्द भैसकेका मुद्दा हेर्नु दोहोऱ्याउनु हो । सर्वोच्च अदालतमा पुनरावेदन नलाग्ने मुद्दाहरूमा निश्चित शर्तको आधारमा दोहोऱ्याई हेर्न सकिने हुन्छ । दोहोऱ्याई हेर्ने अवस्था देखिएमा अदालतले आधार कारण सहित निस्सा दिने र निस्साको आदेश भएमा पुनरावेदनमा दर्ता हुन्छ । यो पक्षको शर्तयुक्त अधिकार हो । सर्वोच्च अदालतको Supervisory Jurisdiction का रूपमा यो रहेको हुन्छ । यसरी हेर्दा पुनरावेदन र दोहोऱ्याई पाउने निवेदनको आधार, क्षेत्राधिकार र सुनुवाइ गर्ने प्रकृया नै फरक रहेको हुन्छ । तल्ला तहबाटै मुद्दाको अन्तिम रूप प्रदान गर्न, ससाना प्रकृतिका मुद्दाहरू सर्वोच्च अदालत समक्ष नल्याई कार्य बोझ कम गर्ने उद्देश्यले सीमित मुद्दाहरूलाई पुनरावेदनको बाटो बन्द गरिएको अवस्थामा दोहोऱ्याई पाउने निवेदनको सिमित र शर्तयुक्त अवस्थामा मार्ग खुल्ला गरिएको हो । यसको अर्थ दुई तहबाट सुनुवाइ भएका सबै मुद्दालाई सर्वोच्च अदालतमा पुनरावेदन गर्न रोकिएको अवस्था होइन । मुद्दाको गाम्भीर्यता र त्यस मुद्दामा भएको सजायको आधारमा सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरिएको छ । यस आधारमा दस वर्ष वा सो भन्दा बढी कैद सजाय भएको मुद्दा आफैमा गम्भीर प्रकृतिको मुद्दा भएको आधारमा सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने व्यवस्था गरिएको हो । यसभित्र कुन पक्षलाई कति सजाय गरिएको छ भनी अलग्याएर क्षेत्राधिकार फरक फरक गर्ने हो भन्ने विधायिकाको मनसाय होइन । त्यसरी एकै मुद्दालाई एकै पटक अलग अलग क्षेत्राधिकारबाट सुनुवाइ गर्न न्यायोचित र व्यावहारिक पनि नहुने हुँदा प्रस्तुत मुद्दाका सबै पक्षको सुनुवाइ पुनरावेदनको रोहबाट हुनुपर्ने कानुनी व्यवस्था र अभ्यासबाट प्रष्ट हुन्छ ।

(ग) कानुनमा प्रष्ट व्यवस्था गरिएकोमा बाहेक कानुनको प्रयोग गर्दा पक्षको हित र सुविधा हेरी व्याख्या गरिनु पर्दछ । यसै सन्दर्भमा सम्मानित सर्वोच्च अदालत (पूर्ण इजलास) बाट श्री ५ को सरकार वि. किर्तीबहादुर चन्द समेत, मुद्दाः लागू औषध भएको मुद्दामा न्यायप्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ख) को कानुनी

व्यवस्थालाई व्याख्या गर्दै "न्याय प्रशासन ऐनको दफा ९(१)(ख) को "दश वर्ष भन्दा बढी कैदको सजाय भएको" मुद्दा भन्ने वाक्यांशलाई व्यक्तिलाई दश वर्ष कैद भएको अवस्थामा यस्तो व्यक्तिको हकमा मात्र पुनरावेदन लाग्ने हो भनी व्यक्तिलाई भएको कैदलाई पुनरावेदनको मापदण्ड बनाउने हो भने कुनै मुद्दामा धेरै प्रतिवादीहरू भई कसैलाई १० वर्ष भन्दा बढी कैद सजाय ठहर भएको र कसैलाई १० वर्ष भन्दा कम कैद सजाय ठहर भएकोमा एकै मुद्दामा प्रतिवादीहरूले आफूलाई भएको सजायलाई हेरी १० वर्ष वा वढी कैद भएकाले पुनरावेदन गर्नुपर्ने र सो भन्दा मुनि कैद भएको प्रतिवादीले दोऱ्होयाई पाउँ भन्ने निवेदन दिनुपर्ने" अवस्था आउने उल्लेख गर्दै "एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले समेत दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक समेत हुने" भनी न्यायप्रशासन ऐन, २०४८ को दफा ९(१)(ख) को व्याख्या गरेको छ । प्रस्तुत निर्णय सम्मानित सर्वोच्च अदालत पूर्ण इजलासबाट निर्णय भएको, न्यायप्रशासन ऐन, २०४८ को दफा ९ र हालको दफा ९ मा एउटै व्यवस्था भएको र हालसम्म प्रस्तुत कानुनको व्याख्यामा रुलिङ बाझिएको वा भिन्न निर्णय भई आएको देखिदैन । यसरी कानुनमा प्रष्ट मुद्दाको रूपमा पुनरावेदन लाग्ने व्यवस्था गरिएको र सम्मानित सर्वोच्च अदालतबाट सोही अनुसारको व्याख्या समेत भएको अवस्थामा सो कानुनको प्रयोगमा अन्यथा गर्नुपर्ने अवस्था देखिदैन ।

(घ) न्याय प्रशासन ऐन, २०४८ र हालको न्याय प्रशासन ऐन, २०७३ को दफा ९ को उपदफा (१) को खण्ड (क), (ख) र (ग) तीन वटैमा पक्षका आधारमा पुनरावेदन लाग्ने नलाग्ने व्यवस्था गरिएको नभई मुद्दाका आधारमा पुनरावेदन लाग्ने नलाग्ने व्यवस्था गरिएको छ । ती व्यवस्थाहरूमा कुनै पनि खण्डमा पक्ष वा व्यक्तिका आधारमा नभई मुद्दाका आधारमा पुनरावेदन लाग्ने वा नलाग्ने व्यवस्था गरेको छ । सम्मानित सर्वोच्च अदालतले पनि कुनै पक्ष पुनरावेदनमा जाने र कुनै पक्ष दोहोऱ्याई पाउने निवेदनमा जाने कानुनी व्यवस्था नभएको भन्ने स्पष्ट पारेको अवस्थामा स्पष्टतः कानुनी समस्या र द्विविधाजनक अवस्था समेत नभएको अवस्थामा क्षेत्राधिकारको प्रश्न उठाउन पर्ने गुञ्जायस नदेखिएको व्यहोरा सादर निवेदन गर्दछु ।

(ङ) न्याय प्रशासन ऐन, २०४८ को दफा ९ को उपदफा (१) को खण्ड (ख) मा रहेको कानुनी व्यवस्था "दस वर्ष वा सो भन्दा बढी कैदको सजाय भएको मुद्दा" मा सारभूत रूपमा परितर्वन वा संशोधन भएको छैन । यसैगरी हालको न्याय प्रशासन ऐन, २०७३ मा समेत सो व्यवस्थामा कुनै परिवर्तन नभएको र सोही कानुनी व्यवस्थालाई सम्मानित सर्वोच्च अदालतबाट श्री ५ को सरकार वि. किर्तीबहादुर चन्द समेत भएको मुद्दामा पूर्ण इजालसबाट व्याख्या भई "एउटा मुद्दामा कुनै प्रतिवादीलाई १० वर्ष भन्दा बढी कैदको सजाय भएको अवस्थामा १० वर्ष भन्दा कम कैद सजाय भएका प्रतिवादीहरूले समेत दफा ९(१)(ख) बमोजिम पुनरावेदन गर्नु पर्दछ भन्ने निष्कर्ष नै न्यायोचित तर्कसंगत र सुविधाजनक समेत हुने" भनी स्पष्ट उल्लेख गरेकोमा त्यसपछि यही कानुनी व्यवस्थालाई पुनः सम्मानित सर्वोच्च अदालतबाट अन्यथा हुने गरी कानुनी व्याख्या नभएको अवस्था समेत हुँदा पूर्ववत् कानुनी व्यवस्थाका आधारमा सम्मानित सर्वोच्च अदालतको पूर्ण

इजलासबाट प्रतिपादित सिद्धान्तलाई कानुनमा अन्यथा परिवर्तन नभएसम्म कानुनको रूपमा नै मान्नुपर्ने हामीले अवलम्बन गरेको कानुनी प्रणाली र नेपालको संविधानमा गरिएको "मुद्दा मामिलाका रोहमा सर्वोच्च अदालतले गरेको संविधान र कानूनको व्याख्या वा प्रतिपादन गरेको कानूनी सिद्धान्त सबैले पालन गर्नु पर्ने" संवैधानिक व्यवस्थाबाट स्पष्ट हुन्छ । यसैगरी नजिरको पालन गर्नुपर्ने सम्बन्धमा सम्मानित सर्वोच्च अदालतको पूर्ण इजालसबाट (नौ जनाको बृहत् इजलास) मानबहादुर सुनार वि. कर कार्यालय महेन्द्रनगर कंचनपुर समेत भएको मुद्दामा पूर्व निर्णय भएको मुद्दामा "प्रतिपादित नजिरहरूलाई मान्यता दिनुपर्ने सिद्धान्त हाम्रो संविधानले स्पष्ट रूपमा स्वीकार गरेको र हाम्रो परम्परामा सो सिद्धान्तले मान्यता प्राप्त गरी आएका" । अदालतले गरेका पूर्व निर्णयहरूबाट निश्चित रूपमा स्थापित भइसकेका कानूनी सिद्धान्त आफै पनि कानून सरह हुन्छ । एकै सिसिमको कानूनी प्रश्न समावेश भएको अलग अलग मुद्दाहरूमा कानूनको अलग अलग व्याख्या भएर वा अलग अलग सिद्धान्तहरू प्रतिपादन भएर न्यायिक अराजकताको स्थिति उत्पन्न नहोस् भन्ने उद्देश्यले एकरूपता कायम गर्न नजिरको सिद्धान्त अपनाइएको हुन्छ । सो सिद्धान्तको पालन भएमा कानून र कानूनी सिद्धान्त निश्चित हुन्छ । त्यसको बेवास्ता भएमा कानूनको व्याख्यामा अन्योलको स्थिति उत्पन्न हुने संभावना हुन्छ । यस्तो न्यायिक अन्यौलता हटाउनु यस अदालतको कर्तव्य र अन्तरनिहित अधिकार भएको हुँदा आफ्ना पूर्वमान्य कानूनी सिद्धान्त वा व्याख्यालाई अनुशरण गर्नु न्यायिक अनुशासनमा रहनु हो । "कुनै पनि विवादको निरोपण गर्दा वा विवादमा उठेको प्रश्नको निरोपण गर्दा पूर्व निर्णयहरूलाई बढी होशियारीसाथ गम्भीर भई न्यायिक विचारधाराबाट उत्प्रेरित भई न्यायिक दृष्टिकोणबाट विश्लेषण र विवेचना हुनु पर्दछ । किनकी त्यस्ता पूर्व नजिरहरू बाध्यात्मक प्रकृतिका हुन्छन्" भनी उल्लेख गरेको छ । पूर्ण इजलासको यस निर्णयले नजिरको पालनाले कानुनको पालनामा एकरूपता हुने र अन्यौलता नरहने मात्र नभई यसले न्यायिक अनुशासन समेत कायम राख्न मद्दत पुग्दछ भनी स्पष्ट पारेको छ । सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्त र कानुनी व्यवस्थाका आधारमा समेत प्रस्तुत मुद्दाहरू र यस प्रकृतिका अन्य मुद्दाहरूमा सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन लाग्ने स्पष्ट भइरहेको छ ।

अतः उल्लेखित कानुनी व्यवस्था तथा सम्मानित सर्वोच्च अदालतबाट प्रतिपादित सिद्धान्तबाट एउटै मुद्दामा एकै पटक कुनै पक्ष पुनरावेदनमा र कुनै पक्ष दोहोऱ्याउने निवेदन मार्फत सुनुवाइको लागि जाने अवस्था नरहने हुँदा प्रस्तुत मुद्दाहरू पुनरावेदनको रोहबाटै सुनुवाइ हुनुपर्ने विषय भएको व्यहोरा सम्मानित अदालतसमक्ष सादर निवेदन गर्दछु ।

**बहसनोट प्रस्तुतकर्ता**
नेपाल सरकारका तर्फबाट,
(सोमकान्ता भण्डारी)
उपन्यायाधिवक्ता
महान्यायाधिवक्ताको कार्यालय, नेपाल

इति सम्वत २०७४ साल भदौ गते रोज शुभम् -------------- ।

# अनुसूचीहरू

(१) महिला तथा बालबालिकासम्बन्धी केन्द्रीय एकाइको स्थापना

(२) सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मपदण्ड, २०७५

# १. महिला तथा बालबालिका सम्बन्धी केन्द्रीय एकाइको स्थापना

महान्यायाधिवक्ताको कार्यालयमा महिला तथा बालबालिका सम्बन्धी केन्द्रीय एकाइको स्थापना भएको छ । महिला तथा बालबालिका संलग्न हुने सरकारवादी फौजदारी मुद्दाको अनुसन्धान, अभियोजन, बहस पैरवी समेतमा प्रभाकारिता ल्याउन महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समितिको मिति २०७५ जेष्ठ १४ को निर्णयबाट सो निर्णय गरिएको हो । मानव अधिकार संरक्षण, कानूनी राय तथा सुशासन विभाग अर्न्तगत रहने उक्त इकाईमा रही कार्य गर्न यस कार्यालयको उपन्यायाधिवक्ता श्री दुर्गा खड्का र शाखा अधिकृत श्री विना खड्का थापालाई जिम्मेवारी दिइएको छ। साथै उपत्यका स्थित उच्च सरकारी वकील कार्यालय, पाटन, विशेष सरकारी वकील कार्यालय, काठमाडौं, जिल्ला सरकारी वकील कार्यालय, काठमाडौं, ललितपुर, भक्तपुरमा  महिला तथा बालबालिका सेल गठन गरी जिम्मेवारी दिइएको छ । सो केन्द्रीय एकाईको कार्यादेश यस प्रकार रहेको छः

१. महिला तथा बालबालिका संलग्न हुने मुद्दामा अनुसन्धान, अभियोजन तथा बहस पैरवी समेतका कार्यलाई प्रभावकारी रुपमा सम्पन्न गर्ने गराउने सम्बन्धमा केन्द्रीय एकाइको रुपमा आवश्यक सहयोग, समन्वय गर्ने ।

२. अनुसन्धान, अभियोजन तथा मुद्दाको कारवाहीको क्रममा मुद्दामा संलग्न हुन आउने महिला तथा बालबालिकाको मानव अधिकारको संरक्षण, स्वच्छ सुनुवाइ, अपराध पीडितको संरक्षण समेतका सम्वन्धमा भएका कानूनी व्यवस्थाहरूको प्रभावकारी कार्यान्वयन भए, नभएको अनुगमन गर्ने तथा सो सम्वन्धमा आवश्यक अध्ययन अनुसन्धान गर्ने प्रबन्ध गर्ने र देखिएका कमी कमजोरी सुधार गर्न सुझाव दिने ।

३. महिला तथा बालबालिका पीडित भएका मुद्दामा असफलताका कारणहरूको अध्ययन अनुसन्धान गरी देखिएका कमी कमजोरीमा सुधार ल्याउन तथा गर्नु पर्ने सुधारका कदमका विषयमा सुझाव पेश गर्ने एवं सो सम्वन्धमा गर्नु पर्ने सुधारका कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्ने गराउने ।

४. अपराध पीडित तथा साक्षी सहायता निर्देशिका, २०७३ को प्रभावकारी कार्यान्वयन गराउने तथा सोको कार्यान्वयनको अवस्थाको सम्वन्धमा अनुगमन गर्ने, विशेष प्रकृतिका मुद्दामा पक्षहरूको गोपनियता कायम गर्ने सम्वन्धी निर्देशिकाको कार्यान्वयनको अवस्था सम्वन्धमा अनुगमन गर्ने ।

५. अपराध पीडित महिला तथा बालबालिकाको अधिकार संरक्षणको विषयमा विद्यमान कानूनमा भएका विशेष व्यवस्था, राज्यबाट उपलब्ध हुन सक्ने सेवा सुविधाको विषयमा जनचेतना प्रवाह गर्ने कार्यक्रम संचालन गर्ने ।

६. महिला तथा बालबालिकाको न्यायमा पँहुच बढाउनका लागि आवश्यक कार्यक्रम तय गरी कार्यान्वयनमा ल्याउने ।

७. महिला तथा बालबालिकाको न्यायमा पँहुच बढाउनका लागि अन्तर्राष्ट्रिय स्तरमा विकसित

मान्यता, सन्धि, महासन्धिको व्यवस्था, विभिन्न देशमा भएका असल अभ्यास समेतको अध्ययन गरी तत् सम्वन्धमा नेपालको कानून प्रणालीमा गर्नु पर्ने सुधार संशोधन तथा नयाँ कानून निर्माणको विषयमा अध्ययन अनुसन्धान गरी सुझाव पेश गर्ने ।

८. महिला तथा बालबालिका सम्वन्धी मुद्दामा आवश्यक पर्ने विशिष्टीकृत सरकारी वकीलको संख्या आंकलन गरी निजहरूको दक्षता विकास, सीप विकास गरी निजहरूबाट प्रवाह गरिने सेवाको गुणस्तरमा वृद्धि गर्न आवश्यक पर्ने क्षमता विकास कार्यक्रम, समेतका विषयमा आवश्यक समन्वय गर्ने ।

९. महिला तथा बालबालिका संलग्न हुने मुद्दाको अनुसन्धान अभियोजन, सुनुवाइ सम्वन्धी कारवाहीमा तथा अपराध पीडितलाई फैसला कार्यान्वयनमा प्रभावकारी प्रतिनिधित्व गर्न सहजीकरण गर्ने,

१०. सरकार वादी फौजदारी मुद्दामा संलग्न भएका महिला तथा बालबालिकाको अधिकार, हकहित संरक्षणको सम्वन्धमा आवश्यक अन्य कार्य गर्ने । यस्ता मुद्दाको तथ्यांक एकीकृत गरी राख्ने ।

११. महिला तथा बालबालिकाको क्षेत्रमा क्रियाशिल संघ संस्थाहरूसँग निर्दिष्ट लक्ष्यहरू प्राप्तिका लागि नेपाल प्रहरीको महिला तथा बालबालिका सेल लगायतका सरोकारवाला निकायसँग समन्वय गरी सहकार्यका लागि पहल गर्ने ।

१२. सरकारी वकील कार्यालयहरुमा रहेका बाल मैत्री एवम् पीडित मैत्री कक्षको प्रयोग तथा तिनको व्यवस्थापनको अवस्थाका सम्बन्धमा अनुगमन गर्ने गराउने ।

१३. महिला तथा बालबालिका सम्बन्धी मुद्दामा सर्वोच्च अदालतबाट भएका फैसला एवम् आदेशहरु संकलन गरी सम्बद्ध सरोकारवालाहरू समक्ष प्रवाह गर्ने ।

१४. सरकारी वकील कार्यालयमा रहेका पीडित सहायता अधिकृतको विवरण अद्यावधिक गरी आवश्यक सूचना, जानकारीहरू प्रवाह गर्ने ।

१५. अन्य सरकारी वकील कार्यालयहरुमा रहेका महिला तथा बालबालिका सेलसँग समन्वय गर्ने ।

१६. महान्यायाधिवक्ताको कार्यालयबाट तोकिएको अन्य कार्यहरू गर्ने ।

# २. सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५

प्रस्तावना : सरकारी वकीलहरुलाई विशिष्टीकरण गरी सरकारी पक्षको प्रतिनिधित्व र प्रतिरक्षालाई प्रभावकारी बनाउन महान्यायाधिवक्ताको कार्यालयले यो मापदण्ड बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम "सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५" रहेको छ ।

(२) यो मापदण्ड २०७४ साल जेठ १५ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा

(क) "सरकारी वकील" भन्नाले महान्यायाधिवक्ता, नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, जिल्ला न्यायाधिवक्ता, सहायक जिल्ला न्यायाधिवक्ता सम्झनु पर्छ र सो शब्दले नेपाल न्याय सेवा, सरकारी वकील समूहको अधिकृत स्तरको कर्मचारीलाई समेत जनाउँछ ।

(ख) "विशिष्टीकृत सरकारी वकील" भन्नाले यो मापदण्डले निर्धारण गरेको विशेष योग्यता, अनुभव र ज्ञान हासिल गरी दफा ९ बमोजिम सूचीकृत भएको सरकारी वकील सम्झनु पर्छ ।

(ग) "व्यवस्थापन समिति" भन्नाले महान्यायाधिवक्ताको कार्यालयको व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) "प्रशिक्षण प्रदायक निकाय" भन्नाले राष्ट्रिय न्यायिक प्रतिष्ठान, न्याय सेवा तालिम केन्द्र, अभियोजन प्रशिक्षण केन्द्र र यस्तै प्रकृतिका कानून तथा न्याय सम्बन्धी प्रशिक्षण प्रदान गर्ने कानून बमोजिम स्थापित स्वदेशी वा विदेशी निकायलाई समेत जनाउँछ ।

३. **सरकारी वकीलको विशिष्टीकरण गरिनेः** (१) सरकारी वकीलको कार्य सम्पादनलाई प्रभावकारी बनाउन सरकारी वकीलको विशिष्टीकरण गरिनेछ ।

(२) **उपदफा (१) बमोजिम सरकारी वकिलको विशिष्टीकरण गर्दा मूलतः** देहाय बमोजिमको क्षेत्रमा गरिनेछ :-

(क) संवैधानिक कानून,

(ख) सङ्गठित अपराध निवारण सम्वन्धी कानून

(ग) बैंकिङ्ग तथा वाणिज्य कसूर सम्वन्धी कानून,

(घ) कर तथा राजश्व सम्बन्धी कानून,

(ङ) भ्रष्टाचार निवारण सम्वन्धी कानून,

(च) सेवासम्वन्धी कानून

(छ) सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण सम्वन्धी कानून

(ज) विद्युतीय अपराध निवारण सम्वन्धी कानून

(झ) व्यवस्थापन समितिले समय समयमा निर्धारण गरे बमोजिमका अन्य विषयहरु ।

४. **विशिष्टीकरणका लागि योग्यता र अनुभवः** (१) सरकारी वकीलको विशिष्टीकरणका लागि देहायको योग्यता, अनुभव र प्रशिक्षण प्राप्त गरेको हुनु पर्नेछः-

(क) मान्यता प्राप्त विश्वविद्यालयबाट कानूनमा स्नातकोत्तर उपाधि हासिल गरेको,

(ख) सरकारी वकीलको रुपमा कम्तीमा पाँच वर्ष काम गरेको,

(ग) विशिष्टीकरणका लागि दफा ५ बमोजिमको पाठ्यक्रममा आधारित प्रशिक्षण पूरा गरेको ।

(२) उपदफा (१) को खण्ड (ख) मा जुनसुकै कुरा लेखिएको भए पनि विशिष्टीकरण गर्नु पर्ने क्षेत्र सम्बन्धी विषयमा कानूनमा स्नातकोत्तर उपाधि हासिल गरी सरकारी वकीलको रुपमा तीन वर्षको कार्य अनुभव भएको सरकारी वकील सो विषयमा विशिष्टीकरणका लागि योग्य हुनेछ ।

(३) उपदफा (१) को खण्ड (ग) मा जुनसुकै कुरा लेखिएको भए पनि सरकारी वकीलको रुपमा तीन वर्षको कार्य अुनभव र कानूनमा विद्यावारिधिको उपाधि हासिल गरेको सरकारी वकील निजले विद्यावारिधि गरेको विषयमा विशिष्टीकरणका लागि सूचीकृत हुन योग्य हुनेछ ।

(४) उपदफा (१) को खण्ड (ग) को प्रयोजनको लागि प्रशिक्षणका लागि सहभागीको मनोनयन गर्दा निजको योग्यता, अनुभव, रुची समेतलाई विचार गरिनेछ ।

(५) एक जना सरकारी वकील बढीमा दुई वटा विषयमा विशिष्टीकरणका लागि योग्य हुन सक्नेछ ।

५. **प्रशिक्षणको पाठ्यक्रमः** (१) दफा ४ को उपदफा (१) को खण्ड (ग) बमोजिम विशिष्टीकृत सरकारी वकील तयार गर्नका लागि सञ्चालन गरिने प्रशिक्षणको पाठ्यक्रम व्यवस्थापन समितिले स्वीकृत गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको पाठ्यक्रमको संरचना देहाय बमोजिमको हुनेछ :-

(क) प्रशिक्षणमा कम्तीमा तीस वटा सत्र हुनु पर्ने,

(ख) प्रत्येक सत्रको समयावधि कम्तीमा एक घण्टा तीस मिनेटको हुनु पर्ने,

(ग) प्रशिक्षणमा विषयसँग सम्वन्धित सिद्धान्तहरु, सो विषयमा भएको न्यायिक अभ्यास, अन्य मुलुकमा भएका अभ्यासहरुको तुलनात्मक अध्ययन समेतका विषयहरु समावेश हुनु पर्नेछ,

(घ) प्रशिक्षणका सहभागीहरुले प्रशिक्षण अवधिमा पाठ्यक्रममा समावेश भएको कुनै एक विषयमा अनुसन्धानमूलक लेख तयार गरी प्रस्तुत गर्नु पर्ने,

(ङ) दफा ६ बमोजिमको योग्यता पुगेका प्रशिक्षकहरुले प्रशिक्षण सत्र सञ्चालन गर्नु पर्ने ।

(३) पाठ्यक्रमको मस्यौदा तयारीका लागि महान्यायाधिवक्ताको कार्यालयले सम्बन्धित विषयको विज्ञ समेत संलग्न रहेको पाठ्यक्रम तयारी समिति गठन गर्न सक्नेछ ।

**६. प्रशिक्षकको योग्यता :**

(१) सरकारी वकीलहरुलाई दिइने विशिष्टीकरण सम्बन्धी प्रशिक्षणमा देहायको योग्यता पूरा गरेका विज्ञहरु प्रशिक्षक रहनेछन् :-

(क) महान्यायाधिवक्ता वा नायब महान्याायधिवक्ता भइरहेको वा भइसकेको व्यक्ति,

(ख) मान्यता प्राप्त विश्वविद्यालयको सम्बन्धित विषयको प्राध्यापक,

(ग) कानूनमा स्नातकोत्तर उपाधि हासिल गरी सम्बन्धित विषयमा दश वर्ष वा सो भन्दा बढी अध्यापन, अनुसन्धान वा कानून व्यावसाय गरेको व्यक्ति,

(घ) सम्बन्धित विषयमा विद्यावारिधिको उपाधि हासिल गरेको व्यक्ति,

(ङ) वरिष्ठ अधिवक्ता वा अधिवक्ताको उपाधि प्राप्त गरी कम्तीमा पन्ध्र वर्ष सर्वोच्च अदालतमा बहस पैरवी गरी सम्वन्धित विषयको विज्ञको रुपमा स्थापित व्यक्ति,

(च) विशिष्टीकृत सरकारी वकीलको रुपमा सूचीकृत भएको व्यक्ति ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए पनि सम्बन्धित विषयमा विशिष्ट कानूनविद् को रुपमा ख्याति प्राप्त गरेको व्यक्तिलाई प्रशिक्षकको रुपमा आमन्त्रण गर्न सकिनेछ ।

**७. प्रशिक्षण सञ्चालन:**

(१) व्यवस्थापन समितिले विशिष्टीकरणका क्षेत्र निर्धारण गरी स्वीकृत गरेको पाठ्यक्रम बमोजिम प्रशिक्षण सञ्चालन गर्न महान्यायाधिवक्ताको कार्यालयले प्रशिक्षण प्रदायक निकायसँग आवश्यक समन्वय गर्नेछ ।

(२) प्रशिक्षण प्रदायक निकायबाट प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दा सहभागी सरकारी वकीलभन्दा कनिष्ठ कर्मचारीलाई कार्यक्रम संयोजकको जिम्मेवारी दिइने छैन ।

**८. प्रशिक्षणको मूल्याङ्कन:** (१) प्रशिक्षणको मूल्याङ्कन देहायका आधारमा गरिनेछ :-

(क) उपस्थिति वापत तीस अङ्क,

(ख) सहभागिता वापत बीस अङ्क,

(ग) अनुशासन वापत दश अङ्क,

(घ) अनुसन्धानमूलक लेख वापत चालीस अङ्क ।

(२) उपदफा (१) बमोजिम प्रशिक्षणको मूल्याङ्कन गर्दा सो उपदफाको खण्ड (ग) बमोजिमको अनुसन्धानमूलक लेखको मूल्याङ्कन व्यवस्थापन समितिले गठन गरेको तीन जना सदस्य

पूर्णाङ्क १८, बर्ष ८ अंक १

# महान्यायाधिवक्ताको कार्यालयको बुलेटिन

२०७५ आषाढ

k|sfzs

dxfGofoflwjQmfsf] sfof{no, g]kfn

रामशाहपथ, काठमाडौं ।

# महान्यायाधिवक्ताको कार्यालयबाट भएका अनुसन्धान प्रतिवेदनहरूको सारसंक्षेप


संकलन/सम्पादन : सहन्यायाधिवक्ता श्यामकुमार भट्टराई, शाखा अधिकृत, सविता शर्मा

भाषा सम्पादन : दिनेश सुधाकार, परियोजना अधिकृत, (RoLHR/UNDP)

प्रकाशक : महान्यायाधिवक्ताको कार्यालय, नेपाल
रामशाहपथ, काठमाडौं ।

प्रकाशन मिति : २०७५ मंसिर

प्रकाशन संख्या : १००० प्रति

मुद्रण : गणपति अफसेट प्रेस


gf]6 नेपाल सरकार मन्त्रिपरिषद्को मिति २०७५/०६/०६ को निर्णयानुसार पुनरावेदन सरकारी वकील कार्यालयहरू उच्च सरकारी वकील कार्यालयमा परिणत भएका छन् ।

# मन्तव्य

# विषय-सूची


१. महान्यायाधिवक्ताज्यूको स्वागत तथा विदाई १

२. माननीय महान्यायाधिवक्ता श्री अग्निप्रसाद खरेलज्यूबाट पद बहाली भएपछि भएका कामहरू र आगामी कार्यक्रमको रूपरेखा ९

३. मुख्य न्यायाधिवक्ताको काम, कारवाही एवम् महान्यायाधिवक्तासँगको अन्तरसम्बन्ध विषयक राष्ट्रिय कार्यशाला २२

४. वार्षिक कार्यसमीक्षा तथा अनुशिक्षण कार्यक्रम

१. सरकारी वकीलहरूको केन्द्रीय अनुशिक्षण तथा वार्षिक कार्यसमीक्षा २८

२. प्रदेश नं. १ र २ नं. का सरकारी वकीलहरूका लागि आयोजित वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम ४८

३. प्रदेश नं. ३ नं. का सरकारी वकीलहरूका लागि आयोजित बाषृिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम ५५

४. प्रदेश नं. ४ र ५ नं. का सरकारी वकीलहरूका लागि आयोजित वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम ७०

५. प्रदेश नं. ६ र ७ नं. का सरकारी वकीलहरूका लागि आयोजित वार्षिक कार्य समीक्षा तथा अनुशिक्षण कार्यक्रम ७९

५. सरकारी वकीलहरूको केन्द्रीय अनुशिक्षण तथा वार्षिक कार्यसमीक्षा कार्यक्रममा पेश भएका कार्यपत्रहरू

१. महान्यायाधिवक्ताको कार्यालयको दोस्रो पञ्चवर्षीय रणनीतिक योजना (२०७३।०७४-२०७८।०७९) को दोस्रो वर्षको चैत्र महिनासम्मको कार्यान्वयनको समीक्षा ८५

२. अपराध संहिता ऐन समेतका नयाँ कानूनको कार्यान्वयनमा सरकारी वकीलको भूमिका १०४

३. सूचना र सञ्चार प्रविधिको प्रयोगको अवस्था र सरकारी वकीलहरूबाट राखिएका अपेक्षा १११

४. सरकारी वकील कार्यालयहरूबाट सम्पादन हुने कामकारबाहीको अवस्था र सुधारका पक्षहरू १२३

५. अनुसूची बाहिरका मुद्दाहरूको अनुसन्धान गर्ने कार्यालयहरको केन्द्रीय तहका पदाधिकारीहरूसँगको राष्ट्रिय कार्यशाला १२९

६. निर्णय तथा परिपत्रहरू

१. समन्वय समितिका निर्णयहरू १४०

२. परिपत्रहरू १४६

७. बहस नोट १५०


## अनुसुची


१. महिला तथा बालबालिका सम्बन्धी केन्द्रीय एकाईको स्थापना १९८

२. सरकारी वकीलको विशिष्टीकरण सम्बन्धी मापदण्ड, २०७५ २००

रहेको विशेषज्ञ समितिले र अन्य विषयको मूल्याङ्कन त्यस्तो प्रशिक्षण कार्यक्रमको संयोजकले गर्नेछ ।

(३) उपदफा (१) बमोजिमको आधारमा कम्तीमा असी अङ्क प्राप्त गर्ने सहभागीले मात्र प्रशिक्षणमा सहभागी भएको प्रमाणपत्र प्राप्त गर्नेछन् ।

९. **सूची स्वीकृत गरिनेः**

(१) दफा ४ बमोजिमको योग्यता पूरा गरेका सरकारी वकीलहरु मध्येबाट व्यवस्थापन समितिले विषयगत आधारमा विशिष्टीकृत सरकारी वकीलको सूची स्वीकृत गरी सार्वजनिक गर्नेछ ।

(२) विशिष्टीकरणको सूचीमा नाम समावेश भएका सरकारी वकीलहरुले सम्बन्धित विषयमा विशिष्टीकृत सरकारी वकीलको रुपमा कार्य गर्न सक्नेछन् ।

१०. **मापदण्ड हेरफेर गर्न सक्नेः** व्यवस्थापन समितिले यो मापदण्डमा आवश्यक हेरफेर गर्न सक्नेछ ।